“आर्थिक सामाजिक रूपमा सबल पर्सा, घर–घरमा सुख समृद्धिको वर्षा”

# आवधिक जिल्ला विकास योजना
# पर्सा

(२०७२/२०७३ - २०७६/२०७७)

## भाग २
## योजना दस्तावेज
## (Planning Document)

## जिल्ला विकास समिति
## पर्सा

मंसिर, २०७१

आर्थिक सहयोग : युनिसेफ नेपाल, पुल्चोक, ललितपुर

**प्राविधिक सहयोग :**

**सम्पादन सल्लाहकारः**
**श्री गुरु प्रसाद सुवेदी, स्थानीय विकास अधिकारी**
**सम्पादनमण्डलः**
वरिष्ठ जिल्ला कृषि विकास अधिकृत, संयोजक, आर्थिक विकास समूह
जिल्ला शिक्षा अधिकारी, संयोजक, सामाजिक विकास समूह
जिल्ला प्राविधिक कार्यालय, संयोजक, पूर्वाधार विकास समूह
जिल्ला वन अधिकृत, संयोजक, वन, वातावरण तथा विपद् व्यवस्थापन समूह
कोष तथा लेखा नियन्त्रक, संयोजक, संस्थागत स्रोत तथा क्षमता विकास समूह
**सम्पादन सहयोगः**
**श्री योजना, अनुगमन तथा प्रशासकिय अधिकृत**
**श्री लेखा अधिकृत जिविस**
**श्री आलेप अधिकृत**
**श्री जिल्ला शासन विज्ञ**
**आर्थिक सहयोगः यूनिसेफ नेपाल**
**प्राविधिक सहयोगःजिल्ला विकास समिति महासंघ नेपाल**
**संयोजन : डा. प्रताप छतकुली**
**प्रकाशित मितिः २०७२ असार**
**सर्वाधिकार : जिविस पर्सामा सुरक्षित**
**मुद्रणः**
**जानकारीः जिविस पर्सा प्रति कृतज्ञता प्रकट गर्दै यस पुस्तकलाई जुनसुकै तरिकाले जिल्ला विकासको प्रयोजनका लागि उपयोगमा ल्याउन सकिने छ ।**

## शुभकामना

बिकेन्द्रीकरण, विकास र प्रजातन्त्र एक आपसमा परिपुरक विषयहरु हुन । यीनै विषयहरुमा केन्द्रित रही केन्द्र देखि तल्लो निकाय गाविस हुँदै वडा स्तर सम्म विकास, प्रजातन्त्र र सुशासनको अनुभूति नागरिकलाई दिलाउने जिम्मा नेपालको परिप्रेक्षमा नेपाल सरकारको हो त्यसमा पनि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको भूमिका अहंम हुन आउछ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय स्वायत्त शासन ऐन, २०५५, नियमावली, २०५६, आर्थिक प्रशासन नियमावली, २०६४, स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी, २०७० लगायत स्थानीय निकायहरुसँग सम्बन्धित अन्य नीति, रणनीति, कार्यविधीहरुको प्रभावकारी कार्यान्वयनका लागि अध्ययन, अनुसन्धान, सहजीकरण, समन्वय तथा स्थानीय निकायहरुको क्षमता विकासका क्षेत्रमा निरन्तर कार्य गर्दै आएको छ । साथै यीनै ऐन नियम, नीति, निर्देशिका, कार्यविधि तथा रणनीतिहरुको माध्यमबाट नेपाल सरकारबाट वितरण हुने स्रोत र साधनको सही सदुपयोग भयो भएन भनेर अनुगमन गर्ने, मुल्याङकन गर्ने तथा सोको जवाफदेहिता कायम गर्ने जिम्मेवारी पनि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नै हो ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १९५ मा प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने प्रावधान रहेको छ । यस प्रावधानलाई स्थानीय निकायको न्यूनतम सर्त तथा कार्य सम्पादन मापनको सूचकको रुपमा समेत समावेश गरिएको छ । आवधिक जिल्ला विकास योजना तर्जुमा गर्दा जिल्ला विकास समिति जिल्लाको मानवीय एवं प्राकृतिक सम्पदाहरु र तिनीहरुको वर्तमान उपयोगको अवस्था, विभिन्न क्षेत्रमा तुलनात्मक लाभको हिसाबले उत्पादन गर्न सकिने वस्तुहरु, पिछडिएका जनजातिहरु एवम् बढी गरिबी भएको क्षेत्र तथा त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरु, महिला र बालबालिका, अपाङ्गता भएकाहरु तथा तेश्रो लिङ्गीहरुका लागि आयमूलक, सीपमूलक र सचेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमहरुलाई विशेष ध्यान दिई योजना बनाउनु पर्दछ । पर्सा जिल्ला विकास समितिले बनाएको यस योजनाले पनि यस कुरामा पक्कै ध्यान पुऱ्याएको छ भन्ने मैले आशा लिएको छु ।

खास गरी संभावनाका आधारमा विकासका अल्पकालिन एवम् दीर्घकालिन कार्यक्रमहरु पहिचान गरिएका छन् र क्षेत्रीय सन्तुलनलाई मध्यनजर गरी समावेशी र सहभागितात्मक पद्धति अपनाई यो योजना तयार गरिएको छ भन्ने विश्वास प्रकट गर्दछु । साथै पर्सा जिल्लाले तयार गरेको यो आवधिक जिल्ला विकास योजनाले आगामी पाँच वर्ष भित्रमा हासिल गर्ने अपेक्षा गरेका नतिजाहरु हासिल गर्न जिल्ला स्थित सबै विकासका साझेदार निकायहरु, राजनीतिकदलहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्र, वित्तिय क्षेत्र लगायत सबै सरोकारवालाहरुको सक्रिय सहभागिता र सहयोग प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछु ।

अन्त्यमा, आगामी दिनमा पर्सा जिल्ला विकास समिति, जिल्लाको उपमहानगरपालिका, नगरपालिका र गाविसहरु, सबै विषयगत कार्यालयहरु, गैरसरकारी संघ संस्थाहरु र नीजि क्षेत्रबाट यस आवधिक जिल्ला विकास योजनाले निर्दिष्ट गरेका लक्ष र नतिजाहरु हासिल गर्ने गरी नतिजामुखि बार्षिक योजना तर्जुमा गर्न र कार्यान्वयन गर्न सफल हुनेछन भने पूर्ण विश्वास प्रकट गर्दै शुभकामना व्यक्त गर्दछु ।

प्रकाशमान सिंह
माननीय उपप्रधान एंव संघीय मामिला तथा स्थानीय विकास मन्त्री
२०७२ असार

## शुभकामना

विकेन्द्रीकरण नै लोकतन्त्रको आधारशिला हो र यसबाट नै जनमतलको विश्वास गरी जनताको प्रत्यक्ष सम्लग्नता र सहभागितामा निर्णय लिने र सोही अनुसार कार्यान्वयन गर्ने बिषय हो । जनता नै जनार्धन हुन् भन्ने सिद्धान्तले नै स्थानीय लोकतन्त्रलाई संस्थागत गर्न सहयोग गर्दछ । स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधि नभएको पनि १३ बर्ष भईसकेको अवस्थामा स्थानीय निकायहरु मार्फत जनतालाई सेवा प्रवाह गर्ने कार्य अपेक्षाकृत सहजता भने छैन तथापि राजनीतिक दलहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्र, सहकारी, सञ्चार क्षेत्र लगायत सबै जिल्ला तथा गाउँ स्तरीय सरोकारवालाहरुसँगको सहकार्य, समझदारी र जिम्मेवारीबोध सहित जनतालाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्नु हामी सबैको दायित्व हुन आउँछ ।

बहुआयामिक सम्भावना बोकेको पर्सा जिल्ला देशकै आर्थिक सम्बृद्धि बोकेको हुँदा जिल्लाले आर्थिक विकासमा उल्लेखनीय फडको मार्न सक्ने सम्भावना देखिएको छ । यसै कुरालाई मध्यनजर गरी यो आवधिक जिल्ला विकास योजनाले पर्सा जिल्लाको पहिलो प्राथमिकतामा कृषि, पशुपालन र पूर्वाधार विकासमा जोड दिएको छ। यसका साथसाथै शिक्षा, स्वास्थ्य, तथा पर्यटन लयायतका क्षेत्रलाई समेत प्राथमिकतामा राखी पर्सा जिल्लाले आर्थिक तथा सामाजिक क्षेत्रमा राष्ट्रिय स्तरका सूचकहरु हासिल गर्न सक्ने बनाउन हामी सबैको समान दायित्व हुने कुरामा हामी विश्वास प्रकट गर्दछौं ।

पर्सा जिल्लाको पछौटेपनलाई सदाको लागि हटाउन समावेशी, सहभागितामूलक र समन्वयकारी योजना तर्जुमा प्रक्रियालाई यस आवधिक जिल्ला विकास योजनाले आत्मसात गरेको र परिलक्षित गरिएको दीर्घकालिन सोचको नजिक पुग्नका लागि पहिचान गरिएका उद्देश्यहरु र नतिजाहरु प्राप्त गर्न निर्धारण गरिएका क्रियाकलापहरु ठिक ठिक समयमा प्रभावकारी रुपमा कार्यान्वयन हुन्छन भन्ने कुरामा हामी पूर्ण विश्वास प्रकट गर्दछौं । यसका लागि सबै राजनीतिक दलहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, गैसस, सञ्चार क्षेत्र, नीजि क्षेत्र, सहकारी तथा वित्तीय क्षेत्र लगायत सम्पूर्ण आदारणीय पर्सावासीहरुमा हामी हार्दिक अनुरोध गर्दछौं ।
आवधिक जिल्ला विकास योजना तयार गर्न जिविस पर्साले दिएको अगुवाई, यूनिसेफ नेपालको आर्थिक तथा प्राविधिक सहयोग र सबै सरोकारवालाहरुको सक्रिय सहभागितामा तयार भएको जिल्लाको यो दोस्रो आवधिक जिल्ला विकास योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न व्यक्तिगतरुपमा समेत हामी सबै संविधानसभाका सदस्यहरु प्रतिवद्धता जाहेर गर्दछौं ।

संविधानसभाका माननीय सदस्यहरु
२०७१ फाल्गुण

## प्रतिवद्धता

विकासको सवालमा पर्सा जिल्लाका राजनैतिक दल सधै एकै स्थानमा उभिदै आएको छ। पर्सा जिल्लालाई निर्धारित समय भित्र कहाँ पुऱ्याउने, कस्ता कस्ता परिणामहरु हासिल गर्ने भन्ने जस्ता नतिजामूखि योजना बनाउनु अति नै जरुरी थियो, जुन यो आवधिक योजनाले पुरा गर्ने विश्वास लिन सकिन्छ। कुनै पनि विकासका योजनाहरुको तर्जुमा र कार्यान्वयन गर्न राज्यबाट तय् भएका ऐन, नीति नियम, निर्देशिका र कार्यविधि सम्मत गर्नु अनिवार्य नै हुन्छ अझ स्थानीय निकायहरुले गर्ने हरेक क्रियाकलापहरुमा त झनै स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिपालना गर्नु हामी सबैको जिम्मेवारी र दायित्व हुन आउँछ। स्थानीय योजना तर्जुमा र कार्यान्वयनमा दोहोरोपना हटाई सबैको अपनत्व अभिबृद्धि गर्न सहभागितामूलक योजना तर्जुमा प्रक्रिया महत्वपूर्ण आधार हो। यसले स्थानीय योजना तर्जुमा, कार्यान्वयन, बजेट विनियोजन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियालाई समेत सहज बनाउन मद्दत गर्दछ। यसै सन्दर्भमा जिल्ला विकास समिति पर्साले जिल्ला स्थित राजनैतिक दलहरु लगायत जिल्लाको विकासमा प्रत्यक्ष सरोकार राख्ने सबै पक्षहरुको संलग्नतामा जिल्लाको दोस्रो आवधिक जिल्ला विकास योजना तयार गरेकोमा जिल्ला विकास समिती पर्सालाई धन्यवाद दिन चाहन्छौ।

यो आवधिक जिल्ला विकास योजना तर्जुमा गर्दा हामी सबै राजनीतिक दलहरुको सहभागिता रहेको र यसको प्रभावकारी कार्यान्वयनमा समेत राजनीतिक दलहरुको सक्रिय भूमिका रहने प्रतिवद्धता ब्यक्त गर्दछौं। साथै आवधिक जिल्ला विकास योजनाले प्राथमिकतामा राखेका कार्यक्रमहरु खास गरी पिछडिएका जनजातिहरु एवंम् बढी गरीबी भएको क्षेत्र जुन अवरोध विश्लेषण विधि प्रयोग गरी पहिचान गरिएको छ, तथा त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरु, महिला र बालबालिका, अपाङ्गता भएका तथा तेश्रो लिङ्गीहरुका लागि आयमूलक, सीपमूलक र सचेतना अभिबृद्धि गर्ने खालका कार्यक्रमहरुको कार्यान्वयनमा हाम्रो निरन्तर सहयोग प्राप्त हुने विश्वास दिलाउन चाहन्छौं।

यसै गरी यो आवधिक जिल्ला विकास योजनाले आगामी पाँच वर्ष भित्रमा प्राप्त गर्ने गरी लक्ष गरेका नतिजाहरु हासिल गर्न सबै गाँउहरु र जिल्ला विकास समिति पर्साको सक्रियता निरन्तर रहने छ भन्ने विश्वास लिइएको छ। साथै विषयगत कार्यालयहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्र, सहकारी लगायत सबै सरोकारवालाहरुको सक्रिय सहभागिता र सहयोग प्राप्त हुने पूर्ण विश्वास ब्यक्त गर्दछौं।

अन्त्यमा, यो आवधिक जिल्ला विकास योजनालाई लागु गर्न हामी सबै सफल हुनेछौ भन्दै पुनः एक पटक सबै सरोकारवाला निकायहरुको सक्रिय सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं।

जिल्लाका क्रियासिल सबै राजनीतिक दलका प्रमुखहरु
२०७१ फाल्गुण

१.
२.

## शुभकामना

**आवधिक जिल्ला विकास योजना पर्सा तयार गर्न जुन विधि र प्रक्रिया अपनाइयो त्यो आफैमा समावेशी र सहभागितामूलक छ र यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिन्छ। तसर्थ योजना तर्जुमाका क्रममा प्राविधिक पक्ष र सहभागितात्मक प्रक्रियाबीचको उचित सम्मिश्रण र सन्तुलन अत्यन्त आवश्यक हुन्छ। स्थानीय स्तरको योजना भनेको स्थानीय आवश्यकताको परिपूर्ति मार्फत जनताको आवश्यकता पुरा गर्न सक्ने व्यवहारिक खालको हुनु पर्दछ र सैद्धान्तिक हिसावले यो सधैं SMART हुनु पर्दछ। सहभागितात्मक तरिकाद्वारा तयार भएको यो योजनाको कार्यान्वयन पक्षलाई पनि बलियो बनाउनु हामी सबैको दायित्व हुन आउछ। खास गरी** बहु विषयगत मुद्दाहरू (Multi-sectoral issues) को विस्तृत विवेचना र विश्लेषण गरी बहुविषयगत एकीकृत विकास योजना (Multi-sectoral integrated development plan) का रूपमा आजिवियोको तर्जुमा गर्नुपर्ने हुँदा यो निर्माण प्रक्रियाको हिसाबले जटिल, समय लाग्ने र खर्चिलो समेत हुने कुरामा म स्पष्ट छु।

**यसका लागि जिल्ला विकास समितिको भूमिकाको मूल्याङ्कन खासगरी जिल्ला तहमा योजना तर्जुमा, नीति निर्माण, समन्वय, अनुगमन र मूल्याङकनमा केन्द्रित रहेर गरिन्छ भने कार्यान्वयनको जिम्मेवारी विशेषज्ञता प्राप्त गरेका विषयगत निकायहरु, संघ/संस्थाहरु(Specialized agencies) ले लिनु पर्ने हुनआउछ। जिल्लाको समष्टिगत विकासकालागि जिल्लामा सरकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत नागरिक समाज र विकास साझेदार निकायहरु कार्यरत रहेका हुन्छन्। आवधिक जिल्ला विकास योजना (आजिवियो) ले यी सबै निकायहरूको विकास प्रयासहरूलाई जिल्लाको निर्दिष्ट उद्देश्य हासिल गर्ने तर्फ निर्देशन, समन्वय तथा पथप्रदर्शन गर्न सक्नेछ भन्ने आशा र विश्वाश प्रकट गर्दछु।**

आजिवियो सैद्धान्तक हिसावले राम्रो भएर मात्र हुँदैन यो सर्वसाधारण जनता देखी कार्यान्वयन गर्ने निकायहरुले अपनत्व लिने खालको भएमा मात्र यसको कार्यान्वयन पक्षमा सफलता आउने हुँदा त्यसतर्फ पनि आजिवियो तर्जुमाको क्रममा सबैको ध्यान पुगेको छ भन्ने ठानेको छु। यसका लागि आजिवियोको कार्यान्वयनको पक्षको अनुगमन र मूल्याङ्कनको सान्दर्भिकता (Relavance) र प्रभावकारिता (Effectiveness) मा जोड दिन म सबै पक्षलाई हार्दिक अनुरोध गर्दछु।

अन्त्यमा, आजिवियो तर्जुमा र कार्यान्वयनको लागि सबै पक्षको उत्तिकै भूमिका रहेको हुन्छ। तसर्थ, यो आजिवियो तर्जुमा गर्ने क्रममा नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिविस पर्सा, आवश्यक सहयोग उपलब्ध गराउने यस जिल्लाबाट संविधानसभामा प्रतिनिधित्व गर्नु हुने माननीय सदस्यज्यूहरु, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला स्थित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विकास साझेदार यूनिसेफ नेपाल, प्राविधिक सहयोग गर्ने परामर्शदाता, विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्र, वित्तीय क्षेत्र, सहकारी आदिका प्रमुख तथा प्रतिनिधिहरु, आमसञ्चार क्षेत्रका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न क्षेत्र तथा वर्गहरु जस्तै महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति तथा तिनका संगठन तथा संञ्जालका प्रमुख तथा प्रतिनिधिहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। साथै पर्सा जिल्लाको यो पहिलो आजिवियोको पूर्ण सफलताको कामना गर्दै यसको प्रभावकारी कार्यान्वयनमा आफु पनि हर तवरले सक्रिय सहभागी हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु।

प्रमुख जिल्ला अधिकारी

२०७१ फाल्गुण

## मेरो भन्नु

योजनाबद्ध विकासमा नेपाल परिपक्व भैसकेको महसुस गर्न सकिन्छ । मुलुकमा राष्ट्रिय स्तरमा बि.स. २०१३ सालदेखि योजनाबद्ध विकासको थालनी भएता पनि विकासलाई स्थानीय निकायहरु मार्फत जनतासम्म पुऱ्याउने बिकेन्द्रीकरणको अभ्यास बि.स. २०४६ सालको जनआन्दोलन पछि गठन भएका स्थानीय निकायहरुमार्फत शुरुवात भएको हो । तथापि समावेशी र सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको संस्थागत विकासको थालनी भने स्थानीय स्वायत्त शासन ऐन २०५५ लागु भए पछि मात्र भएको हो । सूचनामा आधारित नतिजामुखी पाँच बर्षे आवधिक जिल्ला विकास योजनाको तर्जुमा र सोहीका आधारमा बार्षिक योजना तर्जुमा तथा कार्यान्वयन गर्ने परिपाटीको थालनी समेत यस पछि नै आरम्भ भएको हो ।
२०५९ साल असारमसान्त पश्चात स्थानीय निकायहरुमा निर्वाचित जनप्रतिनिधीहरु नभएको असहज अवस्थामा समेत स्थानीय स्वायत्त शासन ऐन, २०५५ को भावना अनुरुप स्थानीय योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानीय निकायहरुले लिँदै आएका छन् । २०६२/६३ को जनआन्दोलन पश्चात मुलुकमा लागु भएको नेपालको अन्तरिम संविधान, २०६३ ले निर्दिष्ट गरेको नीति र सिद्धान्तहरुलाई अंगिकार गर्दै बिकेन्द्रीकरणको भावना अनुरुप प्राप्त निर्देशन, छलफल र निर्णयको माध्यमद्धारा जनताहरुलाई राज्यबाट प्रदान गर्न सकिने सेवा र सुविधाहरु दिन जिविस निरन्तर क्रियासिल रहेको छ । निर्वाचित जनप्रतिनिधिहरुको रिक्तता रहेको परिस्थितिमा पनि स्थानीय राजनीतिकदलहरुसँगको सहमति र सहकार्य मार्फत छिटो, छरितो, पारदर्शी तथा जवाफदेहीपूर्ण सेवा प्रवाह गर्न स्थानीय निकायहरु प्रयासरत छन् । विकास निर्माणका कार्यलाई सहज बनाउन राजनीतिक दलहरुको सहयोग अत्यन्त सकारात्मक रहेको कुरा यहाँ स्मरण गर्न योग्य ठान्दछु ।

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशन, समन्वय र उपलब्ध गराईएको ढाँचामा यो आवधिक जिल्ला विकास योजना तर्जुमा गरिएको छ । पर्सा जिल्लाले निर्माण गरेको यो दोस्रो आवधिक जिल्ला विकास योजनाले परिलक्षित गरेका उपलब्धीहरु हासिल गर्न सबै सरोकारवाला निकायहरुको सहयोग पूर्ण रुपले प्राप्त हुनेछ भन्ने अपेक्षा गर्दछु । साथै निर्धारण गरिएका सूचकहरु प्राप्त गर्न तय गरिएका क्रियाकलापहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने मापदण्ड र संयन्त्रको सहयोगले उपलब्धी हासिल गर्न सहयोग पुग्ने छ भन्ने पूर्ण विश्वास लिएको छु ।
पर्सा जिल्लाको यो आवधिक योजना तयार गर्ने सिलसिलामा माननीय संविधानसभाका सदस्यज्यूहरु, सबै राजनीतिकदलका प्रमुख तथा प्रतिनिधीहरु, विषयगत कार्यालयहरु, नागरिक संघ संस्था, गैसस, निजी क्षेत्र, सञ्चार क्षेत्र लगायत सबै क्षेत्रबाट प्राप्त सहयोग, समन्वय र सहभागिताका लागि जिविस पर्सा आभार व्यक्त गर्न चाहन्छ । आजिवियोको पूर्ण कार्यान्वयनमा समेत सबै सरोकारवाला व्यक्ति तथा निकायहरुको सक्रिय सहभागिता र सहयोग प्राप्त हुने कुराप्रति जिविस पर्सा विश्वास प्रकट गर्दछ ।

अन्त्यमा, यो दस्तावेज तयार गर्न आर्थिक सहयोग गर्ने यूनिसेफ नेपाल प्रति कृतज्ञता प्रकट गर्दछु । दस्तावेज तयार गर्न परामर्शीय सहयोग प्रदान गर्नुहुने डा. प्रताप छतकुलीलाई विषेश धन्यवाद दिन चाहन्छु ।

गुरु प्रसाद सुवेदी
स्थानीय विकास अधिकारी, जिविस, पर्सा २०७२ असार

# भाग दुईः
# आवधिक जिल्ला विकास योजना
## (PERIODIC DISTRICT DEVELOPMENT PLAN)

श्री

# आवधिक जिल्ला विकास योजनाको विषयसूची

## भाग दुईः
## आवधिक जिल्ला विकास योजना
## (PERIODIC DISTRICT DEVELOPMENT PLAN)

### खण्ड १: योजना तथा कार्यक्रम तर्जुमा

१.१ भूमिका पेज नं.
१.२ जिल्ला विकासका चुनौती तथा अवसरहरू ----------------------------------------
१.२.१ विकासका प्रमुख समस्या ------------------------------------------------------------
१.२.२ जिल्ला विकासका उपलब्ध अवसर तथा सम्भावनाहरुरू --------------------------------
१.२.३ विगतका प्रयास तथा उपलब्धिहरुरू ---------------------------------------------------
१.३ जिल्ला विकासको दीर्घकालीन सोच तथा सिद्धान्तहरू -----------------------------------
१.३.१. जिल्ला विकासको दीर्घकालीन सोच ---------------------------------------------------
१.३.२ जिल्ला विकासका लागि निर्देशक सिद्धान्तहरूको निर्धारण -----------------------------
१.४ जिल्ला विकासका समष्टिगत लक्ष्य, उद्देश्य, नतिजा,
सूचक तथा रणनीतिहरू ----------------------------------------------------------
१.४.१ जिल्ला विकासको समष्टिगत लक्ष्य ------------------------------------------------
१.४.२ जिल्ला विकासका उद्देश्यहरू -------------------------------------------------------

**१.४.३ प्रमुख रणनीतिहरू** ---------------------------------------------------------

**१.४.४ जोखिम पक्षहरू** -------------------------------------------------------

**१.५. जिल्ला विकासका विषयगत उदेश्य, सूचक तथा प्रमाणित गर्ने आधारहरू** -------

**खण्ड - २ आर्थिक विकासका क्षेत्रहरू**

२.१ आर्थिक विकास, अवसर सम्भावना तथा चूनौतीहरु. ------------------------------
२.२ आर्थिक विकास क्षेत्रका समस्या तथा सवालहरुको विश्लेषण -----------------------
२.३ आर्थिक विकास क्षेत्रको तर्कवद्ध योजना खांका -----------------------------------

**खण्ड - ३ सामाजिक विकासका क्षेत्रहरू**

३.१ शिक्षा
३.१.१ अध्यावधिक स्थिति ---------------------------------------------------
३.१.२ समस्या तथा चूनौति ------------------------------------------------

३.१ समस्या विश्लेषण
३.१.३ सम्भावना तथा अवसरहरु ---------------------------------------------
३.२ स्वास्थ्य
३.२.१ अध्यावधिक स्थिति ---------------------------------------------------
३.२.२ समस्या तथा चूनौतिहरु ----------------------------------------------
३.२.३ सम्भावना तथा अवसरहरु ---------------------------------------------
३.३ महिला बालबालिका तथा लक्षित वर्ग -------------------------------------------
३.३.१ अद्यावधिक स्थिति ---------------------------------------------------

३.३.२ समस्या तथा चूनौतिहरु ------------------------------------------------
३.३.३ सम्भावना तथा अवसरहरु ----------------------------------------------
३.४ खानेपानी तथा सरसफाई ---------------------------------------------------
३.४.१ परिचय -------------------------------------------------------------
३.४.२ अद्यावधिक स्थिती ----------------------------------------------------
३.४.३ समस्या चूनौतिहरु ----------------------------------------------------
३.४.४ सम्भावना तथा अवसहरु -----------------------------------------------
३.५ सामाजिक विकास क्षेत्रको तर्कबद्ध योजनाहरुको खाँका ----------------------------

## खण्ड - ४ वन वातावरण तथा विपदा व्यवस्थापन क्षेत्रहरु

४.१ वन, भू-संरक्षण तथा वातावरण ----------------------------------------------
४.१.१ परिचय -------------------------------------------------------------
४.१.२ समस्या तथा चूनौतिहरु ------------------------------------------------
४.१.३ सम्भावना तथा अवसरहरु ---------------------------------------------
४.२ विपद व्यवस्थापन
४.२.१ परिचय -------------------------------------------------------------
४.२.२ अद्यावधिक स्थिति ----------------------------------------------------
४.२.३ विपदको कारण र असरहरुको विश्लेषण -------------------------------------
४.२.४ जिल्लामा उपलब्ध श्रोत तथा क्षमताको विशलेषण -----------------------------
४.२.५ सम्भावना तथा अवसर विश्लेषण -----------------------------------------

## खण्ड - ५ भौतिक तथा पूर्वाधार विकासका क्षेत्रहरू

१.५. यातायात,विद्युत, संचार तथा सार्वजनिक निर्माण ---------------------------------
५.१.१ परिचय -------------------------------------------------------------

५.१.२ अध्यावधिक अवस्था ----------------------------------------------------
५.१.३ समस्या तथा चूनौतिहरु --------------------------------------------------
५.१.४ अवसर समवना र चूनौतिहरुको विश्लेषण ------------------------------------
५.१.५ भौतिक पूर्वाधार विकास क्षेत्रको विषयगत सोच तालिका -----------------------

## खण्ड - ६ संस्थागत  विकास तथा सुशासन

६.१ परिचय --------------------------------------------------------------------
६.२ अद्यावधिक स्थिति -------------------------------------------------------------
६.३ समस्या तथा चूनौतिहरु --------------------------------------------------------
६.४ सम्भावना तथा अवसर विश्लेषण तालिका -------------------------------------

## खण्ड - ७ अनुगमन तथा मूल्यांकन

७.१ जिल्ला अनुगमन तथा मूल्यांकन ----------------------------------------------------
७.२ नतिजामूलक अनुगमन तथा मूल्यांकन योजना --------------------------------------

## खण्ड - ८ विषयगत विकासका प्राथमिकताहरु

८.१ आर्थिक विकासका प्राथमिकता -----------------------------------------------------
८.२ सामाजिक विकासका प्राथमिकता ---------------------------------------------------
८.३ वातावरिणीय विकासका प्राथमिकता ----------------------------------------------
८.४ पूर्वाधार विकासका प्राथमिकता ----------------------------------------------------
८.५ संस्थागत विकासका प्राथमिकता ---------------------------------------------------

## खण्ड – ९ प्रमुख कार्यक्रम र प्राथमिकता प्राप्त आयोजनाहरु

९.१ आयोजना तथा कार्यक्रमको प्राथमिकता ------------------------------------------------
९.२ आयोजना तथा कार्यक्रम विवरण ------------------------------------------------------
१०. संगठनात्मक संरचना र विकास व्यवस्थापन ------------------------------------------
    १०.१ जिम्मेवारी र दायित्व -----------------------------------------------------------
    १०.२ अनुगमन तथा मूल्यांकन पद्धति -------------------------------------------------
    १०.३ मध्यावधि समीक्षा तथा मूल्यांकन ------------------------------------------------
    १०.४ अन्तिम मूल्यांकन ---------------------------------------------------------------
११. आजिवियो कार्यान्वयनका लागि पूर्व तयारी तथा वार्षिक लगानी कार्यक्रम ------------------
    ११.१ आजिवियोको स्वीकृति तथा प्रकाशन --------------------------------------------
    ११.२ आजिवियो कार्यान्वयनको लागि पूर्व तयारी ---------------------------------------
    ११.३ वार्षिक लागनी कार्यक्रम -------------------------------------------------------

श्री

# भाग दुईः
# आवधिक जिल्ला विकास योजना
# (PERIODIC DISTRICT DEVELOPMENT PLAN)

## खण्ड १: योजना तथा कार्यक्रम तर्जुमा

### १.१ भूमिका

नेपालमा स्थानीय तहमा विकासनिर्माणका कार्यक्रमहरूको योजनागत सञ्चालनको सुरुवात वि सं २००९ सालमा त्रिभुवन ग्राम विकास कार्यक्रमबाट भएको हो । यस कार्यक्रमले स्थानीय तहमा सानातिना पुलपुलेसा, सिचाइँ, खानेपानी, घरेलु उद्योगधन्दा, बाटाघाटाहरू निर्माण तथा सञ्चालन गर्ने र त्यसका लागि आवश्यक पर्ने जनशक्तिलाई प्रशिक्षित तुल्याउने गरेको थियो । वि.सं. २०१३ मा आवधिक पञ्चवर्षीय योजनाको शुभारम्भ भएपश्चात् विकास प्रयास योजनाबद्ध भएको छ ।

वि.सं. २०१८ सालमा राज्यको प्रशासनिक वर्गीकरण र विकेन्द्रीकरण योजना २०२२ अनुरूप गाउँ, नगर तथा जिल्ला पञ्चायत जस्ता संस्थागत संयन्त्रको माध्यमबाट  स्थानीय विकासको गतिलाई तीव्रतर बनाउने कार्य भएको भएतापनि संस्थागत सुदृढीकरण तथा प्रबिद्धताको अभावमा कार्यान्वयन पक्ष फितलो हुन गई स्थानीय तहमा जनताले पाउनु पर्ने सेवा सुविधाबाट वञ्चित रहे । यसै अभावको परिपूर्तिस्वरूप स्थानीय निकायहरूलाई सक्षम, सुदृढ र सबल तुल्याउन र केन्द्रमा आवश्यकीय समन्वयकर्ता, सहजकर्ता, नियामक र प्रवर्द्धकको भूमिका समेत निर्वाह गर्नका लागि वि.सं. २०३७ सालमा स्थानीय विकास मन्त्रालयको स्थापना भएको हो ।

२०४६ सालको राजनैतिक परिवर्तन हुनुभन्दा अघिसम्म विकेन्द्रीकरण ऐन २०३९ र विकेन्द्रीकरण नियमावली २०४१ मा भएको व्यवस्था अनुसार स्थानीय निकायहरू संचालित थिए र विकास निर्माणको व्यवस्थापन पनि सोही अनुसार हुने गरेको थियो् । बहुदलीय व्यवस्थाको पुनःस्थापना पश्चात् जिल्ला विकास समिति ऐन,नगरपालिका ऐन र गाउँ विकास समिति ऐन तर्जुमा गरी स्थानीय तहमा विकास निर्माणलाई अघि बढाइयो । नवौं पञ्चवर्षीय योजना (२०५४/०५५–२०५८/०५९) मा  स्थानीय निकायहरूलाई स्थानीय तहको विकासप्रति बढी जिम्मेवार र उत्तरदायी बनाउन

स्थानीय निकायका ऐन र नियमावलीहरूलाई एकीकृत र परिमार्जन गरियो । उक्त व्यवस्था अनुसार स्रोतसाधनको अधिकतम परिचालन गरी स्थानीय विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दै जाने अवधारणा बमोजिम स्थानीय विकास कार्यक्रमको पहिचान, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याँकन आदि सबै कार्यमा स्थानीय निकायहरूलाईनै जिम्मेवार बनाउने नीति अख्तियार गरियो ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ ले कानुनीरूपबाट नै जिल्ला विकास समितिलाई अधिकारसम्पन्न र सक्षम तुल्याई स्वायत्त संस्थाकारूपमा स्थापित गरेको छ । जिल्लाको विकास निर्माण प्रक्रियालाई व्यवस्थित र अनुशासित

तुल्याउन जिल्ला विकास समितिले आफ्नो जिल्लाको आवधिक र वार्षिक योजना तर्जुमा गर्नु पर्ने भनी किटानीसमेत गरिएको छ ।

पर्सा जिल्लामा २०५९ सालमा पहिलो पटक पंचवर्षीय (२०५९/६०–२०६३/६४) आवधिक जिल्ला विकास योजना तर्जुमा गरी लागू गरिएको थियो । त्यसपछिका वर्षहरूमा अर्को आवधिक जिल्ला विकास योजना तयार हुन सकेन । समग्र विकास प्रयासमा आजिवियोको महत्वलाई मनन गरी जिल्ला विकास समितिको कार्यालयको सक्रियतामा यो पन्चवर्षीय (२०७०/७१–२०७४/७५) आवधिक जिल्ला विकास योजना तर्जुमा गरिएको छ । यो योजना आगामी वर्षदेखि लागू हुनेछ ।

## १.२ जिल्ला विकासका चुनौती तथा अवसरहरू

### १.२.१ विकासका प्रमुख समस्या

दीर्घकालीन सोच र लक्ष्यका आधारमा भविष्यलाई आफूले चाहेको जस्तो अवस्थातर्फ उन्मुख गराउने पद्धति योजना हो । प्रस्तुत आवधिक जिल्ला विकास योजनाले ५ वर्षको अवधिका लागि विकासको गति जिल्लाले चाहेका दिशातर्फ डोऱ्याउने काम गर्दछ ।

विकाससँग सम्बन्धित समस्याले आवधिक जिल्ला विकास योजनाको कार्यान्वयन पक्षलाई कमजोर पार्छन् । समयमै तिनको पहिचान गरी समाधान गरिएमा मात्र विकास योजना सफल हुन्छ । पर्सा जिल्लाको विकासमा देखिएका प्रमुख समस्याहरू निम्न बमोजिम छन् ।

- **संरचनागत सामाजिक, आर्थिक विसंगतिहरू**

जिल्लाको ठूलो भाग ग्रामीण क्षेत्रले ओगटेको हुँदा विविध प्रकारका सामाजिक, आर्थिक विसंगतिहरू छन् । खास गरी ग्रामीण क्षेत्रमा अशिक्षा, कुरीति, अन्धविश्वास, जातिभेद, लिङ्गभेद व्याप्त छ । बेरोजगारी समस्या छ, युवाहरू विदेसिन वाध्य भएका छन् । ग्रामीण तहमा चेतनाको कमीले गर्दा विकास

निर्माणका काममा सरोकारवालाहरूको सहभागिता न्यून रहेको छ, जनसहभागिता परिचालनमा कठिनाइ छ । ग्रामीण क्षेत्रको बसोबास छरिएर रहेको हुँदा न्यूनतम भौतिक पूर्वाधार पुऱ्याउन कठिन छ ।

- **अस्थिर राजनीतिक अवस्था**

एकदशकअघिदेखि स्थानीय निकायहरू निर्वाचित जनप्रतिनिधिविहीन अवस्थामा रहेकाले विकास योजना तर्जुमादेखि कार्यान्वयनसम्मका चरणमा तदर्थ व्यवस्था गर्नु परेको छ । यसबाट विकास प्रयासको दिगोपनमा प्रतिकूल असर परिरहेको छ । विकास कार्यको अनुगमन व्यवस्था प्रभावकारी हुन सकेको छैन । राजनैतिक अस्थिरताले जटिल अवस्था पैदा गरेको छ । राजनैतिक समझदारी र सहकार्यको संस्कृतिमा ह्रास आएको छ ।

- **तथ्यांकहरूको कमी**

जिल्ला विकास समितिको प्रत्यक्ष अधिकारक्षेत्रमा पर्ने कार्यहरू, विषयगत कार्यालयका कार्यक्रमहरू र नेपाल सरकारले जिल्ला विकास समितिको नियन्त्रण र रेखदेखमा सञ्चालन गर्ने एवम् जिल्ला विकास समितिले हेर्ने भनी स्पष्ट तोकिएका अन्य योजना र कार्यक्रमहरू जिल्ला विकास समितिको नियन्त्रणमा रहेका हुन्छन् । यिनका हरेक पक्षलाई आवधिक योजनाले समेट्नु पर्ने हुँदा तत्सम्बन्धी अद्यावधिक विवरण जिल्लामा उपलब्ध हुनुपर्दछ र तिनका आधारमा जिल्लाले विस्तृत योजना तयार गर्नुपर्दछ। महत्वपूर्ण क्षेत्रमा पनि तथ्याङ्कहरू स ङ्कलन गर्ने, अध्यावधिक गर्ने र प्रयोग गर्ने परिपाटीको विकास भइनसकेको अवस्था छ ।

- **आजिवियोसंग वार्षिक तथा अन्य विषयगत योजनाहरूको कमजोर सम्वन्ध**

आवधिक योजनालाई विस्तृत रूपमा तर्जुमा गर्न सकिएको खण्डमा मात्र सोका आधारमा वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन योजना बनाउन सहज हुन्छ । विगतमा तर्जुमा गरिएको आजिवियोको वार्षिक तथा अन्य विषयगत योजनाहरूसँग तादात्म्यता नरहेको हुँदा त्यो एउटा समस्याको रुपमा रहेको थियो ।

- **आजिवियोप्रतिको उदासीनता**

आवधिक जिल्ला विकास योजना स्थानीय स्तरवाटै तर्जुमा गर्नुपर्ने अवधारणा छ । यो वस्तुगत र जिल्लाको विशिष्टतालाई प्रतिनिधित्व गर्ने खालको हुनुपर्छ । त्यसैले यसको तर्जुमा र कार्यान्वयनमा जिल्लास्थित विषयगत कार्यालयहरूको अहम् भूमिका रहन्छ । यति हुंदाहुदै पनि पर्सा जिल्लामा अधिकांश विषयगत कार्यालयहरूका प्रमुख र कर्मचारीमा आवधिक जिल्ला विकास योजनाको आवश्यकता र महत्वबारे राम्ररी बोध हुन नसकेको अवस्था छ ।

- **आजिवियो तर्जुमा गर्न जिल्लामा मानवीय तथा वित्तीय क्षमताको कमी**

पर्सा जिल्लामा सर्वप्रथम २०५९/६० - २०६३/६४ का लागि आवधिक जिल्ला विकास योजना तर्जुमा गरिएको थियो । योजना अवधिमा आजिवियो कार्यान्वयनको नियमित अनुगमन गरी अवधि समाप्त भएपछि विस्तृत समीक्षा गरिनु पर्थ्यो, अर्को योजना बन्नु पर्ने थियो । तर ६ वर्षसम्म यस दिशामा केही हुन सकेन । यसको एउटा कारण आजिवियो तर्जुमा गर्न जिल्लामा मानवीय क्षमताको कमी हो । त्यस्तै आजिवियो कार्यान्वयनको अनुगमन गर्न पनि क्षमताको कमी छ ।

- **अविकसित कर्मचारी संयन्त्र**

आवधिक जिल्ला विकास योजना, राष्ट्रिय योजना र विभिन्न विषयगत योजनाबीच देहायका कुराहरूमा कार्यगत समन्वय र एकीकरण गरी यिनीहरू एकअर्कामा परिपूरक हुने गरी योजना तर्जूमादेखि कार्यान्वयन तहसम्म उपयुक्त संयन्त्र स्थापित गरिनुपर्ने हुन्छ ।

**जिल्लामा रहेका विषयगत कार्यालय र** स्थानीय निकायहरूमा जनशक्ति विकासमा यथेष्ट ध्यान पुग्न सकेको छैन । फलस्वरुप उत्तरदायी कर्मचारी संयन्त्रको यथोचित विकास हुन सकेको छैन ।

### १.२.२ जिल्ला विकासका उपलब्ध अवसर तथा सम्भावनाहरू

पर्सा जिल्लामा विकासका सम्भावना र अवसरहरू पनि प्रशस्त देखिएका छन् । तराईको जिल्ला भएको हुँदा यातायातका दृष्टिले सुगम, भारततर्फको मुख्य प्रवेशद्वार भएको हुँदा व्यापार व्यवसायका लागि उपयुक्त अवस्थिति, औद्योगिक कच्चापदार्थ र जनशक्ति उपलब्ध हुने हुनाले थप औद्योगिकीकरणको सम्भावना आदिले पर्सा जिल्लालाई विकासका लागि अनुकूल वातावरण

प्रदान गर्दछन् । त्यस्तै, नागरिक सचेतनामा वृद्धि भइरहेकाले विकासप्रति आम चासो बढेको छ, आन्तरिक आयवृद्धिका सम्भावनाहरू देखा परेका छन् । राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूको उपस्थिति र संलग्नता बढेको छ ।

सामुदायिक संस्थाहरूको गठन, परिचालन र सक्रियतामा पनि वृद्धि भएको छ । यी सबल पक्षहरूको महत्व बुझी स्थानीय श्रोत, साधन, सीप र प्रविधिको अधिकतम परिचालन गरेर सरकारी क्षेत्र, निजी क्षेत्र र गैरसरकारी क्षेत्रका माध्यमबाट कार्यक्रम सञ्चालन गरिएमा आधारभूत सेवा र सुविधामा जनताको पहुँच र स्वामित्व बढ्ने हुन्छ । जिल्लाका सबल पक्ष, दुर्बल पक्ष, अवसरहरू र चुनौतीहरू तथा विगतका अनुभवका आधारमा यो आवधिक योजना तर्जुमा गरिएको छ ।

### १.२.३ विगतका प्रयास तथा उपलब्धिहरू

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा स्थानीय निकायहरूले आवधिक योजना तर्जुमा र कार्यान्वयन गर्नु पर्ने प्रावधान राखियो । तदनुरुप पर्सा जिल्लामा सर्वप्रथम वि. सं. २०५८ मा २०५९/६० - २०६३/६४ का लागि आवधिक जिल्ला विकास योजना तर्जुमा गरिएको थियो । विगतका

उपलब्धिहरूलाई संस्थागत गर्दै हरेक ५ वर्षमा नयाँ योजना तर्जुमा गर्नुपर्नेमा बीचका वर्षहरूमा त्यसो हुन सकेन । यसको प्रमुख कारण विगतमा जिल्ला विकास समितिले यो विषयलाई प्राथमिकतामा राख्न नसक्नु हो । हाल यस महत्वपूर्ण अभ्यासको पुनः सुरुवात गरिएको छ ।

## १.३ जिल्ला विकासको दीर्घकालीन सोच तथा सिद्धान्तहरू

### १.३.१ जिल्ला विकासको दीर्घकालीन सोच

पर्सा जिल्लाको दीर्घकालीन सोच

**"आर्थिक सामाजिक रूपमा सबल पर्सा
घर–घरमा सुख समृद्धिको वर्षा"**

निर्धारण गरिएको छ ।

जिल्लाको भविष्यको स्वरूप निर्धारण गर्न योजना तर्जुमा प्रक्रियाको प्रारम्भमा सर्वप्रथम जिल्ला विकासको यो दीर्घकालीन सोचको परिकल्पना गरिएको छ । जिल्लाका समष्टिगत पक्षलाई झल्काउने गरी यो सोच आगामी २०-२५ वर्षको लागि तयार गरिएको हो । यो सोच योजना तर्जुमाका क्रममा २०७० आषाढ ७ गतेका दिन जिल्ला सदरमुकाममा आयोजित जिल्लाका समस्या तथा संभावना विश्लेषण कार्यशाला गोष्ठीमा सहभागितात्मक पद्धतिबाट छलफल गरी सर्वसम्मत निर्णयबाट निर्धारण गरिएको हो ।

छलफलका क्रममा दीर्घकालिन सोच निर्धारणका प्रमुख विशेषताहरू (स्पष्ट समय किटान नगरिएको, आदर्शवादी अवस्था दर्शाउने, यसतर्फ जिल्ला सधै उन्मुख रहने, यसले जिल्लाको विशेषता झल्काउने र सबैले बुझ्ने गरी सरल र आकर्षक भाषामा लेखिने) कुरामा ध्यान दिइएको छ । सबैको स्मरणमा सहजै रहन सकोस् भन्ने हेतुले लयबद्ध रूपमा उच्चारण गर्न हुने गरी शब्दहरू चयन गरिएका छन् ।

### १.३.२ जिल्ला विकासका लागि निर्देशक सिद्धान्तहरू

मानव जीवनका जटिलता, गरिवी, भौगोलिक विषमता आदिले विकास प्रक्रियालाई चुनौतीपूर्ण बनाउछन् । विकासको प्रतिफल सबै जिल्लावासीले प्राप्त गर्न सकुन् भन्ने कुरामा ध्यान दिई जिल्लाको विकाससँग सरोकार राख्ने सबै पक्षबीच व्यापक छलफलपश्चात् देहाय बमोजिम जिल्लाको विकासका निर्देशक सिद्धान्तहरू निर्धारण गरिएका छन् । दीर्घकालीन सोचको आधारमा जिल्लाको प्रतिबद्धता, विशेषता र चाहना स्पष्ट दर्शाउने गरी विकासका यी सिद्धान्तहरू तय गरिएका हुन् ।

**(क) जनकेन्द्रित विकास**

जनताले चाहे अनुसारको विकास कार्यहरूको संचालन, जनसबलीकरण, योजना तर्जुमा प्रक्रियामा प्रजातान्त्रीकरण र विकासका हरेक चरणमा जनताको संलग्नता र सहभागिता निश्चित गरिने छ।

**(ख) दीगोपना**

प्राकृतिक स्रोतको उपयोग धान्न सकिने क्षमताअनुरूप गरिनेछ। वातावरण मैत्री विकास पद्धति अवलम्बन गरिनेछ।

**(ग) स्थानीयतालाई प्रमुखता**

स्थानीय स्रोत, साधन र सीपको उपयोग हुने खालको विकास प्रक्रियालाई प्राथमिकता दिई स्थानीय तहमा आर्थिक गतिविधि बढाइने छ।

**(घ) संस्थागत विकास**

स्थानीय तहमा गैरसरकारी संस्थाको विकास, उपभोक्ता समूहको विकास, समुदायमा आधारित संगठनहरूको विकास र सहकारिताको विकास गरिने छ।

**(ङ) अवसरमा समानता**

जिल्लावासीका न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति, सबैलाई रोजगारीको अवसर, सेवा र सुविधामाथि सबै वर्गको समान पहुँच निश्चित गरिने छ।

**(च) निजी क्षेत्र विकास**

सरकारी तथा निजी क्षेत्रको साझेदारी, निजी क्षेत्रलाई लगानीको वातावरणको सुनिश्चितता र जिल्लाको आर्थिक विकासमा निजी क्षेत्रको अग्रणी भूमिकालाई आत्मसात् गरिने छ।

**(छ) शहरीकरण तथा वस्ती विकास**

वस्तीहरूलाई निश्चित ठाउँमा केन्द्रीकृत गरी सेवा तथा सुविधा प्रदान गर्न आर्थिक दृष्टिकोणले सम्भाव्य र उपयुक्त शहरीकरण तथा वस्ती विकास गरिने छ।

**(ज) सामाजिक न्याय**

सामाजिक र आर्थिक रूपले पिछडिएका वर्गको उत्थान; महिला, बालबालिका, वृद्ध, शिक्षाबाट वञ्चित युवा, अपाङ्ग तथा प्राकृतिक प्रकोप पीडितहरूको उत्थान तथा विकास र द्वन्द्वपीडित तथा आन्तरिक रूपमा विस्थापितहरूको हितलाई ध्यानमा राखी विकासका कार्यक्रम संचालन गरिने छन् ।

**(झ) लैंङ्गिक समता तथा सामाजिक समावेशीकरण**

लैंङ्गिक समता तथा सामाजिक समावेशीकरण (GESI)को सिद्धान्त अनुसार लैंङ्गिक, क्षेत्रगत र दलित, जनजाति, मधेशी, मुसलमान, थारु र अन्य पिछडिएका वर्गको हितमा विकासनिर्माणका कार्यक्रमहरू संचालन गरिने छन् ।

**(ञ) सुशासन**

स्थानीय तहमा सुशासन निश्चित गर्न जवाफदेहिता, पारदर्शिता तथा नागरिक समाजको प्रवर्द्धनलाई विशेष महत्व दिइने छ ।

## १.४ जिल्ला विकासको समष्टिगत लक्ष्य, उद्देश्य, नतिजा, सूचक तथा रणनीतिहरू

### १.४.१ जिल्ला विकासको समष्टिगत लक्ष्य

जिल्ला विकासको समष्टिगत लक्ष्य निम्नबमोजिम निर्धारण गरिएको छ, उपलव्ध अवसरहरूको अधिकतम सदुपयोगबाट पर्सा जिल्लावासीको आर्थिक र सामाजिक जीवनस्तरमा सुधार भएको हुनेछ ।

### १.४.२ जिल्ला विकासका उद्देश्यहरू

रोजगारी उन्मुख कार्यक्रमहरूको संचालनबाट जिल्लाको दीगो आर्थिक बृद्धि गरी त्यसको लाभ सामाजिक न्यायका आधारमा सम्पूर्ण जिल्लावासीले पाउन सक्ने वातावरणको सिर्जना गर्नु यस आवधिक योजनाको प्रमुख उद्देश्य हुनेछ । प्रमुख उद्देश्य प्राप्त गर्ने सिलसिलामा निम्नलिखित क्षेत्रगत उद्देश्यहरू निर्धारण गरिएका छन् ।

(क) कृषि, उद्योग, पर्यटन लगायतका आर्थिक क्षेत्रका उत्पादन, उत्पादकत्व र क्षमता उपयोगमा बृद्धि गरी जनताको प्रत्यक्ष आय बढाउने,
(ख) शिक्षा, स्वास्थ्य, खानेपानी, महिला विकास आदि सामाजिक क्षेत्रको गुणस्तरमा अभिबृद्धि गरी शिक्षित, स्वस्थ, सबल जनशक्ति उत्पादन गर्ने,
(ग) यातायात, विद्यूत, संचार जस्ता भौतिक पूर्वाधारको विकास गरी पर्सावासीको जनजीवनलाई सरल बनाउने,
(घ) जनसंख्या, वस्ती विकास,भूउपयोग लगायतका विषयलाई व्यवस्थित र नियन्त्रित गरी जिल्लाको दीगो विकासको पक्षमा तिनको उपयोग गर्ने,

(ङ) जिल्लामा विद्यमान वित्तीय तथा संस्थागत स्रोतसाधन तथा व्यवस्थापकीय क्षमताको पहिचान गरी जिल्लाको आर्थिक सामाजिक विकासमा तिनको यथोचित प्रयोग गर्ने ।

### १.४.३ प्रमुख रणनीतिहरू

आवधिक योजनाका उद्देश्यहरू पूरा गर्न निम्नलिखित रणनीति अख्तियार गरिने छन् ।

(क) स्थानीय सीप, श्रम, प्रविधि र साधनको विकास गरी तिनको अधिकतम परिचालन गर्ने ।

(ख) तत्काल रोजगार सृजना गर्ने एवं आय आर्जन बढाउने खालका कार्यक्रमहरू प्राथमिकताका साथ संचालन गर्ने ।

(ग) मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने प्रकृतिका आयोजनाहरूमा रकमको अभाव हुन नदिने व्यवस्था गर्ने ।

(घ) जिल्लाको विकासमा प्रत्यक्ष योगदान दिने क्रमागत एवं अधुरा आयोजनाहरू संचालन गर्ने ।

(ङ) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धनमा जोड दिने ।

(च) जनसहभागिता एवं लागतसहभागिता बढी जुट्न सक्ने योजना र कार्यक्रमहरूलाई प्राथमिकता दिने ।

(छ) विकास निर्माणमा संलग्न उपभोक्ता समिति र ठेकेदारहरूलाई बढी जिम्मेवार र उत्तरदायी बनाउने ।

.(ज) अति गरिव, विपन्न तथा पछाडि परेका वर्गहरूको पकेट क्षेत्रलाई लक्षियत गरी कार्यक्रम सञ्चालन गर्ने ।

(झ) विपन्न र विकासमा पछाडि परेका वर्गका मागलाई सम्बोधन गर्ने ।

### १.४.४ जोखिम पक्षहरू

आवधिक जिल्ला विकास योजना जिल्ला विकास समितिको सक्रियतामा तर्जुमा गरिएको हो । यसको तर्जुमा कार्यमा जिल्ला स्थित राजनैतिक दलका प्रतिनिधिहरू, प्रमुख जिल्ला अधिकारी र स्थानीय विकास अधिकारी लगायत विकास सम्बन्धी जिलास्तरीय कार्यालयका प्रमुखहरू, विकासका साझेदार संघसंस्थाहरू, गैरसरकारी संघसंस्थाहरूको सक्रिय सहभागितामा रहेको छ । यसको सफल कार्यान्वयनमा पनि उपर्युक्त संपूर्ण निकायहरूको सक्रिय सहभागिता आवश्यक पर्दछ ।

यो आवधिक योजनाको कार्यान्वयन एक सामूहिक जिम्मेवारी हो । जिम्मेवार कुनै पनि पक्षले आफ्नो जिम्मेवारी र कर्तव्यमा उदासीनता देखाएमा योजनाको कार्यान्वयन र सफलतामा तत्कालै प्रतिकूल असर पर्न सक्छ । यो वास्तविकता नै योजनाको सबैभन्दा ठूलो जोखिम पक्ष हो ।

## १.५ जिल्ला विकासका विषयगत उदेश्य, सूचक तथा प्रमाणित गर्ने आधारहरू

जिल्लाको समष्टिगत लक्ष्य तथा उद्देश्यहरू प्राप्त गर्न सघाउने गरी निम्न आधारहरूमा आ-आफ्नो क्षेत्रका विषयगत उद्देश्यहरू पहिचान गरिएका छन् :

- जिल्ला वस्तुस्थिति विश्लेषणबाट देखिएका विकासका मुद्दाहरू, समस्या तथा सम्भावनाहरू,
- विकासका चुनौती तथा अवसरहरू
- सञ्चालनमा रहेका विभिन्न विकास योजनाहरू (केन्द्रीय, विषयगत, जिल्लागत)
- जिल्लाको दीर्घकालीन सोच, निर्देशक सिद्धान्तहरू, लक्ष्य, उद्देश्य तथा रणनीति

यस आवधिक योजनामा निर्धारण गरिएका विषयगत उद्देश्यहरू विद्यमान राष्ट्रिय नीति र कानूनी व्यवस्था अनुकूल छन् ।

**पर्सा जिल्ला विकासको दीर्घकालीन सोच :–**

**"आर्थिक सामाजिक रूपमा सबल पर्सा**
**घर–घरमा सुख र समृद्धिको वर्षा"**

| योजनाको सारांस | सूचकहरू | | | | | | | पुष्ट्याइँका आधारहरू | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|
| | सूचकका क्षेत्र | अद्यावधिक स्थीति २०७१ (२०१४) | कार्यान्वयन बर्ष | | | | | | |
| | | | १ | २ | ३ | ४ | ५ | | |
| **जिल्ला विकासको समष्टिगत लक्ष्य**<br>उपलब्ध अवसरहरूको अधिकतम सदुपयोगबाट पर्सा जिल्लावासीको आर्थिक र सामाजिक जीवनस्तरमा सुधार भएको हुनेछ । | प्रतिब्यक्ति औसत आय (यु.यस $) | १२२३ | १३०० | १४०० | १५०० | १६०० | १७०० | केन्द्रीय तथ्याङ्क विभागका अभिलेख, नेपाल मानव विकास प्रतिवेदनहरू, | देशमा राजनैतिक स्थिरता हुने छ ।<br>सरकारले<br>आर्थिक विकासलाई उच्च प्राथमिकता दिने छ । |
| | औसत आयु | ७०.२५ | ७०.७५ | ७१ | ७१.७५ | ७२.५० | ७३.४० | | |
| | मानव विकास सूचकांक | ०.५२२ (AM) | ०.५३५ | ०.५३९ | ०.५४५ | ०.५६५ | ०.५७८ | | |
| | | ०.४६४ (GM) | ०.४७६ | ०.४८७ | ०.४९९ | ०.५०९ | ०.५२८ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बयस्क साक्षरता दर | ४८.६९ | ५५.५ | ६०.५ | ७०.३ | ८०.५ | ९१.५ | | |
| | | सफा पानी पिउन नपाउने जनसंख्या | ४.६२ | ३ | २ | १.५ | ०.५ | ० | | |
| | | ५ बर्ष मुनिका कुपोषित बालबालिकाको % | ३७.२० | ३० | २२.५ | १७.५ | ११.४ | ५.५ | | |
| | | गरीबीको जनसंख्याः HDR CBS | २०.९१ २९.२ | १५.५ २५.५ | १२.५ १९.५ | १०.३ १७.२ | ९.२ १५.४ | ७.३ १०.५ | | |
| | | निशुल्क स्वास्थ्य सेवामा पहुँच | ५८.७ | | | | | | | |

**जिल्ला विकासका उद्देश्यहरू**

रोजगारी उन्मुख कार्यक्रमहरूको संचालनबाट जिल्लाको दीगो आर्थिक बृद्धि र सामाजिक विकासका कार्यक्रमहरूको संचालनबाट समग्र जिल्लावासीको जीवनस्तरमा सुधार गर्नु यस आवधिक योजनाको प्रमुख उद्देश्य हुनेछ। प्रमुख उद्देश्य प्राप्त गर्ने सिलसिलामा निम्नलिखित विषयका क्षेत्रगत उद्देश्यहरू निर्धारण गरिएका छन्।

१. कृषि, उद्योग, पर्यटन लगायतका आर्थिक क्षेत्रहरू।
२. शिक्षा, स्वास्थ्य, खानेपानी, महिला विकास लगायतका सामाजिक क्षेत्रहरू।
३. यातायात, विद्युत, संचार लगायत भौतिक पूर्वाधारका क्षेत्रहरू।
४. जनसंख्या, वस्ती विकास,भूउपयोग लगायतका प्राविधिक क्षेत्रहरू
५. वित्तीय तथा संस्थागत स्रोतसाधन तथा व्यवस्थापकीय क्षेत्रहरू।

# खण्ड २: आर्थिक विकासका क्षेत्रहरू

## २.१ आर्थिक विकासका, अवसर, सम्भावना तथा चूनौतीहरु

आर्थिक विकासका दृष्टिकोणबाट पर्सा जिल्लालाई विश्लेषण गर्दा नेपालका जिल्लाहरु मध्ये उल्लेखनीय सम्भावना र अवसर बोकेको जिल्ला हो । यसो हुनुमा नेपालको भारतसँगको मुख्य व्यापारको नाका एकातिर छ भने अर्कोतिर कृषि तथा व्यापारको दृष्टिकोणले पनि यो जिल्ला त्यतिकै सम्भावना र अवसर बोकेको जिल्ला हो । पर्सा जिल्ला प्राकृतिक र पर्यटकिय दृष्टिकोणबाट पनि त्यतिकै सम्भावना र अवसर रहेको छ । तथापी यहाँको ग्रामीण क्षेत्रले भने अपेक्षाकृति विकास गर्न सकिरहेको अवस्था देखिदैन । जिल्लाको मुख्य बजार विरगञ्ज देखि पश्चिमी भागमा पर्सा जिल्लाका सम्पूर्ण गाविसहरु रहेका र खाद्यान्न, तरकारी तथा खास गरी उष्ण प्रदेशिय फलफुल उत्पादनको प्रचुर सम्भावना बोकेको पर्सा जिल्लामा प्रयाप्त प्रविधि, सिंचाई भएमा कृषि उत्पादनबाट मनग्य फाइदा लिन सक्ने सम्भावना बोकेको छ । त्यस्तै गरी आर्थिक क्षेत्रको मेरुदण्डको रुपमा रहेको उद्योग तथा ब्यपारबाट पर्सा जिल्लाले मनग्य फाइदा लिन सक्ने देखिन्छ । देशको प्रमुख बजारकेन्द्र तथा औद्योगिक र मूल भन्सार नाकाको रुपमा रहेको पर्सा जिल्लामा उद्योग तथा ब्यपारलाई ब्यवस्थीत गर्न सकिएमा यसबाट अझ थप आर्थिक विकासका साथसाथै थप रोजगारी श्रृजना गर्न सकिने प्रचुर सम्भावना देखिन्छ । पर्सा जिल्लाको समग्र आर्थिक क्षेत्रको विकासको अवसर, सम्भावना र चूनौतिलाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं.२.१ : आर्थिक विकासका अवसर, सम्भावना र चूनौतिहरु

| अवसर | सम्भावना | चुनौति |
|---|---|---|
| ▪ प्रशस्त कृषि योग्य जग्गा उपलब्ध हुनु ।<br>▪ सिंचाईको लागि ठूला नहर तथा कुलोहरुको निर्माण हुनु ।<br>▪ राष्ट्रिय तथा भारतिय बजारसँग सहज पहुँच हुनु ।<br>▪ जिल्लामा प्रयाप्त सरकारी तथा गैरसरकारी निकायहरुले कृषि तथा प्रविधि विकासमा कार्यक्रम संचालन गर्नु ।<br>▪ केन्द्रिय सरकारको पनि पर्सा जिल्लामा थुप्रै कार्यक्रमहरु संचालन हुनु ।<br>▪ चीनी मिल लगायतका कृषिजन्य पदार्थमा आधारीत उद्योगहरु आसपासका जिल्लाहरुमा हुनु ।<br>▪ जिल्लामा मासु अण्डा दुध जस्ता पशु जन्य पदार्थको माग बढ्दै जानु<br>▪ पशुपालनको लागि उपयुक्त हावापानी हुनु<br>▪ पशुपालन ब्यवशायमा सरकारको अनुदानको सुविधा<br>▪ बिरगञ्ज तथा सिमरा कोरिडोरमा थुप्रै उद्योगहरु संचालन हुनु ।<br>▪ सुख्खा बन्दरगाह र रक्सोल नाका रहनु ।<br>▪ औद्योगिक तथा कृषि मजदुरको प्रयाप्त ब्यवस्था हुनु । | ▪ देशको मुख्य बजारको नाका भएकोले जिल्लामा उत्पादीत कृषि तथा फलफुलले प्रयाप्त बजार पाउने ।<br>▪ तराइको जिल्ला भएको हुँदा र जिल्लामा प्रयाप्त खेति योग्य भूमि भएको हुँदा खाद्यान्न तथा अन्य कृषि वाली उत्पादनको प्रचुर सम्भावना बोकेको ।<br>▪ बिरगंञ्ज तथा सिमरा औद्योगिक कोरीडोरमा प्रयाप्त कोल्डस्टोरेज भएकोले प्रयाप्त भण्डारणको सम्भावना रहेको ।<br>▪ फलफूल तथा तरकारीको ब्यवशायिक खेति गर्न सकिने ।<br>▪ जिल्लाका ग्रामीण क्षेत्रमा पशु विकासको प्रयाप्त सम्भावना<br>▪ जिल्लामा रहेका विभिन्न पर्यटकिय स्थलमा आन्तरिक तथा बाह्यि पर्यटक भित्रयाउन सकिने सम्भावना | ▪ बिरगञ्ज चीनी कारखानालाई सुचारु गर्न तथा बैकल्पीक चीनी कारखानाको स्थापना गर्न नसक्नु ।<br>▪ जिल्लामा प्रशस्त खाद्यान्न तथा तरकारी उत्पादन भएतापनि भारतिय बजारसँगको समिप्यताले गर्दा प्रतिस्पर्धा गर्न नसक्नु ।<br>▪ कृषिमा अनुदान प्रणाली ब्यवस्थीत नहुनु ।<br>▪ बजारको माग वमोजिमको कृषि उत्पादनमा गुणस्तरीयता कायम गर्न नसक्नु ।<br>▪ उद्योगलाई ब्यवस्थीत गर्न नसक्नु ।<br>▪ औद्योगिक रोजगारीको यथार्थ आँकलन गर्न नसक्नु ।<br>▪ राज्यबाट समयमानै मल खाद विउ विजन उपलब्ध नगराउनु ।<br>▪ जिल्लामा रहेका नारायणी सिंचाई आयोजना जस्ता ठूला सिंचाई आयोजनाको समुचित विकास हुन नसक्नु तथा तथा कमाण्ड क्षेत्रको विकासमा तदारुकता नदेखाउनु ।<br>▪ सरकारी जग्गालाई ब्यवस्थित रुपमा उपयोग गर्न नसक्नु ।<br>▪ धान र गहुँ मात्र उत्पादन गरिनु ।<br>▪ स्थानीय विउ विजन राम्रो भएतापनि विदेशबाट आउने सस्तो मूल्यको |

| अवसर | सम्भावना | चुनौति |
|---|---|---|
| ▪ जिल्लामा घडिरहवा पोखरी लगायतका पर्यटकीय स्थल हुनु ।<br>▪ बैँक तथा वित्तीय संस्थाहरु प्रयाप्त रुपमा संचालनमा आउनु ।<br>▪ बैदेशिक लगानी बढदै जानु । | | कारण कमसल विउ लगाउन बाध्य हुनु ।<br>▪ सहुलियत पूर्ण ऋण, विमाको सुविधा र अनुदान गरिवहरुको पहुँचमा पुऱ्याउनु ।<br>▪ किसानहरुलाई निर्वाह मुखीबाट व्यवशायी तर्फ उन्मुख गराउनु ।<br>▪ कृषि उपजको लागि सुरक्षित भण्डारको व्यवस्था गराउनु<br>▪ सिँचाइ प्रणालीको मर्मत सभार बढि खर्चिलो हुनु<br>▪ विद्युत तथा यातायातको राम्रो प्रवन्ध गर्नु ।<br>▪ बैंकहरुलाई गरिवहरुको सहयोगीको रुपमा विकास नगर्नु । |

## २.२ आर्थिक विकास क्षेत्रका समस्या तथा सवालहरुको विश्लेषण

ग्रामीण अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि तथा पशुविकासको प्रचुर सम्भावना देखिएता पनि त्यस भित्र विविध समस्या र सवालहरु रहेका छन । खास गरी कृषि बजारमा स्थायीत्व, बजार व्यवस्थीत नहुनु तथा बाह्रीय बजार (भारतिय) ले प्रभाव पार्नु मुख्य समस्या तथा सवालको रुपमा रहेको छ । छिमेकी राष्ट भारतमा कृषि क्षेत्रमा दिइदै आएको अत्याधिक अनुदान र छुटसँग नेपाली कृषि क्षेत्रले प्रतिस्पर्धा गर्न नसक्नाले नेपाली कृषकहरु प्लायन हुने वा खाद्य तथा कृषि बाली उत्पादन प्रतिको आकर्षण घटदै गएको पाइन्छ । यसबाट कृषि क्षेत्रको प्रचुर सम्भावना र अवसर हुँदाहुँदै पनि कृषि पेसामा जुन परिमाणको आकर्षण तथा रोजगारी हुन सक्थ्यो त्यसमा भने ह्रास आएको सहजै अनुमान गर्न सकिन्छ । पर्सा जिल्लामा कृषि तथा पशुविकासको क्षेत्रमा देखिएका समस्या तथा सवालहरुलाई तलको तालिकमा विश्लेषण गरी प्रस्तुत गरीएको छ ।

तालिका नं.२.२: आर्थिक विकास क्षेत्रका समस्या तथा सवालहरुको विश्लेषण

| समस्या तथा सवालहरु | तत्कालिन असर | अन्तरनिहित कारण | मूल कारण | समाधानका सम्भावित उपायहरु | समाधानका लागि लिनुपर्ने मुख्य मुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| उत्पादनमा ह्रास हुदै जानु | • कृषि प्रति आकर्षण घटेदै जानु<br>• जनशक्ति पलायन हुनु<br>• सामाजिक सुव्यवस्थामा कमी<br>• बजार मूल्यमा वृद्धि<br>• जिवन स्तरमा ह्रास आएको | • जलवायु परिवर्तन<br>• खडेरी वाढी प्रकोप<br>• तालिम प्राप्त जनशक्तिको अभाव<br>• सहुलियत पूर्ण ऋण प्राप्त नहुनु<br>• कृषि सामाग्री प्राप्त नहुनु<br>• कृषि नीति कृषक मैत्री नहुनु | • चुरेक्षेत्रको विनास<br>• भू उपयोग नीतिको अभाव<br>• भू संरक्षण तथा नदी नियन्त्रण नहुनु<br>• कृषि तालिमको सुविधाको कमी<br>• सहुलियतपूर्ण ऋणको नीतिगत व्यवस्था नहुनु । | • सिंचाई सुविधामा बृद्धि<br>• पशु पालनको लागि स्प्रीकल कल्भर्ट सिंचाईको व्यवस्था ( उत्तरी क्षेत्र)<br>• माछा पालनको लागि जलाशयको व्यवस्था<br>• चुरे आसपासको क्षेत्रमा वैकल्पीक उर्जाको व्यवस्था | • जिल्ला स्तरीय जल उपयोग गुरु योजना तयार गर्ने<br>• सुविधा सम्पन्न घुम्ती माटो परिक्षण प्रयोग शालाको व्यवस्था<br>• जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय र भूमिगत सिंचाई आयोजना कार्यालय जिल्लामा स्थापना । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • कृषिको बजारीकरण नहुनु<br>• साना र सिमान्तकृत कृषकहरुको उन्नत प्रविधिमा पहुँच नहुनु<br>• रोग प्रकोपको समयमा समाधान नहुन<br>सिँचाईको आभाव | • कृषि सामाग्री पैठारी सहज नहुनु<br>• कृषिमा भएको अनुदान स्पष्ट नहुनु<br>• कृषि पशु बिमा अवधि छोटो हुनु<br>• कृषिको व्यवशायिकरण नहुनु | • स्पष्ट भू उपयोग नीति बनाई लागु गरिनु पर्ने<br>• कृषि भण्डारण, चिस्यान केन्द्रको सुविधामा वृद्धि<br>• दुग्ध चिस्यान केन्द्रहरुमा बृद्धि<br>• सहुलियत पूर्ण ऋण<br>• कृषि औजारमा उपलब्ध, भन्सार सुविधा जिल्ला स्तरबाट नै उपलब्ध हुनु<br>• कृषि सामाग्रीहरुको समयमा र प्रयाप्त मात्रामा हुनु<br>• कृषि पशुको विमाको प्रभावकारी कार्यान्वयन<br>कृषि तथा पशु सेवा गा.वि.स. स्तरमा हुनु पर्ने | • कृषि र पशु सेवाकेन्द्र हरेक गा.वि.स.मा स्थापना गर्ने<br>• कषिजन्य उत्पादन ढुवानी तथा व्यवस्थापन को लागि पूर्वाधार<br>• जिल्ला स्तरमा कृषि तालिम र कृषि अनुसन्धान केन्द्रको स्थापना गर्ने<br>• जिल्ला कृषि विकास कोषको स्थापना<br>• सडक, विद्युत, ढुवानी साधन विस्तार गर्ने<br>• चुरेक्षेत्र संरक्षणको लागि जिल्लामा प्रर्याप्त मात्रामा वैकल्पीक उर्जा कार्यक्रमको संचालन<br>कृषि बजार केन्द्र को प्रयाप्त मात्रामा निर्माण र संचालन |
| गुणस्तरिय कृषि उत्पादनमा कमि हुनु | • बजारमा प्रतिस्पर्धा गर्न नसक्नु ।<br>• बजारमा पहुँच संकुचन हुनु ।<br>• आय घटनु । | • गुणस्तरीय उत्पादनमा ज्ञान र सिपको कमि<br>• बजारको मागको बारेमा सूसूचित नहुनु | • गुणस्तरिय उत्पादन गराउन कृषकलाई तालिम तथा अनुभव आदान प्रदान नगराइनु ।<br>• नीतिगत स्पष्टता नहुनु । | • गुणस्तरिय उत्पादन सम्बन्धी क्षमता विकासका तालिमको उपलब्ध ।<br>• बजारीकरण नीतिको बारेमा ज्ञान र सहयोग | • गुणस्तरिय उत्पादनका बजारहरुसँगको संञ्जाल विस्तार ।<br>• उत्पादनमा सहुलियत |
| किटनासक औसधीको अत्याधिक प्रयोग हुदै जानु | • जनस्वास्थ्यमा असर<br>• खरिद विक्रि कम हुनु ।<br>• जमिनको उत्पादकत्व घटदै जानु । | • जनस्वास्थ्यमा पर्ने असरको बारेमा जानकारी नहुनु ।<br>• उत्पादन बढाउने सोचको विकास हुनु ।<br>• नागरिकको चेतनमा कमि | • नीतिगत कमजोरी<br>• किटनासक औसधी प्रयोगमा अनुगमन हुन नसक्नु ।<br>• कृषि उत्पादनलाई प्रमाणीकरण गर्ने व्यवस्था नहुनु । | • नीति नियमको व्यवस्था<br>• प्रमाणीकरण गर्ने व्यवस्था<br>• जनचेतनाका कार्यक्रम<br>• प्रचार प्रसार | • उपभोक्ता र विक्रेतालाई सचेतना<br>• प्रमाणीकरण गर्ने परिपाटी<br>• कानुन निर्माण |

## २.३ आर्थिक विकास क्षेत्रको तर्कबद्ध योजना खाका

पर्सा जिल्लामा आर्थिक विकासका क्षेत्रहरुको विश्लेषण गरी सो अनुरुप आगामी पाँच बर्षमा विकास गर्न सकिने सम्भावनाहरुलाई सूचकमा प्रस्तुत गरिएको छ। आर्थिक विकासका क्षेत्रहरु कृषि विकास, पशुविकास, घरेलुउद्योग, सहकारी तथा पर्यटनका समष्टिगत प्रभाव स्तरको सूचकहरुको तयार गरिएको छ भने क्रमश ती क्षेत्रहरुको नतिजा स्तरको सूचकहरु तयार गरी सोलाई बार्षिक रुपमा विभाजन गरिएको छ।

## तालिका नं. २.३ : आर्थिक विकास क्षेत्रको तर्कबद्ध योजना खाँकाको विवरण

<table>
<tr><th>योजनाको सारांस</th><th>सूचक</th><th>पुष्ट्याईंका आधार</th><th>जोखिम/पूर्वानुमान</th></tr>
<tr>
<td><u>विषयगत उद्देश्य</u><br>वातावरणमैत्री कृषि प्रविधि, उन्नत जातका विउविजनको प्रयोग, ब्यवसायीक सहकारीको विकास तथा प्रबर्द्धन र घरेलु उद्योगमा उद्यमशिलताको विकास गरी जिल्लाबासीको आम्दानीमा उल्लेखनीय बृद्धि भएको हुनेछ।</td>
<td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>खाद्यान्न वाली उत्पादन क्षेत्रफल</td><td>हे.</td><td>८३२९०</td><td>८११३५</td><td>८१५३८</td><td>८२३४२</td><td>८३१४४</td><td>८४१५०</td><td></td></tr>
<tr><td>खाद्यवाली उत्पादन</td><td>मे.टन</td><td>२५८७२९</td><td>२७०५२८</td><td>२८३७५६</td><td>२९५४३२</td><td>३०७७६१</td><td>३१६६५१</td><td></td></tr>
<tr><td>उत्पादकत्व</td><td>मे.टन/हे.</td><td>३.४१</td><td>३.६०</td><td>३.७८</td><td>३.९८</td><td>४.१०</td><td>४.१६</td><td></td></tr>
<tr><td>प्रतिब्यक्ति खाद्यान्न उत्पादन</td><td>के.जी.</td><td>४३०</td><td>४५०</td><td>४७५</td><td>५००</td><td>५१०</td><td>५२७</td><td></td></tr>
<tr><td>नगदे वालीको क्षेत्रफल</td><td>हे.</td><td>८५००</td><td>८६८५</td><td>९४००</td><td>१००५०</td><td>१०८००</td><td>११८५०</td><td></td></tr>
<tr><td>नगदे वालीको उत्पादकत्व</td><td>मे.टन.</td><td>३</td><td>३</td><td>३.१०</td><td>३.१५</td><td>३.२०</td><td>३.२२</td><td></td></tr>
<tr><td>प्रति ब्यक्ति नगदेवाली उत्पादन</td><td>के.जी.</td><td>७९</td><td>८०</td><td>८२</td><td>८४</td><td>८५</td><td>८६</td><td></td></tr>
<tr><td>तरकारी वालीको क्षेत्रफल</td><td>हे.</td><td>३१७५</td><td>५४३२</td><td>३६५६</td><td>३७४८</td><td>३८०२</td><td>३९०९</td><td></td></tr>
<tr><td>प्रतिब्यक्ति तरकारी उत्पादन</td><td>केजी</td><td>९९</td><td>१०५</td><td>११०</td><td>११५</td><td>१२०</td><td>१२१</td><td></td></tr>
<tr><td>फलफुल क्षेत्रफल</td><td>हे.</td><td>३५२</td><td>३६९</td><td>३८४.५</td><td>४०२</td><td>४१७</td><td>४३६</td><td>२३५९</td></tr>
<tr><td>फलफुल</td><td>के.जी.</td><td>३५५०</td><td>३६५०</td><td>३७७५</td><td>३९००</td><td>४१००</td><td>४२००</td><td></td></tr>
</table>
</td>
<td>कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग र जिल्ला कृषि कार्यालयका अभिलेख र केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू।</td>
<td>मौसम अनुकूल हुने छ। जलवायु परिवर्तनको कम असर पर्नेछ।</td>
</tr>
</table>

| योजनाको सारांस | सूचक | पुष्टयाईंका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उत्पादन | | | | | | | | |
| पशुवस्तुहरुको संख्या | संख्या | २४०६४६ | २६३७७३ | २६६१७३ | २६७७९२ | २६८९३६ | २७०३४४ | |
| पंक्षीहरु (कुखुरा हाँस) | संख्या | ३२३८९६ | ३२६३५५ | ३२८००७ | ३३०२४५ | ३९४२६ | ३३३९६७ | |
| दुध उत्पादन | मे.टन. | ९८८८१ | १०१४९४ | ७३५९९ | १०५६०५ | १०७८१० | ११०२८७ | |
| मासु उत्पादन | मे.टन. | ११२२८ | ११४०५ | ११५७७ | ११८५३ | १२०६९ | १३०५८ | |
| अण्डा उत्पादन | मे.टन. | ९७०० | ९८३६ | ९९८३ | १०१४३ | १०२६५ | १०४५० | |
| सिंचाई क्षेत्रको विकास | हे. | ३२१४८ | ३३५७५ | ३५१०० | ३६००० | ३६९०० | ३७५७५ | |
| सहकारीको विकास | संख्या | ६४० | ७१५ | ७९० | ८५० | ९१० | ९५२ | |
| सहकारीमा आवद्ध सदस्य | संख्या | ४६५७० | ५३५०० | ५८७०० | ६२९०० | ६६१०० | ६९८५४ | |
| उद्योगको प्रबर्द्धन | संख्या | ४९८६ | ५३०० | ५६५० | ६०५० | ६५५० | ७००० | |
| औद्योगिक रोजगारी | संख्या | ४४५४९ | ४५७०० | ४६९०० | ४८००० | ४९१०० | ५०००० | |
| औद्योगिक क्षेत्रमा बार्षिक लगानि | रु करोड | ५५ | ६४ | ७६ | ८६ | ९३ | १०० | |
| औद्योगिक तालिम प्राप्त जनशक्ति | संख्या | ५६७६ | ६००० | ६४०० | ६७०० | ६९०० | ७००० | |
| | | | | | | | | |

नतिजाहरु:

१. प्रमुख खाद्यान्न बाली लगाउने क्षेत्रफलको विस्तार भएको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ के अवस्था | आ.व. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| खाद्यान्न वाली | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | |
| धन | क्षे.(हे.) | ४६७१० | ४५००० | ४५००० | ४५००० | ४५२०० | ४५५०० | |
| गहुँ | क्षे.(हे.) | २२६५० | २२००० | २२००० | २२५०० | २२५०० | २२५०० | |
| मकै | क्षे.(हे.) | ५४३५ | ५५०० | ५८०० | ६००० | ६५०० | ७००० | |
| दलहन | क्षे.(हे.) | ८३६९ | ८५०० | ८६०० | ८७०० | ८८०० | ९००० | |
| कोदो | क्षे.(हे.) | ८६ | ९० | ९२ | ९५ | ९६ | १०० | |

पुष्टयाईंका आधार: कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग र जिल्ला कृषि कार्यालयका अभिलेख र

| योजनाको सारांस | सूचक | पुष्टयाईंका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|
| | (तालिका तल) | केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू । | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जौ | क्षे.(हे.) | ४० | ४५ | ४६ | ४७ | ४८ | ५० | |
| जम्मा | क्षे.(हे.) | ८३२९० | ८११३५ | ८१५३८ | ८२३४२ | ८३१४४ | ८४१५० | |

| योजनाको सारांस | सूचक | पुष्टयाईंका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|
| २. प्रमुख नगदे बाली लगाउने क्षेत्रफल विस्तार गरी उत्पादन तथा उत्पादकत्व समेत वृद्धि गर्ने । | (तालिका तल) | कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग र जिल्ला कृषि कार्यालयका अभिलेख र केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू । | |

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | |
| नगदेवाली: | | | | | | | | |
| तेलहन | क्षे.(हे.) | ६८४० | ७००० | ७२०० | ७३०० | ७५०० | ८००० | |
| आलु | क्षे.(हे.) | - | - | - | - | - | - | |
| सूर्ती | क्षे.(हे.) | १८० | १८५ | २०० | २५० | ३०० | ३५० | |
| उखु | क्षे.(हे.) | १४८० | १५०० | २००० | २५०० | ३००० | ३५०० | |
| जुट | क्षे.(हे.) | - | - | - | - | - | - | |
| जम्मा | क्षे.(हे.) | ८५०० | ८६८५ | ९४०० | १००५० | १०८०० | ११८५० | |

| योजनाको सारांस | सूचक | पुष्टयाईंका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|
| ३. तरकारी बाली लगाउने क्षेत्रफल विस्तार गरी उत्पादन तथा उत्पादकत्व समेत वृद्धि गर्ने । | (तालिका तल) | कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग र जिल्ला कृषि कार्यालयका अभिलेख र केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू । | |

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
| तरकारीवाली: | | | | | | | | |
| प्याज | क्षे.(हे.) | १५० | १६० | १७० | १७५ | १८० | १९० | १०२५ |
| काउली | क्षे.(हे.) | २१५ | ५५५ | ५६० | ५६५ | ५७० | ५७५ | ३०४० |
| भन्टा | क्षे.(हे.) | २१५ | २०० | २१० | २१५ | २२० | २२५ | १२८५ |
| भ्फागोसिमी | क्षे.(हे.) | १५ | १६ | १६.५ | १७ | १७.५ | १८ | ६६ |
| लौका | क्षे.(हे.) | १५० | १७५ | १८० | १८५ | १९० | १९५ | १०७५ |
| गोलभेडा | क्षे.(हे.) | २५ | २६ | २७ | २८ | २९ | ३० | १६५ |
| कृराउ कोसा | क्षे.(हे.) | २०० | २०५० | २१० | २१५ | २२० | २२५ | ३१२० |
| बन्दा | क्षे.(हे.) | ७५ | ८० | ८५ | ९० | ९५ | १०० | ५२५ |
| मुला | क्षे.(हे.) | १८० | १८२ | १८५ | १८६ | १८८ | १९० | ११११ |

| योजनाको सारांस | सूचक | | | | | | | | | पुष्टयाईंका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भेडे खुर्सानी | क्षे.(हे.) | ३ | ३.५ | ४ | ४.५ | ५ | ५.५ | १२ | | |
| | पिरो खुर्सानी | क्षे.(हे.) | २१५ | २२० | २२५ | २३० | २३५ | २४० | १३६५ | | |
| | रायो | क्षे.(हे.) | ५० | ५२ | ५५ | ५७ | ५९ | ६० | ३३३ | | |
| | गाजर | क्षे.(हे.) | २ | २ | २.२ | २.५ | २.५ | ३ | ७ | | |
| | राजमा | क्षे.(हे.) | २० | २२ | २४ | २६ | २८ | ३० | १५० | | |
| | बकुल्ला | क्षे.(हे.) | ३० | ३२ | ३४ | ३६ | ३८ | ४० | २१० | | |
| | धनिया साग | क्षे.(हे.) | ३० | ३२ | ३३ | ३४ | ३५ | ३६ | २०० | | |
| | चम्सुर साग | क्षे.(हे.) | २५ | २६ | २७ | २८ | २९ | ३० | १६५ | | |
| | मेथी साग | क्षे.(हे.) | १० | ११ | १२ | १३ | १४ | १५ | ७५ | | |
| | पलक | क्षे.(हे.) | ५० | ५२ | ५४ | ५५ | ५७ | ६० | ३२८ | | |
| | कांको | क्षे.(हे.) | ७५ | ७६ | ७८ | ८० | ८२ | ८५ | ४७६ | | |
| | भिण्डी | क्षे.(हे.) | ३०० | ३०५ | ३१० | ३१५ | ३२० | ३२५ | १८७५ | | |
| | घिरौला | क्षे.(हे.) | ४०० | ४०५ | ४१० | ४१५ | ४२० | ४२५ | २४७५ | | |
| | पाटे घिरौला | क्षे.(हे.) | ५० | ५२ | ५४ | ५५ | ५६ | ५८ | ३२५ | | |
| | करेला | क्षे.(हे.) | ३६० | ३६२ | ३६५ | ३६८ | ३७० | ३७५ | २२०० | | |
| | बोडी | क्षे.(हे.) | १३० | १३२ | १३५ | १३७ | १३८ | १४० | ८१२ | | |
| | फर्सी | क्षे.(हे.) | ३२ | ३३ | ३४ | ३५ | ३६ | ३७ | २०७ | | |
| | तरबुजा | क्षे.(हे.) | १० | १० | १० | १० | १० | १० | ६० | | |
| | कुभिण्डो | क्षे.(हे.) | ६ | ६ | ६ | ६ | ६ | ६ | ३६ | | |
| | फुउट (खरबुजा) | क्षे.(हे.) | ३ | ३ | ३ | ३ | ३ | ३ | १८ | | |
| | ककडी | क्षे.(हे.) | ११ | ११ | ११ | १० | १० | १० | ६३ | | |
| | कुन्दहरु | क्षे.(हे.) | १२ | १२ | १३ | १४ | १५ | १५ | ८१ | | |
| | सजिवन | क्षे.(हे.) | १५ | १६ | १७ | १८ | १९ | २० | १०५ | | |

| योजनाको सारांस | सूचक | पुष्ट्याईंका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ओल | क्षे.(हे.) | ६ | ६ | ६.५ | ७ | ७.५ | ८ | २७ |
| लट्टे साग | क्षे.(हे.) | ५५ | ५६ | ५७ | ५८ | ५९ | ६० | ३४५ |
| परवल | क्षे.(हे.) | ४० | ४२ | ४४ | ४६ | ४८ | ५० | २७० |
| अन्य | क्षे.(हे.) | १० | १२ | १४ | १६ | १८ | २० | ९० |
| जम्मा | क्षे.(हे.) | ३१७५ | ५४३२ | ३६५६ | ३७४८ | ३८०२ | ३९०९ | २३७२२ |

४. फलफूल लगाउने क्षेत्रफल विस्तार भई उत्पादन र उत्पादकत्व समेत वृद्धि भएको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
| फलफुलको प्रकार: | क्षे.(हे.) | | | | | | | |
| आंप | क्षे.(हे.) | २७२ | २८० | २९० | ३०० | ३१० | ३२० | १७७२ |
| लिची | क्षे.(हे.) | ४४ | ४६ | ४८ | ५० | ५२ | ५५ | २९५ |
| केरा | क्षे.(हे.) | १२ | १४ | १५ | १६ | १७ | १८ | ९२ |
| भूंइ कटहर | क्षे.(हे.) | ८ | १० | ११ | १२ | १३ | १४ | ६८ |
| मेवा | क्षे.(हे.) | १ | २ | ३ | ४ | ४ | ५ | १९ |
| अम्बा | क्षे.(हे.) | १३ | १५ | १६ | १७ | १८ | २० | ९९ |
| सरिफा | क्षे.(हे.) | २ | २ | २.५ | ३ | ३ | ४ | १४ |
| जम्मा | क्षे.(हे.) | ३५२ | ३६९ | ३८४.५ | ४०२ | ४१७ | ४३६ | २३५९ |

पुष्ट्याईंका आधार: कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग र जिल्ला कृषि कार्यालयका अभिलेख र केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू ।

५. आलु बाली लगाउने क्षेत्रफल विस्तार गरी उत्पादन र उत्पादकत्व समेत वृद्धि भएको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
| आलु | क्षे.(हे.) | १२५० | १३०० | १३२५ | १३५० | १३५० | १४०० | ७९७५ |
| आलु उत्पादन | मे.टन. | २२०५० | २४००० | २६००० | २७००० | २८००० | २९००० | |
| प्रतिब्यक्ति उत्पादन | के.जी. | ३७ | ४० | ४३ | ४५ | ४६.५ | ४८ | |

पुष्ट्याईंका आधार: कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग र जिल्ला कृषि कार्यालयका अभिलेख र केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू ।

६. माछाको उत्पादन वृद्धि भएको हुनेछ गर्ने ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
| माछा उत्पादन क्षेत्र | क्षे.(हे.) | २९८ | ३३० | ३६० | ३८० | ४०० | ४२० | २१८८ |
| कूल उत्पादन (जिल्लामा) | मे.टन. | १०५० | १२०० | १३०० | १४०० | १५०० | १६५० | |

पुष्ट्याईंका आधार: कृषि तथा सहकारी मन्त्रालय, कृषि विभाग र जिल्ला कृषि कार्यालयका अभिलेख र

<table>
<tr><th>योजनाको सारांस</th><th>सूचक</th><th>पुष्टयाईंका आधार</th><th>जोखिम/पूर्वानुमान</th></tr>
<tr><td></td><td></td><td>केन्द्रीय तथ्याङ्क विभागका प्रकाशनहरू ।</td><td></td></tr>
<tr><td>७. सिंचाई क्षेत्रको विकास र विस्तार भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>नारायणी सिंचाईको व्यवस्थापन</td><td>हे.</td><td>१५९००</td><td>१५९००</td><td>१५९००</td><td>१५९००</td><td>१५९००</td><td>१५९००</td><td>१५९००</td></tr>
<tr><td>सतह सिंचाई</td><td>हे.</td><td>१६२४८</td><td>१६८२५</td><td>१७७००</td><td>१८६५०</td><td>१९७००</td><td>२०६७५</td><td>२०६७५</td></tr>
<tr><td>थपभूमिगत सिंचाई</td><td>हे.</td><td></td><td>२००</td><td>३००</td><td>३२५</td><td>३५०</td><td>४००</td><td></td></tr>
</table>
</td><td>"</td><td></td></tr>
<tr><td>८. उन्नत जातका पशु पंक्षीहरुको संख्यामा बृद्धि भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>गाई</td><td>संख्या</td><td>१३३०६</td><td>१४०००</td><td>१६०००</td><td>१८०००</td><td>१९०००</td><td>२००००</td><td>२००००</td></tr>
<tr><td>भैसी</td><td>संख्या</td><td>१६३३३</td><td>१७०००</td><td>१८५००</td><td>२००००</td><td>२१०००</td><td>२२०००</td><td>२२०००</td></tr>
<tr><td>बाखा</td><td>संख्या</td><td>३१३९३</td><td>३५०००</td><td>३८०००</td><td>४००००</td><td>४३०००</td><td>४५०००</td><td>४५०००</td></tr>
<tr><td>भेडा</td><td>संख्या</td><td>४६</td><td>५६</td><td>७०</td><td>८०</td><td>९०</td><td>१००</td><td>१००</td></tr>
<tr><td>बंगुर</td><td>संख्या</td><td>२१०४</td><td>२४००</td><td>२८००</td><td>३१००</td><td>३३००</td><td>३५००</td><td>३५००</td></tr>
<tr><td>कुखुरा</td><td>संख्या</td><td>२३८५००</td><td>२५००००</td><td>२६५०००</td><td>२७८०००</td><td>२९००००</td><td>३०००००</td><td>३०००००</td></tr>
</table>
</td><td>"</td><td></td></tr>
<tr><td>९. पशुजन्य पदार्थहरुको उत्पादनमा बृद्धि भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>दुग्ध उत्पादन</td><td>मे.टन.</td><td>६९७५७</td><td>७१०००</td><td>७३०००</td><td>७५०००</td><td>७६०००</td><td>७७१३८</td><td>७७१३८</td></tr>
<tr><td>मासु उत्पादन</td><td>मे.टन.</td><td>६८४२</td><td>६९००</td><td>७१००</td><td>७३००</td><td>७५००</td><td>७५७७</td><td>७५७७</td></tr>
<tr><td>कुखुराको फूल</td><td>गोटा</td><td>८३९७०००</td><td>८४५००००</td><td>८५०००००</td><td>८५७५०००</td><td>८६७५०००</td><td>८७९३०००</td><td>८७९३०००</td></tr>
</table>
</td><td>"</td><td></td></tr>
<tr><td>१०. पशुपालन पकेट क्षेत्रहरुको विस्तार भई पशुपालक कृषक संख्यामा बृद्धि भएको</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>पकेट क्षेत्र</td><td>संख्या</td><td>५</td><td>६</td><td>७</td><td>८</td><td>९</td><td>९</td><td>९</td></tr>
<tr><td>पशु प्रजनन केन्द्र</td><td>संख्या</td><td>८</td><td>९</td><td>१०</td><td>११</td><td>१२</td><td>१३</td><td>१३</td></tr>
</table>
</td><td>"</td><td></td></tr>
</table>

| योजनाको सारांस | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | पुष्टयाईंका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हुनेछ । | सामुदायीक पशु प्रजनन् कोष | संख्या | ८ | ९ | १० | ११ | १२ | १३ | १३ | | |
| | पशुपालक कृषक समुह | संख्या | २५ | २८ | ३१ | ३५ | ३८ | ४० | ४० | | |
| | पशुपालनमा सहयोग गर्ने गै.स.स. | संख्या | १७ | १८ | १९ | १९ | १९ | २० | २० | | |
| ११. पशुस्वास्थ्य प्राविधिकहरुको संख्यामा बृद्धि भई सेवामा गुणस्तरियता आएको हुनेछ । | तालिम प्राप्त महिला कृषक | जना | ८ | ९ | १० | ११ | १२ | १३ | १३ | ” | |
| | तालिम प्राप्त पुरुष कृषक | जना | ४ | ५ | ७ | ११ | १२ | १४ | १४ | | |
| | ग्रामीण पशुस्वास्थ्य कार्यकर्ता | जना | ३५ | ३७ | ३९ | ४१ | ४३ | ४५ | ४५ | | |
| | औसधी पसल | गोटा | ६५ | ६७ | ६९ | ७१ | ७३ | ७५ | ७५ | | |
| | पशुदाना पसल | संख्या | १५ | १७ | १९ | २१ | २३ | २५ | २५ | | |
| | डेरी उद्योग | संख्या | ४ | ५ | ६ | ७ | ८ | ८ | ८ | | |
| | दाना उद्योग | संख्या | ३ | ४ | ५ | ५ | ५ | ५ | ५ | | |
| | ह्याचरी | संख्या | १ | | | | | २ | २ | | |
| १२. सहकारीको विकास र विस्तार भई सदस्यहरुको आर्थिक विकास भएको हुनेछ । | वचत तथा ऋण सहकारी | संख्या | ३१५ | ३५० | ३८० | ४०५ | ४१५ | ४२६ | ४२६ | ” | |
| | बहुउद्देश्यीय सहकारी | संख्या | ७१ | ७४ | ७६ | ७८ | ७९ | ८० | ८० | | |
| | कृषि सहकारी | संख्या | २२८ | २५० | २९० | ३१५ | ३४५ | ३७८ | ३७८ | | |
| | दुग्ध सहकारी | संख्या | ६ | १० | १३ | १६ | १९ | २१ | २१ | | |
| | उपभोक्ता सहकारी | संख्या | ७ | ९ | ११ | १४ | १६ | १७ | १७ | | |
| | अन्य | संख्या | १३ | १५ | १८ | २३ | २७ | ३० | ३० | | |

<table>
<tr><th>योजनाको सारांस</th><th>सूचक</th><th>पुष्टयाईंका आधार</th><th>जोखिम/पूर्वानुमान</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>सहकारी</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>महिला सदस्य</td><td>संख्या</td><td>१२८६७</td><td>१३९००</td><td>१५०००</td><td>१६५००</td><td>१८७००</td><td>१९३००</td><td>१९३००</td></tr>
<tr><td>पुरुष सदस्य</td><td>संख्या</td><td>३३७०३</td><td>३५०००</td><td>३८०००</td><td>४२०००</td><td>४७०००</td><td>५०५५४</td><td>५०५५४</td></tr>
<tr><td>शेयर लगानी</td><td>रु हजारमा</td><td>१७४११३</td><td>१९४५४७</td><td>२१५०५६</td><td>२३५४७८</td><td>२५५०३०</td><td>२६११६९</td><td>२६११६९</td></tr>
<tr><td>निक्षेप संकलन</td><td>रु हजारमा</td><td>१०३७०८४</td><td>११४४९६९</td><td>१२५४०३५</td><td>१३३५०८९</td><td>१४५७८९०</td><td>१५५५६२६</td><td>१५५५६२६</td></tr>
<tr><td>ऋण लगानी</td><td>रु हजारमा</td><td>१०४६०७७</td><td>११५०६८५</td><td>१२६५७५३</td><td>१३९२३२८</td><td>१५०४०३४</td><td>१५६९११५</td><td>१५६९११५</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>१३. उद्योग को प्रवर्द्धन भइ औद्योगिक रोजगारीमा बृद्धि भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>उद्योग दर्ता</td><td>संख्या</td><td>४९८६</td><td>४५००</td><td>५५००</td><td>६०००</td><td>६५००</td><td>७०००</td><td></td></tr>
<tr><td>उद्योग नविकरण</td><td>संख्या</td><td>२१३</td><td>४५००</td><td>५५००</td><td>६०००</td><td>६५००</td><td>७०००</td><td></td></tr>
<tr><td>औद्योगिक रोजगारी<br>पुरुष<br>महिला</td><td>जना</td><td>३८८९९<br>५६५०</td><td>३९२००<br>६५००</td><td>३९५००<br>७५००</td><td>३९७००<br>८४००</td><td>३९९००<br>८७००</td><td>४००००<br>१००००</td><td></td></tr>
<tr><td>औद्योगिक „लगानि</td><td>रु करोडमा</td><td>५५</td><td>६५</td><td>७३</td><td>८१</td><td>९०</td><td>१००</td><td></td></tr>
</table>
</td><td>„</td><td></td></tr>
<tr><td>१४. पर्यटनको आगमनमा बृद्धि भई जिल्ला बासीको आर्थिक विकासमा योगदान पुगेको हुनेछ</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>„</td><td></td></tr>
</table>

उपर्युक्त उद्देश्य प्राप्तिका लागि संचालन गरिने आयोजना/ कार्यक्रम र बजेटको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## आर्थिक विकास क्षेत्रका रणनीति तथा कार्यनीतिहरुः

### क. कृषि विकास

**रणनीतिहरू :**

- ❖ कृषि उत्पादनमा विविधिकरण गरी तरकारीको बीउँ, मौसमी तथा बेमौसमी तरकारीहरू, फलफूल तथा जडीबूटी खेती जस्ता आयमूलक खेती कार्यकमलाइ प्रोत्साहित गर्ने ।
- ❖ ग्रामीण क्षेत्रमा रोजगारी सृजना हुने तथा आय आर्जनमा टेवा पुऱ्याउने खालका कृषि उत्पादनमा एक गाउँ एक उत्पादन (One Village One product) को नीतिलाई प्रोत्साहित गर्ने ।
- ❖ जिल्लास्तरमा बीज बृद्धि कार्यकमलाई प्राथमिकताका साथ संचालन गर्ने ।
- ❖ जिल्लामा प्रांगारिक खेतीको प्रवर्द्धन गर्ने ।
- ❖ माछाको आयात प्रतिस्थापन तथा निर्यात अभिबृद्धि गर्न माछा पालन कार्यकमलाई व्यवस्थित र व्यवसायीकरण गर्ने ।
- ❖ मसुरो लगायतका दलहन बालीको आपूर्ति गर्न दलहन प्रबर्द्धन कार्यकमलाई प्राथमिकताका साथ संचालन गर्ने ।
- ❖ कृषि विकास कार्यक्रम सञ्चालनमा अधिकाधिक रूपमा कृषकहरूको सहभागिता अभिबृद्धि गर्ने ।
- ❖ बैंकिग सुविधा नपुगेका ग्रामीण क्षेत्रमा सस्तो ब्याजदरमा ऋण प्रदान गर्न सहकारीको विकास गर्ने ।
- ❖ कृषि विकास कार्यक्रममा निजी तथा सामुदायिक संलग्नतामा अभिबृद्धि गरी लगानी आकर्षित गर्ने ।
- ❖ गुणस्तरीय खाद्यान्न उत्पादनका लागि कृषि सामग्रीहरूमा लगानी बृद्धि गर्ने ।

**कार्यनीतिहरूः**

- ⌖ बहुउद्देश्यीय सहकारिताको कार्यक्रमलाई ब्यापक रूपमा विस्तार गरी कार्यान्वयन गरिने छ ।
- ⌖ कृषिजन्य रोगहरूको पहिचान गरी यथा समयमा नै निर्मूल पारिने छ ।
- ⌖ प्रयोगशालामा परीक्षण गरिएका मल तथा बिउबिजन मात्र कृषकलाई उपलब्ध गराइने छ ।
- ⌖ गुणस्तरीय बिउ उत्पादन गर्न अनुसन्धानकर्ताहरूको प्रत्यक्ष सहभागिता गराइने छ ।
- ⌖ मासिक क्यालेण्डर बनाइ कृषकहरूलाई प्राविधक तथा औषधि र उपकरणसेवा उपलब्ध गराइने छ ।
- ⌖ प्रत्येक इलाकामा खाद्य सुरक्षा भण्डार तथा चिस्यान केन्द्र मार्फत कृषकलाई सेवा उपलब्ध गराइने छ ।

- कृषि सूचना केन्द्रका माध्यमबाट कृषकलाई कृषि सूचना प्रवाहित गरिने छ ।
- कृषि कर्जा प्राप्तिमा कृषकको सहज पहूँच हुन सक्ने व्यवस्था मिलाइने छ।
- बालीहरूको बीमा सुनिश्चित गरिने छ ।
- अगुवा कृषक तालिम जस्ता प्राविधिक तालिमलाई प्राथमिकताका साथ सञ्चालन गरिने छ।

## ख. सिंचाई विकास

### रणनीतिहरू

- कृषि पकेट क्षेत्रहरूको पहिचान गरी साना - सिंचाई आयोजनाहरू संचालन गरिने।
- निर्माणाधीन सिंचाई योजनाहरूलाई प्राथमिकता दिई पुराना योजनाहरूको यथासम्भव मर्मत सम्भारमा जोड दिने।
- सिंचाई सुविधा बिस्तारको लागि डिप बोरिङ्ग र स्यालो टयूबेल जडान कार्यलाई भूमिगत जलश्रोत विकास परियोजना मार्फत अगाडि बढाइने।

### कार्यनीतिहरू

- संचालनमा रहेका सिंचाई आयोजनाहरूको आवश्यकताअनुसार मर्मत सम्भार गरिने छ।
- सम्पन्न भएका ठूला सिंचाई आयोजनाबाट प्राविधिक सम्भाव्यताका आधारमा साना सिंचाई विस्तार गर्दै लगिने छ।
- सिंचाईको विस्तारका निम्ति DEEP TUBEWELL को निर्माणलाई प्राथमिकता दिइने छ।

## ग. सहकारी विकास

### रणनीतिहरू

- विपन्न तथा पिछडिएका वर्ग लगायतका समुदायलाई सहकारितामा आवद्ध गराउने।
- सहकारी मार्फत वित्तीय क्षेत्रमा सबै वर्गको पहुँच अभिवृद्धि गर्ने।
- जिल्लामा बहुउद्देश्यीय सहकारी संस्थाहरूको विस्तार र विकास गर्ने।

### कार्यनीतिहरू

- सहकारी व्यवस्थापनको दक्षता बढाउन उपयुक्त तालिमहरू संचालन गरिने छ।
- विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदायलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न सौलियत दरमा पूँजी र तालिम उपलब्ध गराइने छ।
- कृषि सहकारीको उत्पादनलाई बजारीकरण गर्न ग्रामीण क्षेत्रमा सहकारी विकास केन्द्रको विकास गरिने छ।

## घ. पशु विकास कार्यक्रम

**रणनीतिहरू :**

- पशु विकास कार्यक्रम सञ्चालनमा पशुपालकहरूको संलग्नता तथा सहभागितामा अधिकाधिक रूपमा अभिबृद्धि गर्ने।
- अगुवा पशु विकास कृषक तालिम, प्राविधिक जनशक्ति तालिम जस्ता प्राविधिक तालिमलाई प्राथमिकताकासाथ उपलब्ध गराउने ।
- पशु जन्य रोगहरूको पहिचान गरी यथासमयमानै निर्मूल पार्ने।
- उन्नत जातका पशुपँक्षिहरू पशु पालक कृषकलाई उपलब्ध गराउने र प्रतिफल राम्रो देखिएमा कार्यक्रमलाई विस्तार गर्ने।
- प्रत्येक सेवा केन्द्रमा आवश्यक प्राविधक जनशक्ति तथा औषधि उपकरणको ब्यवस्था गर्ने।
- पशु विकास कार्यक्रममा निजी तथा सामुदायिक संलग्नतामा अभिबृद्धि गरी लगानी गर्न आकर्षित गर्ने।
- पशु पालनका लागि कर्जा प्राप्तिमा कृषकको सहज पहूँच हुन सक्ने ब्यवस्था मिलाउने।
- पशुपालन व्यवसायमा सहकारिताको कार्यक्रमलाई ब्यापकरूपमा विस्तार गर्ने।
- गाई भैंसीहरूमा क्रित्रिम गर्भाधान सेवा विस्तार गरी नश्लसुधार अभियान कार्यक्रम कार्यान्वयन गर्ने।
- पशुहरूलाई पौष्टिक आहार उपलब्ध गराउने।
- पशुपालन प्रणाली Animal Husbandary Practices लाई समयानुकूल वैज्ञानिकीकरण गर्दै लैजाने।
- पशपँक्षीहरूमा रोग नियन्त्रण गर्न खोप र परजीवी नियन्त्रण कार्यक्रम अभियानकै रूपमा सञ्चालन गर्ने।
- युवाहरूलाई सीपमूलक व्यवसायिक तालिम प्रदान गरी स्वदेशमा नै स्वरोजगारीको वातावरण तयार गर्ने।
- World Trade Organization को मापदण्ड अनुसारका पशुजन्य बस्तुहरू उत्पादन गरी अन्तर्राष्ट्रिय बजारमा बिक्री प्रवर्द्धन गर्ने।
- पशपँक्षीहरू र पशपँक्षीजन्य वस्तुहरूको बेचबिखनकालागि पशूहाटबजारको ब्यवस्था गर्ने।
- डेरी उद्योगहरूको स्थापना तथा विकास विस्तारका कार्यक्रमहरू सञ्चालन गर्ने।
- संगठित पशुपालन क्रियाकलापहरू कानुनी मान्यताकासाथ दिगोरूपमा सञ्चालन गर्न पशुपालन ब्यवसायलाई सहकारीकरण गर्दै लैजाने।
- पशु बीमा कार्यक्रम अभियानकारूपमा सञ्चालन गर्ने।

- ग्रामीण क्षेत्रका किसानहरूको आयको मुख्य श्रोतकोरुपमा रहेको पशुपालनलाई व्यवसायीकरण गर्ने ।
- पशुको नश्ल सुधार गर्ने ।
- पशुपक्षी पालन सम्बन्धमा किसानहरूको क्षमता विकास गर्ने ।
- दुग्ध सहकारी संस्थाहरूको कमिक सुधार गर्ने ।
- संक्रामक पशुजन्य रोगबाट हुने नोक्सानीलाई न्यूनीकरण गर्ने ।

**कार्य नीतिहरू :**

- सरकारी, गैर सरकारी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संघसंस्था, राजनैतिक दलहरू, सुरक्षा निकाय आदिसंग समन्वय गरी सहयोग आदान प्रदान गरी पशुपालन व्यवसायलाई व्यवस्थित गरिने छ ।
- मासिक क्यालेण्डर बनाई पशुपालक कृषकहरूलाई सेवा उपलब्ध गराइने छ ।
- कृषि सूचना केन्द्रका माध्यमबाट पशुपालक कृषकहरूलाई पशु विकास जन्य सूचना प्रवाहित गरिने छ ।
- वर्षैभरी हरियो घाँस उपलब्धताको क्यालेण्डर तयार गरी सोही अनुसार घाँसखेतीको कार्य कार्यान्वयन गरिने छ ।

**(ङ) घरेलु तथा साना उद्योग**

**रणनीतिहरू :**

- पर्सा जिल्लामा घरेलु तथा साना उद्योगलाई प्रवर्द्धन गर्न आवश्यक पर्ने शीपमूलक तालिमहरू संचालन गर्ने ।
- स्थानीय श्रम र सीपमा आधारित उद्योगलाई प्रोत्साहित गर्ने ।
- वातावरण मैत्री उद्योगलाई प्रोत्साहित गर्ने ।
- कृषि तथा पशुजन्य वस्तुहरूमा आधारित उद्योगहरूको स्थापना र विकासलाई प्रोत्साहित गर्ने ।
- निकासीमूलक उद्योगहरूलाई प्रवर्द्धन गर्ने
- स्थानीय आवश्यकता परिपूर्ति गर्ने उद्योगहरूको स्थापनामा प्राथमिकता दिने ।
- स्थापित उद्योगहरूलाई पूर्ण क्षमताकासाथ सञ्चालन गर्ने ।
- औद्योगिक ग्रामको विकासमा जोड दिने ।
- पिछडिएका गरिब समूहमा उद्यमशीलताको विकास गरी लाभमूलक स्वरोजगारी सृजना गर्न जोड दिने ।

**कार्यनीतिहरूः**

- स्थानीय श्रोत साधनको अधिकाधिक मात्रामा परिचालन र सदुपयोग गरिने छ।
- औद्योगिक वातावरण सहज बनाउन राजनैतिक दलहरूसंग समन्वय गरिने छ।
- उद्योग प्रवर्द्धनमा घरेलु तथा साना उद्योग कार्यालय, बीरगंज, उद्योग वाणिज्य संघ तथा हेल्भिटाससंग सहकार्य गरिने छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्था तथा दातृ निकायहरूबाट औद्योगिक विकासका निम्ति आवश्यक सहयोग उपलब्ध गरिने छ।
- उद्योग सञ्चालनमा लैंगिक विभेद हटाउने छ।
- उद्योग सञ्चालनमा सरल प्रविधि अवलम्बन गरिने छ।
- उद्योगलाई आवश्यक पर्ने प्राविधिक जनशक्तिकोष विकास गरिने छ।
- रोजगारमूलक उद्योगहरूको विकास र विस्तार गरिने छ।
- घरेलु तथा साना उद्योगको विकासलाई सहकारिताको माध्यमद्वारा प्रवर्द्धन गरिने छ।
- उद्योगहरूबाट हुने प्रदुषण नियन्त्रण गरिने छ।
- प्रदुषण बढाउने उद्योगहरूको स्थापना तथा सञ्चालन कार्यलाई निरुत्साहित गरिने छ।
- गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम संचालन गरिने छ।

**(च) पर्यटन विकास**

**रणनीतिहरू**

- जिल्लाका पर्यटकीय स्थलहरूको संरक्षण, सम्बर्धन तथा विकासको लागि तर्जुमा गरिने पर्यटन विकास योजनालाई विभिन्न सरकारी/गैरसरकारी/निजी संघ संस्थाको साझेदारी एंव सहकार्यमा कार्यान्वयन गर्ने।
- जिल्ला पर्यटन विकास समिति मार्फत जिल्लाको पर्यटन विकास कार्यक्रमलाई संस्थागत रुपमा अघि बढाउने।
- जिल्लामा परिहचान भएका आकर्षक पर्यटकीय गन्तब्यस्थलहरूमा भौतिक पूर्वाधारको विकास गर्ने ।

**कार्य नीतिहरू**

- महोत्सव, साहित्य र खेलकूदको माध्यमद्वारा पर्यटन क्षेत्रको प्रचार प्रसार र विकास गर्न साहित्य तथा खेलकूद क्षेत्रका संघ संस्थाहरूसंग समन्वय गरी कार्यक्रम संचालन गरिने छ।
- पर्यटकीय सेवा–सुविधाको विकास र विस्तारका लागि निजी क्षेत्रको लगानी आर्षित गरिने छ।

# खण्ड ३ सामाजिक विकासका क्षेत्रहरू

## ३.१ शिक्षा

नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने आधारभूत अधिकार प्रत्याभूत गरेको छ । यसै गरि नेपाल सरकारको त्रिवर्षीय योजना (२०६७/६८ - २०६९/७०) मा सम्वृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्न लोकतान्त्रिक समावेशी एवं समतामूलक गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गरी सचेत, सक्षम र उत्पादनशील नागरिक र राष्ट्रिय तथा अन्तरराष्ट्रिय बजारको माग अनुसार ग्राह्य हुने मानवीय श्रोत उत्पादन सुनिश्चित गर्ने दुरदृष्टि राखेको छ । युवा विकासका सम्बन्धमा नेपालको अन्तरिम संविधान २०६३ ले "देशको विकासमा युवा जनशक्तिलाई परिचालन गर्न राज्यले विशेष नीति अवलम्वन गर्नेछ" भन्ने उल्लेख भए अनुरुप युवाहरुमा आशा, उत्साह, राष्ट्रिय भावना, जिम्मेवारी वोध, सीप विकास र रोजगारका उपयुक्त अवसर उपलब्ध गराई युवा वर्गको क्षमतालाई मूलधारमा

ल्याउनु पर्ने आवश्यकता वोध गरेको छ। त्रिवर्षीय योजना (२०७०/०७१ - २०७२/७३) ले विभिन्न पूर्वाधारहरुको सुदृढीकरण र विस्तार गर्दै युवालाई नयाँ नेपाल निर्माण प्रक्रियाको मूल प्रवाहमा ल्याउनेतर्फ केन्द्रित रहने दृढता अघि सारेको छ।
खेलकुद विकासका सम्बन्धमा हालको त्रिवर्षीय योजनाले आर्थिक वर्ष २०७०/७१ देखि खेलकूदलाई रणनीतिमूलक व्यवस्थित र योजनाबद्ध रुपमा विकासको मूलधारमा समाहित गरिएको पक्ष उल्लेख गर्दै यसका लागि सरकारको मात्र मुख ताक्ने प्रवृत्तिको अन्त्य गरी आन्तरिक श्रोतको उचित व्यवस्थापन गर्दै गैरसरकारी र स्थानीय श्रोत परिचालनमा विशेष जोड दिने कुरा उल्लेख गरेको छ। यस्तो पृष्ठभूमीमा पर्सा जिविसको नेतृत्वमा जिल्लाको आवधिक विकास योजना बनाउने सन्दर्भमा विभिन्न स्तर र चरणको सर्वपक्षीय छलफलबाट शिक्षा, युवा तथा खेलकुद विषयगत क्षेत्रको आवधिक विकास योजना तयार गरिएको छ।

### ३.१.१ अध्यावधिक स्थिति

देशको समग्र विकासको सँगसँगै शैक्षिक क्षेत्रमा भएको विकासमा पर्सा जिल्लामा पनि केही सकारात्मक उपलब्धी र सन्तोषजनक सुचकांकहरु देखिएका छन् तर सुधार गर्नुपर्ने आवश्यकता छ। जिल्लाको कूल साक्षरता प्रतिशत (६ वर्ष भन्दा माथि) ६४ प्रतिशत छ भने प्रौढ साक्षरता (१५ वर्ष+) ६४ प्रतिशत छ। त्यसरी नै महिला साक्षरता भने ४३.८९ प्रतिशत र पुरुष शाक्षरता ६६.९३ प्रतिशत मात्र रहेको छ।

आधारभूत तह (८७%) को खुद भर्नादर सन्तोषजनक देखिन्छ भने माध्यमिक तहको भर्नादर (६१%) लाई सुधार्न पर्ने देखिन्छ। यसै गरी बिचमा कक्षा छाड्ने विद्यार्थी प्रतिशत प्राथमिक, निम्न माद्यमिक विद्यालय तथा माद्यमिक तहमा पनि सुधारनुपर्ने आवश्यकता देखिन्छ। यस जिल्लाको एसएलसी उतिर्ण दर ३६% जुन राष्ट्रियस्तर ( ४७.१६) को तुलनामा कम हो।
शिक्षक विद्यार्थी अनुपात – प्राविमा ४८.७५, निमावि ४८.५८ र माविमा २९.४६ जना छ भने % शिक्षकहरु तलिम प्राप्त देखिन्छन्। वर्ष भरिमा दिन विद्यालय खुल्नुपर्नेमा पर्सा जिल्लामा केवल दिनमात्र औसत विद्यालय खुल्ने यहाँको तथ्याङ्कले देखाउँछ।

### ३.१.२ समस्या तथ चुनौति

शिक्षा, खेलकुद तथा युवा विकासको क्षेत्रमा पर्सा जिल्लामा देखिएका समस्या तथा सवालहरुको विश्लेषण गर्दा सामान्यतया जिल्लामा पूर्वाधारको विकास एकातिर छ भने अर्कोतिर नागरिकको शिक्षा लिने चाहना पनि यससँग सम्बन्धीत देखिन्छ। छलफल तथा अर्न्तक्रियाबाट देखिएका समस्या तथा सवालहरुलाई देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.३.१ : समस्या विश्लेषण**

| प्रमुख समस्याहरु | असर | मूख्य कारण | समाधानका उपायहरु |
|---|---|---|---|
| • वालमैत्री भौतिक पूर्वाधार एवं आधुनिक शैक्षिक प्रविधिको अभावले वालवालिका एवं यूवाहरुमा सर्वसुलभ गुणस्तरीय शिक्षा तथा खेलकुद विकास | • शिक्षाको उपलव्धी न्यून हुनु<br>• विचैमा कक्षा छोड्ने विद्यार्थी संख्या बढी हुनु<br>• कक्षामा विद्यार्थीहरुको दैनिक उपस्थिति कम हुनु | • शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित नहुनु।<br>• बालबालिका मैत्री पूर्बाधार बनाउने योजना तय नहुनु।<br>• आधुनिक शिक्षा प्रणाली (ICT) को उपयोगमा कमी हुनु<br>• पूर्व प्राथमिक विद्यालयको नीतिगत एवं संस्थागत व्यवस्था हुन नसक्नु | • विद्यालयमा समयानुल भौतिक पूर्वाधारहरुको विकास तथा विस्तार<br>• प्रभावकारी विद्यालय सुधारका कार्यक्रमको लागु गर्ने।<br>• प्राविधिक तथा व्यवसायिक शिक्षा |

| | | | |
|---|---|---|---|
| सुनिश्चित हुन नसक्नु । <br>• ग्रामीण क्षेत्रमा बसोवास गर्ने नागरिकहरुमा बालिका शिक्षा प्रति अन्धविश्वास तथा पुरातन सोच कायमै रहनु । <br>• बालिका मैत्री भौतिक पूर्वाधारको विकास हुन नसक्नु । <br>• तालिम प्राप्त शिक्षक शिक्षिकाहरुको प्रयाप्त व्यवस्था नहुन । | • सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा ह्रास आउनु <br>• SLC परिक्षाको नतिजा आशातित रुपमा बढन नसक्नु । <br>• जिल्लामा प्राविधिक तथा व्यावसायिक शिक्षालयहरुको प्रयाप्त व्यवस्था नहुनु । <br>• बैदेशिका रोजगारीमा युवाको पलायन हुने क्रम बढदै जानु । <br>• शिक्षाको उपलब्धीको नियमित प्रगति समिक्षा, अनुगमन तथा मुल्याङ्कन नियमित रुपमा हुन नसक्नु । | • आफ्नो काम प्रति शिक्षकहरु कम उत्तरदायी हुनु <br>• पूर्व प्राथमिक शिक्षा सवै विद्यालयमा नहुनु <br>• सवै गाविसमा उच्च माविको प्रावधान नहुनु <br>• सवै जसो माविमा पुस्तकालयको व्यवस्था एवं सञ्चालन हुन नसक्नु <br>• शिक्षा नियमावली अनुसार शिक्षक आचार संहिता लागु हुन नसक्नु <br>• खेलकुद शिक्षक तथा प्रशिक्षकको व्यवस्था हुन नसक्नु <br>• गाउँ स्तर सम्म खेलकुदको संरचना नहुनु <br>• विद्यालयहरुमा भवन, फर्निचर, शौचालय, खानेपानी, घेराबार, खेलकुद मैदान जस्ता भौतिक पूर्वाधारहरुको कमी हुनु <br>• शिक्षक एवं विषयगत शिक्षकको संख्या कम हुनु <br>• विद्यालयमा छात्रामैत्री शौचालय नहुनु <br>• राजनैतिक कार्यक्रमका लागि शिक्षक एवं विद्यार्थी प्रयोग हुनु <br>• पाठ्यपूस्तक समयमा उपलब्ध नहुनु <br>• वालमैत्री शिक्षण विधि अवलम्वन हुन नसक्नु र आवश्यक शैक्षिक सामाग्रीको कम प्रयोग हुनु <br>• अभिभावकहरुको चेतना स्तर कम हुनु <br>• मा.वि. र नि.मा.वि. मा शिक्षिकाको संख्या कम हुनु <br>• सामुदायिक विद्यालयमा अतिरिक्त कृयाकलाप नियमित रुपले हुन नसक्नु <br>• विद्यालय अनुगमन प्रतिवेदन सार्वजनिक हुन नसक्नु <br>• विद्यालयमा विज्ञान प्रयोगशालाको अनिवार्य प्रावधान नहुनु <br>• भिन्न क्षमता भएका विद्याथी मैत्रि विद्यालय भवन नहुनु <br>• जिल्ला खेलकुद विकासका लागि न्यूनतम भौतिक पूर्वाधारको कमि हुनु <br>• सवै बिद्यालयमा मातृभाषामा प्राथमिक शिक्षाको प्रावधान नहुनु । | तथा तालिमको व्यवस्था <br>• खेलकुद प्रवर्द्धनका लागि भौतिक पूवाधारहरुको विकास तथा विस्तार <br>• युवाहरुका लगि आवश्यक सामाजिक, आर्थिक सेवाहरुको सहज उपलब्धता र पहुँचमा विस्तार <br>• उच्च शिक्षका लागी विद्यालयहरुको स्तरोन्नति । <br>• प्राविधिक तथा व्यवसायीक शिक्षामा जोड । <br>• गुणस्तरीय शिक्षामा जोड । |

**३.१.३ संभावना तथा अवसरहरु**

पर्सा जिल्ला शैक्षिक विकासको दृष्टिकोणले प्रयाप्त सम्भावना र अवसर वोकेको जिल्ला हो । यहा राष्ट्रिय तथा भारतीय शैक्षिक बजारमा समेत पहुँच बृद्धि पुऱ्याउन सक्ने सम्भावना बोकेको देखिन्छ । शिक्षा, खेलकुद तथा युवा क्षेत्रमा समेत पर्सा जिल्लामा प्रशस्त विकास गर्ने संभावना रहेको छ जुन राष्ट्रिय स्तरमा समेत सिकाइ हुन सक्दछ । हाल जिल्लाबाट बैदेशिक रोजगारको लागि दैनिक सयौंको संख्यामा बिदेशिने जिल्लाका अर्ध वेरोजगार तथा पूर्ण वेरोजगार युवाहरुलाई शिक्षा, खेलकुद तथा युवा विकासका लागि संभावनाको रुपमा लिन सकिन्छ । युवाहरुको ऊर्जालाई सहि सदुपयोग तथा परिचालन गर्न सके जिल्लाको शिक्षा तथा खेलकुद विकासमा सकारात्मक परिवर्तन गर्न

सकिन्छ । शिक्षा, खेलकुद तथा युवा विकासका लागि कार्यरत सरकारी निकायहरु, स्थानी निकायहरु; अर्ध-सरकारी निकायहरु तथा नीजि क्षेत्र विच सहकार्य तथा समन्वय गर्न सके उक्त क्षेत्रमा समयानुकूल परिवर्तन ल्याउन सकिनेछ । पर्सा जिल्लाको समग्र विकासका लागि यहाँका राजनीतिक दलहरुको सूचबुझ तथा सहकार्यलाई अर्को अवसरको रुपमा लिन सकिन्छ । खेलकुद विकासका लागि यहाँका राष्ट्रिय स्तरका खेलाडि सक्रिय युवाहरु, भौतिक पूर्वाधार विकास तथा विस्तारका लागि जिल्लाका विद्यमान सार्वजनिक खुल्ला क्षेत्रहरु, बिरगञ्चज रंगशाला तथा राजनीतिक इच्छा शक्तिलाई सकारात्मक रुपमा लिन सकिन्छ । यस क्षेत्रसँगका सम्भावना अवसरहरुलाई निम्नानुसार वर्गिकरण गर्न सकिन्छ ।

जिल्ला भित्र हाल ३०५ (सा.), ६८(संस्थागत) वटा प्रावि , ६५ (सा.) ११ (संस्थागत) वटा निमावि, ५५ (सा.) ४९(संस्थागत) वटा मावि, १८ (सा), ८ (सं.) उमावि र २ (सा.) ५ (नीजी) वटा क्याम्पस संचालनमा छन् । यि विद्यालयको अनुगमन ९ वटा श्रोत केन्द्रबाट भई रहेको छ । जिल्ला भित्र ६० वटा मदरसा, २ वटा खुल्ला शिक्षालय, २० वटा बैकल्पीक विद्यालय, ५०८ वटा बाल विकास केन्द्र र बहिरा २, सुस्तमनस्थीति २, अन्धा १ रहेका छन ।

पर्सा जिल्लामा शिक्षा, खेलकुद तथा युवा विकासको संभावना तथा अवसरको विश्लेषण गर्दा देहायको अवस्था देखिएको छ ।

**तालिका नं.३.२: सम्भावना र अवसरहरु**

| प्रमुख संभावना र अवसर | आधारहरु (उपलब्ध ऐन, नियम, निर्देशिका, कार्यविधि,प्रारुप तथा औजारहरु) | लक्षित वर्ग तथा क्षेत्र |
|---|---|---|
| • बाल तथा विद्यालय शिक्षा | • शिक्षा ऐन-२०२८<br>• शिक्षा नियमावली-२०५९<br>• छात्रबृत्ती नियमावली-२०६३<br>• विद्यालय क्षेत्र सुधार कार्यक्रम-२००९<br>• स्था.स्वा..शा.ऐन तथा नियमावली<br>• शिक्षाको राष्ट्रिय नीति २०५५<br>• बालमैत्री स्थानीय शासन नीति, २०६७<br>• लैङ्गिक तथा सामाजिक समावेसी नीति | पर्सा जिल्लाका सम्पूर्ण बालबालिका तथा अविभावकहरु । |
| • उच्च शिक्षा | • शिक्षा ऐन-२०२८<br>• शिक्षा नियमावली-२०५९<br>• छात्रबृत्ती नियमावली-२०६३<br>• निजी लगानीमा संचालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस सम्बन्धमा बनेको आधारभूत नीति)<br>• उच्च माध्यमिक शिक्षा ऐन -२०४६<br>• विशेष शिक्षा नीति २०५३ | युवाहरु, विद्यालयहरु, कलेज तथा क्याम्पसहरु, जिल्ला शिक्षा कार्यालय, निजी क्षेत्र, गै.स.स. |
| • प्राविधिक तथा व्यवसायिक शिक्षा | • शिक्षा ऐन-२०२८<br>• शिक्षा नियमावली-२०५९<br>• छात्रबृत्ती नियमावली-२०६३<br>• उच्च माध्यमिक शिक्षा ऐन -२०४६<br>• विशेष शिक्षा नीति २०५३<br>• जिल्लामा प्रयाप्त प्राविधिक तथा व्यवसायीक विकास गर्ने नीजी तथा सार्वजनिक | युवाहरु, विद्यालयहरु, कलेज तथा क्याम्पसहरु, जिल्ला शिक्षा कार्यालय, निजी क्षेत्र, गै.स.स. |

| प्रमुख संभावना र अवसर | आधारहरु (उपलब्ध ऐन, नियम, निर्देशिका, कार्यविधि,प्रारुप तथा औजारहरु) | लक्षित वर्ग तथा क्षेत्र |
|---|---|---|
| | उद्योग तथा संस्थाहरु । | |
| • भौतिक पूर्वाधार तथा संस्थागत विकास | • शिक्षा ऐन-२०२८<br>• शिक्षा नियमावली-२०५९<br>• स्था.स्वायत्त.शा.ऐन तथा नियमावली<br>• विद्यालय क्षेत्र सुधार कार्यक्रम-२००९<br>• क्षमता विकास योजना<br>• अनौपचारिक शिक्षा नीति २०६१ | सम्पूर्ण विद्यालयहरु, क्यापसहरु, जि.शि.का.,स्थानिय निकायह, गै.स.से र निजी क्षेत्रहरु |
| • खेलकूद विकास | • स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली<br>• राष्ट्रिय खेलकूद नीति २०६७<br>• जिल्लामा प्रयाप्त खुला स्थान तथा समतल भाग प्राप्त हुन सक्ने । | सम्पूर्ण शैक्षिक निकायहरु, स्थानिय निकायहरु, जिल्ला खेलकूद समिति, जि.शि.का. तथा गै.स.स. |
| • युवा विकास | • राष्ट्रिय युवा नीति -२०६६<br>• स्थानिय स्वायत्त शासन ऐन तथा नियमावली<br>• राष्ट्रिय खेलकूद नीति २०६७<br>• जिल्लाका युवाहरुको जागरुकता | सम्पूर्ण शैक्षिक निकायहरु, स्थानीय निकायहरु, जिल्ला खेलकूद समिति, जि.शि.का. तथा गै.स.स. |

## ३.२ स्वास्थ्य

नेपालको अन्तरिम संविधान २०६३ ले नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने हकलाई सुनिश्चित गरेको कारण राष्ट्रिय तथा स्थानीयस्तरमा स्वास्थ्य क्षेत्र प्राथमिकताको क्षेत्र बनेको छ । स्वास्थ्य सेवालाई विकेन्द्रिकृत तथा सेवा प्रणालीलाई सुदृढ गर्दै अत्यावश्यक सेवा जनताको विचमा पुऱ्याउन स्वास्थ्य निति २०४८ तथा नेपाल सरकारको चालु त्रिवर्षिय योजनाका लक्षहरुले समेत मार्ग प्रसस्त बनाएको छ । नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मंत्रालयले दोश्रो पञ्च बर्षीय स्वास्थ्य क्षेत्र योजना २०६७–७२ कार्यान्वयनका क्रममा छ । यस परिप्रेक्ष्यमा स्वास्थ्य सेवा विस्तार तथा विकासका लागि आवधिक रुपमा जिल्ला तथा स्थानीयस्तरमा स्वास्थ्य योजनाको आवश्यकता महसुस भएकोले पर्सा जिल्लाको स्वास्थ्य तथा जनसंख्या विषयगत क्षेत्रको आवधिक योजना (२०७२/७३–२०७६/७७) तयार गरिएको छ ।

### ३.२.१ अद्यावधिक स्थिति

पर्सा जिल्लाको स्वास्थ्य स्थितिको झलक हेर्दा केहि उल्लेख्य प्रगति भएको पाइन्छ । जिल्लाबासीको औसत आयु ७० वर्ष नाघेको देखिन्छ । यसैगरी जिल्लामा ४१० वटाखोप केन्द्रहरुको स्थापना भईपूर्ण खोप पाएका एक वर्ष मुनिका बालवालिका को संख्या ८४ प्रतिशत पुगेको छ । जिल्लामा स्वास्थ्य संस्थाहरुको स्तरोन्नति भई आधारभूत सेवा प्रदान गर्न उपक्षेत्रीय अस्पताल १, नर्सिङहोम ७, आँखा अस्पताल १, आयुर्वेद औसधालय ३, दाँत अस्पताल १, प्रा.स्वा.के. ३ स्वास्थ्य चौकी ९ र उपस्वास्थ्य चौकी ७१ बाट सेवा प्रवाह हुदै आएको छ । जिल्लामा पूर्ण रुपमा संचालित गाउंघर क्लिनिकको संख्या ४१० पुगेको छ भने तालिम प्राप्त सुडेनी संख्या ४४४ रहेका छन ।

### ३.२.२ समस्या तथा चुनौतिहरु

पर्सा जिल्ला भौगोलिक दृष्टिकोणबाट सुगम रहेता पनि स्वास्थ्य क्षेत्रको पहुँच र गुणस्तरियतामा जुन स्तरको विकास हुनु पर्ने हो सो अनुसार भएको पाइदैन। जिल्लाका प्राय सैवै गाविसमा स्वास्थ्य चौकीको व्यवस्था तथा गाउँघर क्लिनिक स्थापना भएतापनि त्यसबाट नागरिकले आसातित उपलब्धी हासिल गर्न सकिरहेको अवस्था भने छैन। यसो हुनुमा नागरिकको चेतनाको स्तर एकातिर छ भने अर्कोतिर भौतिक पूर्वाधार र दक्ष जनशक्तिको कमि पनि रहेको छ। पर्सा जिल्लामा स्वास्थ्य क्षेत्रको विकासमा देखिएका समस्या तथा चुनौतिको छलफल, अर्न्तक्रिया र विश्लेषणबाट आएका विवरणहरु तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं ३.३ : समस्या तथा चूनौतिहरुको विश्लेषण

| प्रमुख समस्या | असर | कारण | समाधानका उपाय |
|---|---|---|---|
| गुणस्तरीय, प्रभावकारी तथा अति आवश्यक स्वास्थ्य सुविधामा सहज पहुँच तथा सेवा प्राप्त गर्न नसक्नु। | • मातृ तथा शिसु र बाल मृत्यू दर कायमै रहनु<br>• प्रसुति सेवाको उपभोग न्यून हुनु<br>• परिवार नियोजन प्रयोगदर कम देखिनु<br>• असुरक्षित गर्भपतन गराउनु<br>• पाठेघर खस्ने तथा यस सम्वन्धि समस्याबाट आशातित प्रगति हासिल गर्न नसक्नु।<br>• कुपोषण तथा स्वास्थ्य अवस्था कमजोर हुनु<br>• सरकारी स्वास्थ्य संस्था प्रतिको जनविश्वास घटदै जानु,<br>• अस्पतालमा हुने मृत्युदर बढ्नु<br>• समयमै रोग तथा स्वास्थ्य समस्या पहिचान तथा निदान हुन नसक्नु।<br>• गरिव तथा विपन्न परिवारको स्वास्थ्य र जिवन सुरक्षामा सुनिश्चित नहुनु।<br>• मातृ तथा शिशु स्वास्थ्यको स्थितिमा उल्लेख्य रुपमा सुधार हुन नसक्नु<br>• गरीब परिवार उपचार सेवाबाट बञ्चित भई अकालमा मृत्यु हुनु।<br>• अपाङता भएका नागिरकको लागि मैत्री स्वास्थ्य संस्थाको स्थापना नहुनु र उपचारमा सहजता नहुनु। | • स्वास्थ्य क्षेत्रको विकासको लागि उपयुक्त स्वास्थ्य क्षेत्र योजना तय भई लागु नहुनु।<br>• स्थानीय स्वास्थ्य व्यवस्थापन समितिहरुमा पुर्ण क्रियाशिलता नआउनु<br>• आवश्यकता अनुसार दक्ष स्वास्थ्यकर्मी तथा उपकरणहरु उपलब्ध नहुनु<br>• समान उपभोग तथा सेवाको पहुंचमा जटिलता आउनु।<br>• स्वास्थ्य संस्थाबाट सेवा प्रावहमा सुशासन र पारदर्शिताको कमि<br>• स्वास्थ्य संस्थाहरुमा आवश्यक भौतिक पुर्वाधार नहुनु।<br>• समिति, समुह तथा निर्णयका तहमा सामाजिक समावेशिकरण नहुनु।<br>• स्वास्थ्य जनशक्तिको पदपुर्ति र उपयुक्त परिचालन हुन नसक्नु।<br>• रोगको सहि पहिचान तथा व्यवस्थापनमा दक्षता कायम गर्न नसक्नु<br>• स्वास्थ्य संस्थाको समयसापेक्ष रुपमा स्तरोन्नति नहुनु।<br>• स्वास्थ्य संस्थामा समयमा उपचार प्राप्त नहुनु।<br>• स्वास्थ्य सेवासंग सम्बन्धित औजार उपकरणहरुको उपलब्धता नहुनु।<br>• सर्वसुलभ स्वास्थ्य सेवाको पहुँचमा कमी नहुनु।<br>• स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार बारे समुदायको ज्ञान तथा जानकारी मा कमि हुनु।<br>• स्वास्थ्य सेवासँग सम्वन्धित समस्या समाधानमा स्थानीय राजनैतिक प्रतिबद्धतामा कमी हुनु।<br>• स्थानीय व्यवस्थापन समितिहरु परिचालनको स्पष्ट नीति र अनुगमनमा कमि रहनु ।<br>• जनस्वास्थ्य सम्बन्धी चेतनाको कमी हुनु।<br>• संस्था खुल्ने समयस्थानीय आवश्यकता अनुकुल हुन नसक्नु।<br>• स्वास्थ्य आवश्यकताहरुको भिन्नता तर निर्णय प्रकृयामा पुरुष बाहुल्यता रहनु।<br>• कृषिमा विषादिको व्यापक र अनियन्त्रित प्रयोगले स्वास्थ्यमा असर पर्नु। | • स्थानीय स्वास्थ्य व्यवस्थापन समितिको क्षमता विकासबाट<br>• उपलब्ध सेवाको पहुँचमा बृद्धि<br>• राजनैतिक प्रतिबद्धताका लागि राजनैतिक दललाई अभिमुखीकरण,<br>• जिल्लामा आवश्यक औषधीको प्रभावकारी वितरण व्यवस्था मिलाउनु,<br>• स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको यथेष्ट पूर्तिका साथै उनीहरुको क्षमता विकासका कार्यक्रम संचालन गर्नु,<br>• विभिन्न स्वास्थ्य सेवा प्रदान गर्ने संघ संस्थाहरुको समन्वय र सहकार्यमा जोड दिनु,<br>• नीजि क्षेत्रको नियमित एंव प्रभावकारी नियमन गर्नु,<br>• गरीब तथा सीमान्तकृत समुदायमा स्वास्थ्य सम्बन्धी लक्षित कार्यक्रम कार्यान्वयन गर्नु।<br>• सरसफाइका गतिविधिहरु (खुला दिशा मुक्त स्थल) लाई प्रभावकारी रुपमा कार्यान्वयन।<br>• स्वास्थ्य संस्थाहरुमा प्रयाप्त भौतिक पूर्बाधारको व्यवस्था।<br>• विभिन्न रोग तथा महामारी सम्बन्धी चेतनामूलक कार्यक्रम संचालन। |

| प्रमुख समस्या | असर | कारण | समाधानका उपाय |
|---|---|---|---|
| | | • स्वच्छ सफा खानेपानीको अभाव ।<br>• सरसफाइ सम्बन्धि गतिविधिहरु प्रभावकारी नहुनु ।<br>• अनुगमन तथा मुल्यांकनमा कमि हुनु ।<br>• स्वास्थ्य सम्वन्धी काम गर्ने संस्थाहरु वीचको समन्वयमा कमी हुनु । | |

### ३.२.३ सम्भावना तथा अवसरहरु

पर्सा जिल्लाको स्वास्थ्य सेवालाई अवसर तथा सवलताको विश्लेषण गर्दा नीजी क्षेत्रबाट संचालित ७ वटा नर्सिङहोम, आँखा अस्पताल र दाँतका क्लिनिकहरु खास गरी नगरक्षेत्रमानै सिमित रहेको पाइन्छ । भौगोलिक अवस्थीतिको हिसाबले बिरगञ्ज उमनपा जिल्लाको सुदुरपूर्वमा रहेको र जिल्लाका सम्पूर्ण गाविसहरु पश्चिमक्षेत्रमा रहेको हुँदा यहाँसम्म सेवा लिन आउदा र जाँदा यातायातको दृष्टिकोणले प्रयाप्त समय भने खर्चीनु पर्ने बाध्यता रहेको छ । तराइको जिल्ला भएता पनि सबै मौसममा यातायातका साधनहरु नपुग्ने गाविसहरु अझैपनि थुप्रै रहेको र जिल्लाको सुदुरपश्चिममा रहेको ठोरी लगायतका गाविसबाट बिरगञ्ज सम्म आउन दिनभर जस्तो लाग्ने हुँदा यहाँ स्थापित स्वास्थ्य संस्थाहरुले जिल्लाका सबै क्षेत्रका बासिन्दालाई सहजरुपमा सेवा दिन सकिराखेको अवस्था भने देखिदैन । स्थानीय स्तरबाट स्वास्थ्य क्षेत्रमा लगानिको आवश्यकता बोध भई गाविसले स्वास्थ्य संस्थाहरुमा उल्लेख्य लगानि गरिरहेकाछन । जिल्लामा स्वास्थ्य क्षेत्रको विकासको लागि स्वयमसेविका तथा सुडेनीहरु प्रयाप्त मात्रामा खटिएका छन तर यसले सम्पूर्ण स्वास्थ्य सेवाको सुनिश्चित नगर्ने हुँदा थप सुधार गर्नुपर्ने आवश्यकताको महसुस गरिएको छ । त्यस्तै गरी जिल्लाका विभिन्न गैह सरकारी संस्थाहरुले जिल्लामा स्वास्थ्य क्षेत्रमा कार्यक्रम संचालन गर्नुका साथै निजि क्षेत्रबाट आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनु पनि जिल्लाको स्वास्थ्य विकासका सवल पक्षहरु रहेका छन । तराइको जिल्ला भएको र अझैपनि महिला प्रति हेरीने दृष्टिकोणमा आमुल परिबर्तन भइनसकेको अवस्थामा क्रमिक रुपमा संचालित कार्यक्रमहरुले समुदायमा चेतना वृद्धिभई सशक्तिकरण वढिरहेको र राजनितिक क्षेत्रवाट सहयोगको प्रतिवद्धता भईरहेको छ । स्थानीय गाविस जिविसवाट स्वास्थ्यमा लगानि वढि रहेको छ र स्वास्थय तथा गाविसको निर्णय तहमा महिलाहरुको पहुँच र भूमिका वढ्दो छ भने जिल्लामा संचारको साधनहरुको प्रयोग र उपलव्धता वृद्धि भईरहेको छ । पर्सा जिल्लामा स्वास्थ्य क्षेत्रमा देखिएका प्रमुख सम्भावनाहरुलाई अर्न्तक्रिया तथा छलफलबाट विश्लेषण गरी तलको तालिकामा प्रस्तुत गरीएको छ ।

तालिका नं.३.४: संभावना र अवसरहरुको विश्लेषण

| क्र.स. | प्रमुख संभावना र अवसरहरु | आधारहरु (उपलब्ध ऐन नियम, निर्देशिका, कार्यविधि, प्रारुप, औजारहरु) | लक्षित वर्ग तथा क्षेत्र |
|---|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवाको सुनिश्चिता र विकासको लागि नीतिगत ब्यवस्था | • राष्ट्रिय स्वास्थ्य नीति - २०४८<br>• राष्ट्रिय स्वास्थ्य अनुसन्धान नीति<br>• राष्ट्रिय औषधि नीति - २०५२<br>• राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति - २०५२<br>• असुरक्षित गर्भपतन सम्बन्धी राष्ट्रिय नीति - २०६०<br>• स्थानिय स्वायत्त शासन ऐन - २०५५ तथा नियमावली २०५६ र विभिन्न क्षेत्रगत निर्देशिका तथा रणनीति र योजनाहरु । | जिल्लाका सबै जनसंख्या तथा गरीब तथा बञ्चितिकरणमा परेकालाई विशेष प्राथमिकता |

| | | | |
|---|---|---|---|
| २ | भौतिक पूर्वाधार तथा संस्थागत विकासको सम्भावना | • विभिन्न नीतिहरुले निर्देशन तथा कार्यान्वयन गर्न बाध्यकारी गरेको ।<br>• जिल्लामा क्रमिक रुपमा स्वास्थ्य संस्थाहरु सम्मको आवत जावतमा यातायातका पूर्वाधारहरुको निर्माण हुँदै गएको ।<br>• जिल्लावासीको स्वास्थ्य सेवा सम्बन्धि जनचेतना बढदै गएको ।<br>• स्थानीय निकायबाट सरसफाइ तथा जनचेतनामा लगानीहरु बढाउदै लगिएको ।<br>• खुला दिशा मुक्त क्षेत्रहरुको घोषणा र कार्यान्वयन भइरहेको ।<br>• नीजी तथा सामाजिक क्षेत्रको लगानि र चासो बढदै गएको ।<br>• स्वास्थ्य क्षेत्रको रणनीतिक योजनाहरुको तर्जुमा भइरहेको । | जिल्लाका सबै जनसंख्या तथा गरीब तथा बञ्चितिकरणमा परेकालाई विशेष प्राथमिकता |
| ३ | सिमान्तकृत र जोखिममा परेकासमुदायको पहुँचमा विस्तार | • विभिन्न स्वास्थ्य नीतिहरुको ब्यवस्था ।<br>• सामाजिक समावेसीकरणका कार्यक्रमहरुको कार्यान्वयन ।<br>• राज्यबाट विभिन्न सहुलियत तथा सुविधाहरु र निशुल्क औसधीहरुको ब्यवस्था ।<br>• गैसस क्षेत्रबाट समय समयमा घुम्ती स्वास्थ्य शिविरहरुको ब्यवस्था ।<br>• | सिमान्तकृत तथा जोखिममा परेका र अन्य लक्षित वर्ग |

## ३.३ महिला बालबालिका, तथा लक्षित बर्ग

### ३.३.१ अद्यावधिक स्थीति

राष्ट्रिय जनगणना २०६८ अनुसार पर्सा जिल्लाको कूल जनसंख्या ६,०१,०१७ मध्ये २८८६५९ (४८.०२%) प्रतिशत महिला र ३१२३५८ (५१.९८%) जना पुरुष छन् । जिल्लाको कुल घरधुरी ९५५३६ मध्ये महिला घरमुली रहेका घरधुरी संख्या १०९३६ (११.४४%) रहेको छ जसमा महिला घरमुलि रहेका छन भने जग्गामा मात्रै ८.५९ प्रतिशत घरधुरीमा महिलाको स्वामित्व देखिन्छ भने ७५०७५ (७८.५९%) घरधुरीमा महिलाको कुनै पनि स्वामित्व नरहेको देखिन्छ ।

जिल्लामा शक्ति सञ्चालन र राजनैतिक सहभागितामा महिलाको आँकडालाई हेर्ने हो भने कानुनद्वारा निर्धारित कोटा भन्दा माथि वढ्न सकिरहेको छैन । सामाजिक संघ/संस्था र सामुदायिक क्रियाकलापमा महिलाको भूमिका कोरम पुऱ्याउनेमा मात्र सीमित छ । यस पक्षमा महिलाको शसक्तीकरण प्रभावकारी रुपमा अगाडि बढाउनु पर्ने देखिन्छ । त्यस्तै अधिकांश परिवारमा बढी श्रम गर्ने महिला नै औपचारिक श्रमको गणनामा नपरेर न्यून मूल्याङ्कनमा परिरहेको अवस्था एकातिर छ भने वुहारीलाई वेतलवी श्रमिकका रुपमा हेर्ने साँघुरो सोचाई पनि समाजमा विद्यमान छ । जिल्लाबाट केन्द्रीय राजनीतिमा सहभागिता राख्ने केही महिला प्रतिनिधि भएतापनि महिला सशक्तीकरणको आन्दोलनमा खासै प्रभावकारी नेतृत्व भएको देखिदैन । यसको कारण तराइ क्षेत्रमा रहेको परम्परागत अन्धविश्वासले पनि बल दिएको हुन सक्दछ ।

यस जिल्लाको लैङ्गिक समानता (Gender Equality) तथा सशक्तिकरण (Empowerment) मापक स्थिति सकारात्मक नै देखिन्छ । पर्सा जिल्लाबासीको औषत आयु ७० वर्ष रहेको छ । त्यस्तै यस जिल्लाको महिला साक्षरता दर ४३.८९ प्रतिशत रहेको छ भने नेपालको महिला साक्षरता दर ५७ प्रतिशत रहेको छ । यस जिल्लाको पुरुष (६६.९३ प्रतिशत) को साक्षरता प्रतिशत भन्दा महिलाको २२ प्रतिशतले कम रहेको छ जुन ज्यादै नै न्यून हो ।

यस जिल्लामा अपाङ्गता भएका नागरिकको कुल जनसंख्या ६२१५ (१.०३ प्रतिशत) रहेको छ जस मध्ये २५३९ जना महिला र ३६७६ जना पुरुष रहेको राष्ट्रिय जनगणना २०६८ को तथ्यांकबाट देखिन्छ ।

दलित, जनजाती तथा अन्य वन्चित वर्गहरुको शैक्षिक, आर्थिक र स्वास्थ्य अवस्था विश्लेषण गर्न विभिन्न जात जाती अनुसार खण्डिकृत तथ्याकं राख्ने परिपाटी नभएको हुदां वञ्चित वर्गहरुको सेवा सुविधा माथिको पहुँचको यथास्थितिबारे विश्लेषण गर्न कठिनाई भएको छ । यस्ले जात, जाती अनुसार खण्डिकृत आधारभूत तथ्यांक स्थापना गर्नु पर्ने आवश्यकतालाई ईन्गित गरेको देखिन्छ । यसबाट आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, समुदाय, गरीव किसान र मजदुरको विश्लेषण गर्न र समानुपातिक समावेशी सिद्धान्तको आधारमा विकासका अवसरको उपभोग र निर्णयमा पहुँच बढाउन नीति निर्धारणमा सहयोग पुऱ्याउदछ ।

### ३.३.२ समस्या तथा चूनौतिहरु

स्थानिय स्वायत्त शासन ऐन, २०५५, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०६६, स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण निर्देशिका, २०६४ , जिविस, नपा, गाविसको छुट्टाछुट्टै अनुदान सञ्चालन कार्यविधि, २०६७ , त्रिवर्षिय योजना (२०७०/७१-२०७२/७३) , लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी राष्ट्रिय नीति तथा अन्तराष्ट्रिय प्रतिवद्धता र विकास साझेदारको साझेदारी, न्युनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि २०६५, लैङ्गिक उत्तरदायी बजेट निर्देशिका २०६४ , जिविस र गाविसहरुको लागी क्षमता विकास कार्यविधि २०६७ , जिल्लास्थित महिला, दलित तथा जनजाति समन्वय समिति सञ्चालन निर्देशिका , सहस्राब्दी बिकास लक्ष्य, नेपाल सरकारको अन्तरिम संविधान, २०६३, अन्तर्गत **सामाजिक परिचालनको माध्यमबाट पिछडिएको तथा सिमान्तकृत वर्ग, क्षेत्र र समुदायको सशक्तिकरण गरिनेछ भनिएता पनि** सामाजिक विकासका प्रयासहरुबाट अपेक्षित नतिजा तथा प्रभावकारिता हासिल हुन सकिरहेको छैन । पर्सा जिल्लाको सन्दर्भमा सामाजिक वन्चितीकरणले सामाजिक विकास क्रमसंगै जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समुहहरुको अवस्थालाई चित्रण गर्दछ । विद्यमान स्थानीय तहमा लैङ्गिक विभेद, जतिय विभेद, भौगोलिक विभेद, धर्मिक विभेद, उमेर (१६ वर्ष मुनिका बालबालिकाहरु र ६० वर्ष माथिका नागरिक) को विभेदीकरणको अवस्था मा खासै फरक देखिदैन् । स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समावेशी तथा प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन । शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगार जस्ता विकासका कार्यमा लक्षित वर्गको पहुँच र उपभोग न्युन छ भने अपाङ्ग, ज्येष्ठ नागरीकका सवालहरुलाई यस जिल्लामा पनि ध्यानाकर्षण गर्न नसकेको जनगुनासो बढ्दो छ र जनगुनासो प्रति जवाफदेही निकायहरु संवेदनशिल बन्न सकिरहेका छैनन् । सामाजिक सुरक्षा, लक्षित वर्ग विकास तथा सम्पुर्ण सामाजिक विकास कार्यमा भएको लगानी र प्राप्त प्रतिफलको लेखाजोखा हुन सकिरहेको छैन । यस क्षेत्रको समस्या तथा चुनौतिको विश्लेषण तल तालिकामा गरिएकोछ ।

**तालिका नं. ३.५: महिला, बालबालिका तथा लक्षित वर्ग विषयगत क्षेत्रको समस्या बिश्लेषण तालिका**

| प्रमुख समस्या | असर | कारण | समाधानका उपायहरु |
|---|---|---|---|
| महिला बालबालिका दलित, जनजाति, | • घरेलु हिंसा, बलात्कार, यौन शोषण, बहुबिबाह, बाल विवाह कायम हुनु | • राज्यले लक्षित वर्गको लागी छुट्टयाइएको वजेट को अर्थपूर्ण कार्यान्वयन नहुनु<br>• सरकारबाट प्रदान गरीने सेवा सुविधा सरल र सहज नहुनु | • स्थानीय स्तरमा चेतनामूलक कार्यक्रम |

| प्रमुख समस्या | असर | कारण | समाधानका उपायहरु |
|---|---|---|---|
| आपाङ्गता भएका, सीमान्तकृत समूदायको सामाजिक, आर्थिक, राजनितिक क्षेत्रको पहूच र उपभोगमा कमी हुनु । | • दाईजो प्रथा, बोक्सी प्रथा कायमै रहनु<br>• निर्णायक तहमा पहुँच नहुनु<br>• बाल मृत्यु दर बढ्नु<br>• वालबालिकाको वास्तवीक तथ्यांक नहुनु<br>• बाल श्रम कायमै हुनु<br>• सडक बालबालिका अझैपनि बजारक्षेत्रमा देखिनु ।<br>• श्रमका लागी विद्यालय छोड्ने क्रम बढ्दै जानु<br>• बालबालिकामा प्रजनन् स्वास्थ्य सम्बन्धी जानकारीको कमी हुनु<br>• बालबालिका सम्बन्धी ठोस कार्यक्रम पहिचान हुन नसक्नु ।<br>• बालबालिका अभिभावकत्वको अधिकारबाट बन्चित हुनु<br>• जातीय विभेद कायमै रहनु<br>• राजनैतिक संगठनमा सहभागीता न्यून हुनु<br>• .राज्य अर्न्तगतका दलित संरचना स्थानीयस्तर सम्म नपुग्नु<br>• राज्यले उपलब्ध गराउने सेवा सुविधामा पहुच नहुनु<br>• रोजगारीमा अवसरको कमी<br>• महिलामा पनि टाठा/बाठाको वाहुल्यता हुनु<br>• महिला समाज र परिवारबाट अपहेलित हुनु | • नीति निर्माण, योजना तर्जुमा तथा निर्णय तहमा महिला, दलित, अपाङ्ग, जनजातीको सहभागीतामा कमी<br>• योजना बनाउदा बालबालिकालाई प्रभावकारी रुपमा सहभागी नगराउनु<br>• कानूनको फितलो कार्यान्वयन<br>• निर्णायक तहमा महिलाको पहुँच न्यून<br>• संस्थागत विकासमा महिलाको सक्रियताको कमी<br>• पितृ सतात्मक सोच कायमै हुनु<br>• पिछडिएका समुदाय भित्र पनि बिपन्न बर्ग सम्म राज्यले प्रदान गर्ने अवसरमा पहुँच नपुग्नु ।<br>• आ.ज.का जातीय पेशाहरुको उन्नति प्रगति हुन नसक्नु ।<br>• बालबालिका सम्वन्धमा सुचना प्रणाली स्थापना नहुनु<br>• गरीबीको बोझ बालबालिकामा पर्नु<br>• दलित भित्रको विपन्न दलित सम्म राज्यको सुविधा नपुग्नु<br>• एकल महिला प्रति सामाजिक हिंसा कायम हुनु<br>• अपाङ्गता भएका व्यक्तिलाई पारिवारीक सहयोग प्र्याप्त नहुनु<br>• अपाङ्गता भएका व्यक्तिहरुका शिक्षामा पहुचँ नहुनु<br>• भौतिक संरचना अपाङ्ग मैत्री नहुनु<br>• लक्षित वर्गको लागि प्र्याप्त छात्रवृति प्राप्त नहुनु ।<br>• सामाजिक, धार्मिक तथा कानूनी रुपमा उचित न्याय नपाउनु<br>• सस्कार र सस्कृतिलाई समय सापेक्षित रुपमा परिवर्तन गर्न नसक्नु<br>• परम्परागत सोच र कुरीती संस्कार कायमै हुनु<br>• सम्पतीमा महिलाको अधिकार न्युन रहनु<br>• लैङ्गिकतामा आधारीत घरेलु हिंसा<br>• आफनो मातृभाषा, र्धम, सस्कृतिको जगेर्ना नहुनु<br>• जेष्ठ नागरिकलाई सामाजिक सदभाव र सम्मानको अभाव<br>• वृद्ध, बद्धालाई पारिवारिक माया ममता को कमी<br>• औषधोपचारका लागि छुट्टै व्यवस्था हुन नसक्नु ।<br>• अपाङ्गता प्रति सरकारको उदाशिन निती<br>• चेतनाको कमि<br>• शिक्षाको कमी | • रोजगारीको अवसरको सृजना गर्न सिपमूलक तालिम संचालन<br>• आवश्यकता अनुसार बालमैत्री तथा अपाङ्गमैत्री वातावरणको सृजना गर्ने<br>• क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा जोड दिने<br>• पिडित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तीहरुको लागि विशेष सामाजिक सुरक्षा कार्यक्रम<br>• उपचार, सुरक्षा तथा आवश्यक स्याहारको लागी पुन:स्थापना केन्द्रको स्थापना र संचालन<br>• सम्बन्धित कार्यालय, संघ/संस्था, राजनैतिक दल, स्थानीय बुद्धिजिवीसंग समन्वय गरी कार्यक्रम संचालन गर्ने<br>• केन्द्रिय तथा स्थानीय स्तरमा लक्षित वर्गहरुको विकासको लागी नीति तथा निर्देशिकाले तोके बमोजिमको बजेट विनियोजन र कार्यान्वयन गराउने<br>• आवश्यक पूवाधार विकास तथा साम्रागीको व्यवस्थापन गर्ने |

### ३.३.३ सम्भावना तथा अवसरहरु

महिला बालबालिका तथा लक्षित वर्गको विकास गर्नुपर्ने आवश्यकता तथा सम्भावनालाई विश्लेषण गर्दा पर्सा जिल्लामा थुप्रै सम्भावना र अवसरहरु रहेको छ। फरक फरक पुरातनबादी सांस्कृति संरचना रहेको पर्सा जिल्ला सामाजिक क्षेत्रको विकासबाट पछि परेको छ तर यसलाई सुधारने थुप्रै अवसर तथा सम्भावना भने सँगसँगै रहेको छ। जिल्लामा यस क्षेत्रमा देखिएका सम्भावना तथा अवसरहरुको विश्लेषणबाट प्राप्त विषयवस्तुहरुलाई तलको तालिकामा प्रस्तुत गरीएको छ।

तालिका नं.३.६: **महिला, बालबालिका तथा लक्षित वर्ग विषयगत क्षेत्रको सम्भावाना तथा अवसरहरुको विश्लेषण**

| प्रमुख संभावना र अवसरहरु | श्रोत, साधन तथा आधारहरु | लक्षित वर्ग तथा क्षेत्र |
|---|---|---|
| •जिल्लाका सवै गाविसमा महिला समुह, आमा समुह, वाल समुह र संजालहरु गठन भई क्रियाशिल रहेको<br>•लक्षित वर्गको शसक्तिकरणका लागी विभिन्न क्षमता विकास, नेतृत्व विकास तालिमहरु संचालन भइरहेको<br>•निर्देशिका वमोजिम लक्षित वर्गका लागी छुट्टिएको रकम विनियोजन भै सम्वन्धीत क्षेत्रको विकासका लागी खर्च भैरहेको<br>•वालबालिकाको समुह, क्लव, जिल्ल स्तरीय संजालहरुको गठन<br>•जातिय विभेदमा कमी हुदै गएको<br>•जनजाति, अपाङ्ग, दलित वर्गहरुको उत्थानका लागी समुहहरु गठन भई कार्य गरीरहेको<br>•जेष्ठ नागरीक, एकल महिला, घरेलु हिंसा प्रभावित महिला, अपाङ्गता भएका व्यक्तिहरुका लागी सिपमुलक तालिमहरु संचालन भई आय आर्जनमा वृद्धि भई आत्मनिर्भर भैरहेको<br>•विभिन्न संघ संस्थाहरुको कार्यक्रम तथा योजनाहरु महिला, बालबालिका तथा लक्षित क्षेत्रको विकासमा केन्द्रित हुदै गएको।<br>•स्थानीय निकायको चासो र लगानी दुवै बढदै गएको। | •स्थानीय स्वायत्त शासन ऐन,२०५५<br>•लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०६६<br>•जिविस, नपा, गाविसको छुट्टाछुट्टै अनुदान सञ्चालन कार्यविधि, २०६७<br>•त्रिवर्षिय योजना ( २०६७/६८-२०६९/७०)<br>•लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी राष्ट्रिय नीति तथा अन्तराष्ट्रिय प्रतिवद्धता र विकास साझेदारको साझेदारी<br>•न्युनतम शर्त तथा कार्यसम्पादन मापन २०६५<br>•लैङ्गिक उत्तरदायी बजेट निर्देशिका २०६४<br>•जिविस र गाविसहरुको लागी क्षमता विकास कार्यविधि २०६७<br>•जिल्लास्थित महिला, दलित तथा जनजाति समन्वय समिति सञ्चालन निर्देशिका<br>•सहस्राब्दी विकास लक्ष्य<br>•नेपाल सरकारको अन्तरिम संविधान, २०६३<br>•विभिन्न संघ संस्थाहरु जिल्लामा कार्यरत | •जिल्लाभरका महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, ।<br>•दलित तथा परम्परागतरुपमा पछाडि पारिएका समूह।<br>•जिल्लाभरिका फरक क्षमता एकल महिला र बृद्ध बृद्धाहरु।<br>•जिल्लाभरिका बालबालिकाहरु। |

## ३.४ खानेपानी तथा सरसफाई

### ३.४.१ परिचय

नेपालको अन्तरिम संवधान, २०६३ को धारा १६ ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाच्ने उसको मौलिक हक हुने कुरा उल्लेख गरेको छ (धारा १६)। सहस्राब्दी विकास लक्ष्य अनुसार सन् २०१५ सम्म ७३ प्रतिशत जनसंख्यालाई खानेपानी सेवा र ५३ प्रतिशत जनसंख्यालाई सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य रहेको छ। राष्ट्रिय जल योजना र सरसफाई गुरुयोजना अनुसार सन २०१७ सम्म शतप्रतिशत जनसंख्यालाई खानेपानी सेवा र आधारभूत स्तरको सरसफाइ सेवा उपलब्ध गराउने लक्ष्य लिइएको छ। उक्त लक्ष्य हासिल गर्न स्थानीय निकाय, समुदाय, उपभोक्ता तथा गैरसरकारी संघसंस्थाहरुले एकिकृत तथा समन्वयात्मक रुपमा कार्य गर्दै जानु पर्ने कुरा

त्रिवर्षीय योजना (२०६७/६८–२०६९/७०) र (२०७०।०७१ देखि २०७२।०७३) मा उल्लेख छ । साथै कार्यक्रम संचालन गर्दा खानेपानी र सरसफाइ कार्यक्रमलाई एक आपसमा आबद्ध गरी कार्यान्वयनमा लैजानु पर्ने कुरा समेत उल्लेख छ। यहि वस्तुगत आधारमा खानेपानी तथा सरसफाई विषयगत क्षेत्रको लागि पर्सा जिल्लाको आजिवियो तयार गरिएको छ ।

### ३.४.२ अद्यावधिक स्थिती

तराइको जिल्ला भएकोले सम्पूर्ण स्थानमा भूमिगत स्रोतबाट खानेपानीको प्रयोग गर्न सकिने हुँदा पर्सा जिल्लामा खानेपानीको थप स्रोत खोजीरहनु पर्ने आवश्यकता भने देखिदैन । तथापी खानेपानीको गुणस्तरीयता कायम गर्न भने थप क्रियाशिल हुनुपर्ने जरुरी देखिन्छ। यस सम्बन्धमा जिल्लामा रहेका संघ संस्था तथा स्थानीय निकायसँगको सहकार्यलाई अगाडि बढाउनुपर्ने जरुरी देखिन्छ। त्यस्तै गरी सरसफाइको अभियानलाई दुर्ततर गतिमा अगाडि बढाउन सम्बद्ध निकाय र सरोकारवालाहरुसँगको सहकार्य र सहभागितामा पूर्ण सरसफाइ कार्यक्रम संचालन गरी खुल्ला दिशामुक्त क्षेत्र विकास अभियान शुरु गरिएकोछ । खानेपानी तथा सरसफाई कार्यक्रमलाई एकिकृत रुपमा विस्तार गर्न पूर्ण सरसफाई कार्यक्रममा आबद्ध गरिएकोछ।

जिल्लामा करिब १५ प्रतिशत घरधुरीले पाइप प्रणालीबाट खानेपानीको सेवा प्राप्त गरीरहेका छन भने बाकी घरधुरीले टियुबवेल तथा इनारबाट खानेपानी उपभोग गरीरहेका छन । पाइप प्रणालीबाट प्राप्त हुने खानेपानीको स्रोत पनि भूमिगत नै भएको हुनाले खाली यसको दिगोपनामा मात्र ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ।

सरसफाईका दृष्टिकोणले एक घर एक सौचायल अनिवार्य हुन आवश्यक भए पनि यो अभियानले पूर्णता पाउन सकिरहेको छैन । सरसफाई र जनस्वास्थ्य प्रतिको नागरिकहरुमा चासो र जानकारी कम हुनुको कारण झाडापखाला, छाला सम्बन्धी रोग, पेटमा जुका जस्ता रोगहरु जिल्लामो बढीमात्रामा देखिएको पाइन्छ । जिल्लाको उपमहानगरपालिका र एउटा नगरपालिका क्षेहरुमा जनघनत्व तुलनात्मक हिसाबले बढी भएका कारण त्यस क्षेत्रको फोहोरमैला व्यवस्थापन र ढल निकासका लागि व्यवस्थित पहल गर्न आवश्यक देखिएकोछ। जिल्ला सदरमुकाम बिरगञ्ज बजारमा ढल निकासको समस्या देखिएकोले व्यवस्थित ढल निकासको आवश्यकता देखिएको छ। त्यस्तै गरी शहरी क्षेत्रमा प्रयाप्त सार्वजनिक सौचालय हुनुपर्ने आवश्यकता देखिन्छ भने खुल्ला दिशामुक्त क्षेत्रको रुपमा ६ वटा गाविस घोषणा भइसकेको अवस्थामा यसलाई निरन्तरता दिई यथासिघ्र जिल्लाका सबै गाविस तथा नगरपालिका क्षेत्रमा पुऱ्याउनु पर्ने आवश्यकता देखिन्छ।

### ३.४.३ समस्या तथा चूनौतिहरु

पर्सा जिल्लामा खानेपानीको समस्या नदेखिएता पनि सरसफाइको भने समस्या नै रहेको छ। खानेपानीलाई गुणस्तर बनाउनु नै पर्सा जिल्लाको लागि चुनौति रहेको छ। अझै पनि जिल्लाका ग्रामीण भेगका नागरिकले पिउने पानीमा आर्सनिकको मात्रा रहेको बारे समय समयमा सुनिन आएकोले खानेपानीको गुणस्तर कायम गर्न घुम्ती ल्याव प्ररिक्षण प्रणाली अपनाउनु पर्ने आवश्यकता देखिन्छ। त्यस्तै गरी सरसफाइको क्षेत्रमा जिल्लामा थुप्रै कार्य गर्नुपर्ने चुनौति र आवश्यकता रहेको छ। खास गरी गर्मी र बर्षाको समयमा हुने झाडा पखाला लगायत महामारीका प्रकोपहरु जोखिमयुक्त रहेकोले त्यससँग जुदन प्रभावकारी कार्ययोजना बनाइ अगाडि बढनुपर्ने आवश्यकता देखिन्छ ।

### ३.४.४ संभावना तथा अवसरहरु

पर्सा जिल्लामा खानेपानीको स्रोतको समस्या नभएता पनि खानेपानीको गुणस्तरीयता कायम गर्नुपर्ने आवश्यकता रहेको छ जुन जिल्लाको प्रमुख सम्भावना र अवसरको विषय हुन सक्दछ । साथै जिल्लालाई खुला दिशामुक्त गरिने अभियान संचालन अगाडि बढिसकेको हुँदा सोकार्यलाई सफलता पुर्बक संचालन गरी लागु गरी संम्भावनालाई अवसरको रुपमा उपयोग गर्नसक्ने देखिन्छ ।

हाल गर्भवति महिला हरुलाई परिबारबाट सहयोग गर्ने दर ३६%
सासुहरुको गर्भवति बुहारी प्रति नकारात्मक दृष्टिकोण रहेको दर २५%
जि.ज.स्वा.का. को पोषणमा वजेट विनियोजनको दर १८%
पाँच बर्ष मुनिका बालबालिकाहरुको बृद्धि अनुगमन दर ४४%

## ३.५ सामाजिक विकास क्षेत्रको तर्कबद्ध योजनाको खाँका

सामाजिका विकासका क्षेत्रहरु शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, लक्षित विकास र खानेपानी तथा सरसफाइका क्षेत्रहरुको तर्कबद्ध योजना खाँकालाई तल प्रस्तुत गरीएको छ ।

**तालिका नं. ३.७: सामाजिक विकास क्षेत्रको तर्कबद्ध योजना खाँका**

| योजनाको सारांश | सूचक | पुष्टयांईका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|
| **विषयगत उद्देश्य** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइमा उल्लेखनीय सुधार हुनुका साथसाथै जिल्लाका महिला, बालबालिका, दलित तथा जनजातिको सामाजिक विकासमा उल्लेखनीय सुधार आएको हुनेछ । | (तलको सूचक तालिका) | मानव विकास प्रतिवेदन, जिल्ला स्वास्थ्य कार्यालय तथा जिल्ला शिक्षा कार्यालयबाट प्रकासित प्रतिवेदनहरु । विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय निकायबाट गरीएका अध्ययन् तथा अनुसन्धानका प्रतिवेदनहरु । | |

| सूचकका क्षेत्रहरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १५ वर्ष भन्दा मुनीको साक्षरता दर | % | ६४ | ७४ | ८४ | ९० | ९५ | १०० | |
| १५ वर्ष भन्दा माथीको साक्षरता दर | % | ६८ | ७६ | ८६ | ९२ | ९७ | १०० | |
| लैङ्गिक समता सूचकाङ्क | % | ०.५५ | ०.६३ | ०.७५ | ०.८४ | ०.९३ | १०० | |
| एस.एल.सी. उर्तिण दर | % | ३६ | ४६ | ५६ | ६६ | ७६ | ८६ | |
| | | | | | | | | |

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचक</th><th>पुष्ट्यांईका आधार</th><th>जोखिम/ पूर्वानुमान</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>बालमृत्युदर</td><td>प्रति हजार जिवित जन्ममा</td><td>४४.३३</td><td>४२.६६</td><td>४०.६६</td><td>३८.६६</td><td>३६.६६</td><td>३५</td><td></td></tr>
<tr><td>५ वर्ष मुनिका कुपोषितबालबालिका</td><td>%</td><td>३७.२०</td><td>३०</td><td>२२.५</td><td>१७.५</td><td>११.४</td><td>५.५</td><td></td></tr>
<tr><td>औसत आयु</td><td>बर्ष</td><td>७०.२५</td><td>७०.७५</td><td>७१</td><td>७१.७५</td><td>७२.५०</td><td>७३.४०</td><td></td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>नतिजा<br>१. आधारभुत शिक्षा भर्नादरमा सुधार भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th></tr>
<tr><td>प्रारम्भिक बालविकास शिक्षाबाट</td><td>%</td><td>७८</td><td>८३</td><td>८७</td><td>९०</td><td>९५</td><td>१००</td><td></td></tr>
<tr><td>सहजै देखिने प्रवेश दर</td><td>%</td><td>११०</td><td>१०८</td><td>१०६</td><td>१०४</td><td>१०२</td><td>१००</td><td></td></tr>
</table>
</td><td>शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू</td><td></td></tr>
<tr><td>२. सहजै देखिने भर्ना दरमा सुधार भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th></tr>
<tr><td>प्रारम्भिक बालविकास (१ भन्दा तल)</td><td>%</td><td>७६</td><td>८५</td><td>९०</td><td>९५</td><td>९९</td><td>१००</td><td></td></tr>
<tr><td>आधारभूत शिक्षा (१-८)</td><td>%</td><td>१२१.३</td><td>११७.३</td><td>११५.४</td><td>११२.४</td><td>१०५.३</td><td>१००</td><td></td></tr>
<tr><td>माध्यमिक शिक्षा</td><td>%</td><td>६१</td><td>६८</td><td>७५</td><td>८५</td><td>९५</td><td>१००</td><td></td></tr>
</table>
</td><td>शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू</td><td></td></tr>
<tr><td>३. खूद भर्ना दरमा सुधार भएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th></tr>
<tr><td>आधारभूत शिक्षा</td><td>%</td><td>८७</td><td>९१</td><td>९४</td><td>९६</td><td>९८</td><td>१००</td><td></td></tr>
<tr><td>माध्यमिक शिक्षा</td><td>%</td><td>८०</td><td>८५</td><td>९०</td><td>९५</td><td>९७</td><td>१००</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू</td><td></td></tr>
</table>

| योजनाको सारांश | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४. विद्यालय बाहीर रहेका सम्पूर्ण बालबालिकाहरुले आधारभुत शिक्षाको अवसर प्राप्त गरेका हुनेछन । जाने उमेरका बालबालिका | विद्यालय जाने उमेर | | | | | | | | | ” | |
| | विद्यालय बाहीर रहेका (१० देखी १४) | | ४७००० | | | | | | | | |
| | | | | | | | | | | | |
| ५. तालिम प्राप्त शिक्षक दरबन्दीको व्यवस्थामा सुधार आएको हुनेछ । | आधारभूत शिक्षा | % | ८२ | ८५ | ९० | ९३ | ९६ | १०० | | शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू | |
| | माध्यमिक शिक्षा | % | ८२ | ८५ | ९० | ९३ | ९६ | १०० | | | |
| ६. विद्यार्थी शिक्षक अनुपात (राहत समेत) मा सुधार आएको हुनेछ । | आधारभूत शिक्षा | अनुपात | ५२ | ५१ | ५० | ४५ | ४५ | ४५ | | शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू | |
| | माध्यमिक शिक्षा | अनुपात | ४८ | ४५ | ४४ | ४० | ४० | ४० | | | |
| ७. कक्षा दोहरयाउने दरमा कमि आएको हुनेछ । | कक्षा १ | % | ११ | ८ | ७ | ५ | २ | ० | | शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू | |
| | कक्षा ८ | % | १५ | १३ | ११ | ५ | ३ | ० | | | |
| ८. सक्षमताको गुणांकमा सुधार आएको हुनेछ । | सक्षमताको गुणांक | | | | | | | | | शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू | |
| | आधारभूत शिक्षा | अनुपात | ०.८५ | ०.८६ | ०.९३ | ०.९५ | ०.९७ | १.०० | | | |
| ९. सिकाई उपलब्धिमा सुधार आएको हुनेछ । | कक्षा ५ | % | ४९ | ५५ | ६५ | ७५ | ८५ | १०० | | शिक्षा मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, शिक्षा | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ८ | % | ५७ | ६५ | ७५ | ८५ | ९५ | १०० | | विभाग र जिल्ला शिक्षा कार्यालयका अभिलेख एवं प्रकाशनहरू | |
| | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १०. शाक्षारताको बृद्धि भएको हुनेछ । | पूर्ण शाक्षरता घोषणा भएका गाविस | गोटा | ० | २ | ५ | १० | २० | २० | | ” | |
| | | | | | | | | | | | |
| | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १०. जिल्लाका शिशु एवं बालबालिका हरूको स्वास्थ्यमा कमिक सुधार आएको हुनेछ । | नवजात जिवित शिशु मृत्यु दर | प्रतिहजार | ३३ | ३२ | ३० | २८ | २६ | २५ | | केन्द्रीय तथ्याङ्क विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, पर्सा जिल्ला जनस्वास्थ्य कार्यालयका अभिलेख, नेपाल मानव विकास प्रतिवेदनहरू आदि । | |
| | शिशु मृत्यु दर | ,, | ४६ | ४४ | ४२ | ४० | ३८ | ३५ | | | |
| | पाँच वर्ष मुनिका बालबालिकाको मृत्यु दर | ,, | ५४ | ५२ | ५० | ४८ | ४६ | ४५ | | | |
| | सबै प्रकारका खोप कार्यक्रममा बालबालिकाको पहँच | ,, | ८३ | ८५ | ८७ | ८९ | ९२ | ९५ | | | |
| | पूर्ण रुपमा खोप लगाउने गा.वि.स.को संख्या | संख्या | ० | १७ | ३४ | ५१ | ६८ | ८२ | | | |
| | कम तौल भएका शिशुको संख्या | % | १.६ | १.५ | १.४ | १.३ | १.१ | १ | | | |

| योजनाको सारांश | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बलबालिकाको कुपोषण दर | % | २९ | २५ | २१ | १८ | १४ | ११ | | | |
| ११. जिल्लामा सुरक्षित मातृत्व र महिला स्वास्थ्यको अवस्थामा कमिक सुधार भएको हुनेछ । | चौथो पटक गर्भ जाँच गर्ने महिला | % | ५८ | ६५ | ६९ | ७३ | ७७ | ८० | | केन्द्रीय तथ्याङ्क विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, पर्सा जिल्ला जनस्वास्थ्य कार्यालयका अभिलेख, नेपाल मानव विकास प्रतिवेदनहरू आदि | |
| | दक्ष प्रसुतिकर्मीबाट प्रसुति गराउने महिला | % | ७९ | ८१ | ८३ | ८५ | ८७ | ९० | | | |
| | मातृ मृत्यु दर | % | २२९ | २२२ | २१५ | २०६ | १९७ | १९० | | | |
| | बर्थिङ्ग केन्द्र | संख्या | १८ | २० | २२ | २४ | २६ | २८ | | | |
| १२. जिल्लामा रोगको निदान तथा नियन्त्रण गर्ने कार्यमा कमिक सुधार भएको हुनेछ । | क्षय रोगको निदान | % | ७९ | ८२ | ८४ | ८६ | ८८ | ९० | | केन्द्रीय तथ्याङ्क विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, पर्सा जिल्ला जनस्वास्थ्य कार्यालयका अभिलेख, नेपाल मानव विकास प्रतिवेदनहरू आदि | |
| | विशेषज्ञ सेवा उपलब्धता | संख्या | १६ | १७ | १७ | १७ | १८ | १८ | | | |
| १३. जेष्ठ नागरिकहरूको स्वास्थ्य स्थितिमा ध्यान दिइएको हुनेछ । | स्वास्थ्य सुविधा पाउने जेष्ठ नागरिक | % | ५७ | ६५ | ७५ | ८५ | ९५ | १०० | | जिल्ला जनस्वास्थ्य कार्यालयका अभिलेखहरू, नारायणी उपक्षेत्रीय अस्पतालका अभिलेखहरू | |
| १४. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार विकासमा सुधार आएको हुनेछ । | पूर्ण रुपमा संचालनमा रहेका प्रसुति केन्द्रको संख्या | वटा | २१ | २३ | २५ | २७ | ३० | ३५ | ३५ | " | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्ण रुपमा संचालित गाउंघर क्लिनिक संख्या | वटा | १६४ | १९८ | १९८ | १९८ | १९८ | १९८ | १९८ | | |
| | विद्यमान खोप केन्द्रहरुको संख्या | वटा | ४१६ | ४२१ | ४२५ | ४२५ | ४२५ | ४२५ | ४२५ | | |
| | भौतिक पुर्वाधार सम्पन्न गाउँघर क्लिनिक | संख्या | ० | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | बाह्रै महिना सडक पहुंच भएका स्वास्थ्य संस्थाको संख्या | वटा | ८० | ८३ | ८३ | ८३ | ८३ | ८३ | ८३ | | |
| | एम्बुलेन्स | वटा | ७ | ८ | ९ | १० | ११ | १२ | १२ | | |
| | गाडी | वटा | २ | २ | २ | २ | २ | २ | | | |
| | स्वास्थ्य संस्थाहरुमा स्वास्थ्यकर्मिको रिक्त दरबन्दि पुर्ति | प्रतिशत | ६४ | ८० | ९० | १०० | १०० | १०० | | | |
| | तह अनुसार( स्वाचौ/प्रास्वाके/जिल्ला अस्पताल) सुबिधा सम्पन्न आफ्नो भवन भएका स्वास्थ्य संस्थाहरुको संख्या) | संख्या | २४ | ३० | ३५ | ४० | ४५ | ५० | | | |
| | औजार उपकरणहरुको उपलव्धता | एक्स- रे मेसिन | ० | ० | ० | ० | ० | ० | | | |
| | | कोल्डचेन (फ्रिज, डिफ्रिज) | १० | १५ | १५ | १५ | १५ | १५ | १५ | | |
| | | यूएसजी | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | प्रयोगशाला सेवा | ४ | ६ | ८ | १० | १२ | १४ | १४ | | |
| | विद्युत र खानेपानी भएका स्वास्थ्य संस्था | प्रतिशत | ७८ | ८३ | ८३ | ८३ | ८३ | ८३ | ८३ | | |
| | | | | | | | | | | | |
| १५. महिला तथा लक्षित | ⌖ लक्षित वर्गको स्वास्थ्य तथा शिक्षामा बढी बजेट विनियोजन भएको हुने छ लक्षित वर्गको | | | | | | | | | ⌖ जिल्ला जन स्वास्थ्य | |

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचक</th><th>पुष्टयांईका आधार</th><th>जोखिम/पूर्वानुमान</th></tr>
<tr><td>वर्गको स्वास्थ्य तथा शिक्षामा सुधार हुने ।</td><td>सशक्तिकरण कार्यक्रममा स्वास्थ्य र शिक्षा विषयहरू समावेश भएको हुने छ ।<br>⌖ स्वास्थ्य, शिक्षासँग सम्बन्धित सचेतना कार्यक्रम सञ्चार माध्यमबाट प्रचार, प्रसार भएको हुने छ ।</td><td>कार्यालय,जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, उपमहानगरपालिका र महिला तथा बालबालिका कार्यालयका वार्षिक बजेट ।</td><td></td></tr>
<tr><td>१६. महिला विकास कार्यक्रमको क्षेत्र विस्तार भइ महिला सदस्य तथा सहकारी संस्थाहरु थप भएका हुनेछन ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th></tr>
<tr><td>महिला विकास कार्यक्रम संचालित गाविस</td><td>संख्या</td><td>८२</td><td>६६</td><td>६६</td><td>६६</td><td>६६</td><td>६६</td><td></td></tr>
<tr><td>उमपा / नपा</td><td>संख्या</td><td>२</td><td>२</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>संचालित गाविसका वार्डहरु</td><td>संख्या</td><td>४६९</td><td>४८०</td><td>४९०</td><td>५००</td><td>५१५</td><td>५३०</td><td></td></tr>
<tr><td>महिला सदस्य</td><td>संख्या</td><td>१२२३९</td><td>१२५००</td><td>१३०००</td><td>१४०००</td><td>१४५००</td><td>१५०००</td><td></td></tr>
<tr><td>सहकारी संस्था</td><td>संख्या</td><td>२४</td><td>२६</td><td>२८</td><td>३०</td><td>३२</td><td>३५</td><td></td></tr>
<tr><td>महिला सहकारी संस्थामा वचत</td><td>रु ०००मा</td><td>३०५१६</td><td>३१०१७</td><td>३२५१८</td><td>३४०२०</td><td>३६०८०</td><td>४२०१०</td><td></td></tr>
</table>
</td><td>⌖ जिल्ला विकास समिति र उपमहानगरपालिकामा निर्वाचित महिला प्रतिनिधिको विवरण ।<br>⌖ जिल्लास्थित विभिन्न सरकारी कार्यालय र संघसंस्थामा कार्यरत महिला कर्मचारीहरूको विवरण</td><td></td></tr>
<tr><td>१७. महिला तथा लक्षित समूहको आर्थिक र सामाजिक अवस्थामा सुधार हुने ।</td><td>⌖ महिला, दलित, मधेशी तथा सीमान्तकृत समुदायको आर्थिक र सामाजिक उत्थानका लागि कार्यक्रम सञ्चालन गरिएका हुने छन् ।<br>⌖ लक्षित वर्गका लागि रोजगारीमा प्राथमिकता दिइएको हुने छ ।<br>⌖ चेलीबेटी बेचबिखन तथा बाल शोषण गर्नेलाई सामाजिक बहिस्कार गरिएको र कानूनी दायरामा ल्याई दण्डित गरिइएको हुने छ ।</td><td>⌖ जिल्ला विकास समिति, उपमहानगरपालिका र जिल्लास्थित सरकारी कार्यालयका</td><td></td></tr>
</table>

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचक</th><th>पुष्टयांईका आधार</th><th>जोखिम/ पूर्वानुमान</th></tr>
<tr><td></td><td>⌖ छुवाछुत तथा जातिय विभेद संबन्धी मुद्धा दर्ता भई उजुरीहरु सम्बोधन भएका हुनेछन ।</td><td>वार्षिक कार्यक्रम ।<br>⌖ जिल्ला श्रम कार्यालयको अभिलेख ।<br>⌖ जिल्ला प्रहरी कार्यालय र माइती नेपालका अभिलेखहरू</td><td></td></tr>
<tr><td>१८. अपाङ्ग र जेष्ठ नागरिकको सामाजिक सुरक्षामा पहुँच र सामाजिक संमानमा वृद्धि हुने</td><td>⌖ अपाङ्गको तथ्याङ्ग अद्यावधिक गरिएको हुने छ ।<br>⌖ जेष्ठ नागरिक, फरक क्षमता भएका बालबालिका, एकल महिला, मुस्लिमको संरक्षणका लागि जिल्लामा संयन्त्र गठन गरिएको हुने छ ।<br>⌖ जेष्ठ नागरिकको जिल्ला स्तरीय सञ्जाल गठन गरिएको हुने छ ।<br>⌖ विद्यालय तथा सरकारी भवन अपाङ्गमैत्री बनाइएका हुने छन् ।<br>⌖ ज्येष्ठ नागरिकको जिल्ला स्तरीय सञ्जाल स्थापना भई राष्ट्रिय स्तरको सञ्जालसँग समन्वय गरी कृयासील भएको हुनेछ ।<br>⌖ सहज माध्यमबाट सामाजिक सुरक्षा भत्ता वितरण भएको हुनेछ ।</td><td>⌖ जिल्ला विकास समिति, उपमहानगरपालिका र महिला तथा बालबालिका कार्यालयका अभिलेखहरू ।</td><td></td></tr>
<tr><td>१९. बालबालिकाको अधिकार सुनिश्चित भई उनीहरूको समग्र स्थितिमा सुधार आएको हुनेछ ।</td><td>
<table>
<tr><th rowspan="2">सूचक हरु</th><th rowspan="2">ईकाई</th><th rowspan="2">०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>बालसंरक्षण समिति गठन भएका गाविस संख्या</td><td>संख्या</td><td>१०</td><td>२०</td><td>३०</td><td>४०</td><td>५०</td><td>६०</td><td>६०</td></tr>
<tr><td>बालकल्बहरुको संख्या</td><td>संख्या</td><td>२७०</td><td>३००</td><td>३३०</td><td>३६०</td><td>४००</td><td>५००</td><td>५००</td></tr>
<tr><td>बालकल्बमा आवद्ध बालिकाको संख्या</td><td>संख्या</td><td>१६९२ (४०%)</td><td>१८००</td><td>२०००</td><td>२३००</td><td>२५००</td><td>२७००</td><td>२७००</td></tr>
<tr><td>बालकल्बमा आवद्ध बालकको संख्या</td><td>संख्या</td><td>२५३२ (६०%)</td><td>२८००</td><td>२९००</td><td>३०००</td><td>३२००</td><td>३३००</td><td>३३००</td></tr>
<tr><td>बाल श्रमिकहरुको संख्या</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>बाल श्रम मुक्त</td><td>संख्या</td><td>०</td><td>१</td><td>३</td><td>५</td><td>७</td><td>१०</td><td>१०</td></tr>
</table>
</td><td>⌖ जिल्ला श्रम कार्यालयका अभिलेख ।<br>⌖ जिल्ला प्रशासन कार्यालयका अभिलेखहरू ।<br>⌖ जिल्ला विकास समिति, महिला तथा बालबालिका कार्यालय र जिल्ला बाल समन्वय समितिका अभिलेखहरू</td><td></td></tr>
</table>

| योजनाको सारांश | सूचक | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| गाविस | | | | | | | | |
| बाल मैत्री स्थानीय शासन लागु भएका गाविस | संख्या | ५१ | ६० | ६३ | ६६ | | | ६६ |
| उमनपा, नपा | | १ | १ | | | | | २ |
| बालमैत्री स्थानीय शासन घोषणा भएका गाविस | संख्या | ० | ३ | ५ | १० | १५ | २० | २० |
| बाल विवाह मुक्त गाविस | संख्या | ० | १ | ३ | ६ | १० | १५ | १५ |
| बलबालिकामा स्थानीय निकायको न्यूनतम लगानि | % | १० | १५ | १५ | १५ | १५ | १५ | |

२०. बालबालिकाको विकास र संरक्षणको लागि पूर्वाधारहरुको तयार भएको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बालकल्याण गृह | | ४ | ५ | ६ | ८ | १० | १२ | १२ |
| शिशु स्याहार केन्द्र | | | १०० | १२५ | १४० | १५५ | १६८ | १६८ |
| बालमैत्री पूर्वाधार भएका सरकारी कार्यालय | संख्या | ० | २ | ४ | ७ | १० | १५ | १५ |
| नगर क्षेत्रमा बाल उद्यान | संख्या | ० | ३ | ४ | ५ | ६ | ७ | ७ |
| गाविस क्षेत्रमा बाल उद्यान | संख्या | ० | १ | ३ | ५ | ७ | १० | १० |
| बालमैत्री पूर्वाधार सहितका नीजी अस्पताल | संख्या | | १ | | १ | | १ | ३ |
| शिशु स्याहार केन्द्र सहितका उद्योग | संख्या | ० | १ | १ | १ | १ | १ | ५ |

पुष्टयांईका आधार: ,,

२१. बालबालिकाहरुको विकासमा सहभागिता बढेको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|

पुष्टयांईका आधार: ,,

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नागरिक मंञ्चमा | जना | ९८० | १००० | ११०० | ११५० | १२०० | १२५० | १२५० | | |
| | एकिकृति योजना तर्जुमा समिति | जना | ५९ | ७० | ७५ | ८० | ८५ | ९० | ९० | | |
| | विद्यालय व्यवस्थापन समिति | जना | ११४ | १२० | १२५ | १३० | १४० | १५० | १५० | | |
| | स्वास्थ्य व्यवस्थापन समिति | जना | ३२ | ४० | ४५ | ५० | ५५ | ६२ | ६२ | | |
| २२. बालबालिकाहरुको संरक्षण र सम्बर्द्धन भएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | ,, | |
| | बालबालिकाहरुको जन्म दर्ता | % | ३३ | ३६ | ४० | ४५ | ५० | ६० | | | |
| | एच.आई.भी. संक्रमित बालबालिकाहरुको संरक्षण | संख्या | ४० | १००% | १००% | १००% | १००% | १००% | | | |
| | जोखिममा रहेका बालबालिको संरक्षण | संख्या | १२३ | १००% | १००% | १००% | १००% | १००% | | | |
| | अपाङ्गता भएका सबै बालबालिकाहरुले परिचयपत्र पाएका हुनेछन | संख्या | १४९ | १००% | १००% | १००% | १००% | १००% | | | |
| | सडक बालबालिकाहरुको संख्या | जना | २०० | ० | ० | ० | ० | ० | | | |
| | बार्षिक रुपमा हुने बाल हिंसामा कमि | ज्ना | ५ | ० | ० | ० | ० | ० | | | |
| | कारागारमा आश्रित बालबालिकाको संरक्षण | जना | ७ | १००% | १००% | १००% | १००% | १००% | | | |
| | बालगृहमा संरक्षित | जना | १३५ | १००% | १००% | १००% | १००% | १००% | | | |

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचक</th><th>पुष्टयांईका आधार</th><th>जोखिम/ पूर्वानुमान</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>बालबालिकाहरुको संख्या</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>आधारभुत खोप पाएका बालबालिका</td><td>%</td><td>८०</td><td>८५</td><td>९०</td><td>९२</td><td>९५</td><td>१००</td><td></td></tr>
<tr><td>जोखिमपूर्ण घटना तथा परिस्थीतिमा परेका बालबालिकाहरुको उद्धार</td><td>जना</td><td>१०७</td><td>१००%</td><td>१००%</td><td>१००%</td><td>१००%</td><td>१००%</td><td></td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>२३. सामाजिक, लैङ्गिक तथा जातीय विभेदमा कमी आउने ।</td><td>
⌖ जातीय विभेद अन्त्य गर्नका लागि उपमहानगरपालिका र गा.वि.स.स्तरमा निगरानी केन्द्र गठन गरिएको हुने छ ।<br>
⌖ जातीय विभेद गर्नेलाई सामाजिक बहिस्कार गर्दै कानूनी दण्ड दिलाइएको हुने छ ।<br>
⌖ महिला, दलितहरूको समूह गठन गरी चेतनामूलक कार्यक्रम सञ्चालन गरिएका हुने छन्
</td><td>
⌖ उपमहानगरपालिका र गाविसहरूका अभिलेखहरू ।<br>
⌖ जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयका अभिलेखहरू ।<br>
⌖ महिला तथा बालबालिका कार्यालयका अभिलेखहरू।
</td><td></td></tr>
<tr><td>२४. जिल्लामा स्वच्छ खानेपानी सुविधा उपलब्धताको दरमा वृद्धि भएको हुनेछ ।</td><td>
<table>
<tr><th>सूचक हरु</th><th>ईकाई</th><th>०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th>जम्मा</th></tr>
<tr><th></th><th></th><th></th><th>०७२/०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th></th></tr>
<tr><td>पाइपद्धारा वितरित खानेपानी प्रणाली</td><td>%</td><td>१४.३६</td><td>१६</td><td>१८</td><td>२०</td><td>२२</td><td>२५</td><td>२५</td></tr>
<tr><td>स्वालो ट्युबवेलद्धारा वितरित खानेपानी प्रणाली</td><td>%</td><td>८१</td><td>८०</td><td>७९</td><td>७७</td><td>७६</td><td>७५</td><td>७५</td></tr>
<tr><td>खानेपानीको गुणस्तरियता जाँच</td><td>%</td><td>१५</td><td>२०</td><td>२५</td><td>३५</td><td>४५</td><td>६०</td><td></td></tr>
<tr><td>आर्सेनिक परिक्षण भएका टियुबवेल धारा</td><td>%</td><td></td><td>२०</td><td>२५</td><td>३०</td><td>३५</td><td>५०</td><td></td></tr>
</table>
</td><td>⌖ केन्द्रीय तथ्यांक विभाग, खानेपानी तथा ढलनिकास विभाग, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका अभिलेख र प्रकाशनहरू ।</td><td></td></tr>
<tr><td>२५. जिल्लामा शौचालयको प्रयोग भइ सरसफाईको स्थितिमा सुधार आएको हुनेछ ।</td><td>
<table>
<tr><th>सूचक हरु</th><th>ईकाई</th><th>०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th>जम्मा</th></tr>
<tr><th></th><th></th><th></th><th>०७२/०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th></th></tr>
<tr><td>सरसफाईको अभावमा</td><td>%</td><td>८०.५</td><td>७०</td><td>६०</td><td>५०</td><td>४०</td><td>३०</td><td>३०</td></tr>
</table>
</td><td>⌖ केन्द्रीय तथ्यांक विभाग, स्वास्थ्य सेवा विभाग, जिल्ला जनस्वास्थ्य</td><td></td></tr>
</table>

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लाग्ने रोग | | | | | | | | | कार्यालयका अभिलेख र प्रकाशनहरू । | |
| | खुला दिशामुक्त गाविस नपा | संख्या | ६ | १५ | ३० | ४५ | ६० | ६८ | ६८ | | |
| | शौचालयको प्रयोग दर | % | ४३.५ | ५० | ६० | ७५ | ८५ | १०० | १०० | | |
| | साबुनपानीले हात धुने जनसंख्या | | | | | | | | | | |
| २६. नगरक्षेत्रमा ढलनिकासको व्यवस्थामा सुधार भएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | ⌖ केन्द्रीय तथ्यांक विभाग,खानेपानी तथा ढलनिकास विभाग,जिल्ला विकास समिति, उपमहानगरपालिका, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलका अभिलेख र प्रकाशनहरू । | |
| | बिउमनपाको मूल ढलको लम्बाइ | कि.मि. | ४.७० | ६ | १० | १४ | १८ | २४ | २४ | | |
| | बिउमनपाको शाखा ढलको लम्बाइ | ,, | ४०.५४ | ४७ | ५३ | ६० | ६६ | ७२ | ७२ | | |
| | पोखरिया नपाको ढलको लम्बाई | ,, | ० | ३ | ३ | ५ | ६ | ७ | २४ | | |
| २७.उपमहानगरपालिका, नपा र नगरोन्मुख ग्रामीण क्षेत्रको फोहर मैलाको उचित व्यवस्थापन भएको हुने । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | ⌖ केन्द्रीय तथ्यांक विभाग, खानेपानी तथा ढलनिकास विभाग,जिल्ला विकास समिति, उपमहानगरपालिका, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयलका अभिलेख र प्रकाशनहरू । | |
| | विरगञ्ज उमनपाको स्थायी ल्याण्ड फिल्ड साइट | गोटा | ० | १ | | | | | | | |
| | पोखरीया नपाको स्थायी ल्याण्ड फिल्ड साइट | | ० | १ | | | | | | | |
| | फोहर संकलन ट्रक | | | | | | | | | | |
| | | | | | | | | | | | |

**सामाजिक विकास क्षेत्रका विस्तृत क्रियाकलाप तथा कार्यान्वयन बजेट अनुसूचि १ मा संलग्न गरीएको छ ।**

## सामाजिक विकास क्षेत्रका रणनीति तथा कार्यनीतिहरु

### (क) शिक्षा

**रणनीतिहरु**

- विद्यालय उमेर समूहभित्र रहेका विद्यार्थीहरूको पहिचान गरि विद्यालयमा भित्र्याउन प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।
- साक्षरतालाई अभियानका रूपमा संचालन गर्ने ।
- शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न लक्ष्यित कार्यक्रमहरू संचालन गर्ने ।
- सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने ।
- उच्च माध्यमिक तहसम्मको शिक्षामा निजी क्षेत्रको लगानी आकर्षित गर्ने ।

**कार्यनीतिहरू**

- ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरूको जीर्ण भवनहरूको मर्मत संभार र थप कोठा निर्माणको लागि जि.वि.स., गा.वि.स. र जिल्ला शिक्षा कार्यालयबाट प्राथमिकताको आधारमा सहयोग गरिने छ ।
- दलित अल्पसंख्यक तथा अति विपन्न समुदायका सामुदायिक विद्यालय तथा मदर्साहरूलाई प्राथमिकता दिई सहयोग गरिने छ ।
- प्रवेशिका परिक्षामा जिल्लाका ग्रामीण क्षेत्रका सरकारी तथा सामुदायिक विद्यालयहरूबाट प्रथम, द्वितीय र तृतीय हुने छात्रछात्राहरूलाई प्रोत्साहनस्वरुप पुरस्कृत गरिने छ ।
- दलित र अशक्तमध्ये उत्कृष्ट विद्यार्थीहरूलाई शिक्षाको अवसर प्रदान गर्न स्थानीय निकायको स्रोतबाट छात्रबृत्तिको थालनी गरिने छ ।
- तथ्यांकका आधारमा सघनरुपमा साक्षरता अभियान कार्यक्रमलाई जिल्ला शिक्षा कार्यालय मार्फत निरन्तरता दिइने छ ।
- प्राथमिक विद्यालयहरूको कक्षा १ मा बालमैत्री कक्षा व्यवस्थापन गरिने छ ।
- माध्यमिक विद्यालय र उच्च माध्यमिक विद्यालयहरूमा तल्लो तहदेखि अंग्रेजी माध्यमद्वारा कक्षा संचालन गर्न प्रोत्साहन गरिने छ ।

### (ख)स्वास्थ्य

**रणनीतिहरू**

- ग्रामीण क्षेत्रमा स्वास्थ्यबारेको चेतना अभिवृद्धि गर्ने ।
- स्वास्थ्य क्षेत्रमा मानव संसाधनको विकास क्रमिक रूपमा गर्दै जाने

- स्वास्थ्य क्षेत्रमा विद्यमान भौतिक संरचनाहरूको पूर्ण रूपमा उपयोग गर्ने ।
- विद्यमान स्वास्थ्य संस्थाहरूलाई क्रमिक रुपमा स्तरोन्नति गर्ने ।
- स्वास्थ्य क्षेत्रका संरचनाहरूको विस्तार गर्दै जाने ।
- स्वास्थ्य संस्थाहरूको क्षमता विकास गर्ने ।
- स्वास्थ्य क्षेत्रमा सरकारी, निजी क्षेत्र र अन्तराष्ट्रिय गैरसरकारी संस्थाको सेवा समन्वयात्मक रूप जिल्लावासीलाई उपलब्ध गराउने ।
- विद्यमान प्रसूति केन्द्रको संख्यामा अभिवृद्धि गर्ने ।
- आयुर्वेद सेवालाई प्रभावकारी बनाउने

**कार्यनीतिहरू**

- स्वास्थ्य चौकीको भवन तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने छ ।
- संस्थामा ल्याई प्रसूति गराइने महिलाको संख्यामा क्रमिक रुपले वृद्धि गरिने छ ।
- आयुर्वेद औषधालयहरूको क्षमता अभिबृद्धि तथा औषधि एवं औजार उपकरणहरूमा स्थानीय निकायबाट सहयोग उपलब्ध गराई सर्वसुलब ढंगले स्वास्थ्य सेवा जन समक्ष पुर्याइने छ ।
- नारायणी उपक्षेत्रिय अस्पताल तथा पोखरीया अस्पताललाई सुविधा सम्पन्न बनाउन औजार उपकरणहरूमा स्थानीय निकायबाट सहयोग उपलब्ध गराइने छ ।
- क्षय रोग तथा रतन्धो, मोतिया बिन्दुलाई निर्मुल गर्न ग्रामिणस्तर मै रोग निदानका लागि शिविर मार्फत विरामी पत्ता लगाई उपचारका कार्यलाई निरन्तरता दिइने छ ।
- डेंगु जस्ता अन्य किटजन्य रोगहरूलाई नियन्त्रण गर्न आवश्यकता अनुसार विशेष कार्यक्रम संचालन गरिने छ ।
- जिल्ला एड्स समन्वय समिति (DACC) को सचिवालय मार्फत HIV/AIDS विरुद्ध कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूसंग समन्वय र सहकार्य गरी जोखिम न्यूनीकरण कार्यलाई प्रभावकारी ढंगले संचालन गर्दै लगिने छ ।
- पूर्ण खोप गा.वि.स. घोषणाको लागि जिल्ला जनस्वास्थ्य कार्यालय, स्थानीय निकाय तथा गैर सरकारी संघ संस्थाको सहयोग र सहभागितामा सघन कार्यक्रम संचालन गर्ने ।

## (ग) महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### महिला विकासका रणनीतिहरु

- ❖ विकास निर्माणका प्रक्रियामा महिलाहरूको सहभागिता बढाउने ।
- ❖ राज्यबाट प्रदान गरिने सबै प्रकारका सेवा, सुविधा र अवसरहरूमा महिलाहरूको पहुँच बढाउने ।
- ❖ लैङ्गिक बजेट प्रणालीलाई जिल्ला, उपमहानगरपीलिका र गाविसस्तरसम्म प्रयोगमा ल्याउने ।
- ❖ महिला विरुद्धमा हुने गरेका अपराध,सामाजिक विभेद र विकृति एवं अन्ध विश्वास न्यूनीकरण गर्दै जाने ।

### बालबालिका

- ❖ बालमैत्री विद्यालय, स्थानीय निकाय एवं समुदायहरूको अवधारणालाई प्रवर्द्धन गर्दै बालमैत्री स्थानीय शासन प्रणालीमा जोड दिने ।
- ❖ सबै क्षेत्रका नीति, कार्यक्रम र आयोजनाहरूमा बालबालिकाका आवश्यकता र अधिकारलाई प्राथमिकता दिने ।
- ❖ **(अपाङ्ग) फरक किसिमले सक्षम**

(अपाङ्ग) फरक किसिमले सक्षम व्यक्तिहरूलाई आर्थिक रूपले सशक्त बनाई रोजगारीमा पहुँच र स्वरोजगारीको अवसर प्राप्त हुने वातावरण निर्माण गर्ने ।

### जेष्ठ नागरिक

- ❖ आर्थिक तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूमा जेष्ठ नागरिकहरूको पहुँच बढाई उनीहरूको जीवनलाई सहज तुल्याउने ।
- ❖ जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभवको अधिकतम सदुपयोग गरी उनीहरूलाई सम्मानित गर्ने ।

### सामाजिक समावेशीकरण

- ❖ सीमान्तकृत एवं विपन्न वर्गलाई विकासको समग्र प्रक्रिया र प्रतिफलमा सहभागी गराउन स्रोत साधनमा वृद्धि गर्दै जाने ।

## कार्यनीतिहरू

- ❖ **महिला**

- सामाजिक कुरीति, देह व्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष समेतको सक्रिय सहभागितामा सामाजिक जागरण अभिबृद्धि कार्यक्रम सबै सरकारी तथा गैर सरकारी संघ संस्थाहरू स्थानीय सामुदायिक संगठनहरूसंग सहकार्य एवं समन्वय गरी कार्यान्वयन गरिने छ ।
- लैङ्गिक अनुकूल शासन प्रणाली अवलम्बन गरी लैङ्गिक समतामूलक तथा समानतामा आधारित योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन र अनुगमन कार्यलाई प्रभावकारी बनाउँदै लगिने छ ।
- हिंसा पीडित, एकल महिला, जोखिममा परेका, अपाङ्ग बेसहारा महिलाहरूको अधिकार संरक्षण, प्रवर्द्धन र सामाजिक सुरक्षा एंव पुर्नस्थापनाको लागि सामाजिक सुरक्षा कोषलाई सुदृढ गरिने छ ।

**बालबालिका**

- बालमैत्री शासन प्रणालीको अवधारणा अनुरुप स्थानीय साझेदार संस्थाहरूसंगको सहकार्यमा बालविकास संरक्षण तथा बाल सहभागिताको सुनिश्चितताको लागि नमूना प्रारम्भिक बाल कक्षाहरू ((ECD) संचालन गर्ने, बालक्लबहरू गठन गरी संजाल निर्माण गर्ने, बालबालिकाहरूको नेतृत्व विकास एंव व्यवस्थापकीय क्षमता अभिबृद्धि गरी सर्वाङ्गीण विकास गरिने छ ।
- बालमैत्री स्थानीय शासन राष्टिय कार्यविधि तथा रणनीति २०६८ लाई अवलम्बन गरिने छ ।

**(अपाङ्ग) फरक किसिमले सक्षम**

- जिल्लामा अपाङ्ग क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसंग समन्वय गरी उनीहरूको जीवनस्तर सुधार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- आर्थिक रुपले कमजोर अशक्त (अपांङ्ग) व्यक्तिहरूलाई ह्विल चेयर लगायतका उपहरणहरू उपलब्ध गराइने छ ।

**जेष्ठ नागरिक**

- जेष्ठ नागरिकहरू समाजका अग्रज र अमूल्य निधिहरू भएकाले उनीहरूको बाँकी जीवनयापनलाई अझ बढी सहज र सम्मानित एवं मर्यादित बनाउन महिला विकास कार्यालयसंग समन्वय गरी सम्मान कार्यलाई निरन्तरता दिइने छ ।
- ज्येष्ठ नागरिकहरूको जीवनयापनमा सघाउ पुर्‍याउन विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी बृद्धाश्रम स्थापना गर्न पहल गरिने छ ।

**आदिवासी, जनजाति तथा उत्पीडित जाति उत्थान**

- आदिवासी, जनजाति र उपेक्षित जातिहरूको उत्थानको लागि उनीहरूको सवलीकरण गर्ने र परम्परागत सीप, दक्षता र विशेषतामा आधारित कार्यक्रम संचाल गरिने छ ।
- आदिवासी तथा जनजातिहरूको विशिष्ट पहिचान दिने सेवा, बस्तु, संस्कृति, कला आदिको संरक्षण र सम्वर्द्धन गरिने छ ।

(घ) **खानेपानी तथा सरसफाई**

**रणनीतिहरू**

- राष्ट्रिय खानेपानी मापदण्ड अनुसार खानेपानी तथा सरसफाई सेवामा जिल्लावासीको पहँच बढाउने ।
- जिल्लाका सुख्खाग्रस्त क्षेत्रहरूमा खानेपानीको वैकल्पिक स्रोत र प्रविधिहरू संचालन गर्ने ।
- आयोजना निर्माण तथा संचालनमा स्थानीय सहभागिता र स्वामित्व बढाउँदै जाने ।
- जिल्लामा खानेपानी तथा सरसफाई संरचनाहरूको निर्माणमा स्थानीय स्रोत,साधनको अधिकाधिक प्रयोग गर्ने ।
- छिटो प्रतिफल दिने र अधुरा आयोजनाहरू संचालन गर्ने ।
- शहर उन्मुख क्षेत्रहरूमा क्रमशः सार्वजनिक शौचालयको निर्माण गरिदै लगिने छ ।

**कार्यनीतिहरू**

- ❖ स्वच्छ तथा सफा खानेपानी उपलब्ध गराउनको लागि संभाव्यता अध्ययन गरी उपयुक्त देखिएका आयोजनाहरू मात्र क्रमशः कार्यान्वयन गरिने छ ।
- ❖ पर्सा जिल्लालाई सन् २०१६ सम्ममा **"खुला दिशामुक्त क्षेत्र"** बनाउनको लागि ग्रामीण क्षेत्रहरूमा पूर्ण सरसफाई सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम र एक घर एक चर्पी निर्माण गर्न प्रेरित गरिने छ ।
- ❖ सार्वजनिक शौचालयको व्यवस्थापनको लागि स्थानीय जनतासंग साझेदारी गरिने छ ।
- ❖ नगरउन्मुख क्षेत्रहरूमा पम्पिंग स्किम अन्तरगत नयाँ आयोजनाहरू संचालन गरिने छ ।
- ❖ ग्रामिण भेगमा स्यालो टुयबवेल मार्फत खानेपानीको आपूर्ति गरिने छ ।
- ❖ आर्सेनिक प्रभावित क्षेत्रहरूको पहिचान गरी गुणस्तर सुधारका कार्यक्रमहरू संचालन गरिने छ ।
- ❖ सम्पन्न खानेपानी आयोजनाहरूको समुचित मर्मत सम्भार गर्दै लगिने छ ।
- ❖ पूर्ण सरसफाईको कार्यक्रमलाई प्राथमिकताका साथ लागु गरिने छ ।

# खण्ड– ४: वन वातावरण तथा विपद व्यवस्थापनका क्षेत्रहरू

## ४.१ वन, भू-संरक्षण तथा वातावरण

### ४.१.१ परिचय

वन तथा वातावरणीय हिसावले पर्सा जिल्लाको ५७ हजार हेक्टर जमिन पर्सा बन्यजन्तु आरेक्षले ओगटेको छ भने २०१२३ हे. जमिन चितवन राष्ट्रिय निकुञ्ज अन्तरगत पर्दछ । त्यस्तै गरी ४९१४ हे. जमिन मध्यवर्ती क्षेत्रमा पर्दछ भने जिल्ला वन कार्यालयको नियन्त्रणमा मात्र १४९२३ हे. जमिन पर्दछ (५३.६% क्षेत्र) । पर्सा जिल्लामा उत्पादन वन क्षेत्र ९८२८.८ हे. रहेको छ भने जिल्लाका ४ वटा सामुदायीक वनले मात्र ७३.३६ हे. वन क्षेत्र ओगटेको छ जसबाट २४३ घरधुरी लाभान्वीत भएका छन । त्यस्तै गरी नीजी वन क्षेत्र ५१.९१४ हे. रहेकोछ जहा २४ वटा नीजी वनको रुपमा रहेका छन । वनको वैज्ञानिक हिसावले दिगो व्यवस्थापनबाट आर्थिक एवं वातावरणीय लाभ सुनिश्चित गर्नुका साथै स्थानीय स्तरमा रोजगारीको सृजना, वन पैदावारको सहज आपूर्ति, स्थानीय विकासमा टेवा तथा राजश्व आम्दानीबाट राष्ट्रिय अर्थतन्त्रमा समेत टेवा पुऱ्याउनु आवश्यक छ । यस्तै पर्सा जिल्लामा पहिचान गरिएका केही क्षेत्रहरुमा उचित जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन गरी भूक्षय, बाढी, पहिरो जस्ता समस्याहरुको समाधान गर्नुका साथै जलाधार क्षेत्रको जग्गाको उत्पादकत्व संरक्षण तथा भौतिक पुर्वाधारहरुको संरक्षण र वातावरणिय सेवा (Ecosystem services) मा सुधार ल्याउनु पर्ने आवश्यकता देखिन्छ । यसका अलवा जिल्लामा बढदो औद्योगिकिकरणबाट उत्पन्न हुन सक्ने वातावरणिय प्रदुषण तथा अन्य समसामयिक वातावरणीय समस्याहरुको समाधान तर्फ समेत बेलैमा ध्यान जानु आवश्यक छ । तसर्थ वन, भूसंरक्षण तथा वातावरण बिषयगत क्षेत्रको योजनाले विद्यमान जिल्ला वनक्षेत्र योजनाको मर्म तथा वनब्यवस्थापन, भू-तथा जलाधार संरक्षण तथा वातावरण संरक्षणका सवालहरुलाई संवोधन गर्ने प्रयास गरेकोछ । यस वन, भू-संरक्षण तथा वातावरण बिषयगत क्षेत्र योजनामा मूलरुपमा निम्न पक्षहरुलाई समेटिएकोछ ।

- वैज्ञानिक/दिगो वन व्यवस्थापन
- वातावरण तथा जलवायू परिवर्तन
- वनमा आधारित उद्यम विकास
- जलाधार क्षेत्र व्यवस्थापन
- नीतिगत सुधार, संस्थागत विकास, क्षमता विकास, लैङगिक तथा सामाजिक समावेशीकरण र सुशासन

### ४.१.२ समस्या तथा चूनौतिहरु

यस विषगत क्षेत्रको मूल समस्याको रुपमा वन व्यवस्थापन नहुनु, वनक्षेत्र घटदै जानु र वनको हैसियत बिग्रदै जानुका साथै अब्यवस्थित जलाधार र चुरे क्षेत्रमा बढ्दो भू-क्षय रहेकोछ । यस क्षेत्रको प्रमुख समस्या, त्यसको असर र मूख्य कारण निम्नानुसार प्रस्तुत गरिएकोछ ।

**तालिका नं. ४.१: वन तथा वातावरणीय क्षेत्र विकासका समस्या तथा चूनौतिहरुको विश्लेषण**

| प्रमुख समस्या | असरहरु | मुख्य कारण |
|---|---|---|
| • वन व्यवस्थापन नहुनु, वनक्षेत्र घटदै जानु र वनको हैसियत बिग्रदै जानु | • जलवायु परिवर्तनका कारणले नयाँ रोगब्याधी देखिनु | • अनियन्त्रित, अब्यवस्थित वन फडानी तथा चोरी निकासी<br>• वनक्षेत्रबाट जथाभावी सडक बिस्तार |

| प्रमुख समस्या | असरहरु | मुख्य कारण |
|---|---|---|
| • अव्यवस्थित जलाधार र बढ्दो भू-क्षय ।<br>• राष्ट्रिय निकुञ्जका जनावर र बसोवास क्षेत्रका जनता विचको द्वन्द बढनु । | • वन पैदावारको सहज आपूर्ति नहुनु<br>• जैविक विविधता घट्दै जानु<br>• जलवायु परिवर्तन<br>• कृषि उत्पादनमा कमी हुनु<br>• खडेरी बढ्नु<br>• पानीको मुहान सुक्नु<br>• वनक्षेत्रबाट उचित लाभ लिन नसकिनु (आम्दानी, रोजगारी आदि) ।<br>• निकुञ्जका जनावरबाट वालीनालीको क्षति हुनु ।<br>• जनावर र किसानको विचमा द्वन्द बढदै जानु । | • सामुहिक सम्पति संरक्षणमा चासो कम हुनु<br>• अव्यवस्थित बस्ति बढनु, खोला किनाराको संरक्षणमा ध्यान नदिनु<br>• दोहोरो नीति र नीति परिवर्तन<br>• फितलो वातावरणिय प्रभाव मूल्याँकन कार्य<br>• वनमा अनियन्त्रित/खुला चरिचरण<br>• श्रोत उपयोगमा अस्वस्थ प्रतिस्पर्धा<br>• वनक्षेत्र अतिक्रमण (वनक्षेत्रको जग्गा अन्य प्रयोजन जस्तै कृषि, पूर्वाधार विकास, सडक निर्माण आदि कामको लागि प्रयोग गरिनु)<br>• वन व्यवस्थापन कार्ययोजना अनुसार काम गर्न नसक्नु,<br>• सरकारी उदासिनता<br>• नीति कार्यान्वयन नहुनु<br>• जनसंख्या बृद्धिको कारणले वनमा चाप बढी वन विनास हुनु<br>• एकिकृत वन योजना निर्माण नहुनु<br>• वनमा डढेलो लाग्नु ।<br>• रुख सुक्नु<br>• वनश्रोत सर्वेक्षण नहुनु<br>• वनश्रोतको उचित डाटाबेश नहुनु<br>• सामुदायिक वनमा टाठाबाठाको हालीमुहाली हुनु<br>• जनचेतनाको कमी, महिला तथा लक्षित वर्गको सहभागिता अपेक्षाकृत रुपमा हुन नसक्नु<br>• वैज्ञानिक वन व्यवस्थापन गर्ने तर्फ ध्यान नजानु<br>• निकुञ्ज प्रशासन र जनता विच समन्वय नहुनु ।<br>• चुरे क्षेत्रमा अनियन्त्रीत बसोवास हुनु ।<br>• चुरे क्षेत्रबाट ढुङ्गा गिट्टी तथा वालुवाको दोहन बढदै जानु । |

### ४.१.३ संभावना तथा अवसरहरु

वन, भू-संरक्षण तथा वातावारण बिषयगत क्षेत्रसँग संवन्धित संभावना तथा अवसरहरु निम्नानुसार छन् ।

- वैज्ञानिक वन व्यवस्थापनबाट प्रशस्त मात्रामा वन पैदावार उत्पादन गर्न सकिने र वनको हैसियतमा समेत सुधार गर्न सकिने संभावना रहेको ।
- हैसियत बिग्रेको झाडीयुक्त वनक्षेत्रलाई सुधार गरीराम्रो वनक्षेत्र (रुख भएको) मा परिवर्तनगर्न सकिने ।
- वन कार्वन सञ्चिती तथा कार्वन  व्यापार (Carbon trade) बाट आम्दानी गर्न सकिने । REDD को अवधारणा लागू गर्न पूर्वतयारी कार्य भैरहेको ।
- वातावरणिय सेवा भुक्तानी प्रणाली लागू गर्न सकिने संभावना रहेको ।
- सामुदायिक तथा कवुलियती वनमा डाले घाँस तथा भूई घाँसको विकास गरी पशुपालनलाई टेवा पुऱ्याउन सकिने ।

- सडक किनारा, नदी किनारामा बृक्षारोपण गरी हरियाली अभिबृद्धि गरी वातावरणीय सुधार गर्न सकिने ।
- वनमा आधारित उद्यमको विकास तथा बिस्तारबाट रोजगारी तथा आयआर्जनमा अभिबृद्धि गर्न सकिने ।
- नीजि जग्गामा कृषि-वन प्रणालीको बिस्तार तथा विकास गरी काठदाउराको आपूर्तिका साथै वातावरण संरक्षणमा टेवा पुर्‍याउन सकिने ।
- कबुलियति वनको माध्यमबाट झाडीयुक्त वनको हैसियतमा सुधार गर्नुका साथ गरिबी निवारणमा टेवा पुर्‍याउन सकिने ।
- नीजी वनको विकास गरी काठ दाउरा निकासी गर्न सकिने ।
- पर्सा जिल्ला पशुपालनको दृष्टि्कोणबाट अति नै सम्भावना बोकेको जिल्ला भएकोले घाँस रोपी सोबाट उल्लेखनीय फाइदा लिन सक्ने सम्भावना रहेको ।

## ४.२ विपद व्यवस्थापन

### ४.२.१ परिचय

पर्सा जिल्ला तराइको जिल्ला भएकोले यहाँका केही स्थानका खोलाबाट हुन सक्ने बाढी मुख्य विपदको रुपमा रहेको सुनिन्छ । त्यस वहायक संम्भावित अन्य विपदका घटनाहरु भूकम्पकिय दृष्टि्कोणबाट नेपालको अन्य स्थान जस्तै यो जिल्लाको अवस्था फरक रहेको छैन ।  जिल्लामा प्राकृतिक स्रोतसाधानको उचित ब्यवस्थापनको अभाव, अवैज्ञानिक भू-उपयोग, असुरक्षित पूर्वाधार संरचना विशेष गरी भवन निर्माणको आचारसंहिता पालना नहुनाले भुकम्पको समयमा उत्पन्न हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ । त्यस्तै गरी विश्वव्यापी रुपमा भएको तापक्रम बृद्धि तथा जलवायु परिवर्तनका कारण बर्षाको प्रकृति र मात्रामा परिवर्तन आए संगै त्यसबाट हुन सक्ने क्षतिको समयमा नै आँकलन गरी योजनाबद्ध किसिमबाट अगाडि बढनु पर्ने आवश्यकता देखिएको छ ।

जलप्रवाहको कारणले हुने प्रकोपहरु जस्तै बाढी, नदी कटान, नदी तथा खोलाको धार परिवर्नन जस्ता प्रकोपहरुलाई जल उत्पन्न प्रकोपको रुपमा लिइएको छ । प्रकोप न्यूनीकरण गर्ने, प्रकोपको समयमा प्रभावकारी प्रतिकार्यको लागि यथेष्ट पूर्वतयारी तथा प्रकोप पश्चात पुनःस्थापना कार्यलाई प्रभावकारी बनाई धनजनको क्षति न्यूनिकरण तथा सुरक्षा गर्न जिल्ला विकासका सरोकारवालाबाट विकास कार्यलाई दीगो र सुरक्षित वनाउन प्रकोप व्यवस्थापनलाई साझा सवाल तथा रणनीतिको रुपमा लिइएको छ र सो अनुसारको विपद व्यवस्थापन योजना तयार गरिएको छ । प्रकोप रोकथाम तथा न्यूनिकरण, प्रकोप जोखिम मूलप्रवाहीकरण, नीतिगत तथा संस्थागत विकास, प्रकोप पूर्वतयारी र प्रभावकारी प्रतिकार्यका माध्यमबाट आगामी दिनमा जिल्लामा उत्पन्न हुने प्रकोप जोखिम न्यूनिकरण गर्ने कार्यलाई थप प्रभावकारी बनाउन प्रकोप व्यवस्थापन विषयगत क्षेत्र योजना तर्जुमा गरिएको हो ।

### ४.२.२ अद्यावधिक स्थिति

पर्सा जिल्लामा बिक्रम संवत २०२३ साल देखि २०७० सालसम्मका बिपदका घटनालाई हेर्दा  जिल्लामा सबैभन्दा बढी आगलागि ( पटक), बाडी ( पटक), डुवान, शितलहर, महामारी, खडेरी, र चट्याङबाट सृजित बिपदहरु बढी देखिन्छन । (बिपद पूर्वतयारी तथा प्रतिकार्य योजना, पर्सा ) । आगलागि, डुवान र शितलहर नै प्रमुख बिपदहरु रहेको तथ्य यसबाट देखिन्छ । समुदायलाई त्यस गाविसमा विगत ५० वर्ष देखि कुन कुन विपदका घटनाहरु घटे र त्यसले कहाँ कति क्षति गरयो भनी सोधिएको आधारमा मुख्य मुख्य विपदका घटनाहरु मात्र यसमा राखिएको छ जसमा बिपदका घटना, बिपदका घटना भएको स्थान तथा त्यसबाट परेको असर निम्न तालिकामा प्रस्तुत गरिएकोछ ।

तालिका नं.४.२: जिल्लामा विभिन्न बर्षमा घटेका विपदका घटनाहरुको विवरण

| क्र.सं. | वर्ष | प्रकोप | गाविस/स्थान | वडा नं | टोल | क्षतिको विवरण (मृत्यु, घाइते, क्षति ग्रस्त घर, बालीनाली, प्रभावित परिवार, विस्थापित परिवार, क्षति भएको भौतिक सम्पत्ति रु. क्षतिग्रस्त खेतीयोग्य भूमि अन्य सामाजिक प्रभाव) |
|---|---|---|---|---|---|---|
| १ | २०२३ | आगलागी | लिपनीविर्ता | ६ | परवानीपुर | ४० घर नष्ट, ६ लाख वरावर क्षती |
| २ | २०२३ | खडेरी | लिपनीविर्ता | लिपनीविर्ता | | ३०० विघा धान वालीलाई असर, ४० घर प्रभावीत, १ लाख क्षती |
| ३ | २०३६ | आगलागी | वस्डिल्वा | १ | बस्डिल्वा | ५० घर जलेर नष्ट, परेवा, हाँस मरेका, लगभग ५० लाख नोक्सान |
| ४ | २०२७ | बाढी | वस्डिल्वा | ५,६,७,८ र ९ | मुसैवी, बस्डिल्वा | १०० घर र ५० विगाह खेती जमिन नष्ट, लगभग २ करोड हानी |
| ५ | २०२८ | बाढी | वस्डिल्वा | १,२,३,४,५ र ६ | मुसैवी, बस्डिल्वा | १० घर, ५० विगाह नोक्सान, लगभग १ करोड हानी |
| ६ | २०४६ | डुवान | खवाल्टोला सिर्सिया | १ देखि ९ | | १०० विगाह खेतबारी नष्ट, गाई गोरु र बाख्रा जम्मा १२५ मरेका, लगभग १ करोड रकमको हानी |
| ७ | २०४९ | आगलागी | खवाल्टोला सिर्सिया | ९ | मौजेटोल | ४ वटा घर र केहि भैसि मरेका |
| ८ | २०६५ | आगलागी | खवाल्टोला सिर्सिया | ९ | भसारोसा | घर २ भैसी मरेको र लगभग ३ लाख क्षती |
| ९ | २०४६ | बाढी | रामनगरी | १ देखि ९ | रामनगरी | १३ जनाको मृत्यू र २२ हेक्टर जमिनको क्षती |
| १० | २०५९ | झाडापखाला | रामनगरी | १ देखि ९ | रामनगरी | ६ वालवालिकाको मृत्यू र कैयौ प्रभावित |
| ११ | २०५९ | सर्पडंस | रामनगरी | १ देखि २ | रामनगरी | ४ जनाको मृत्यू, २ जना घाईते |
| १२ | २०६१ | बाढी | निर्मलबस्ती | ६ | आलघरे | औराया खोलाले ३ जनाको मृत्यू |
| १३ | २०६७ | चट्यांग | निर्मलबस्ती | १ | रामनगर | १ ज्नाको मृत्यू, २ गोरु मरेका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | २०५१ | महामारी | निर्मलबस्ती | ५,६ | | मृत्यू २ जना मानिसको, १० जना विरामी |
| १५ | २०४६ | बाढी | बैरीया विर्ता नौतज | १ देखि ९ | | ६ जनाको मृत्यू, २५० हेक्टर जमिनको क्षती, १५० घरधुरी विस्थापीत |
| १६ | २०५०, २०७० | शितलहर | सिववर्ा | १देखि ९ | संमरवारी वर्वा | ५ जनाको मृत्यू, १० प्रतिशत प्रभावित, ४० प्रतिशत वालीनालीमा नष्ट |
| १७ | २०५२ | चट्यांग | सिववर्ा | ६,७,८,९ | संमरवारी वर्वा | १ जनाको मृत्यू, ६ पशु मरेका |
| १८ | २०४२ | बाढी | भिखमपुर | १ देखि ९ | | ५ घाईते, ५०० घरक्षती ग्रस्त, १०० विघा बाली नाली नष्ट, प्रभावीत परिवार ५००, विस्थापीत परिवार २००, ५० लाख संपती क्षती |
| १९ | २०५९ | शितलहर | भिखमपुर | १ देखि ९ | | १२ जनाको मृत्यू, १४ प्रभावित, ५ घाईते |
| २० | २०५४ | शितलहर | विजवानीया | १ देखि ९ | | ५ जनाको मृत्यू, ५ प्रभावित परिवार |
| २१ | २०३९ | महामारी | विजवानीया | १ देखि ९ | | ११ जनाको मृत्यू, १० प्रभावित परिवार |
| २२ | २०४६ | आगलागी | लहावरथकारी | ४ | | ६ जनाको मृत्यू, १५ घर जलेका, ५० लाख क्षती |
| २३ | २०२१ | आगलागी | सेढवा | १ देखि ६ | | ८०० घरधुरी जलेको, लत्ताकपडा, अन्न पात केहि नरहेको, १० करोडको क्षती, १० गाई वाखा मरेका |
| २४ | २०६१ | महामारी | चोर्नी | ६ देखि ९ | वरासवा, रामवन | १३ वालवालिकाको मृत्यू, २५ प्रतिशत वालक विरामी |
| २५ | २०६१ | सर्पडंस | चोर्नी | ९ | रामवन | ३ जनाको मृत्यू |
| २६ | २०६५ | हुरीवतास | लंगडी | १ देखि ९ | बखटी, लंगडी | ५० जना घाईत, ५० घर क्षती ग्रस्त, ३०० परिवार प्रभावीत भएको, १२ लाख क्षती भएको |
| २७ | २०४२ | बाढी | शंकरसरैया | १,२,३ | हरैया | १६ घर विस्थापीत, १२ विघा वालीनाली नष्ट, ३ पुल क्षती, ४ सडक र १ विद्यालय क्षती भएको |
| २८ | २०४२ | डुवान | गादी | | मकवानी टोल, धर्म वस्ती, चाफी | ९९ घर डुवानमा, पुलहरु पुरिएको, धान खेत डुवानमा |
| २९ | २०५८ | जनावर आतंक | गादी | ७ | धर्म वस्ती, चाफी, थरगट्टी | हात्तीका कारण २ जनाको मृत्यू, ३ जना भालुले गर्दा घाईते, खेतीवाली नष्ट |
| ३० | २०५० | असिना | प्रसोनी माथा | १ देखि ९ | सवै टोल | ७५० विघाको बाली नष्ट, ५०० घर प्रभावीत, ७० लाखको क्षती |
| ३१ | २०५५ | महामारी | गोविन्दपुर | १ देखि ९ | | ७ मृत्यू, ७ लाखको क्षती |
| ३२ | २०४२ | महामारी | घोडदौडा | १ देखि ९ | | मृत्यू १० जना मानिसको, २ जना विरामी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | पिपरा | | | |
| ३३ | २०४६ | चट्यांग | धोवीनी | ८ | जगरनाथपुर | मृत्यू २ थान भैसी र १ जनाको भएको |
| ३४ | २०४६ | बाढी | विश्रामपुर | १ देखि ९ | | मृत्यू २ जना र २३ विघा जमिन नष्ट |
| ३५ | २०४६ | बाढी | मुडली | १ देखि ९ | मुडली, रवीदास, सिक्टानदीको तीर | मृत्यू २ जना, ३० भैसी गाई मरेका, धान खेत र ३० घर वगाएको |
| ३६ | २०६२ | असिना | जानकी टोला | सबै | | हिउदे वाली गहुँ मकै दलहन बालीमा ठूलो क्षती |
| ३७ | २०४२ | महामारी | महादेवपट्टी | सबै | | मृत्यू १० जना |
| ३८ | २०५६ | हरीवतास | श्रीसिया नौतज | सबै | | ग्रस्त घर १०, २५ घर परिवार विस्थापीत |
| ३९ | २०५२ | महामारी | अलौं | सबै | | मृत्यू ९ जना |
| ४० | २०४५ | हरीवतास | हरिहरपुर | सबै | | मृत्यू १०, १२५ घर ग्रस्त, ३५० विघा वाली नष्ट, ६० लाख क्षती |
| ४१ | २०६६ | खडेरी | हरिहरपुर विर्ता | सबै | | लगभग १ करोडको वाली नोक्सान |
| ४२ | २०६६ | बाढी | ठोरी | ७ र १ | ठोरी वजार | पुल १, प्रवेश द्वार क्षती, मृत्यू १ ज्नाको, ४५ घर विस्थापीत |
| ४३ | २०६५ | जनावर आतंक | जीतपुर | ९ | सहजानपुर | बाघबाट ७ जना घाईते, २० वटा बाखा, गाइ, गोरु मरेका |
| ४४ | २०६० | शितलहर | मसिहानी | सबै | | मृत्यू ७ जना |
| ४५ | २०३६ | आगलागी | सुवर्णपुर | २ | क्षेत्रीलाइन, कमलपुर | जलेका घर ७, अन्नवाली ७८ मुरी ढडेको, ५ लाखको क्षती |
| ४६ | २०५२ | आगलागी | हरपतगञ्ज | ३ | | घर २, गाई १ जलेका र ७० हजार नोक्सान |
| ४७ | २०४८ | पहिरो | पोखरीया | सबै | | बालीनाली विगारेको, १०० विघा जमिन नष्ट, १८ लाखको क्षती |
| ४८ | २०५५ | डुवान | भिस्वा | ८ | | मृत्यू ३ जनाको |
| ४९ | २०३७ | महामारी | सखुवा प्रसौनी | वडा नं. २ र ३ | | विरामी ९९ जना, १ को मृत्यू |
| ५० | २०४९ | शितलहर | जगरनाथपुर | सबै | | मृत्यू २, १ घाईते र प्रभावीत परिवार ३ |
| ५१ | २०५० | आगलागी | उदयपुरघुर्मी | ७ | गदहिया टोल | १ वच्चाको मृत्यू, ५ लाखको घन कपडा र चौपायाको क्षती |
| ५२ | २०६३ | महामारी | वागेश्वरी त्रित्रौना | ८,९ | रघुनाथ पुर | मृत्यू २, प्रभावीत परिवार २८ |
| ५३ | २०५३ | आगलागी | सुजर्हा | ३ | सुजर्हा | १ के मृत्यू, २ पशुको मृत्यू, रु १ लख ५० हजार को खेती क्षती |
| ५४ | २०२१ | महामारी ( हेजा) | अम्मरपट्टी | १ देखि ९ | | १०० जनाको मृत्यू, घाईते २००, प्रभावित परिवार ५०० |
| ५५ | २०४६ | महामारी | सुगौली विर्ता | १ देखि ९ | | ३१ जनाको मृत्यू |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५६ | २०४६ | महामारी | पचरुखि | ९ | हरादिया | ५ जनाको मृत्यू |
| ५७ | २०४२ | बाढी | निचुटा | १ देखि ९ | | ५ जनाको मृत्यू, प्रभावित परिवार २५०, ९२ विस्थापित, ५०० विघा जमिन नष्ट, भौतिक क्षती ८० लाख वरावरको |
| ५८ | हरेक वर्ष | डुवान | तुल्सीवर्वा | १ देखि ९ | | लगभग २०० विघाको वाली नोक्सान |
| ५९ | २०६९ | जनावर आतंक | सोनवर्षा | ७,८,९ | राम मौरी, भाढा, रामपुर | लगभग १५ विघाको वाली नोक्सान |
| ६० | २०६२ | हुरी वतास | वहुअरी | १ देखि ९ | | घरको छाना उडाएको, ३०० रुख डलेको |
| ६१ | २०५१ | शितलहर | महुवन | | | ३ जनाको मृत्यू |
| ६२ | २०४४ | असिना | विरन्चीवर्वा | १ देखि ९ | | १ करोड वरावरको वालीनालीमा क्षती |
| ६३ | २०३९ | कृषिवालीमा रोग | फौवागुठी | १ देखि ९ | | लगभग २० विघाको ५ लाख वरावरको वाली नोक्सान |
| ६४ | २०४५ | भूकम्प | भौराटार | १ देखि ९ | | घाईते ७०, प्रभावित परिवार ५०, क्षती ग्रस्त घर ५, रकम १० लाख |
| ६५ | २०४५ | बाढी | विरगञ्ज | १ देखि ९ | वजरंग टोल | १५० घर डुवानमा परेको र ५ किमि सडक वगाएको |
| ६६ | २०६१ | शितलहर | विरगञ्ज | १ देखि ९ | नगरवा र ईनरवा टोल | ४ जनाको मृत्यू, १० चौपाया मरेका, तरकाली वाली नष्ट |
| ६७ | २०४५ | चट्यांग | मिर्जापुर | १ देखि ९ | | ३ जनाको मृत्यू, ५ चौपाया मरेका |
| ६८ | २०५३ | महामारी | विन्दवासीनी | ६, ९ | | ११५ जनाको मृत्यू, १२० विरामी, प्रभावित ५०० जना |
| ६९ | २०३१ | हुरीवतास | रामगढवा | १ देखि ९ | | ४० घर ध्वस्त, २० लाख वरावरको क्षती |
| ७० | २०४८ | कृषिवालीमा रोग | भवानीपुर | १ देखि ९ | | धानवालीमा रोग लागेको ५ लाख वरावरको क्षती |

स्रोत जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना, पर्सा २०७०

### ४.२.३ विपदको कारण र असरहरुको विश्लेषण

विपदको कारण र असर विश्लेषणकोलागि समस्या वृक्ष विधिको माध्यमबाट कारण र असर छुटयाउन लगाइएको थियो। यस विश्लेषणमा प्रकोप स्तरिकरण गर्दा पहिलो, दोश्रो गरी क्रमश ८ वटा प्रकोपबाट उत्पन्न विपदको कारण र असर उल्लेख गरिएको छ। सवै गाविसबाट आएको सूचनालाई आधार मानेर विपदको कारण र असर विश्लेषण गरिएको छ, जुन यसप्रकार रहेको छ।

**तालिका नं. ४.३: जिल्लामा घटने विपदहरुको कारण र असरहरुको विश्लेषण**

| क्र. सं. | विपदको किसिम | प्रकोपको कारण | जलवायू परिवर्तनको अवस्था | प्रभाव | समाधानका सम्भावित उपायहरु |
|---|---|---|---|---|---|
| १ | भूकम्प | भूकम्प प्रतिरोधि भवन नहुनु, भूक्षय हुनु<br>धरातलिय चाप<br>प्राकृतीक | पानीको वहावमा असर | धनजनको क्षती<br>जमिन तथा बालीनालीको नोक्सान गर्दछ, घरबार विहीन वनाउँदछ | १. भूकम्प प्रतिरोधि भवन वनाउने<br>२. सचेतना तथा तालीम दिने<br>३. भूकम्प नाप्ने साधन चाहिने<br>४. घरबाट निस्की खुल्ला ठाँउमा जाने |
| २ | बाढी | जनसंख्या वृद्धि<br>जंगल फडानी<br>मुषलधारे वर्षा भएकोले | बढ्दै गएको, अनीयमित बर्षा<br>बढ्दो | पानीको मुहान पुर्ने, बाटो अवरोध जिवन यापन गर्न गाह्रो हुन्छ,<br>जमिन तथा बालीनालीको नोक्सान गर्दछ, घरबार विहीन वनाउँदछ | १. वृक्षारोपण गर्ने<br>२. बाँध तथा तत्वन्ध लगाउनु पर्ने<br>३. पौडी खेल्न सिक्ने |
| ३ | खडेरी | बर्षा नहुनु<br>सिंचाईको व्यवस्था नहुनु<br>वन विनासले | मौषम अनुकुल बर्षा नहुनु<br>पानीको मुहान सुक्ने | जमिन सुख्खा भई आगोलागीको सम्भावना बढ्ने, खेती विग्रने गरिवी | १. सिंचाईको व्यवस्था गर्ने<br>२. मुल, धारा, ईनारबाट पानीको व्यवस्था गर्ने<br>३. वृक्षारोपण गर्ने |
| ४ | महामारी | प्रदुषण<br>दुषित खाना खानु<br>लामखुट्टे, झिङ्गाले टोक्नाले | बातावरण प्रदुषण | झाडा पखाला, डेङ्गु, कालाज्वर, हैजा जस्ता रोग फैलिने मानिस तथा जनावरको मृत्यू हुने, गरिव हुनु | १. खानेपानीको मुहान तथा वातावरण सफा राख्ने<br>२. दुषित पानी नपिउने<br>३. पानी निर्वलिकरण गर्ने<br>४. औषधि तथा डाक्टरको व्यवस्था मिलाउने |
| ५ | हुरीबतास | बायूमण्डलीय चक्र<br>तापक्रम बढ्नाले | वातावरण विनास, रुख ढल्ने गर्मी बढ्नु | घरहरुको छाना उडाउने<br>भौतीक संरचना विग्रीनु<br>वोटविरुवा र मानिसको क्षती गराउँछ<br>साना साना विरुवा भाचीएर बढ्न नसक्नु | १. वृक्षारोपण गरि हावा रोक्ने<br>२. पक्कि घरको निर्माण गर्ने |
| ६ | आगलागी | ज्वलनशिल पदार्थको जथाभावी प्रयोग गर्नाले<br>वनजंगलमा ढडेलो लगाउनाले | पशुपंक्षीको विनास र वातावरणीय ओजोन तहको विनास<br>तापक्रम वढ्नु | धनजन तथा मानवीय क्षती पशुपंक्षी विनास, विरुवाको उत्पादन कमी | १. वनजंगलमा आगोलागी रोक्ने<br>२. पानी, हरियो विरुवा बढी प्रयोग गर्ने<br>३. चनाखो भई आगो बाल्ने<br>४. सलाई लाईटर वच्चाबाट टाढा राख्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | असिना | वायूमण्डलीय चक्र विग्रनुले<br>मौषम परिवर्तनले | बेमौसमी बर्षा<br>बर्षा हुनु र हावामा चिसो बढी भएर | घरको छाना विग्रने<br>फलफूल तथा बाली नष्ट हुने | १. बायूमण्डलीय चक्र सन्तुलनमा राख्ने<br>२. समय बमोजीमको खेती गर्ने<br>३. असिनाबाट नविग्रने खेती गर्ने |
| ८ | शीतलहर | मरुभूमीमा हावा चल्नाले<br>पानी नपर्नाले | बढी हावा चल्ने<br>कुहिरो तथा हुस्सु लाग्ने<br>चिसो बढी भएर | मृत्यू, नष्ट<br>मानिस, पशु, खेती बाली र वनस्पती प्रभावीत हुने | १. तातो न्यानो कपडा लगाउने<br>२. वृद्ध तथा वाल वालीकाको बढी हेरचाह र तातो खाने कुरा दिने<br>३. दाउराको व्यवस्था गर्ने<br>४. विरुवामा औषधी राख्ने |

स्रोत जिल्ला विपद पूर्बतयारी तथा प्रतिकार्य योजना, पर्सा २०७०

## ४.२.४ जिल्लामा उपलब्ध श्रोत तथा क्षमताको विश्लेषण

जिल्लाका विभिन्न स्थानमा १०३ भन्दा बढि सामुदायिक भवनहरु, ९८ वटा स्वास्थ्य संस्था, ५८३ विद्यालय भवन तथा ५९ मदरसा रहेका छन् । त्यस्तै २६ भन्दा बढि शार्वजनिक शौचालय, ४ लाईफ ज्याकेट, ४ वटा एम्वुलेन्स विपद जोखिम ब्यवस्थापनका लागि जगेडा राखिएको छ । त्यस्तै सुरक्षीत स्थानमा २० ठाउँ भन्दा बढी हुन सक्ने सम्भावना छ । यहाँ १८० वटा पुल रहेका छन् । मानविय श्रोतको रुपमा जिल्लाका १३ जनाले आधारभूत खोज तथा उद्धार तालिम तथा ८४ जनाले विपद प्रतिकार्यसम्बन्धी तालिम प्राप्त गरेका र १०२ जना पौडीवाज रहेका छन् । त्यस्तै ३३३ जना स्वास्थ्यकर्मि, ७३८ जना महिला स्वास्थ्य स्वयमसेविका तथा ४६१ जना तालिम प्राप्त स्वयं सेवक हुनुको साथै १०१ जना कृषि तथा पशु कार्यकर्ता रहेका छन् । जिल्लामा २११४ भन्दा बढि शिक्षकहरु, १५१६ कर्मचारी लगायत सिकर्मी ३६६५ भन्दा बढि तथा डकर्मी २४१२ भन्दा बढि रहेको विपद जोखिम अध्ययनले देखाएको छ ।

१००० बढि परिवार ब्यापार ब्यवसायमा संलग्न भै आर्थिक रुपमा आत्मनिर्भर छन् । त्यस्मा ६५७ भन्दा बढि बचत समुह तथा करिव ४३ बैंक तथा वित्तिय संस्थाले जिल्लाका विभिन्न स्थानमा सेवा प्रदान गर्दै आएका छन् । जिल्लाका ३ गाविसमा विपद जोखिम ब्यवस्थापन कोषको ब्यवस्था गरिएको छ । प्राकृतिक श्रोतको रुपमा जिल्लामा धाराहरु १३,७१५ वटा रहेका छन् जसमा २४५४ भन्दा बढि सार्वजनीक धारा, प्राकृतिक धारामा १२४१ मुल र ७५८ कुवा, ७७,३९२ पम्प वा कल, १२५ नदिनाला, ताल तथा पोखरी रहेका छन् । १०२ वटा पाटी पौवा र ३८९ गोटा मठ मन्दिर रहेका छन् । ब्यापार ब्यवसायमा संलग्न ९६२ जना, उद्योग कल कारखानामा कार्यरत १८१ जना तथा १६५५ जनाले विभिन्न संघसंस्थामा रोजगारीको रुपमा रहेका छन् ।

यसरी जिल्लाको वहुप्रकोपीय जोखिमको लेखाजोखा गर्ने प्रयास समेत भएको देखिन्छ । पर्सा जिल्लाको बिपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भएको छ भने जलवायू परिर्वन सम्बन्धी स्थानीय अनुकुलन योजना तयारी गर्ने प्रयास समेत यसै योजनाबाट शुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, जिविस, नेपाल रेडक्रस, शसस्त्र प्रहरी वल, नेपाल प्रहरी, नेपाली सेना, विकास साझेदार संस्था तथा गैससहरु प्रकोप व्यवस्थापन सम्बन्धी कार्य संचालनमा प्रत्यक्ष सहभागी भई प्रकोप न्यूनीकरण तथा क्षति न्यूनीकरण योजना, क्षमता र संस्थागत विकास, उद्धार तथा राहतका कार्यक्रममा सहयोग गरिरहेका छन् । प्रकोपको प्रभावकारी

प्रतिकार्यको व्यवस्था मिलाउन पर्सा जिल्लामा विपद पूर्वतयारी योजना तर्जुमा गरिएको छ । यसै बमोजिम राहत तथा उद्धार कार्यमा एकद्धार नीति तथा विषयगत अवधारणा अनुसार कार्यक्रम संचालन गर्ने प्रयास गरिएको छ। पर्सा जिल्लाको बिपद पूर्वतायरी तया प्रतिकार्य योजना तथा बिभिन्न निकायहरुले गरेका प्रयासहरु बिपद न्युनिकरण, रोकथाम तथा जनचेतना अभिबृद्धि भन्दा बिपद पश्चात गरिने कृयाकलापहरु जस्तै उद्धार तथा राहत बितरणलाई प्राथमिकता दिएको देखिन्छ ।

### ४.२.५ संभावना तथा अवसर विश्लेषण

बिपद व्यवस्थापन बिषयक्षेत्रसँग संवन्धित संभावना तथा अवसर निम्नानुसार छन् ।

- बिपदको समयमा उद्दारको लागि सुरक्षा निकाय परिचालन गर्न सकिने ।
- रेडक्रस जस्ता संस्थाहरुले बिपद क्षेत्रमा काम गरिरहेका ।
- बिपद ब्यवस्थापनको लागि विकास साझेदार (युनिसेफ) हरुको सहयोग (आर्थिक स्रोत) परिचालन गर्न सकिने ।
- सुरक्षित आवास निर्माण, जनचेतना अभिबृद्धि तथा पूर्व तयारीबाट बिपदबाट हुने क्षति न्युनिकरण गर्न सकिने ।
- बिपद संवन्धी जनचेतना तथा प्रविधि हस्तान्तरणको लागि सुरक्षा निकाय र स्थानीय गैससलाई परिचालन गर्न सकिने ।
- जलवायु परिवर्तनबाट सृजित बिपदको न्युनिकरण तथा अनुकुलन कार्यक्रमहरुमा बिभिन्न दातृ निकायहरुको बढ्दो चासो देखिएकोले थप स्रोत परिचालन गर्न सकिने (

बिपद व्यवस्थापनसँग संवन्धित बिभिन्न नीतिहरुले बिपद व्यवस्थापन गर्नमा थप संभावनाहरु प्रदान गरेका छन । बिपद व्यवस्थापनसँग संवन्धित बिषयहरु तथा ती सँग संवन्धित मौजुदा नीतिहरु निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४: विपद ब्यवस्थापनमा पर्सा जिल्लामा देखिएका संभावना र अवसरहरुको विश्लेषण**

| प्रमुख संभावना र अवसरहरु | श्रोत, साधन तथा आधारहरु |
|---|---|
| प्रकोप जोखिम न्यूनीकरण तथा व्यवस्थापन | • केन्द्रिय दैवी प्रकोप उद्धार कोष<br>• दैवी प्रकोप ऐन २०३९<br>• जल उत्पन्न प्रकोप व्यवस्थापन समिति नीति २०६२<br>• स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली<br>• जिल्लास्तर प्रकोप पूर्व तयारी योजना<br>• प्रकोप व्यवस्थापन नीति तथा कार्यक्रम<br>• उद्धार र राहत कार्यमा एकद्धार ताथ विषयगत अवधारणा<br>• स्थानीय स्तर (खासगरी सामुदायिक वनमा) जलवायु परिवर्तनबाट सृजित बिपदहरुको अनुकुलन योजना तयारी |
| सुरक्षित निर्माण तथा वातावरण संरक्षण | • वातावरण संरक्षण नीति, ऐन तथा नियम तथा निर्देशिका<br>• भवन निर्माण आचारसंहिता<br>• स्थानीय पूर्वाधार नीति<br>• सामाजिक परिचालन कार्यक्रम मार्फत जनचेतना अभिबृद्धि |
| जलाधार व्यवस्थापन तथा भू-संरक्षण | • भू-संरक्षण कार्यालय<br>• जलाधार व्यवस्थापन तथा भू-संरक्षण कार्यक्रम<br>• जिल्ला वन क्षेत्र  योजना (२० बर्षे रणनीतिक योजना) |

| प्रमुख संभावना र अवसरहरु | श्रोत, साधन तथा आधारहरु |
|---|---|
| | • गैसस तथा सामुदायिक विकास संस्थाहरुको उपस्थिति |

## ४.२.६ वन वातावरण तथा विपद क्षेत्रको तर्कबद्ध योजना खाँका

वन, वातावरपर्सा जिल्लाको

**तालिका नं. ४.५: विषयगत क्षेत्र योजना सोंच तालिका**

| योजनाको सारांश | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | पुष्टयांईको आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बिषयगत उद्देश्य: वन तथा दिगो वातावरणीय व्यवस्थापनबाट भू तथा जलाधारको उचित व्यवस्थापन भई प्रकोप न्यूनिकरण हुनुका साथै व्यवस्थापन भएको हुनेछ। | कुल वन क्षेत्रफल | हे. | ७७१२३ | १० | १० | १० | १५ | १० | ७७१७८ | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | वनबाट हुने राजश्व | रु हजारमा | २६००.२४ ५४३ | ५०० | ७०० | १००० | ८०० | | ५६००.२ ४५ | | |
| | वनमा आधारीत उद्योग | संख्या | १६५ | ५ | ६ | ८ | १० | १० | २०४ | | |
| | वनजन्य पदार्थमा आधारीत उद्यमी | संख्या | ५ | २ | २ | ४ | ५ | ५ | २३ | | |
| | वन जन्य उद्योगबाट हुने रोजगारी | जना | १५०० | १०० | १५० | २०० | २२५ | ३०० | २४७५ | | |
| | जलाधार संरक्षण | कि.मि. | | | | | | | ० | | |
| | प्रकोपबाट हुने मानविय मृत्यु | जना | २० | १६ | १३ | १० | ६ | ४ | ६९ | | |
| | प्रकोपबाट हुने घाइते | जना | १०० | ८० | ६० | ४० | २० | १० | ३१० | | |
| | प्रकोपबाट हुने क्षति | रु हजारमा | ५००० | ४००० | ३००० | २००० | १५०० | १००० | १६५०० | | |
| | प्रकोपबाट संरचना क्षति | गोटा | ३०० | २५० | २०० | १५० | १०० | ५० | १०५० | | |
| | प्रकोपबाट प्रभावित घरधुरी | संख्या | ६००० | ५००० | ४०० ० | ३००० | २००० | १००० | २१००० | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईको आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. वनको क्षेत्रफलमा विस्तार भएको हुनेछ। | सामुदायीक वन | हे. | ७.५४ | ८ | ८.७५ | ९.२५ | ९.७५ | १० | १० | ⌖ जिल्ला वन कार्यालयमा रहेको अभिलेख।<br>⌖ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयमा रहेको अभिलेख। | |
| | साझेदारी वन | हे. | ७४२७ | ८००० | ९००० | ९७०० | १०५०० | ११४०९ | ११४०९ | | |
| | वन क्षेत्रमा हुने बृक्षारोपण | हे. | ६ | ३० | ३० | २५ | २५ | २५ | | | |
| २. वन क्षेत्रको विकासको लागि थप लगानी भई राजश्वमा बृद्धि भएको हुनेछ। | वन क्षेत्रको विकासको लागी वजेट | रु हजारमा | ७१२४ | १५००० | २०००० | २२५०० | २४००० | २५००० | | ⌖ जिल्ला वन कार्यालयमा रहेको अभिलेख।<br>⌖ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयमा रहेको अभिलेख। | |
| | वनबाट प्राप्त हुने राजश्व | रु हजारमा | २६०० | ५०० | ७०० | ९०० | १००० | १५०० | | | |
| ३. वनमा आधारित उद्यम विकासबाट रोजगारी वृद्धि हुने। | वन क्षेत्रको विकासको लागी वजेट | रु हजारमा | ७१२४ | १५००० | २०००० | २२५०० | २४००० | २५००० | | ⌖ जिल्ला वन कार्यालयमा रहेको अभिलेख।<br>⌖ जिल्ला घरेलु तथा साना उद्योग कार्यालयमा रहेको अभिलेख। | |
| | वनबाट प्राप्त हुने राजश्व | रु हजारमा | २६०० | ५०० | ७०० | ९०० | १००० | १५०० | | | |
| ४. वनको दिगो विकास र सदुपयोग गरि वन पैदावरको आपूर्ति ब्यवस्थापन गरिएको हुनेछ। | काठको माग | m3 | १६१२२ | १४००० | १३००० | १२००० | ११००० | १०००० | | ⌖ जिल्ला वन कार्यालयका अभिलेखहरू | |
| | काठको आपूर्ति | m3 | ६७५ | ७०० | ७५० | ८०० | ९०० | १००० | | | |
| | दाउराको माग | चट्टा | ३६१.६८ | ३०० | २७५ | २५० | २२५ | २०० | | | |
| | दाउराको आपूर्ति | | १३१ | १२० | ११५ | १०० | ९० | ७५ | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईको आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सार्वजनिक कृषि वन समुह | संख्या | ५४ | ६० | ६५ | ७० | ७५ | ८० | | | |
| | सार्वजनिक कृषि वन समुह मार्फत बृक्षारोपण | हे. | १७.४३ | २० | २५ | ३० | ३५ | ४० | | | |
| ५. वन क्षेत्रमा हुने चोरी तथा तथा अतिक्रमण कम भएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | ⌖ जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति,जिल्ला भूसंरक्षण कार्यालय लगायतका अभिलेखहरू | |
| | वन पैदावर तथा वन्यजन्तुहरुको चोरी सिकारी | गोटा | ५९ | ५० | ४५ | ४० | ३५ | ३० | | | |
| | वन क्षेत्रमा हुने अतिक्रमण | हे. | ३८१.५ | ३५० | ३२५ | ३०० | २७५ | २५० | | | |
| | अतिक्रमणमा संलग्न भएका परिवारको व्यवस्थापन | संख्या | १२११ | १०० | १०० | १०० | १०० | १०० | | | |
| ६. सवै सरकारी कार्यालयहरुले विपद जोखिम न्यूनिकरणलाई विकासमा मुलप्रवाहीकरण गरी विपदको जोखिममा कमी आएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | सरकारी कार्यालय | संख्या | ० | २ | ३ | ३ | ३ | ३ | | | |
| | गाविस | संख्या | ० | ५ | ७ | १० | १२ | १२ | | | |
| | खडेरीबाट प्रभावित घरधुरी | संख्या | २८६०८ | २५००० | २३००० | २०००० | १८००० | १७००० | | | |
| | खडेरीबाट हुने जमिनको जोखिम | विगाहा | ३६१०७ | ३३००० | ३१००० | ३०००० | २८००० | २५००० | | | |
| | बाढीबाट प्रभावित घरधुरी | संख्या | २४३६८ | २३००० | २१००० | २०००० | १८००० | १५००० | | | |
| | बाढीबाट जोखिममा रहेको जमिन | विगाहा | १७५७३ | १६००० | १५००० | १४००० | १३००० | १२००० | | | |
| | जोखिममा रहेका | संख्या | ४८ | ४५ | ४० | ३८ | ३६ | ३४ | | | |

| योजनाको सारांश | सूचक | पुष्टयांईको आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|
| | (तालिका क) | | |
| ७. विकास निर्माणका कार्यहरु गर्दा वातावरणिय र विपद जोखिम विश्लेषण गर्ने नितिगत व्यवस्था भइ प्रभावकारी कार्यान्वयन भएको हुनेछ | (तालिका ख) | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |

(तालिका क)

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिंचाई संरचना | | | | | | | | |
| आगलागिबाट प्रभावित घरधुरी | संख्या | १२५८८ | ११००० | १०००० | ९००० | ८००० | | |
| आगलागिबाट प्रभावित जनसंख्या | संख्या | ७८७ | ६०० | ५०० | ४५० | ४०० | ३०० | |
| जोखिममा रहेका विद्यालय भवन | संख्या | २६६ | २४० | २०० | १७५ | १५० | १३५ | |
| जोखिममा रहेका स्वास्थ्य चौकी भवन | संख्या | ८० | ७० | ६० | ५५ | ५० | ४५ | |

(तालिका ख)

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बाढी प्रभावित क्षेत्रमा तारजाली लगाएको संख्या | संख्या | ० | १ | १ | १ | १ | १ | |
| बृक्षारोपण गरिएको क्षेत्रफल | हे. | १० | २ | २ | ३ | ४ | ५ | |
| भूकम्प प्रतिरोधात्मक विद्यालय भवन | संख्या | ५०० | १० | १५ | २० | ३० | ३० | |
| सौर्य तारबार गरिएको गाविस | संख्या | ० | १ | १ | १ | १ | १ | |
| भूउपयोग योजना भएको गाविस | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | |
| भूकम्प प्रतिरोधी सरकारी भवन | संख्या | २ | ३ | ३ | ३ | ३ | ३ | |
| नयाँ पोखरी निर्माण | संख्या | ५ | १ | १ | १ | १ | १ | |
| पोखरी मर्मत | संख्या | ५ | २ | २ | २ | २ | २ | |
| आकाशे पानी संकलन | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| मुहान संरक्षण | संख्या | २ | २ | २ | २ | २ | २ | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईको आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वाली नष्ट (हिउदे ) | % | १५ | १२ | १० | ८ | ७ | ६ | | | |
| | भुकम्प जोखिमयुक्त स्वास्थ्य भवन | संख्या | ८० | २० | १५ | १५ | १५ | १० | | | |
| | झुल वितरण भएका गाविस | संख्या | ६ | २ | २ | ३ | ३ | २ | | | |
| | जंगलमा अग्नीरेखा निर्माण | वन संख्या | ० | १ | १ | १ | १ | १ | | | |
| ८. विकास निर्माणका कार्यहरु गर्दा वातावरणिय र विपद जोखिम विश्लेषण गर्ने नितिगत व्यवस्था भइ प्रभावकारी कार्यान्वयन भएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | वातावरण तथा जोखिम विश्लेषण गरिएको योजना | % | ५ | ५ | ५ | ५ | ५ | ५ | | | |
| | स्थानीय पाठ्यक्रममा विपद व्यवस्थापन बिषयलाई समावेस | % | ५ | ५ | ५ | ५ | ५ | ५ | | | |
| ९. विपद जोखिम न्यूनिकरण सम्वन्धि दक्ष जनशक्तिको विकास भएको हुनेछ | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | भूकम्प प्रतिरोधी घरको निर्माण मिस्त्री | जना | २५ | १०० | १०० | १०० | १०० | १०० | | | |
| | जलवायु अनुकुलन ज्ञान भएका कृषि प्रा. | जना | ५ | ३ | ३ | ४ | ४ | ४ | | | |
| | अर्थिङ सम्बन्धि ज्ञान भएका प्रा. | जना | १०० | २५ | २५ | २५ | २५ | २५ | | | |
| १०. विपद जोखिम व्यवस्थापन सम्वन्धि संस्थागत आधार जिल्ला तथा गाविस तहमा भएको हुनेछ | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | स्थानीय निकायमा विपद व्यवस्थापन समिति | | ० | २० | २० | १५ | १० | ३ | ६८ | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईको आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| र विपद व्यवस्थापन कोष खडा भएको हुनेछ | विपद ब्यस्थापन कोष स्थापना भएका गाविस | संख्या | ० | २० | २० | २० | ६ | | | | |
| | विपद व्यवस्थापन तालिम प्राप्त सदस्य | संख्या | ११ | १५ | २० | २० | २० | २० | | | |
| ११. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना परिमार्जन भै विपद प्रतिकार्यको लागि दक्ष जनशक्ति जिल्लामा तयार भएको हुनेछ | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | तालिम प्राप्त खोज तथा उद्धार व्यक्ति | | ० | ५ | ५ | ५ | ५ | ५ | | | |
| | तालिम प्राप्त अग्नी नियन्त्रक | | ० | २ | २ | २ | २ | २ | | | |
| | विपद सम्वन्धि तालिम दिन सक्ने व्यक्ति | | २० | ५ | ५ | ५ | ५ | ५ | | | |
| | भूकम्पबाट सूरक्षित रहने उपाय जानकारी पाएका विधालय संख्या | | ० | २० | २० | २० | २० | २० | | | |
| | मिरा सम्वन्धि तालिम प्राप्त | | ० | ५ | ५ | ५ | ५ | ५ | | | |
| | नपामा सुरक्षित स्थलहरु | | | ५ | | ५ | | ५ | | | |
| | RRT टोली | जना | ११ | ५ | ५ | ५ | ५ | ५ | | | |
| १२. विपद पूर्वतयारी तथा प्रतिकार्यकोलागि खाद्द तथा अखाद्द सामाग्रीहरुको व्यवस्था भएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | भण्डारण गृहको संख्या | गोटा | | ५ | ५ | ५ | ४ | ३ | | | |
| | सुरक्षित स्थानको तथा भवनको संख्या | गोटा | | २ | २ | २ | २ | २ | | | |
| | खाद्द भण्डारण | जना | | १००० | १००० | १५०० | १०० | ५०० | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईको आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्षमता | | | | | | | | | | |
| | औसधिको व्यवस्था | जना | | १००० | १००० | १५०० | १०० | ५०० | | | |
| | किट वक्स | गोटा | | ५० | ७५ | ८० | ९० | १०० | | | |
| १३. जिल्लामा पूर्वसूचना प्रणालीको विकास भै प्रकोपको समयमा हुने धनजनको क्षति कम भएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | पूर्वसूचना प्रणाली जडान भएको खोला, नदी र गाविस | गोटा | ० | ५ | ५ | ५ | ४ | ३ | | | |
| १४. विपद पश्चात पहिलेकै अवस्थामा वा सो भन्दा राम्रो अवस्थामा ल्याउन जिल्लाको क्षमता अभिवृध्दि भै प्रभावकारी कार्य गरेको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | ⌖ जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र जिल्ला भूसंरक्षण कार्यालयका अभिलेखहरू<br>⌖ जिल्ला दैवी प्रकोप उद्धार समितिका अभिलेखहरू | |
| | जिल्लाको विपद पश्चात रणनिति | | ० | १ | | | | | | | |
| | पुर्ननिर्माण गरिएका भौतिक संरचना | % | ० | २५ | ३० | ४० | | | | | |
| १५.विग्रेका भत्केका संरचनाहरुको पुर्ननिर्माण भई सेवा सुचारु भएको हुनेछ । | **सूचक हरु** | **ईकाई** | **०७०/०७१ को अवस्था** | **आ.व. ०७२।०७३** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| | पुर्ननिर्माण गरिएका विद्यालय | % | ० | ३० | २० | | | | | | |
| | पुर्ननिर्माण गरिएका धाराहरु | % | | ३० | २० | | | | | | |
| | पुर्ननिर्माण गरिएका खानेपानी टयांकी | % | | ३० | २० | | | | | | |
| | पुर्ननिर्माण गरिएका बिजुली संरचना | % | | ३० | २० | | | | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईको आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुर्ननिर्माण गरिएका सिंचाई कुलो | % | | ३० | २० | | | | | | |
| | पुर्ननिर्माण गरिएका बाटोको लम्वाई | % | | ३० | २० | | | | | | |
| १६. विपदबाट प्रभावितहरुको जिविकोपार्जनका वैकल्पिक उपाय सुचारु भएको हुनेछ । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | जिविकोपार्जनकोलागि तालिम प्राप्त घरधुरी | % | | ३० | २० | | | | | | |
| | पुर्नस्थापना गरिएको घरधुरी | % | | ३० | २५ | | | | | | |
| | ऋण लिने घरधुरी | % | | ३० | ३० | | | | | | |
| १७. विपद पश्चात आवश्यकता पहिचान गर्न सक्ने दक्ष जनशक्तिको विकास भएको हुनेछ | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | | | जिल्ला प्रकोप उद्धार समितिका प्रतिवेदनहरु गैसस तथा संचार माध्यमबाट तयार गरिएका प्रतिवेदनहरु | |
| | | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | Post Disaster Need Assessment (PDNA) गर्न सक्ने दक्ष जनशक्ति | जना | ० | १० | | | | | | | |
| | मनोसामाजिक परामर्शदाता | जना | ० | २५ | | | | | | | |

## क. वन विकास

## रणनीतिहरू

- वनका उपभोक्ता तथा अन्य सरोकारवालाहरूको सहभागितामा वन स्रोतको संरक्षण तथा व्यवस्थापन गर्ने ।
- विगतमा भएका जनसहभागितामूलक वन व्यवस्थापनका प्रयासहरूलाई निरन्तरता दिइने ।
- हैसियत बिग्रेको वनको पुनस्थापना गरी वन र वन्यजन्तुको पुनः संचय गरिने ।
- टाढाका उपभोक्तालाई समेत समेटेर ठूला चक्ला वनलाई साझेदारी वनको रुपमा व्यवस्थापन गरिने ।
- वन पैदावारको संकलन गर्दा वातावरणीय पक्षको मूल्याङकन गरिने ।
- वन पैदावारको माँग र आपूर्ति बीच सन्तुलन कायम राख्ने ।
- वनको दिगो व्यवस्थापनबाट प्राप्त वन पैदावारको वितरण सरल, सहज र न्यायोचित बनाइने ।
- निजी वन र सार्वजनिक क्षेत्रका वनको विकासमा जोड दिइने ।
- सुधारिएको चुल्हो, जैविक ग्याँस, ब्रिकेटजस्ता वैकल्पिक ऊर्जाका स्रोतहरूको प्रवर्द्धन गर्ने ।
- वन पैदावारमा आधारित आय आर्जन क्रियाकलाप तथा उद्यमहरूको विकास गर्ने ।
- विपन्न वर्गका लागि आय आर्जन तथा वन उद्यम कार्यक्रमहरू संचालन गरिने ।
- गैह्रकाष्ठ वन पैदावारहरूलाई आर्थिक विकासको प्रमुख आधार बनाइने ।
- दिगो वन व्यवस्थापनका लागि संस्थागत एवं मानवीय क्षमता बिकास गर्ने ।
- वन पैदावारमा आधारित जीविकोपार्जनका अवसरहरू बढाउन स्थानीय जनताको शीप एवं क्षमता विकास गरिने ।
- वन्यजन्तु चोरी शिकारी र वन पैदावार चोरी निकाशी विरुद्ध एकीकृत रणनीति अपनाइने ।
- जिल्लालाई हराभरा बनाउन तथा जलवायु परिवर्तन अनुकुलनमा सहयोग पुर्‍याउन हरियो गाउँ (Green Village) को अवधारणा अवलम्बन गरिने ।

## कार्यनीतिहरू

- वनस्रोत र सिमसार क्षेत्रको विवेकपूर्ण उपयोग र संरक्षण गर्न जनचेतना अभियान तथा तालिम संचालन गरिने छ ।
- स्थानीय जनतालाई लाभ सुनिश्चित हुने खालका वनमा आधारित पर्यटनको प्रवर्द्धन गरिने छ ।
- वन स्रोतको दिगो व्यवस्थापन गर्न जिल्ला वन कार्यालय, वनसंग सम्बद्ध गैर सरकारी संस्था र उपभोक्ता समूहको संस्थागत क्षमता विकास गरिने छ ।

- ❖ विभिन्न सरकारी एवं गैर सरकारी संस्थाद्वारा गरिने वन संबन्धी कार्यक्रमहरूको (परिपुरक र सहयोगी) योजना तर्जुमा, संचालन तथा अनुगमन कार्यमा समन्वय गर्न जिल्ला वन समन्वय समितिको क्षमता विकास गरिने छ ।
- ❖ जिल्ला वन कार्यालय मार्फत गैरकाष्ठ वन पैदावार तथा जडीबुटी उत्पादन तथा आयमूलक कार्यक्रमहरू संचालन गरिने छ ।
- ❖ हरियो गाउँको अवधारणा अनुरुप बाझो पर्ती, खेतबारीमा बृक्षारोपण गर्न र (Agroforestry) प्रवर्द्धन गर्न निशुल्क बिरुवा उपलब्ध गराइने छ र प्रोत्साहन समेत गरिने छ ।
- ❖ नेपाल सरकार, स्थानीय निकाय तथा समुदायको सहभागिता एवम् साझेदारीमा यस जिल्लामा रहेको वनलाई उपयुक्त व्यवस्थापन गरी वन पैदावरको आपूर्तिलाई सहज र सुलभ गर्दै लगिने छ ।
- ❖ शहरी वन कार्यक्रम संचालन गरिने छ ।

**ख. भूसंरक्षण**

**रणनीतिहरू**

- ⌖ उपयुक्त प्रविधिको विकास, प्रदर्शन, तालिम, गोष्ठी, प्रचारप्रसार आदिका माध्यमबाट भूसंरक्षण सम्बन्धी जनचेतना जगाउने ।
- ⌖ भूसंरक्षण कार्यक्रमलाई उत्पादनशील एवं आयमूलक बनाउने ।
- ⌖ हरित क्षेत्र (कृषि, पशु विकास, वन , जलश्रोत आदि) को व्यवस्थापनका लागि स्थानीय स्तरमा समन्वयात्मक सेवा प्रदान गर्ने ।
- ⌖ भू-सूचना प्रणाली, उपलब्ध नाप नक्साहरू र तथ्यांकका आधारमा जलाधार क्षेत्रका सूचनाहरू संकलन गर्ने ।
- ⌖ राष्ट्रिय महत्व रहेका राजमार्ग पुल- पुलेसा, जलाशय, खानेपानीको मुहान श्रोत, सिंचाई आदिको पहिचान गरी प्राथमिकताका साथ संरक्षण गर्ने ।

**कार्यनीतिहरू**

- ⌖ जनसहभागिताको आधारमा कार्यक्रम संचालन गरिने छ ।
- ⌖ उपलब्ध सूचनाहरूलाई समय सापेक्ष र अद्यावधिक गर्न सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिने छ ।
- ⌖ बाढीको प्रकोप, र सुख्खा मरुभूमीकरण भएका क्षेत्रहरूको पहिचान गरी प्राथमिकता साथ संरक्षण गरिने छ ।

**ग. शहरी वातावरण विकास**

**रणनीतिहरु**

- ❖ वीरगञ्ज नगर र वरपरका शहरी क्षेत्रको एकीकृत पूर्वाधारको विकास गर्ने ।

❖ शहरी क्षेत्रमा अवस्थित महत्वपूर्ण ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलहरूको मर्मत सम्भार तथा संरक्षण गर्ने ।

**कार्यनीतिहरु**

❖ शहरी क्षेत्रका आधारभूत, भौतिक पूर्वाधारहरूमा निजी क्षेत्रको लगानी आकर्षित गरिने छ ।

❖ व्यवस्थित शहरी विकासका लागि पूर्वाधारका उपयुक्त कार्यक्रम तर्जुमा गरिने छ ।

## घ. प्रकोप व्यवस्थापन

**रणनीतिहरू**

❖ दैवी एवं प्राकृतिक प्रकोप सम्बन्धी उद्धार र राहत कार्य दातृसंस्था लगायत जिल्लाका संबद्ध निकायहरूसंग समन्वय राखेर गर्ने ।
❖ दैवी एवं प्राकृतिक प्रकोप शीर्षकमा छुट्याइएको रकम अन्य शीर्षकमा खर्च नगर्ने नीति लिने ।
❖ प्रकोपमा परेकामध्ये सवभन्दा जोखीममा परेकालाई प्राथमिकतासाथ उद्धार गर्ने र राहत सामग्री उपलब्ध गराउने ।

**कार्यनीतिहरू**

❖ प्रकोप व्यवस्थापन सम्बन्धी आपद्कालीन कार्य संचालन गर्न केन्द्रसंग सञ्जाल स्थापना गरिने छ ।
❖ जिल्लाको प्रकोप व्यवस्थापनमा स्थानीय सुरक्षा निकायको सहयोग उपलब्ध गरिने छ ।

# खण्ड - ५ भौतिक पूर्वाधार विकासका क्षेत्रहरू

## ५.१ यातायात, विद्युत, संञ्चार तथा सार्वजनिक निर्माण

### ५.१.१ परिचय

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले व्यवस्था गरे अनुरूप स्थानीयतहका साना पूर्वाधार विकासमा स्थानीय निकायहरू, जिविस र गाउँ विकास समितिको भूमिका नेतृत्वदायी रहेको छ। स्थानीय तहमा आवश्यक  पूर्वाधारहरूको निर्माण तथा मर्मत संभारमा सहजिकरण गर्न स्थानीय पूर्वाधार विकास नीति २०६१ कार्यान्वयनमा ल्याइएको छ। यसको अलावा स्थानीय स्रोत, साधन तथा श्रमशक्तिबाट सञ्चालन हुन नसक्ने तथा व्यापक प्रविधिमा आधारित ठूला आयोजनाहरूको सञ्चालन केन्द्रीयस्तरबाट हुने गरेका छन्। पर्सा जिल्लाको सन्दर्भमा धेरै बर्ष पहिला देखि नै सडक संञ्जाल तथा स्तरिकरणमा स्थानीय निकायको स्रोत साधनहरुको उल्लेखनीय मात्रामा प्रयोग हुदै आएतापनि आशातित उपलब्धी हासिल गर्न भने सकिरहेको अवस्था देखिदैन। तराइको समथर भूभाग र देशकै मुख्य बजार केन्द्र रहेको हुँदा सञ्चारको क्षेत्रमा छोटो समयमा उल्लेखनीय प्रगति गरेको देखिए पनि गुणस्तरी सेवा दिन भने अझ प्रयत्न गर्नु पर्ने देखिन्छ। बस्ती विकास र सार्वजनिक निर्माणमा पनि थप प्रयासको खाँचो देखिन्छ। जिल्लाको आजिवियो तयार भैरहेको सन्दर्भमा यीनै अवस्थालाई मध्यनजर राख्दै यातायात, विद्युत, संञ्चार तथा सार्वजनिक निर्माण विषयगत क्षेत्रको आवधिक योजना तयार गरिएको छ।

### ५.१.२. अध्यावधिक अवस्था

समथरिलो भूभाग भएतापनि जिल्लाको पश्चिमी भूभाग बर्षाको समयमा प्राय विच्छेद रहने गरेतापनि हालका दिनहरुमा जिल्लाले भौतिक पूर्वाधारको क्षेत्रमो समयमा नै उल्लेखनीय उपलब्धि हासिल गरिरहेको छ। सडक यातायात, विद्युत, सञ्चार र सामाजिक पूर्वाधारको विकासमा जिल्लाको अध्यावधिक स्थिति विश्लेषण तल प्रस्तुत  छ।

**सडकतथा हवाई यातायात**

पर्सा जिल्ला यातायातका हिसाबले निकै नै सुगम मानिन्छ जुन विरगञ्ज मुख्य बजार केन्द्र भएर पनि हो तर यहाका ग्रामीण क्षेत्रमा भने सडक संञ्जालमा स्तर उन्नति गर्नुपर्ने आवश्यकता देखिन्छ। हाल मात्र १७ कि.मि मात्र कालो पत्रे सडक रहेको छ जुन शहरी क्षेत्रमा मात्रै सिमित छ। ग्राभेल भएका जिल्लाका ग्रामीण सडकहरुको लम्बाइ ५०० कि.मि भन्दा बढी भएता पनि सबै मौसम यातायात संचालन हुन सक्ने सडक भने ३०० कि.मि. मात्र छ। यसो हुनुमा सडक संञ्जाललाई जोडने पक्की पुलको अभाव भएर नै हो। सडक संञ्जाललाई जोडने पुल ३९ वटा मात्र बनेको अवस्थामा अझै पनि थप २० भन्दा बढी पुलको आवश्यकता रहेको जिल्ला यातायात गुरुयोजनाबाट थाहा पाउन सकिन्छ। तसर्थ जिल्ला यातायात गुरुयोजना मुताविक सडक पुलहरुको निर्माण हुन सकेमा हाल १७५ कि.मि. जतिमा संचालन भइरहेको सार्वजनिक यातायातलाई थप ३०० कि.मि मा बाह्रै महिना संचालन गर्न सकिने देखिन्छ।

**पुल**

जिल्ला सदरमुकाम देखि पश्चिममा रहेका साना तिना थुप्र खोलाहरु बग्ने हुदा ती खोलाहरु हिउदमा साना तथा पानीको बहाव कम हुने हुँदा यातायातका साधनहरु आवतजावत गर्न खासै समस्या नदेखिएतापनि बर्षाको समयमा भने प्राय यातायात ठप्प नै रहने गरेको छ। जिल्लाको सवभन्दा लामो दुरी र दुर्गम जस्तै मानिने ठोरी गाविसमा भने बाह्रै महिना यातायातका साधनहरु पुऱ्याउन सकिने सम्भावना रहेता पनि अन्य थुप्रै स्थानमा पुल तथा कल्भर्टको अभावले खास गरी बर्षाको समयमा समस्या देखिएको छ। तसर्थ सडक यातायातको तिब्र मागका साथमा मोटरेबल पुलको पनि माग बढिरहेको छ जुन ग्रामीण क्षेत्रमा यातायातको आगामनमा सहजता ल्याउन अति नै जरुरी पनि छ।

**विद्युत तथा नविकरणीय उर्जा**

पर्सा जिल्लामा विद्युत सेवाको विस्तार हुदै गएता पनि ग्रामीण क्षेत्रमा भने यसको पहुँच अझ पुर्‍याउनु पर्ने आवश्यकता देखिन्छ। साथसाथै जिल्लाका अधिकांस घरपरिवारको खाना पकाउने उर्जाको स्रोतको रुपमा दाउरा रहेको हुँदा वातावरणीय दृष्टिकोणबाट यसलाई प्रतिस्थापन गरी नविकरणीय उर्जामा ध्यान दिनुपर्ने र सोतर्फ आकर्षित गर्नुपर्ने आवश्यकता देखिन्छ। जिल्लामा सौर्य उर्जाको पनि त्यतिकै सम्भावना रहेको र बायोग्यास प्रविधिलाई अभियानको रुपमा संचालन गर्न सकेमा त्यसको प्रत्यक्ष फाइदा वातावरणीय संरक्षणमा पर्ने सहजै अनुमान गर्न सकिन्छ।

**संञ्चार**

संञ्चार जगतमा संसारले नै फडको मारी सकेको अवस्था नेपालको परिप्रेक्षमा बिरगञ्ज प्रभावशाली बजारकेन्द्र भएको कारणबाट यहा संञ्चारको विकास उल्लेखनीय रुपमा भएको छ। परम्परागत  हुलाक सेवा भन्दा माथि उठ्दै पर्सा जिल्ला सञ्चारको क्षेत्रमा निकै अघि बढेको देखिन्छ। सञ्चारका अन्य माध्यमहरुमा दैनिक तथा साप्ताहिक पत्रिका र स्थानीय एफ.एम. हरु संचालनमा रहेका छन्। पत्रिका र एफएमको सेवा क्षेत्र पर्सा जिल्ला मात्र नभइ बारा, रौतहट र मकवानपुर जिल्ला समेत रहेका छन। आर्थिक, सामाजिक र भौतिक विकासको दृष्टिकोणले पर्सा जिल्ला प्रभावशाली जिल्ला भएको हुँदा छिमेकी जिल्लाहरुमा समेत यसको असर प्रत्यक्ष रुपमा परको देखिन्छ। जिल्लाका ग्रामीण क्षेत्रका बजार केन्द्र र विद्यालय जस्ता सार्वजनिक स्थलहरुमा समेत फ्याक्स, कम्प्यूटर र इन्टरनेट सेवा उपलव्ध छन। यो सेवालाई पनि व्यापक, सर्वसुलभ र गुणस्तरीय बनाउनु पर्ने आवश्यकता भने अझै देखिन्छ।

**वस्ती विकास तथा सार्वजनिक निर्माण**

पर्सा जिल्लामा सेवा सुविधाको खोजी गर्दै वालवच्चाको शिक्षा, रोजगार तथा व्यवसायको अवसर, व्यापार व्यवसाय र सुरक्षाको खोजी जस्ता कारणले पर्सा जिल्ला र छिमेकी अरु जिल्लाका ग्रामिण क्षेत्रबाट समेत बिरगञ्जका बजार केन्द्रहरुतिर बसाई सर्ने क्रम तीब्र हुदै गइरहेकोछ। सडक यातायातको विकास र विस्तार संगै व्यापारिक कृयाकलाप बढ्ने र बजारकेन्द्रहरुको स्थापना र विकास हुने क्रम पनि तिब्र छ। जिल्ला सदमुकाम बिरगञ्ज घना वस्तीको रुपमा अघि बढदै गएको परिप्रेक्षमा यसलाई थप व्यवस्थीत र योजनाबद्ध शहरको विकास गर्नुपर्ने आवश्यकता टडकारो रुपमा देखि सकिएको छ। जिल्लामा भरखरै घोषणा भएको पोखरीया नगरपालिकालाई समयमानै वस्ती विकासको योजना मार्फत विकास गर्नुपर्ने आवश्यकता देखिएको छ। यस तर्फ नगरक्षेत्रको छुट्टै आवधिक योजना तर्जुमा गरी अगाडि बढाउनुपर्ने आवश्यकता देखिन्छ।

## ५.१.३. समस्या तथा चुनौतिहरू

पूर्वाधारको क्षेत्रमा देशमा उल्लेखनीय लगानी भइरहेको परिप्रेक्षमा पर्सा जिल्लामा पनि यसको परिमाण उल्लेखनीय नै छ। साधन, प्रविधि र मानव संसाधनको  उल्लेख्यमात्रामा वृद्धि भए अनुरुप सडक यातायात, संचार तथा विद्युतको क्षेत्रमा अपेक्षाकृत उपलव्धीहरु हासिल नभएता पनि यसलाई सकारात्मक रुपमा नै लिइएको छ। यद्यपी उपलव्धीहरुलाई गुस्तरीयता र व्यपक बनाउनु पर्ने जस्ता चुनौतिहरु प्रसस्तै छन्। जिल्लाको भौतिक पूर्वाधार क्षेत्रमा देखिएका समस्याहरुलाई तालिकामा विश्लेषण गरिएको छ।

तालिका नं.५.१ : पूर्वाधार विकासका समस्या तथा सवालहरुको विश्लेषण

**सडक तथा यातायात**

| समस्या/ सवालहरु | तत्कालिन असर | अन्तरनिहित कारणहरु | मूल कारणहरु | समाधानका सम्भावित उपाय | समाधानकालागिलिनुपर्ने मुख्यमुख्य रणनीतिहरु |
|---|---|---|---|---|---|
| • वैज्ञानिक आधारमा सडक छनौट नहुनु | • काम सम्पन्न हुनढिलाई<br>• लागत बढ्ने<br>• स्रोतको दुरुपयोग हुने<br>• सडक अतिक्रमण हुने ।<br>• बजेट दुरुपयोग हुने<br>• सर्वेक्षण डिजाईन र नक्सा विना नै काम गर्नु | • जिल्ला यातायात गरुयोजनाको पालना नगर्ने प्रवृत्ति<br>• सम्बन्धीत निकायले सर्वेक्षण डिजाईनको महत्वलाई ध्यान नदिनु | • राजनितीक प्रभाव<br>• सम्बन्धित निकायको कमजोरी<br>• योजना मुताविका कार्यक्रमहरु संचालन नगर्नु | • सरोकारवालाहरु बीच व्यापक छलफल गरी छनौट गर्ने<br>• जिल्ला यातायात गुरु योजना (DTMP) अनुरुप कार्यक्रम संचालन गर्ने<br>• सर्वेक्षण डिजाईनलाई अनिवार्यता गर्ने । | • DTMPमा रहेको प्राथमिकिकरणको आधारमा मात्र संचालन गर्ने |
| • सडकको अवस्था कमजोर वा दुरावस्था | • आवागमनमा समस्या ।<br>• दुर्घटनामा बृद्धि<br>• सडक सर्वयाम संचालनमा नआउनु | • मर्मत सम्भार र रेखदेखको कमी<br>• सम्बन्धी निकायबाट समयमा काम सम्पन्न गर्न नगरेको<br>• सडकको स्तरोन्नति भन्दा नयाँ सडक बनाउनमा जोड<br>• पुलपुलेसा तथा नालाको अभाव<br>• काममा ढिला सुस्ति | • स्थानीय निकाय, सम्बन्धित सरकारी निकाय तथा उपभोक्ता समितिको जवाफदेहिताको अभाव<br>• नगद सहभागिताको अभाव<br>• सरकारी तवरबाट समयमै बजेट निकासा नहुनु | • नियमित मर्मत सम्भारकोषको व्यवस्था ।<br>• नियमित रेखदेखको व्यवस्था<br>• आवश्यक पुल पुलेसा तथा नालाको निर्माण | • मर्मत सम्भारको रेखदेखको नीति र बजेट व्यवस्था गर्नु<br>• मर्मत सम्भारमा स्थानीय निकाय तथा उपभोक्ता समितिलाई सक्रिय बनाउने<br>• आवश्यक नाला, पुल, पुलेशा सहितको एकिकृत सडक योजना बनाउनु पर्ने |
| • काममा ढिला सुस्ति | • तोकिएको काम सम्पन्न नहुने<br>• बजेट फ्रिज हुनु | • सम्बन्धीत निकायको कमी कमजोरी ।<br>• आषाढे विकासको सोच | • दण्डहिनता<br>• स्थानीय जनतामा चेतना र सकृयताको अभाव | • प्रत्येक योजनाको कार्यतालिका बनाई अनिवार्य लागु गर्ने | • नीतिगत रुपमा वार्षिक कार्यतालिका बनाई लागु गर्ने |
| • योजनाहरु अधुरा छोड्ने प्रवृत्ति | • आवागमनमा कठिनाई<br>• स्रोतको दुरुपयोग | • सम्बन्धित निकायहरुको इच्छा शक्ति र प्रतिवद्धताको अभाव<br>• बजेटको अभाव | • दण्डहिनता<br>• स्थानीय जनतामा चेतना र सकृयताको अभाव | • अधुरो योजनालाई प्राथमिकता दिने | • अधुरा पुलपुलेसाको तथ्या डक संकलन गरी सम्पन्न गर्न प्राथमिकता दिने |
| हवाई यातायातको अभाव | • पर्यटन व्यापार स्वास्थ्य लगायतका विभिन्न क्षेत्रमा नकारात्मक प्रभाव परेको | • केन्द्रबाट बजेट व्यवस्था नहुनु<br>• सम्बन्धित ठेकेदारको लापरवाही । | • सरकारको प्राथमिकतामा नपर्नु ।<br>• नीति नीयमको पालना नहुनु । | • विमानस्थल निर्माणको लागि सरकारलाई दवाव दिने ।<br>• विमानको लागि नीजि क्षेत्रलाई परिचालन गर्ने | • स्थानीय राजनैतिक दलहरु तथा सभासदहरुले सक्रियता बढाउनु पर्ने । |

**नदी नियन्त्रण**

| | | | | | |
|---|---|---|---|---|---|
| • जग्गा कटान<br>• भौतिक पूर्वाधारको क्षति | • खेती योग्य जमिनको विनास ।<br>• आवतजावतमा कठिनाई | • तटवन्धको व्यवस्था नहुनु<br>• सम्भावित जोखिम अनुरुप कार्यक्रम नवन्नु । | • बजेटको अभाव ।<br>• चुरे क्षेत्रको विनास | • नदी नियन्त्रण ।<br>• चुरे क्षेत्र संरक्षण गर्नुपर्ने<br>• भौतिक पूर्वाधारको संरक्षणको लागि कार्ययोजना तयार गरिनुपर्ने | • चुरे संरक्षण र नदी नियन्त्रणको एकीकृत योजना निर्माण गरी कार्यान्वयन गर्ने |

## ५.१.४ अवसर, सम्भावना र चूनौतिहरुको विश्लेषण

समथरिलो भुभाग निर्माण सामाग्रीको प्राप्तीमा सरलता तथा मानविय जनशक्ति प्राप्तीमा समेत सरलता हुनु पर्सा जिल्लाको भौतिक पूर्वाधार विकासलाई राम्रो अवसर रहेको छ । त्यस्तै राज्यबाट प्राप्त हुने स्रोत समेत उल्लेखनीय रुपमा प्राप्त हुँदै आएको र स्थानीय निकायको समेत स्रोत साधनमा बृद्धि भइरहेकोले जिल्लाको विकास गर्ने अवसर पर्सा जिल्लाबासीलाई रहेको छ ।

तालिका नं.५.२: भौतिक पूर्वाधार विकासका अवसर, सम्भावना र चूनौतिहरु

| अवसर | सम्भावना | चुनौति |
|---|---|---|
| ▪ समथर जमिन ।<br>▪ निर्माण सामग्री जस्तै रोडा, बालुवा, आदिको सहज उपलब्धता ।<br>▪ जिल्ला यातायात गुरु योजना (DTMP) तयार भएको ।<br>▪ संचारमा निजी क्षेत्रको संलग्नता । | जिल्ला भरि सडक यातायातको सुविधामा विकास तथा विस्तार ।<br>जिल्ला भरि नै गुणस्तरीय संचार सुविधाको व्यवस्था<br>सन २०१७ सम्ममा खानेपानी तथा सरसफाई सबै जिल्ला बासीको पहुँचमा हुने | ▪ ग्रामीण सडक र कृषि सडक निर्माण प्राथमिकतामा नपर्नु ।<br>▪ सडक अतिक्रमण गर्ने प्रवृत्ति ।<br>▪ सडकको यथार्थ नक्साङ्कनको अभाव ।<br>▪ सडक दुईतर्फी हुने गरी फराकिलो नहुनु ।<br>▪ संचारका आधुनिक साधनहरु गरिवहरुको पहुँचमा नहुनु ।<br>▪ खानेपानी तथा सरसफाइ कार्यक्रम प्रति जनताको अपनत्व सिर्जना गर्नु । |

## ५.१.५ भौतिक पूर्बाधार विकास क्षेत्रको बिषयगत सोच तालिका

भौतिका पूर्बाधारका क्षेत्रहरु सडक, पुल, उर्जा, संचार, भवन तथा वस्ती विकासका क्षेत्रहरुको सूचक बनाई सोच तालिका तयार गरिएको छ जुन तालिकामा तल प्रस्तुत गरिएको छ ।

## तालिका नं. ५.३: भौतिक पूर्बाधार विकास क्षेत्रका सोच तालिका

| योजनाको सारांश | सूचक | | | | | पुष्टयांईका आधार | जेखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|
| विषयगत उद्देश्य: | सूचक हरु | ईकाई | ०७०/०७१ | आ.व. | | सर्भेक्षण प्रतिवेदनहरु | |

<table>
<tr><th>योजनाको सारांश</th><th>सूचक</th><th>पुष्टयांईका आधार</th><th>जेखिम/ पूर्वानुमान</th></tr>
<tr><td>भौतिक पूर्वाधारका क्षेत्रहरु सडक, पुलपुलेसा, विद्युत्त, नवीकरणीय उर्जा, संचार, भवन तथा वस्ती विकासको समुचित विकास भई जिल्लावासीको आर्थिक तथा सामाजिक अवस्थामा सुधार आएको हुनेछ ।</td><td>
<table>
<tr><th></th><th></th><th>को अवस्था</th><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>ग्राभेल सडक</td><td>कि.मि.</td><td>५९२.४५</td><td>२०</td><td>१५</td><td>२२</td><td>२२</td><td>२५</td><td>६९६.४५</td></tr>
<tr><td>पक्की पिच सडक</td><td>कि.मि.</td><td>१७</td><td>१५</td><td>२०</td><td>३०</td><td>३०</td><td>२९</td><td>१३१</td></tr>
<tr><td>सवै मौसममा सवारी साधन चल्न सक्ने सडक</td><td>कि.मि</td><td>३००</td><td>३०</td><td>४०</td><td>४०</td><td>४०</td><td>६०</td><td>५१०</td></tr>
<tr><td>कच्ची धुले सडक</td><td>कि.मि.</td><td>२८४.६४</td><td>(२०)</td><td>(१५)</td><td>(२२)</td><td>(२२)</td><td>(२५)</td><td>१८०.४</td></tr>
<tr><td>सार्वजनिक यातयात संचालन भएको सडक</td><td>कि.मि.</td><td>१७५</td><td>१५</td><td>२०</td><td>२०</td><td>२०</td><td>२०</td><td>२७०</td></tr>
<tr><td>पक्की पुल संख्या</td><td>गोटा</td><td>३९</td><td>२</td><td>३</td><td>२</td><td>३</td><td>३</td><td>५२</td></tr>
<tr><td>राष्ट्रिय विद्युत्त प्रसारण लाइनबाट उपभोग गर्ने घरधुरी</td><td>संख्या</td><td>२६९२४</td><td>२०७६</td><td>२०००</td><td>३०००</td><td>३०००</td><td>३०००</td><td>४००००</td></tr>
<tr><td>सौर्य उर्जा उपभोग गर्ने घरधुरी</td><td>संख्या</td><td>५९९</td><td>२००</td><td>३००</td><td>३००</td><td>२००</td><td>२५०</td><td>१८४९</td></tr>
<tr><td>सुधारीएको चुलो प्रयोग गर्ने घरधुरी</td><td>संख्या</td><td>२६५३</td><td>३००</td><td>४००</td><td>४००</td><td>३००</td><td>३५०</td><td>४४०३</td></tr>
</table>
</td><td>जिल्ला प्रोफाइल ।</td><td></td></tr>
<tr><td><u>नतिजा</u><br>१. जिल्लाको सडक संजाल योजनाबद्ध ढङ्गले विकसित भएको हुने ।</td><td>
<table>
<tr><th>सूचक हरु</th><th>ईकाई</th><th>०७०/०७१ को अवस्था</th><th colspan="5">आ.व.</th><th></th></tr>
<tr><th></th><th></th><th></th><th>०७२।०७३</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>जम्मा</th></tr>
<tr><td>ग्राभेल सडक</td><td>कि.मि.</td><td>५९२.४५</td><td>२०</td><td>१५</td><td>२२</td><td>२२</td><td>२५</td><td>६९६.४५</td></tr>
<tr><td>पक्की पिच सडक</td><td>कि.मि.</td><td>१७</td><td>१५</td><td>२०</td><td>३०</td><td>३०</td><td>२९</td><td>१३१</td></tr>
<tr><td>कच्ची धुले सडक</td><td>कि.मि.</td><td>२८४.६४</td><td>(२०)</td><td>(१५)</td><td>( २२)</td><td>(२२)</td><td>(२५)</td><td>१८०.४</td></tr>
</table>
</td><td>जिल्ला यातायात गुरु योजनाको दस्तावेज ।</td><td></td></tr>
</table>

| योजनाको सारांश | सूचक | पुष्टयांईका आधार | जेखिम/ पूर्वानुमान |
|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पक्की पुल संख्या | गोटा | ३९ | २ | ३ | २ | ३ | ३ | ५२ |

जिल्ला यातायात गुरु योजना (DTMP)स्वीकृत भई कार्यान्वयन भएको हुनेछ ।

**२. सडक यातायातको पहुँच ग्रामीण तहसम्म हुने ।**

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सबै मौसममा सवारी साधन चल्न सक्ने सडक | कि.मि | ३०० | ३० | ४० | ४० | ४० | ६० | ५१० |
| सार्वजनिक यातायात संचालन भएको सडक | कि.मि. | १७५ | १५ | २० | २० | २० | २० | २७० |

पुष्टयांईका आधार: जिल्ला विकास समितिका वार्षिक प्रतिवेदनहरू र सडक डिभिजन कार्यालयका अभिलेखहरू ।

**३. जिल्लाबासीको विद्युत तथा उर्जा उपभोगमा पहुँच बृद्धि भएको हुनेछ ।**

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| राष्ट्रिय विद्युत प्रसारण लाइनबाट उपभोग गर्ने घरधुरी | संख्या | २६९२४ | २०७६ | २००० | ३००० | ३००० | ३००० | ४०००० |
| सौर्य उर्जा उपभोग गर्ने घरधुरी | संख्या | ५९९ | २०० | ३०० | ३०० | २०० | २५० | १८४९ |

पुष्टयांईका आधार: जिल्ला विकास समितिका वार्षिक प्रतिवेदनहरू, जिल्ला प्राविधिक कार्यालय सडक डिभिजन कार्यालयका अभिलेखहरू ।

**४. जिल्लाका घरधुरी, टोल, गाविस, नपा, उमपा, तथा कार्यालयहरु वतावरण मैत्री भएका हुनेछन ।**

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| धुवामुक्त जिल्ला घोषणा | | | आगामी पाँच वर्ष भित्र | | | | | |
| सुधारीएको चुलो प्रयोग गर्ने घरधुरी | संख्या | २६५३ | ३०० | ४०० | ४०० | ३०० | ३५० | ४४०३ |
| वातावरण मैत्री घर | संख्या | ० | १०० | २०० | ३०० | ५०० | १००० | |
| वातावरण मैत्री टोल | संख्या | ० | १ | २ | ३ | ३ | ३ | |
| वातावरण मैत्री गाविस | संख्या | ० | १ | १ | १ | २ | २ | |

| योजनाको सारांश | सूचक | पुष्टयांईका आधार | जेखिम/ पूर्वानुमान |
|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वातावरणमैत्री कार्यालयहरु | संख्या | ० | २ | २ | २ | २ | २ | |
| वातावरणमैत्री.नपा, उनपा | संख्या | ० | | १ | | १ | | |
| खाना पकाउने उर्जा प्रयोग गर्ने घरधुरी | | | | | | | | |
| दाउरा | संख्या | ६४२१० | (५००) | ( १०००) | ( १५००) | ( २०००) | ( २०००) | |
| गोवर गुइठा | संख्या | ६८० | (५०) | (५०) | (७५) | (७५) | | |
| कृषि उपजको अवशेष | संख्या | ३०० | ५० | २५ | २५ | २५ | २५ | |
| एल पि ग्यास | संख्या | १४५२ | ५०० | ६०० | ८०० | १००० | १००० | |
| बायोग्यास | संख्या | २१२० | ४०० | १००० | १००० | १००० | १००० | |
| विद्युत | संख्या | ११० | १०० | २०० | २०० | ३०० | ३०० | |
| अन्य | संख्या | १५८९६ | (१००) | (२००) | (२००) | (२००) | (३००) | |

५. सूचना तथा संञ्चारमा जिल्लाबासीको पहुँच बृद्धि भएको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
| ल्याण्ड लाइन | | १२६१० | ४०० | ५०० | ५०० | ५०० | ५०० | |
| मोवाइल | संख्या | ५७१९६ | २००० | २००० | २००० | २००० | २००० | |

| | | | |
|---|---|---|---|
| ६. सुरक्षित, किफायती, वातावरणमैत्री तथा भूकम्पीय जोखिममुक्त सार्वजनिक तथा निजी भवन निर्माणका लागि स्पष्ट मापदण्ड लागू भएको हुने | मापदण्डहरू तयार भएका हुने छन् । | मापदण्डका दस्तावेजहरू | |
| ७. नयाँ निर्माण हुने भौतिक संरचनाहरू जोखिमरहित हुने । | भूकम्प, आगलागी, बाढी, नदी कटानका कारणले भवनबाट हुन सक्ने जोखिम कम हुँदै गएको हुने छ | जिल्ला प्रशासन कार्याल, जिल्ला विकास समिति र जिल्ला प्रहरी कार्यालय र जिल्ला आवास तथा शहरी विकास कार्यालयका अभिलेखहरू | |
| ८. जिल्लामा योजनावद्ध आवासीय क्षेत्रको विकास हुने । | आवास तथा वस्तीका लागि उपयुक्त स्थलहरूको पहिचान गरी व्यवस्थित वस्ती विकास भएको हुने छ । | जिल्ला प्रशासन कार्याल, जिल्ला विकास समिति र जिल्ला आवास तथा शहरी विकास कार्यालयका अभिलेखहरू । | |

उपर्युक्त उद्देश्य प्राप्तिका लागि संचालन गरिने आयोजना/ कार्यक्रम र बजेटको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ।

**क. सडक यातायात**

**रणनीतिहरू**

- ❖ जिल्ला यातायात गुरुयोजना ((DTMP)) र आवधिक जिल्ला विकास योजनाद्वारा निर्दिष्ट सडकहरूमा निर्धारित प्राथमिकताको आधारमा मात्र लगानी गर्ने ।
- ❖ जिल्लास्तरीय मुख्य सडकहरूलाई क्रमश: स्तरबृद्धि (upgrade) गरी कालोपत्रे गर्ने ।
- ❖ निर्माणाधीन सडक आयोजनाहरूलाई सम्पन्न गर्ने ।
- ❖ जिल्लाका सबै गाविसका जनताको जिल्ला सदरमुकामसम्मको आवागमनलाई सुरक्षित र सरल बनाउँदै लैजाने ।
- ❖ जिल्लाका विशेष गरी ग्रामीण क्षेत्रका जनतालाई प्रत्यक्ष आर्थिक लाभ दिने सडकहरूको निर्माणलाई प्राथमिकता दिने ।
- ❖ निर्मित सडक तथा पुलहरूको नियमित मर्मत सुधार कार्यलाई प्रभावकारी बनाउने । सडकहरूमा बाह्रै महिना सवारी साधन चल्ने बनाउने कार्यलाई प्राथमिता दिने ।

**कार्यनीतिहरू**

- ❖ जिल्लास्तरीय सडक ग्राभेल तथा स-साना पूल, पुलेसाहरूको निर्माण कार्य गा.वि.स. र अन्य दातृसंस्थाको समेत साझेदारी र सहकार्यमा संचालन गरिने छ।
- ❖ ठूला र धेरै लागत लाग्ने पूल पूलेसा निर्माण कार्य सडक डिभिजन र अन्य सरकारी निकायहरूको सहयोगमा संचालन गर्न आवश्यक पहल गरिने छ।
- ❖ गा.वि.स.स्तरका सडकहरूको निर्माण, संचालन र मर्मत संभार गर्ने कार्यको जिम्मेवारी गा.वि.स.लाई दिइने छ।
- ❖ सडक लगायतका भौतिक पूर्वाधारहरूको निर्माण कार्य दक्ष प्राविधिकबाट विस्तृत सर्वे, डिजाइन गरेर मात्र अघि बढाइने छ।

## ख. विद्युत् तथा वैकल्पिक उर्जा विकास

**रणनीतिहरू**

- सहभागितात्मक योजना तर्जुमा प्रकृयाबाट माग भै आएका विद्युत सेवा नपुगेका गा.वि.स.हरूमा विद्युत पुऱ्याउन सामुदायिक विद्युतीकरणलाई प्राथमिकतामा राख्ने ।
- सुधारिएको चुल्हो, गोबर ग्याँस निर्माणमा जोड दिई परम्परागत उर्जा माथिको निर्भरतालाई क्रमशः घटाउदै लैजाने ।
- जिल्लाका गाउँ, बस्तीका घरहरूलाई धूँवारहित बनाउन अभियान संचालन गर्ने ।
- सौर्य उर्जाको प्रवर्द्धन, विकास तथा विकास गर्ने ।

**कार्यनीतिहरू**

- गाउँ, बस्तीका घरहरूलाई धूँवारहित बनाउन कार्यक्रम संचलन गर्दा वन जंगल नजिकका गा.वि.स.लाई पहिलो प्राथमिकता दिइने छ ।
- ग्रामीण भेगमा गोबर ग्यासको उत्पादन र प्रयोगलाई व्यापक बनाइने छ ।

## ग. वस्ती विकास, भवन तथा आवास

**रणनीतिहरू**

- प्रचलित मापदण्ड पुरा हुने गरी मात्र वस्ती विकास गर्ने ।
- नयाँ निर्माण हुने भवनहरू राष्ट्रिय भवन संहिता अनुरूप मात्र निर्माण गर्ने, गराउने ।
- आगलागी लगायतका जोखिमहरूबाट जनताको जिउधनको सुरक्षा गर्न विशेष गरी ग्रामीण क्षेत्रका घरहरू एक अर्कामा केही दूरी कायम गरेर बनाउने ।
- उब्जाउयोग्य जमीनमा आवास क्षेत्रको विकासलाई निरुत्साहित गर्ने ।

**कार्यनीतिहरू**

- सरकारी भवनहरूको निर्माण तथा मर्मत कार्यलाई गुणस्तरीय तथा सुरक्षित बनाई एकरूपता समेत कायम गर्न एकल निकायलाई जिम्मेवार बनाइने छ ।
- भूकम्प प्रतिरोधात्मक घरहरू बनाउन जनतालाई प्रोत्साहित गरिने छ ।

# खण्ड ६ - संस्थागत विकास तथा सुशासन

## ६.१ परिचय

स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, स्थानीय निकाय श्रोत व्यवस्थापन निर्देशिका २०६८ लगायत संबन्धित विषयगत ऐन, नियम, निर्देशिकाले जिविसलाई जिल्ला विकासको नेतृत्व गर्ने जिम्मेवारी दिएकोछ । उपरोक्त कानूनहरुले जिविसलाई जिल्ला विकास सम्बन्धी गतिविधि सञ्चालन तथा सेवा प्रवाहलाई परिणाममुखी र प्रभावकारी बनाउन नेतृत्वदायी तथा समन्वयकारी भूमिका निर्वाहाको अपेक्षा गरेकोछ । जिल्ला विकासको विद्यमान स्थितिको चित्रण गर्ने, जिल्ला विकासका सरोकारवाला तथा साझेदारहरु (सरकारी, नीजि, गैर सरकारी र नागरिक) बीच समन्वय, सहकार्य तथा साझेदारी विकास गर्ने, स्थानीय तथा वाह्य श्रोत साधनको पहिचान तथा परिचालन गर्ने, जिल्ला विकासका आवश्यकता र संभावनाहरुका आधारमा जिल्लाको रणनीतिक तथा बार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढंगले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरुमा जिविसको प्रमुख दायित्व रहेको हुन्छ ।

आवधिक जिल्ला विकास योजनाले जिल्ला विकासको प्रयासलाई दिशानिर्देश तथा मार्गदर्शन गर्दछ । योजनाका प्राथमिकताका विषय क्षेत्रहरु मध्ये संस्थागत विकास तथा सुशासन एक हो । चालू त्रिवर्षिय योजनाले कानूनी शासनको मूल्य तथा मान्यता अनुरुप नागरिक संलग्नता, जवाफदेहिता, पारदर्शिता र भ्रष्टचारमुक्त अवस्थाको सिर्जना र सञ्चालित विकास कार्य तथा प्रवाहित सेवाको प्रभावकारिता अभिबृद्धि गरी विकास कार्यलाई नतिजामुखी बनाउन जोड दिएकोछ । स्थानीय निकाय श्रोत व्यवस्थापन निर्देशिका २०६८ ले जिल्ला विकासका सम्पूर्ण गतिविधि तथा सेवालाई सरल, सुव्यस्थित, सेवाग्राहीमैत्री र जवाफदेही बनाई स्थानीय निकायलाई नागरिक प्रति उत्तरदायी बनाउन व्यवस्था गरेको छ । जिविसले सुशासन ऐन २०६४ तथा तत् सम्बन्धी नियमावली २०६५ बमोजिम राजनीतिक नेतृत्व र कर्मचारी बीच जिम्मेवारी र कार्य स्पष्ट किटान गरी जिल्ला परिषदबाट स्वीकृत गराउनु पर्ने व्यवस्था गरेको छ ।

## ६.२ अद्यावधिक स्थिति

लोकतन्त्रको अभ्यास, विकास कार्यको सञ्चालन तथा नागरिकमा सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेको स्थानीय निकाय स्वयं विगत लामो समयदेखि निर्वाचित जनप्रतिनिधी विहिन रहेका छन् । यस्तो अवस्थामा स्थानीय निकाय  जवाफदेही, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन हुन सकेको छैन । जिल्ला विकासको कार्य तथा सेवा प्रवाहलाई नतिजामुखी, जनमुखी तथा प्रभावकारी वनाउन थुप्रै समस्या तथा जटिलता कायम रहनुले विकास कार्य समावेशी र परिणाममुखी हुन सकिरहेको छैन । नागरिक तथा लक्षित समुदायको निर्णय प्रकृयामा संलग्नता तथा निगरानीमा व्यवहारिक बृद्धि हुन सकेको छैन । फलस्वरुप आम नागरिक विशेष गरी लक्षित वर्ग र समुदायमा निराशा बढ्दो क्रममा रहेकोछ । स्थानीय निकाय स्वयं तथा अन्य सेवा प्रदायक निकायमा कार्यरत पदाधिकारी तथा कर्मचारीमा काम र सेवा प्रति उर्जा र उत्प्रेरणाको कमी रहेको छ भने आमनागरिकहरुमा उत्साह जगाउन राज्यले सकिरहेको छैन । उपरोक्त स्थिति र सवाल समेत राज्यको पुन:संरचना तथा स्थानीय स्वशासनको अवधारणालाई जिल्लाको रणनीतिक योजनामा ध्यान दिइएकोछ ।

परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहका लागि स्थानीय शासनको प्रभावकारी संचालनको लागि संस्थागत, क्षमता विकास तथा सुशासनको आवश्यकता पर्दछ । यसको अर्थ स्थानीय शासनको संस्थागत विकास तथा सुशासनबाट मात्र विकास गतिविधि तथा सेवा प्रवाहबाट अपेक्षित नजिता हासिल गर्न सकिन्छ । आवधिक जिल्ला विकास योजना आफैमा संस्थागत विकास तथा सुशासनको एक प्रमुख रणनीति भएको कारण संस्थागत, क्षमता विकास र सुशासनलाई यस भित्रको प्रमुख साधन तथा माध्यमको रुपमा लिईएको छ ।

नेपाल सरकारले स्थानीय निकायहरुलाई निशर्त तथा कार्य सम्पादनमा आधारित ससर्त अनुदान, क्षमता विकास तथा सामाजिक परिचालन अनुदान समेत उपलब्ध गराउँदै आएको छ । उक्त अनुदानलाई व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न, सामाजिक परिचालन तथा नागरिक सम्लग्नता अभिबृद्धि र क्षमता विकासका कार्य सञ्चालन गर्न स्थानीय निकाय श्रोत व्यवस्थापन निर्देशिका २०६८ को समेत व्यवस्था गरेकोछ । यसका साथै जिविस र गाविसको क्षमता विकास कार्यविधि २०६७ समेत तर्जुमा गरी स्थानीय शासनका साझेदारहरुको क्षमता विकासका लागि जिल्ला क्षमता विकास योजना तर्जुमा तथा कार्यान्वयन आएकोछ ।

पर्सा जिल्लाको हकमा जिविसको संगठन विकास सम्बन्धी अध्ययनको समीक्षा गरी विद्यमान संगठन संरचनाको समयानुकुल परिमार्जन, मानव संसाधन योजना तर्जुमा र संगठन विकास सम्बन्धी कार्ययोजना परिमार्जन गरी लागू गर्नु पर्ने देखिन्छ । यसैगरी जिविस तथा गाविसहरुको आन्तरिक श्रोतका क्षेत्रहरुको पहिचान तथा संभाव्यता अध्ययन, राजस्व परिचालन सन्बन्धी अध्ययन तथा सरोकारवाला बीच छलफल आवश्यक रहेकोछ । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट स्थानीय निकायका लागि जारी लैङ्गिक समता तथा सामाजिक समावेशीकरण रणनीति अनुसार जिल्ला तथा स्थानीय तहमा लैससास लगायतका संरचनाहरु स्थापना भएका छन् । साथै बालमैत्री स्थानीय शासन प्रक्रियाको अभ्यास शुरु गरि ५१ गाविस र बिरगञ्ज नगरपालिकाका केही वर्डाहरुमा लागु गरि सकिएको छ ।

नागरिक तथा स्थानीय निकायहरु बीचको निरन्तर अन्तरक्रिया र बहश, सञ्चालित आयोजना तथा कार्यक्रमहरुको सामुदायिक तथा सार्वजनिक परिक्षण, स्थानीय निकाय तथा सार्वजनिक निकायले निर्वाहा गरेको सामाजिक जिम्मेवारीको लेखाजोखा कार्यमा सहयोग पुर्‍याउन सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यविधि तर्जुमा गरी जारी भई स्थानीय निकायको उत्तरदायित्व अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु समेत शुरु भएका छन् तर विस्तार गर्न भने अझ बाँकी रहेको छ । उक्त कार्यविधिमा समयानुकुल परिमार्जन समेत गरी उत्तरदायित्व अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा तेश्रो पक्षको अनुगमन तथा सहजिकरण समेतलाई आत्मसात गरिएको छ । स्थानीय शासन उत्तरदायित्व अभिबृद्धिका लागि स्थानीय शासन तथा उत्तरदायी संयन्त्र मार्फत नागरिक समाज संस्थाहरु समेतबाट स्थानीय निकायहरुको खर्च पुनरावलोकन, नागरिक सन्तुष्टी सर्वेक्षण र सञ्चालित आयोजना तथा कार्यक्रमहरुको समुदायमा आधारित अनुगमन कार्य समेत शुरुवात भएका छन् ।

नागरिक समाज अथवा गैर सरकारी संस्थाहरुले आफ्नै प्रयासमा पनि स्थानीय निकाय तथा अन्य सार्वजनिक निकायहरुको नागरिक प्रतिको उत्तरदायित्व अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरे तापनि भौगोलिक कार्य क्षेत्र, कार्यक्रमको निरन्तरता, पालना अनुगमन तथा प्रभावकारिता प्रर्याप्त छैन र कार्यक्रमको व्यापकता र निरन्तरताको कमीको कारण नतिजामूलक उपलब्धी हासिल हुन सकेको छैन ।

विकास प्रयासमा लक्षित वर्गको सम्लग्नता अभिबृद्धि गरी विकास कार्यमा नागरिकको अपनत्व बृद्धि तथा विकास कार्यलाई दीगो र परिणाममुखी बनाउने प्रमुख रणनीति तथा माध्यमको रुपमा रहेको सामाजिक परिचालन तथा नागरिक सम्लग्नता कार्यक्रममा एकरुपता ल्याउन तथा साझा अवधारणा तय हुन सकेको छैन । फलस्वरुप यसको कभरेज बृद्धि भएता पनि नतिजा अनुगमन तथा प्रभावकारीता बृद्धि हुन सकिरहेको छैन । तसर्थ आवधिक जिल्ला विकास योजनामा यस सम्बन्धी कार्यक्रम तथा कार्यनीति तर्जुमा गरिएको छ ।

जिल्लाको समग्र विकासको लागि सरकारी, नीजि, गैर सरकारी क्षेत्र बीच सहकार्य, साझेदारी र समन्वयको आवश्यकता पर्दछ । यस अनुसार केन्द्रिय नीति तथा संरचना निर्माण भएता पनि कार्यान्वयन तहमा यसको लागि संस्थागत व्यवस्था र व्यवहारिक कार्यान्वयन हुन सकेको छैन । नीजि तथा नागरिक समाजका संस्थाहरुले सम्पादन गदै आएका र गर्न सक्ने कार्यक्रम तथा सेवा प्रवाहका क्षेत्रमा पनि सरकारी निकायले सकी/नसकी कार्यक्रम सञ्चालन गरिरहेको अवस्था छ । यसबाट विकास कार्य तथा सेवाको गुणस्तर अनुगमन गर्ने र गुणस्तर सुनिश्चितता गर्ने कार्य भन्दा वैकल्पिक कार्यान्वयन प्रणाली अवलम्बन नगरी आफैले विकास कार्य तथा सेवा प्रवाह सम्बन्धी कार्यहरु संचालन गरिहेको अवस्था कायमै छ । तसर्थ जिल्ला विकास योजनामा विकास कार्य सञ्चालन तथा सेवा प्रवाहमा वैकल्पिक कार्यान्वयन रणनीति तथा कार्यक्रम तय गरी नीजि, गैर सरकारी र समुदाय परिचालन गर्ने र सम्पादित कार्य तथा सेवाको गुणस्तर अनुगमन गर्ने जिम्मेवारी जिविस तथा सरकारी निकायले अबलम्बन गर्ने नीति आवधिक योजनामा लिइएको छ ।

पर्सा जिल्लामा विगतमा भएका विकास प्रयास र उपलब्धीहरुको समीक्षा गर्दा सम्बन्धित विषय क्षेत्रको तथ्याङ्क तथा सूचना उपलब्धताको स्थिति ज्यादै कमजोर रहेको देखिन्छ । फलस्वरुप जिल्लाको विकासको स्थितिको यथार्थपरक मूल्याङ्कन र समीक्षा समेत गर्न अप्ठ्यारो स्थितिको सिर्जना भएकोछ । तसर्थ आवधिक योजनामा लैङ्गिक तथा सामाजिक रुपमा खण्डीकृत तथ्याङ्कको आधार तयार गर्न समेत विशेष ध्यान दिने रणनीति तथा कार्यनीति अवलम्बन गरिएकोछ ।

## ६.३ समस्या तथा चूनौतिहरु

विगत १२ वर्षदेखि स्थानीय निकायहरु जननिर्वाचित प्रतिनिधि विहिन हुनुको कारण जनउत्तरदायित्व बोधमा ह्रास आएको छ । विषयगत निकाय तथा सरोकारवालाहरु बीच समन्वय, सहकार्य र साझेदारीको भावना विकास भई नसकेको, नागरिक समाज, गैर सरकारी र समुदायमा आधारित संस्था तथा स्थानीय निकायहरुको संस्थागत विकासको लागि स्थानीय श्रोत साधन परिचालन क्षमता विकास भैनसकेको, **"स्थानीय स्वशासन"** को अवधारणा कार्यान्वयन सम्बन्धी आपसमा बाँझिएका ऐन, नियमावलीहरु संशोधन भैनसकेको जस्ता स्थितिले संस्थागत विकास तथा सुशासनको क्षेत्रमा व्यवधान श्रृजना भएको पाइन्छ । संक्रमणकाल तन्कदै गएको वर्तमान अवस्थामा राजनीतिक, आर्थिक, सामाजिक लगायत जिल्लाका सबै महत्वपूर्ण क्षेत्रमा नीतिगत स्थायित्व कायम हुन नसक्नु यस क्षेत्रका प्रमुख चूनौती हुन् ।
संस्थागत विकास तथा सुशासन क्षेत्रको मूल समस्याको रुपमा सार्वजनिक सेवा तथा सुविधामा नागरिक तथा सेवाग्राहीहरुको पहुँचमा कमी हुनु तथा स्थानीय तहमा प्रवाहित सेवा तथा सुविधा, सर्भसुलभ, सहज, अधिकारमा आधारित र गुणस्तरीय नहुनु रहेको छ । यस विषयगत क्षेत्रका प्रमुख समस्या, असर, मुख्य कारण, अन्तरनिहित कारण र समाधानका उपायको विश्लेषण तल तालिकामा दिइएको छ ।

तालिका नं. ६.१: समस्या तथा चुनौति विश्लेषण

| प्रमुख समस्या | असरहरु | मुख्य कारण | समाधानका उपाय |
|---|---|---|---|
| सार्वजनिक सेवा तथा सुविधामा नागरिक तथा सेवाग्राहीहरुको पहुँचमा कमी तथा स्थानीय तहमा प्रवाहित | • नागरिकहरुमा असन्तुष्टी तथा गुनासो बृद्धि हुनु<br>• स्थानीय शासन प्रक्रियामा सहभागिता, उत्तरदायित्व र पारदर्शितामा ह्रास आउनु | • स्थानीय श्रोत साधनको पहिचान तथा परिचालन नहुनु<br>• सूचना, श्रोत, साधन र निर्णय प्रक्रियामा नागरिक तथा लक्षित वर्गहरुको पहुँच नहुनु<br>• श्रोत साधनको कमी तथा सोको वितरण | • स्थानीय निकायको संस्थागत तथा क्षमता विकास अध्ययन र शिफारिस कार्यान्वयन गर्ने<br>• विद्यमान नीति, ऐन, नियम, निर्देशिका तथा विद्यमान व्यवस्था र संरचना बारे सहजिकरण/वहश<br>• जिल्ला क्षमता विकास समन्वय समितिको सुदृढिकरण |

| प्रमुख समस्या | असरहरु | मुख्य कारण | समाधानका उपाय |
|---|---|---|---|
| सेवा र सुविधा अधिकारमा आधारित, सर्भसुलभ, सहज र गुणस्तरीय नहुनु। | • श्रोत साधन लगानीको उच्चतम उपयोग नहुनु<br>• प्रवाहित सार्वजनिक वस्तु र सेवा, सहज, गुणस्तरीय, प्रभावकारी र समानतामूलक नहुनु<br>• सेवा तथा सुविधाको उपलब्धता तथा पहुँचमा कमी हुनु<br>• आयोजनाहरुको मर्मत, संभार, संरक्षण र दीगो संचालन नहुनु<br>• आयोजना तथा कार्यक्रम नतिजामूलक र प्रभावकारी नहुनु<br>• नागरिक तथा लक्षित समुदायको आवश्यकता सम्बोधन हुन नसक्नु<br>• स्थनीयस्तरमा सिर्जित सेवा वस्तु गुणस्तरीय र दीगो हुन नसक्नु<br>• आयोजना तथा कार्यक्रममा साझेदार तथा समुदायको अपनत्व र जिम्मेवारीवोधमा वृद्धि नहुनु | न्यायोचित नहुनु<br>• स्थानीय निकाय, विषयगत कार्यालयहरु, गैसस तथा संघ/संस्थाहरु लक्षित वर्ग प्रति उत्तरदायी नहुनु<br>• सेवा प्रदायक र सेवाग्राही बीच नियमित र प्रभावकारी सञ्चार र अन्तरक्रियाको कमीले समन्वयमा कमी हुनु<br>• सेवा प्रदायकहरुको संस्थागत तथा क्षमता विकास हुन नसक्नु<br>• विकास कार्यहरुको नतिजा मापन गर्न नसक्नु<br>• नागरिक र समुदायमा राज्यको नीति, नियम, व्यवस्था, संरचना तथा विधिबारे जानकारी नहुनु<br>• आयोजना तथा कार्यक्रमको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन नहुनु<br>• नागरिकका आवाज नसुनिनु तथा माग सम्बोधन नहुनु<br>• सरकारी निकायहरु लक्षित समुदाय र वर्गमा पुग्न नसक्नु<br>• स्थानीयस्तरमा समूह, समिति, संस्था तथा संजाल को परिचालन प्रभावकारी र सकृय नहुनु<br>• लामो समयदेखि स्थानीय निकायमा जननिर्वाचित पदाधिकारी अनुपस्थित रहनु<br>• नागरिकबाट आवाज र दवाव प्रस्तुतमा कमी हुनु<br>• सरोकारवाला बीच समन्वय, सहकार्य र साझेदारी विकास प्रणाली नहुनु<br>• उपलब्ध ऐन, नीति, कानूनी व्यवस्था, औजारबारे सूचना र जानकारी नहुनु<br>• राजनीतिक स्थिरता नहुनु<br>• ऐन, नियम, कानून, कार्यविधि तथा संरचना फितलो हुनु तथा प्रभावकारी कार्यान्वयन नहुनु | • राजस्व परिचालन संबन्धी अध्ययन तथा श्रोत परिचालन<br>• गाविसका आन्तरिक श्रोत परिचालन सम्बन्धी अध्ययन<br>• श्रोत परिचालन बारे सरोकारवाला बीच अन्तरक्रिया<br>• श्रोत परिचालन संबन्धी संरचना गठन तथा परिचालन<br>• राजस्व प्रक्षेपणमा आधारित भई स्थानीय निकायहरुको बार्षिक योजना तथा बजेट तर्जुमा<br>• आन्तरिक श्रोतका संभाव्य क्षेत्रहरुको IEE/EIAअध्ययन<br>• जिविस तथा गाविसको क्षमता विकास कार्यक्रम सञ्चालन<br>• सामाजिक परिचालन कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा अनुगमन<br>• क्षमता विकास योजना पुनरावलोकन तथा अद्यावधिक<br>• नतिजामा आधारित अनुगमन कार्यविधि तथा ढाँचा तयारी र कार्यान्वयन<br>• गाउँ वस्तुगत विवरण तथा आवधिक गाउँ विकास योजना तर्जुमा<br>• सर्वपक्षीय अनुगमन कार्यदल गठन तथा परिचालन र नतिजामूलक अनुगमनका लागि विषयगत समिति परिचालन<br>• आजिवियोको मध्यावधि एवं अन्तिम समीक्षा/ मूल्याङ्कन<br>• लैङ्गिक समता तथा सामाजिक समावेशीकरण रणनीति कार्यान्वयन<br>• वातावरणमैत्री तथा सुरक्षित निर्माण सम्बन्धी तालिम/अभिमुखीकरण<br>• सञ्चालित आयोजनाहरुको तेश्रो पक्षद्वारा अनुगमन तथा मूल्याङ्कन<br>• नतिजामा आधारित अनुगमन कार्यविधि तथा ढाँचा संबन्धी अभिमुखीकरण<br>• गैससहरुको संस्थागत विकास सम्बन्धी अध्ययन<br>• स्थानीयस्तरमा दक्ष मानव संसाधनको व्यवस्था र सेवा व्यवस्थापन<br>• आवधिक गाउँ विकास योजना तर्जुमा<br>• विषयगत गुरुयोजना अद्यावधिक तथा तर्जुमा<br>• NGO-CBO डेस्क स्थापना तथा सञ्चालन<br>• स्थानीय सरोकारवालाका लागि विकास व्यवस्थापन संबन्धी तालिम<br>• जिल्ला गरिवी अनुगमन तथा मूल्याङ्कन प्रणाली (DPMAS) |

| प्रमुख समस्या | असरहरु | मुख्य कारण | समाधानका उपाय |
| --- | --- | --- | --- |
| | | • गाविसमा नियमित रुपमा बसेर कार्य गर्न उपयुक्त भौतिक पूर्वाधार नहुनु तथा गाविस सचिव संबन्धित गाविस रही नियमित रुपमा कार्य संचालन नगर्नु<br>• स्थानीयस्तरमा सम्बन्धित संरचनाहरु विद्यमान हुँदाहुँदै नयाँ संरचनाहरु (उपभोक्ता समिति/समूह) निर्माण हुनु<br>• नागरिकहरु जागरुक नहुनु तथा आफ्नो दायित्व जिम्मेवारीपूर्वक निर्वाहा नगर्नु | अनुसार तथ्याङ्क अद्यावधिक तथा प्रतिवेदन प्रणाली विकास र प्रयोग<br>• सरोकारवाला बीच आवधिक योजनाको आधारमा बार्षिक योजना तथा बजेट तर्जुमा, अनुगमन सम्बन्धी वहश<br>• आयोजना, कार्यक्रम, बजेट तथा निर्णयहरुको संचार माध्यमबाट प्रसारण र सार्वजनिक<br>• स्थानीय सुशासन तथा उत्तरदायित्व अभिबृद्धि तालिम/अभिमुखीकरण कार्यक्रम<br>• सूचनाको हक तथा सामाजिक उत्तरदायित्व सम्बन्धी अन्तरक्रिया र अभिमुखीकरण<br>• आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परिक्षण कार्यक्रम<br>• जिविस, गाविस, विषयगत कार्यालय एवं गैससहरुको सामाजिक परीक्षण, सन्तुष्टी सर्वेक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम<br>• बजेट तथा खर्चको उपयोग पुनरावलोकन तथा स्थानीय शासन प्रक्रियामा नागरिक/समुदायको सम्लग्नता सर्वेक्षण<br>• स्थानीय निकायहरुको सामाजिक उत्तरदायित्व अभिबृद्धि संबन्धी कार्याविधि बारे अभिमुखीकरण |

### ६.४ संभावना तथा अवसर विश्लेषण तालिका

जिल्लामा हालका वर्षहरुमा स्थानीय तथा वाह्य श्रोत साधनमा उल्लेख्य बृद्धि भएको छ । नेपाल सरकारबाट स्थानीय निकायमा हस्तान्तरण गर्ने अनुदानका साथै सामाजिक सुरक्षा, सामाजिक परिचालन, क्षमता विकास लगायत अन्य शसर्त तथा निसर्त अनुदानमा समेत बृद्धि भएको छ । यसको अलवा हालका वर्षहरुमा विभिन्न विषयगत कार्यक्रम तथा परियोजना मार्फत संस्थागत र क्षमता विकासका क्षेत्रमा विकास साझेदारहरुको सहयोगमा समेत बृद्धि भएकोछ । विभिन्न विषयगत आयोजना तथा कार्यक्रमहरुको साथसाथै संस्थागत, क्षमता विकास र स्थानीय सुशासन प्रवर्धनमा नागरिक समाज तथा गैर सरकारी संघ/संस्थाहरुको सम्लग्नता तथा भूमिका उल्लेखनिय रहेकोछ । यस जिल्लामा विभिन्न विषयगत कार्यक्रम तथा आयोजना एवं संस्थागत तथा शासन प्रक्रियामा स्थानीय समुदाय तथा नीजि क्षेत्रको सम्लग्नताको स्थिति सन्तोषजनक रहेको छ ।

जिल्लामा सरकारी, गैर सरकारी र नीजि क्षेत्रमा आवश्यक प्रशासनिक, प्राविधिक र व्यवसायिक मानव संसाधन उपलब्धताको स्थिति राम्रै मान्न सकिने अवस्था रहेको छ । जिल्लाको आवश्यकता र माग अनुसार प्राविधिक तथा व्यवसायिक सेवाका लागि सेवा प्रदायक संस्था तथा श्रोत व्यक्तिहरु समेत सहजै उपलब्ध भैरहेका छन् ।

भिन्न सैद्धान्तिक पृष्ठभूमि तथा कार्यनीतिका बाबजुद राजनीतिक दल तथा शक्तिहरुमा विकासको पूर्वशर्तको रुपमा रहेको राजनीतिक इच्छाशक्ती प्रदर्शन तथा मुखरित भएको देखिन्छ । जिल्ला विकासका लागि विगतमा भएका प्रयास तथा विषयगत रणनीतिक योजना तर्जुमा तथा आवधिक जिल्ला विकास योजना तर्जुमा र कार्यान्वयनमा राजनीतिक दलहरु तथा शक्तिहरुको सहभागिता तथा चासो र सरोकारबाट जिल्लामा राजनीतिक इच्छाशक्ति राम्रो नै देखिन्छ ।

स्थानीय शासनका साझेदारहरुको विद्यमान संस्थागत तथा क्षमताको स्थिति लेखाजोखा गरी स्थानीयतहमा परिणाममुखी तथा प्रभावकारी विकास व्यवस्थापन तथा सेवा प्रवाहको लागि जिल्ला क्षमता विकास योजना तर्जुमा भई कार्यान्वयन भइरहेको छ । यसले संस्थागत तथा क्षमता विकास र सुशासनलाई विकासको प्रभावकारी र नजितामूलक

व्यवस्थापनको प्रमुख रणनीतिको रुपमा स्वीकार गरी योजनाबद्ध रुपमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने प्रयास गरेको देखिन्छ । तथापी यसलाई परिमार्जन र परिष्कृत गर्न आवश्यक छ ।

प्रभावकारी विकास व्यवस्थापन र सेवा प्रवाहको लागि संस्थागत, क्षमता विकास तथा सुशासन संबन्धी ऐन, नियम, निर्देशिका, कार्यविधि, प्रारुप/ढाँचा तथा औजारहरु उपलब्ध रहेका छन् । प्रभावकारी योजना तथा कार्यक्रम तर्जुमा गरी यसको कार्यान्वयन गर्न आवश्यक छ । यसबाट विकासका कार्य तथा सेवा प्रवाहलाई व्यवस्थित, परिणाममुखी र गुणस्तरीय बनाई उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गर्न सक्ने प्रचुर संभावना रहेको छ । सरकारी, गैर सरकारी, नागरिक समाज तथा नीजि क्षेत्र विच समन्वय, सहकार्य र साझेदारी विकास मार्फत योजनाको नतिजाहरु तथा उद्देश्य हासिल गर्न सकिन्छ । संस्थागत विकास तथा सुशासन क्षेत्रसँग संबन्धित संभावनाहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएकोछ ।

तालिका नं. ६.२: संभावना तथा अवसर विश्लेषण

| प्रमुख संभावना र अवसरहरु | आधारहरु (उपलब्ध ऐन, नियम, निर्देशिका, कार्यविधि, प्रारुप, औजारहरु) | लक्षित वर्ग तथा क्षेत्र |
|---|---|---|
| संस्थागत तथा क्षमता विकास | • स्था.स्वा.शा. ऐन तथा नियमावली<br>• स्थानीय निकाय अनुदान सञ्चालन कार्यविधि २०६७<br>• जिविस र गाविसहरुको लागि क्षमता विकास कार्यविधि २०६७<br>• स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४<br>• क्षमता विकास योजना<br>• संगठन विकास अध्ययन प्रतिवेदन | स्थानीय निकायहरु, विषयगत निकाय, विभिन्न समिति तथा उपसमितिहरु, गैसस, उपभोक्ता समूह तथा समुदायमा आधारित संघ/ संस्था/संञ्जालहरु तथा राजनीतिक दलहरु |
| राजस्व तथा श्रोत परिचालन | • स्थानीय निकायको आन्तरिक श्रोत परिचालन तथा प्रक्षेपण निर्देशिका<br>• आन्तरक राजस्व तथा श्रोत परिचालन अध्ययन प्रतिवेदन<br>• स्थानीय निकाय अनुदान सञ्चालन कार्यविधि २०६७<br>• वार्षिक आय तथा बजेट विवरण | जिविस, गाविस, विषयगत तथा सरकारी निकाय, विभिन्न विषयगत समिति तथा कोषहरु, गैसस, सामुदायिक संस्थाहरु, सहकारी तथा समूहहरु |
| स्थानीय सुशासन | • सुशासन व्यवस्थापन ऐन र तत् सम्बन्धी नियमावली, २०६५<br>• स्था.स्वा.शा. ऐन, २०५५ र तत् सम्बन्धी नियमावली, २०५६<br>• भ्रष्टाचार निवारण ऐन, २०५९<br>• सूचनाको हक सम्बन्धी ऐन, २०६३<br>• स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४<br>• सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ | जिविस, गाविस, विषयगत अन्य सरकारी निकाय, विभिन्न विषयगत समिति तथा उपसमिति, गैरसस, सामुदायिक संस्था, सहकारी तथा समूह, राजनीतिक दल तथा नागरिक समाज र सेवा प्रदायक संस्था |

| प्रमुख संभावना र अवसरहरु | आधारहरु (उपलब्ध ऐन, नियम, निर्देशिका, कार्यविधि, प्रारुप, औजारहरु) | लक्षित वर्ग तथा क्षेत्र |
|---|---|---|
| | • जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६<br>• स्थानीय शासन उत्तरदायित्व सम्बन्धी रणनीति र स्थानीय निकाय सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यविधि, २०६७<br>• स्थानीय निकाय श्रोत व्यवस्थापन निर्देशिका, २०६८ | |
| विकास व्यवस्थापन | • स्था.स्वा.शा. ऐन २०५५ तथा नियमावली, २०५६<br>• स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४<br>• गाउँ विकास योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०६७<br>• स्थानीय निकाय अनुदान सञ्चालन कार्यविधि, २०६७<br>• जिल्ला विकास समिति तथा नगरपालिकाको योजना तथा निणय प्रक्रिया सम्बन्धी कार्यविधि, २०६७<br>• जिविस र गाविसहरुको लागि क्षमता विकास कार्यविधि, २०६७ | जिविस, गाविस, विषयगत तथा अन्य सरकारी निकाय, योजना तर्जुमा तथा अन्य विषयगत समिति तथा उपसमिति, गैसस, राजनीतिक दल तथा निजी क्षेत्र |
| लैससास र समुदाय सशक्तीकरण | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०६६<br>• जिल्लास्थित महिला, दलित तथा जनजाती समन्वय समिति सञ्चालन निर्देशिका<br>• सामाजिक सुरक्षा सञ्चालन निर्देशिका, २०६५<br>• सामाजिक परिचालन निर्देशिका, २०६६<br>• जिविस र गाविसहरुको लागि क्षमता विकास कार्यविधि, २०६७ | जिविस, गाविस, विषयगत अन्य सरकारी निकाय, विभिन्न विषयगत समिति तथा उपसमिति, गैरसस, सामुदायिक संस्था, सहकारी तथा समूह, राजनीतिक दल तथा नागरिक समाज र सेवा प्रदायक संस्था |
| समन्वय, सहकार्य र साझेदारी विकास | • विषयगत ऐन, नियम, नीतिहरु<br>• स्था.स्वा.शा. ऐन तथा नियमावली<br>• स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४<br>• स्थानीय निकाय अनुदान सञ्चालन कार्यविधि, २०६७<br>• जिविस र गाविसहरुको लागि क्षमता विकास कार्यविधि, २०६७<br>• सार्वजनिक निजी साझेदारी नीति तथा निर्देशिका<br>• स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम दस्तावेज<br>• क्षेत्रगत अवधारणा सम्बन्धी अध्ययन प्रतिवेदन | जिविस, गाविस, विषयगत तथा अन्य सरकारी निकाय, विभिन्न विषयगत समिति तथा उपसमिति, गैसस तथा राजनीतिक दल तथा निजी क्षेत्र |

तालिका नं. ६.३: संस्थागत शुसासन क्षेत्रको तर्कबद्ध खाँका

| योजनाको सारांश | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **विषयगत उद्देश्य**<br>जिल्लाका विभिन्न संघ/संस्था र संगठनहरूको संस्थात्मक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी सुशासन प्रवर्द्धनका साथ | पूर्ण संरचना सहितका गाविस | संख्या | ४० | ४५ | ५० | ५५ | ६० | ६६ | | सम्बन्धित कार्यालयहरूका संगठन चार्ट र कार्यालयहरू | |
| | एमसिपिम मा | अंक | ५८ | ७० | ७२ | ७४ | ७६ | ८० | | | |

| योजनाको सारांश | सूचक | पुष्टयांईका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|
| जनतामा छिटोछरितो, प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ । | (see table below) | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिविस | | | | | | | | |
| एमसिपिएममा सफल गाविस | संख्या | ४२ | ४५ | ५० | ५५ | ६० | ६६ | |
| एमसिपिएममा उनपा र नपा | अंक | ६० | ६५ | ६७ | ६८ | ६९ | ७० | |

**नतिजाहरु**

१ स्थानिय निकायहरुमा पुर्वाधारको विकास भएको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| आफनै भवन भएका गाविस | वटा | ४० | ४५ | ५० | ५५ | ६० | ६६ | |
| नगरपालिकामा भवन व्यवस्था | वटा | १ | १ | | | | | |
| नगरपालिका वडा कार्यालय स्थापना | वटा | ३० | | | | | | |

२ स्थानीय निकायहरु तथा सरकारी कार्यालयहरुको उत्तरदायित्व र पारदर्शितामा बृद्धि भएको हुनेछ ।

| सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| हरेक कार्यालयमा वोर्ड सहितको गुनासो सुन्ने अधिकारी र गुनासोको रेकर्ड राख्ने व्यवस्था | वटा | | | | | | | |
| हरेक कार्यालयमा क्षतिपुर्ति सहितको नागरिक वडापत्र | संख्या | ० | २ | २ | २ | २ | २ | |
| विपन्न, जेष्ठ नागरीक, अपागंता भएका नागरिकको सेवा पहिलो प्राथमिकता दिने नीति | पटक | | १ | | | | | |
| जिविसले बर्षमा कम्तिमा एकपटक समिक्षा गोष्ठी सञ्चालन गरेको | पटक | १ | १ | १ | १ | १ | १ | |
| स्थानीय निकायहरुले बार्षिक रुपमा १ पटक सामाजिक परीक्षण र ३ पटक सार्वजनिक सुनुवाई कार्यक्रम | पटक | १ | १ र ३ | १ र ३ | १ र ३ | १ र ३ | १ र ३ | |
| कम्तिमाबर्षको ३ पटक जिल्ला अनुगमन समितिले अनुगमन गरी | पटक | ० | ३ | ३ | ३ | ३ | ३ | |

| योजनाको सारांश | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला विकास समितिमा प्रतिवेदन पेश गरेको हुने । | | | | | | | | | | |
| ३. स्थानीय निकायहरुको क्षमता अभिबृद्धि भएको हुनेछ । | जिविस र सबै ६६ वटै गाविस, १ उमनपा, १ नपा हरुको संगठनात्मक विकास योजनाको (Organizational Development Plan) तयार भै कार्यान्वयन भएको हुने | संख्या | ० | १ | १ | १ | १ | १ | | | |
| | जिविस, उमनपा, नपा र ६६ वटै गाविसहरुले क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गरेका हुनेछन । | | | १० | १५ | ११ | १५ | १५ | | | |
| | बार्षिक एक पटक गाविस र जिविस तहमा न्यूसकास सम्वन्धी अभिमुखीकरण गरिएको हुने । | | १ | १ | १ | १ | १ | १ | | | |
| | ६६ वटै गाविसले गाउँ आवधिक योजना तर्जुमा गरी लागु गरेका हुनेछन् | संख्या | ० | १० | १० | १० | १० | ८ | | | |
| | स्थानीय निकायका निर्वाचित पदाधिकारीहरुलाई क्षमता अभिबृद्धि तालिम दिइएको हुनेछ । | पटक | ० | १ | १ | १ | १ | १ | | | |
| | बार्षिक एक पटक ६६ वटा गाविस नपाका सचिवहरुलाई योजना तर्जुमा, लेखा प्रणाली (खर्च अभिलेखिकरण सम्वन्धी) ३ दिने तालिम उपलव्ध गराइएको हुनेछ । | पटक | १ | १ | १ | १ | १ | १ | | | |
| ४. स्थानीय निकाय मार्फत सञ्चालित योजनाहरु प्रभावकारी | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | | संख्या | | | १ | | | | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रुपमा कार्यान्वयन भएका हुनेछन् । | जिल्ला अनुगमन समितिको बर्षमा कम्तिमा चौमासिक रुपमा बैठक बसेको हुनेछ । | संख्या | | | | | | | बैठक पुस्तिका | | |
| | जिल्ला अनुगमन समितिले कम्तिमा चौमासिक रुपमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गरेका हुनेछन् । | संख्या | | | | | | | अनुगमन प्रतिवेदन | | |
| | प्रत्येक ५ लाख भन्दा माथिका योजनाहरुको योजना स्थलमा होडिगं बोर्ड राखिएको हुनेछ । | संख्या | सवै योजनाहरुमा लागु गरिने | फोटो,प्रतिवेदन | | | | | | | |
| | शत प्रतिशत उपभोक्ता समितिका प्रतिनिधिहरु (... वटा समितिका .... जना) लाई योजना व्यवस्थापन लगायत क्षमता विकासका लागि तालिम दिइएको हुनेछ । | | सवै योजनाहरुमा लागु गरिने | फोटो,प्रतिवेदन | | | | | | | |
| | DPMASसम्बन्धी तालिम प्राप्त जनशक्ति हरेक कार्यालयमा कार्यरत रहेको हुनेछन । | संख्या | १५ | १५ | १५ | १५ | १५ | १५ | तालिम प्रतिवेदन | | |
| | बार्षिक रुपमा आवधिक योजना र बार्षिक योजना वीचको तालमेल सम्वन्धमा विश्लेषण अध्ययन गरी समिक्षा गरिनेछ । | पटक | ० | १ | १ | १ | १ | १ | समक्षिा प्रतिवेदन र बैठक पुस्तिका | | |
| | | | | | | | | | | | |
| ५. स्थानीय निकायहरुको सूचना प्रणाली व्यवस्थित भएको हुनेछ | **सूचक हरु** | **ईकाई** | **०७०/०७१ को अवस्था** | **आ.व. ०७२।०७३** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| | जिविस, उमपा, नपा, तथा ६६ गाविसको पार्श्वचित्र तयार भएको हुनेछ । | संख्या | १ | जिविस,नपा र गाविसको पार्श्वचित्र | | | | | | | |
| | जिल्लामा वेवसाईटको विस्तार भएको हुनेछ (हाल जिविस र | संख्या | २ | १ | १ | | | | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नपामा १/१ वटा) | | | | | | | | | | |
| | गाविस र उमपाका वडा कार्यालयमा कम्प्युटरको व्यवस्था भएको हुनेछ । | संख्या | ४० | १० | ५ | ५ | ३ | ३ | | | |
| | जिविस र उनपामा Server को व्यवस्था भएको हुनेछ | संख्या | ० | १ | १ | | | | | | |
| | सम्पन्न पूर्वाधार सहितको जिल्ला सूचना केन्द्रको संचालन भएको हुनेछ । | संख्या | १ | प्रभावकारीरुपमा संचालन गरिनेछ | | | | | | | |
| | विद्युतीय शासनप्रणाली (ICT Governance) संचालनमा आएको हुनेछ । | पटक | | जिविस र नपामा योजना अवधिमा | | | | | | | |
| | जिल्ला स्तरका सवै सरकारी तथा गैरसकारी कार्यालयहरुको MIS & GIS प्रणाली लागु भई एकीकृत सूचनाको प्रणालीको स्थापना भएको हुनेछ । | | १ | सवै जिल्ला स्थित कार्यालयहरुमा | | | | | | | |
| ६. जिल्ला स्तरीय समितिहरु गठन तथा क्रियाशिल भएका हुनेछन । | **सूचक हरु** | **ईकाई** | **०७०/०७१ को अवस्था** | **आ.व. ०७२।०७३** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| | स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यवीधि निर्देशिकामा तोकिए अनुसारका समितिहरु गठन भै क्रियासिल भएका हुनेछन् । | | | जिल्ला स्थित कार्यालयहरुमा | | | | | | | |
| | GESI, DWASHCC, VWASHCC, MWASHCC, DSMCC, DCFLG, DEFLG, लगायत समितिको प्रत्येक दुई दुई महिनामा वैठक बसेको हुनेछ । | | | जिविस र नपामा | | | | | | | |
| ७. सेवा प्रदायक | **सूचक हरु** | **ईकाई** | **०७०/०७१** | **आ.व.** | | | | | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | को अवस्था | ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| संस्थाहरुको क्षमता विकास भई वित्तिय जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन भएका हुने छन । | वित्तिय जोखिम न्यूनीकरण योजना निर्माण भै कार्यान्वयन भएको हुनेछ । | संख्या | २२ | जिल्ला स्थित कार्यालयहरुमा | | | | | | | |
| | जिल्ला स्तरमा प्राविधि विद्यालयहरु स्थापना भई संचालनमा आएका हुनेछन् | संख्या | १ | | १ | १ | | | | | |
| | सबै गाविसका सचिवहरुलाई लेखा प्रणाली, Data based management, VER, र सामाजिक सुरक्षा र खर्च व्यवस्थापन सम्बन्धी ३ तीन तालिम प्रदान गरिएको हुनेछ । | पटक | १ | १ | १ | १ | १ | १ | | | |
| | स्थानीय निकायको आन्तरीक श्रोत बृद्धि को संभाव्यता अध्ययन गरी सोही अनुसार कार्यान्वयन गरिएको हुनेछ । | पटक | १ | १ | १ | १ | १ | १ | | | |
| | राजश्व परामर्श समितिको कम्तिमा बार्षिक ३ वटा बैठक बसी राजश्व अभिबृद्धि र खर्च व्यवस्थापन सम्वन्धी अनुगमन गरिएको हुनेछ । | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | | | |
| | सबै गाविसका सचिवहरुले चौमासिक रुपमा जिविसलाई निर्धारित ढाँचामा खर्चको विवरण पेश गरेका हुनेछन | पटक | १ | ३ | ३ | ३ | ३ | ३ | | | |
| ८. सामाजिक परिचालन मार्फत नागरीकको आवाजलाई स्थानीय निकायहरुले सम्बोधन गरेका हुनेछन । | सूचक हरु | ईकाई | ०७०/०७१ को अवस्था | आ.व. ०७२।०७३ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | सामाजिक परिचालन क्षेत्रमा कार्यरत संघ संस्था नक्शांकन प्रतिवेदन तयारी भएको हुनेछ । | | | जिल्ला स्थित कार्यालयहरुमा | | | | | | | |
| | वडा नागरीक मंचको गठन तथा पुनर्गठन भएको हुनेछ । | गाविस | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नागरीक मंचको नियमित वैठक(वर्षको १२ पटक वैठक) बसेको हुनेछ । | गाविस | ६६ | ६६ | ६६ | ६६ | ६६ | ६६ | | | |
| | गाविस स्तरमा CFLG VSMCC, EFLG, GESIसमिति गठनभै क्रियासिल भएको हुनेछ । | संख्या | ५१ | ३ | ३ | ५ | ४ | | | | |
| | जिल्लाका गाविसमा नगरपालिकाहरुमा १, १ मेल मिलाप केन्द्रहरु गठन भएकाहुनेछन । | संख्या | ० | | | | | | | | |
| | वडा नागरीक मंच मार्फत सेवा प्रदायकहरुको नीगरानी कार्य जिल्लामा संचालन भएको हुने छ । | संख्या | | | | | | | | | |
| | नतिजामा आधारित अनुगमन प्रणाली लागु भएको हुनेछ । | | | ६६ वटै गाविस र विषयगत निकायहरुमा | | | | | | | |
| | गाविसमा गरिवी नक्शांकनको आधारमा कार्ड वितरण भई सोहि अनुसार सेवा प्रवाह गरिएको हुने छ । | संख्या | ० | | | | | | | | |
| ९. नागरिक समाज, गै.स.स तथा सामुदायिक संस्थाहरूको संस्थागत क्षमता बृद्धि भएको हुनेछ । | **सूचक हरु** | **ईकाई** | **०७०/०७१ को अवस्था** | **आ.व. ०७२।०७३** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| | स्पष्ट कार्य विवरण सहित जिविसमा गैसस डेक्स स्थापना भै क्रियासिल भएको हुनेछ । | संख्या | ० | १ | | | | | | | |
| | जिविस, गैसस र नागरिक समाजले चौमासिक बैठक बसि प्रगति समिक्षा गरेका हुनेछन् । | संख्या | १ | ३ | ३ | ३ | ३ | ३ | | | |
| | गैससहरुको विषयगत विशिष्टीकरणको शुरुवात गरी | संख्या | ० | १ | १ | १ | १ | १ | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कम्तिमा बर्षको एक पटक (जम्मा ५ वटा) विषयगत तालिम प्रदान गरिएको हुने छ। | | | | | | | | | | |
| | जिल्लामा क्रियासिल गैससहरुमध्ये कम्तिमा ३० वटा गैससबाट २/२ जनाका दरले ६० जनालाई नतिजामा आधारित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन (लक्षित समुह, सिएफल जी, इएफएलजी, जेसी, डिआरआर र सुशासन सहित) सम्बन्धीबर्षमा कम्तीमा एक पटक (जम्मा ५ वटा) तालिम प्रदान गरिएको हुनेछ। | पटक | ० | १ | १ | १ | १ | १ | | | |
| | सबै गाविस र नपामा कार्यरत सामाजिक परिचालकहरुलाई नतिजामा आधारित योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन (लक्षित समुह, सिएफल जी, इएफएल जी, जेसी, डिआरआर सहित) सम्बन्धि कम्तीमा बर्षको एक पटक (जम्मा ५ वटा) तालिम प्रदान गरिएको हुनेछ। | पटक | ० | १ | १ | १ | १ | १ | | | |
| १०. स्थानीय सञ्चार माध्यमहरुको क्षमता बृद्धिभै सूचनाको प्रयोग तथा पहूँचमा बृद्धि भएको हुनेछ। | **सूचक हरु** | **ईकाई** | **०७०/०७१ को अवस्था** | **आ.व. ०७२।०७३** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| | नेपाल पत्रकार महासंघ जिल्ला शाखा मार्फत सम्पूर्ण सञ्चारका माध्यमहरु (रेडियो, पत्र पत्रिका, अनलाइन) को संस्थागत क्षमता विकासका लागि बर्षमा कम्तीमा ४ वटा (जम्मा २० वटा) कार्यक्रमहरु सञ्चालन भएका हुनेछन। | पटक | १ | ४ | ४ | ४ | ४ | ४ | | | |
| | स्थानीय सञ्चार माध्यमले स्थानीय निकायबाट प्रदान गरिएका सेवाहरुको बारेमा कम्तीमा साप्ताहिक रुपमा एफएम रेडियो कार्यक्रम सञ्चालन गरेको हुनेछ। | पटक | १ | १ | १ | १ | १ | १ | | | |

| योजनाको सारांश | सूचक | | | | | | | | | पुष्टयांईका आधार | जोखिम/ पूर्वानुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थानीय पत्रपत्रिकामार्फत स्थानीय विकास निर्माण, लक्षित वर्गको सहभागिता, पर्यटन, कृषि आदी सम्बन्धी प्रकासनहरु (बुलेटीन, ब्रोसियर) त्रैमासिक रुपमा कम्तीमा एक पटक नियमित (जम्मा १५ वटा अंकमा) प्रकाशन गरेका हुने छन् । | संख्या | ० | ३ | ३ | ३ | ३ | ३ | | | |
| | स्थानीय निकायको सेवा सम्बन्धमा सोग्राहीहरुको सन्तुष्टि मापन गर्न वर्षमा कम्तीमा एक पटक Exit Poll Surveyगरिएको हुनेछ । | पटक | ० | १ | १ | १ | १ | १ | | | |

उपर्युक्त उद्देश्य प्राप्तिका लागि संचालन गरिने आयोजना/ कार्यक्रम र बजेटको विवरण अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

## संस्थागत विकास तथा सुशासनका रणनीतिहरू

### सुशासन एंव दिगो विकास

- प्राकृतिक श्रोतको उपयोग र ठूला आयोजनाहरूको कार्यान्वयनमा वातावरणीय परीक्षण, सार्वजनिक परीक्षण तथा प्रभाव मूल्यांकन गर्ने ।
- कार्यक्रम तर्जुमा गर्दा सामाजिक समावेशीकरण, लैङ्गिक विकास, HIV/AIDS नियन्त्रण, बहुक्षेत्रीय पोषण कार्यक्रम जस्ता अन्तर सम्बन्धित सवालहरू (Cross- Cutting Issues) लाई सम्बोधन गर्ने ।
- उपभोक्ता समितिका पदाधिकारीहरूको दक्षता र क्षमताको अभिवृद्धि गर्ने ।
- सरकारी, गैरसरकारी र संघ संस्थाको समेत सार्वजनिक सुनुवाई, सामाजिक तथा सार्वजनिकपरीक्षण कार्यक्रम संचालन गर्ने, गराउने ।
- स्थानीय निकाय, सरकारी कार्यालयहरू, निजी क्षेत्र र नागरिक समाजको प्रतिस्पर्धात्मक क्षमताको बढीभन्दा बढी प्रयोग गर्ने ।
- जिल्लामा विकास र सेवा प्रवाहमा कार्यरत व्यक्तिहरूको क्षमताअभिवृद्धिका लागि आवश्य पर्ने स्रोत व्यक्तिहरूको रोष्टर तयार गर्ने ।
- जिल्लामा दर्ता भएका गैरसरकारी संस्थाहरूमध्ये पाँच वर्ष सम्म सक्रिय रहेकाहरूलाई नवीकरणको सिफारिश गर्ने ।
- स्थानीय निकायहरूसंग अनिवार्य रूपमा समन्वय गरेर मात्र गैरसरकारी संस्थाहरूले पारदर्शी ढङ्गले कार्यक्रम संचालन गर्ने ।

**सूचना, प्रविधि तथा अभिलेख केन्द्र व्यवस्थापन**

- सामाजिक, आर्थिक,राजनैतिक, सामुदायिक ऐतिहासिक, भौगोलिक,भाषिक, साहित्यिक आदि विविध विषयका राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय सामग्रीहरू रहने गरी र जिल्लाभरका जनताले अध्ययन अनुसन्धान गर्न पाउने गरी जिल्ला विकास समितिमा एक स्रोत साधन सम्पन्न सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने ।
- सरकारी कार्यालयहरू तथा गैरसरकारी संघ संस्थाहरूसंग समन्वय गरी सूचना प्रणालीलाई थप ब्यवस्थित गर्न जिल्ला गरीवी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) स्थापना गरी सूचनालाई अझ प्रभावकारी बनाउने ।
- उपमहानगरपालिका र गाविसहरूमा समेत आफ्आफ्ना क्षेत्रका जनतालाई सुसूचित गर्न सूचना तथा अभिलेख केन्द्रको व्यवस्था गर्ने ।

## संस्थागत विकास तथा सुशासनका कार्यनीतिहरू

### सुशासन एंव दिगो विकास

- जिल्लामा विकास कार्यमा संलग्न सरकारी, गैरसरकारी संघसंस्था र स्थानीय निकायहरूको समेत सार्वजनिक सुनुवाई तथा सामाजिक तथा सार्वजनिक लेखापरीक्षण गरिने छ ।
- दुर्गम गाउँका बासिन्दाहरूलाई गाउँमै सर्वसुलभ ढंगले सेवा पुऱ्याउन समय समयमा घुम्ती शिविरहरू मार्फत सेवा प्रवाह गरिने छ ।
- जिल्लाको विकासको लागि कार्यरत सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गरिने छ ।
- सार्वजनिक- निजि साझेदारी कार्यक्रम (Public- Private- Partnership) (PPP) नीति अनुरुप आयोजनाहरू संचालन गरिने छन् ।
- कार्यक्रम कार्यान्वयन गर्दा समानुपातिक तथा सन्तुलित विकासको नीति अनुरुप पिछडिएका क्षेत्र र वर्गलाई प्राथमिकता दिइने छ ।

**जनसंख्या तथा विकास व्यवस्थापन**

- ब्यक्तिगत घटनादर्तालाई ग्रामीण क्षेत्रमा अभियानको रुपमा लगिने छ ।
- बढ्दो जनसंख्या नियन्त्रण तथा जन सांख्यिक लैङ्गिक विभेद न्यूनीकरण गर्न चेतना अभिबृद्धि कार्यक्रम संचालन गरिने छ ।

**मानव संसाधन विकास**

- जिल्ला विकास समितिको क्षमता विकासको लागि Capacity Gap Assessment को आधारमा कर्मचारीहरूका निम्ति क्षमता अभिबृद्धि कार्यक्रमहरू संचालन गरिने छन् ।

- ❖ उपभोक्ता समितिहरूलाई प्रभावकारी कार्य संचालन तथा व्यवस्थापन क्षमता अभिबृद्धिको लागि तालिम दिइने छ।

**सूचना, प्रविधि तथा अभिलेख केन्द्र व्यवस्थापन**

- ❖ जिल्लाको सामाजिक तथा आर्थिक तथ्यांकहरू संकलन र अद्यावधिक गर्न तथा सूचना संजाल स्थापना गरी जिल्ला सूचना तथा अभिलेख केन्द्रलाई ब्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने छ।
- ❖ जि.वि.स.को वेबसाइटलाई अझ बढी प्रभावकारी बनाउन परिस्कृत र सुदृढ गर्दै लगिने छ र त्यसलाई E Governace तर्फ उन्मुख गराइने छ।

**समुदाय परिचालनमा आधारित गाँउ विकास कार्यक्रम**

- ❖ सामाजिक सशक्तीकरणको लागि वडा नागरिक मंचलाई क्रियाशील गराइने छ।
- ❖ सामाजिक सशक्तीकरण तथा गरीबी न्यूनीकरणका लागि जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूसंग समन्वय र सहकार्य गरिने छ।
- ❖ **आन्तरिक श्रोत पहिचान र आर्थिक ब्यवस्थापन**
- ❖ जि.वि.स.को आन्तरिक राजश्व अभिबृद्धि गर्न जिल्लास्थित संभाव्य श्रोतहरूको पहिचान गरी राजश्व प्रक्षेपण कार्यलाई निरन्तरता दिइने छ।
- ❖ आर्थिक अनुशासन कायम गर्ने सन्दर्भमा बाँकी बक्यौता, पेश्की, बेरुजुको लगत अद्यावधिक गरी तदारुकताका साथ असुल एंव फछ्र्योट गर्ने कार्यलाई निरन्तरता दिइने छ।

**समुदाय परिचालनमा आधारित गाँउ विकास कार्यक्रम**

- ❖ सामाजिक सशक्तीकरणको लागि वडा नागरिक मंचलाई क्रियाशिल गराइने छ।
- ❖ सामाजिक सशक्तीकरण तथा गरिबी न्यूनीकरणका लागि जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूसंग समन्वय र सहकार्य गरिने छ।
- ❖ **साझेदारी तथा सहकार्य**
- ❖ जिल्लामा विभिन्न क्षेत्रमा काम गर्ने सरकारी तथा राष्ट्रिय एंव अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरूसंग समन्वय, सहकार्य र साझेदारी निर्माण गरी कार्यक्रम संचालन गर्न जि.वि.स.को कार्यालयमा रहेको NGO Desk लाई निरन्तरता दिइने छ।

# परिच्छेद ७: अनुगमन तथा मुल्याङ्कन

### ७.१ जिल्ला अनुगमन तथा मूल्यांकन प्रक्रिया

आवधिक जिल्ला विकास योजना पर्साले निर्धारण गरेको लक्ष्य अनुरुप स्रोत साधनहरुको परिचालन भए नभएको, आयोजनाको कार्यान्वयन आजिवियो अनुसार भए नभएको, आयोजनामा निर्धारित सूचकहरु पुरा गर्न उपलब्ध स्रोत साधनहरु आवश्यकता अनुसार पुरा भए नभएको तथा प्रचलित ऐन कानुन मुताविक कार्यक्रम तथा आयोजनाहरु संचालन भए नभएको वारे अनुगमन तथा मूल्यांकन गरिनेछ । साथै स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीमा ब्यवस्था भए अनुसार अनुगमन तथा सुपरिवेक्षण समित गठन गरी योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्नेछ । साथै विभिन्न विषयगत समिति तथा सरोकार राख्ने वर्ग, संघ संस्था तथा समुहबाट मासिक, पटके, अर्धबार्षिक र बार्षिक रुपमा तथा तेस्रो पक्षबाट समेत मध्यावधि र बार्षिक रुपमा मुल्यांकन गरी योजना तथा कार्यक्रम कुन दिशामा गइराखेको छ सोको लागि आवश्यक राय सुझाव दिनेछ । पर्सा जिल्लाको यो आवधिक योजनालाई अनुगमन तथा मुल्यांकन गर्न देहाय अनुसार समिति मार्फत विभिन्न विधि तथा तरिकाहरु अपनाईने छ ।

(क) **जिल्ला अनुगमन तथा मुल्यांकन समितिः** यो अनुगमन तथा मुल्यांकन समितिले बार्षिक रुपमा अनुगमन तथा मुल्यांकन गरी योजना तथा कार्यक्रमको विषयमा थप सुझाव तथा पृष्ठपोषण दिनेछ ।

(ख) **सर्वपक्षिय तथा वहुसरोकारवाला अनुगमन समितिः** आवधिक योजनाको कार्यशाला गोष्ठीमा जिविसको सर्वपक्षिय संयुक्त वहुसरोकारवाला अनुगमन समिति वनाई उक्त समिति मार्फत वार्षिक रुपमा अनुगमन गर्नेछ ।

(ग) **नतिजामा आधारित अनुगमन तथा मुल्यांकन पद्धती** : योजना तथा कार्यक्रमलाई नतिजामा आधारित अनुगमन तथा मुल्यांकन विधि (Result based Monitoring and Evaluation System) को माध्यमबाट जिल्ला विकास समितिको सम्बन्धित शाखाबाट प्रतिवेदन तयार गरी सार्वजनिक गर्नेछ ।

(घ) **आजिवियोको मध्यावधि मूल्यांकनः** आजिवियोमा निर्धारित लक्ष्य, उद्देश्य, सूचक र नीतिहरुका आधारमा योजना कार्यान्वयनको साढे दुई वर्षमा यसको मध्यावधि मूल्यांकन हुनेछ । यसरी मुल्यांकन गर्दा लक्ष अनुसार कार्यक्रम तथा बजेटको प्रगति कुन दिशा तर्फ गइराखेको छ सोको बारेमा विश्लेषण गरी यदी आवश्यकता देखिएमा मध्यमकालिन खर्च संरचना (Medium Term Expenditure Framework) तयार गर्न सकिनेछ । यस मूल्यांकन टोलीमा योजना सम्बन्धी दखल भएका र अनुभवी पेशाविद्को समूह संलग्न हुनेछन् । मध्यावधि मूल्यांकन टोलीमा रहने अन्य सदस्यहरु र यसको कार्यविधि जिविसले निर्धारण गर्नेछ । उक्त मध्यावधि मूल्यांकन टोलीले गरेको सिफारिसका आधारमा बाँकी कार्यक्रमलाई दिशानिर्देश गरिनेछ ।

(ङ) **अन्तिम मूल्यांकनः** यस आजिवियोको समयावधि सम्पन्न भएपछि निर्धारित लक्ष्य, उद्देश्य, तथा नतिजा प्राप्त भए नभएको बारे मूल्यांकन गर्न योजना सम्बन्धी दखल भएका र अनुभवी पेशाविद्को समूह संलग्न भएको तेश्रो पक्षीय अनुगमन तथा मूल्यांकन कार्य हुनेछ । अन्तिम मूल्यांकन टोलीमा रहने अन्य सदस्यहरु र यसको कार्यविधि जिविसको सिफारिसमा जिल्ला परिषद्ले निर्धारण गर्नेछ । अन्तिम मूल्यांकनको प्रतिवेदन सार्वजनिक गरिनेछ । यो प्रतिवेदन अर्को आजिवियोको लागि आधार मान्न सकिनेछ ।

### ७.२ नतिजामूलक अनुगमन तथा मुल्यांकन योजना

विषयगत क्षेत्रअनुसारका कार्यक्रमको अनुगमन तथा मुल्यांकन कार्यान्वयन गर्ने निकायका पदाधिकारी तथा विषयगत समिति, सर्वपक्षिय संयन्त्रले पटके र आवधिक (चौमासिक, अर्धवार्षिक र बार्षिक) अनुगमन गरी जिविसमा प्रतिवेदन पेश गर्ने छन् । सहभागितामूलक रुपमा वार्षिक समीक्षा कार्यक्रम र तेश्रो पक्षद्वारा समेत कार्यक्रमको गुणस्तरीयता, लागत प्रभावकारिता र नतिजाको अनुगमन गरिनेछ । योजनाको तेश्रो पक्षद्वारा मद्यावधि तथा अन्तिम मुल्याङ्कन गरी नतिजा सार्वजनिक गरिनेछ । विषयगत क्षेत्रको कार्यक्रमको अनुगमन

तथा मुल्याङ्कन गर्ने जिम्मेवारी जिल्लास्थित विषयगत समितिको हुनेछ । साथै जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली संचालन निर्देशिकामा उल्लेखित अनुगमनका सूचक र अनुगमन योजना समेत उपयोग गरिनेछ । विषयगत क्षेत्र अनुसारको अनुगमन तथा मूल्याङ्कन योजना तपसिल अनुसारको ढाँचामा प्रस्तुत गरिएको छ ।

### ७.२.१ आर्थिक विकास (कृषि, पशुपालन तथा उद्योग र पर्यटन)

<table>
<tr><th>योजना सारांश</th><th>मापनका सूचकहरु</th><th>अनुगमनका विषयहरु (के मापन गर्ने?)</th><th>अनुगमनका साधनहरु</th><th>अनुगमनको समय</th><th>अनुगमन गर्ने जिम्मेवारी</th><th>सूचनाको श्रोत</th></tr>
<tr>
<td><u>विषयगत उद्देश्य</u><br><br>वातावरणमैत्री कृषि प्रविधि, उन्नत जातका विउविजनको प्रयोग, ब्यवसायीक सहकारीको विकास तथा प्रबर्द्धन र घरेलु उद्योगमा उद्यमशिलताको विकास गरी जिल्लावासीको आम्दानीमा उल्लेखनीय बृद्धि भएको हुनेछ ।</td>
<td>
<table>
<tr><th>विवरण</th><th>ईकाई</th><th>२०७१/२०७२ को अवस्था</th><th>२०७६/२०७७ को लक्ष्य</th></tr>
<tr><td>खाद्यान्न वाली उत्पादन क्षेत्रफल</td><td>हे.</td><td>८३२९०</td><td>८४१५०</td></tr>
<tr><td>खाद्यवाली उत्पादन</td><td>मे.टन</td><td>२५८७२९</td><td>३१६६५१</td></tr>
<tr><td>उत्पादकत्व</td><td>मे.टन/हे.</td><td>३.४१</td><td>४.१६</td></tr>
<tr><td>प्रतिब्यक्ति खाद्यान्न उत्पादन</td><td>के.जी.</td><td>४३०</td><td>५२७</td></tr>
<tr><td>नगदे वालीको क्षेत्रफल</td><td>हे.</td><td>८५००</td><td>११८५०</td></tr>
<tr><td>नगदे वालीको उत्पादकत्व</td><td>मे.टन.</td><td>३</td><td>३.२२</td></tr>
<tr><td>प्रति ब्यक्ति नगदेवाली उत्पादन</td><td>के.जी.</td><td>७९</td><td>८६</td></tr>
<tr><td>तरकारी वालीको क्षेत्रफल</td><td>हे.</td><td>३१७५</td><td>३९०९</td></tr>
<tr><td>प्रतिब्यक्ति तरकारी उत्पादन</td><td>केजी</td><td>९९</td><td>१२१</td></tr>
<tr><td>फलफुल क्षेत्रफल</td><td>हे.</td><td>३५२</td><td>४३६</td></tr>
<tr><td>फलफुल उत्पादन</td><td>के.जी.</td><td>३५५०</td><td>४२००</td></tr>
<tr><td>पशुवस्तुहरुको संख्या</td><td>संख्या</td><td>२४०६४६</td><td>२७०३४४</td></tr>
<tr><td>पंक्षीहरु (कुखुरा हाँस)</td><td>संख्या</td><td>३२३८९६</td><td>३३३९६७</td></tr>
<tr><td>दुध उत्पादन</td><td>मे.टन.</td><td>९८८८१</td><td>११०२८७</td></tr>
<tr><td>मासु उत्पादन</td><td>मे.टन.</td><td>११२२८</td><td>१३०५८</td></tr>
<tr><td>अण्डा उत्पादन</td><td>मे.टन.</td><td>९७००</td><td>१०४५०</td></tr>
<tr><td>सिंचाई क्षेत्रको विकास</td><td>हे.</td><td>३२१४८</td><td>३७५७५</td></tr>
<tr><td>सहकारीको विकास</td><td>संख्या</td><td>६४०</td><td>९५२</td></tr>
<tr><td>सहकारीमा आवद्ध सदस्य</td><td>संख्या</td><td>४६५७०</td><td>६९८५४</td></tr>
<tr><td>उद्योगको प्रबर्द्धन</td><td>संख्या</td><td>४९८६</td><td>७०००</td></tr>
<tr><td>औद्योगिक रोजगारी</td><td>संख्या</td><td>४४५४९</td><td>५००००</td></tr>
</table>
</td>
<td>• खाद्यान्न वाली, तरकारी वाली, फलफूल तथा नगदेवाली उत्पादनको क्षेत्रफल र उत्पादन<br>• आधुनिक खेती गर्ने स्वरोजगार व्यक्ति<br>• स्थानीय निकायबाट कृषि क्षेत्रको लागि विनियोजन हुने वार्षिक बजेट<br>• थप सिंचित क्षेत्रफल<br>• कृषकसंग सम्बन्धित, समूह तथा कार्यक्रममा महिलाको सहभागिता संख्या</td>
<td>• गरिवी नक्शांकन<br>• जिवनस्तर सर्वेक्षण<br>• नमूना सर्वेक्षण<br>• श्रोत अध्ययन</td>
<td>• बर्षिक मूल्याङ्कन<br>• मध्यावधि<br>• अन्तिम</td>
<td>• विषयगत समिति,<br>• सर्वपक्षीय अनुगमन समिति,<br>• तेश्रो पक्षीय अनुगमन समिति<br>• जिल्ला विकास समिति</td>
<td>•कार्यक्रम प्रभाव मूल्याङ्कन प्रतिवेदन<br>•नमूना सर्वेक्षण प्रतिवेदन<br>•वार्षिक प्रगति तथा समीक्षा प्रतिवेदन<br>•कृषि गणना प्रतिवेदन<br>•आजिवियोको मध्यावधि तथा अन्तिम मूल्याङ्कन<br>•गरीवी नक्शांकन प्रतिवेदन</td>
</tr>
</table>

| योजना सारांश | मापनका सूचकहरु | | | | अनुगमनका विषयहरु (के मापन गर्ने?) | अनुगमनका साधनहरु | अनुगमनको समय | अनुगमन गर्ने जिम्मेवारी | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | औद्योगिक क्षेत्रमा बार्षिक लगानि | रु करोड | ५५ | १०० | | | | | |
| | औद्योगिक तालिम प्राप्त जनशक्ति | संख्या | ५६७६ | ७००० | | | | | |

### ७.२ .२ सामाजिक क्षेत्र विषयगत समितिको नतिजामुलक अनुगमन योजना

| तहगत नतिजा | कार्यसम्पादनका सूचकहरु | | | | अनुगमनका विषयहरु (के मापन गर्ने?) | अनुगमनका साधनहरु | अनुगमनको समय | अनुगमन गर्ने जिम्मेवारी | पुष्ट्याईको आधार |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | ईकाई | आधार तथ्यांक | लक्ष्य | | | | | |
| **विषयगत उद्देश्य**<br>शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइमा उल्लेखनीय सुधार हुनुका साथसाथै जिल्लाका महिला, बालबालिका, दलित तथा जनजातिको सामाजिक विकासमा उल्लेखनीय सुधार आएको हुनेछ । | १५ वर्ष भन्दा मुनीको साक्षरता दर | % | ६४ | १०० | • १५ वर्ष कम उमेरका साक्षर जनसंख्या<br>• १५ वर्ष भन्दा माथि उमेरका साक्षर दर<br>• लैङ्गिक समता सूचकाङ्ग,<br>• एस.एल.सी उर्तिण दर<br>• बालमृत्युदर<br>• ५बर्ष मुनिका कुपोषित बालबालिका प्रतिशत<br>• जिल्लाबासीको औसत आयु । | • प्रतिवेदन अध्ययन<br>• अन्तवार्ता<br>• नमूना सर्वेक्षण<br>• सामाजिक परिक्षण<br>• समूहगत छलफल | • मध्यावधि<br>• अन्तिम<br>• बार्षिक | • विषयगत समिति,<br>• सर्वपक्षीय अनुगमन समिति,<br>• तेश्रो पक्षीय अनुगमन समिति<br>• जिल्ला स्वास्थ्य समिति | • जिशिकाको वार्षिक तथा अद्यावधिक प्रतिवेदन<br>• जिविस पार्श्वचित्र<br>• विभिन्न गैसस प्रतिवेदन<br>• विषयगत निकायका प्रतिवेदन हरु<br>• मानव विकास प्रतिवेदन<br>• नमूना सर्वेक्षण<br>• फ्लास रिपोर्ट<br>• आजिवियोको मध्यावधि तथा अन्तिम मूल्याकंन प्रतिवेदन<br>• एसलसि बोर्डको प्रतिवेदन |
| | १५ वर्ष भन्दा माथीको साक्षरता दर | % | ६८ | १०० | | | | | |
| | लैङ्गिक समता सूचकाङ्ग | % | ०.५५ | १०० | | | | | |
| | एस.एल.सी. उर्तिण दर | % | ३६ | ८६ | | | | | |
| | बालमृत्युदर | प्रति हजार जिवित जन्मम ा | ४४.३३ | ३५ | | | | | |
| | ५ बर्ष मुनिका कुपोषित बालबालिका | % | ३७.२० | ५.५ | | | | | |
| | औसत आयु | बर्ष | ७०.२५ | ७३.४० | | | | | |

७.२.३ पूर्वाधार विकास बिषयतग क्षेत्रको नतिजामुलक अनुगमन योजना

| नतिजा श्रृङ्खला | कार्यसम्पादनका सूचकहरु | | | | अनुगमनका विषयहरु (के मापन गर्ने?) | अनुगमनका साधनहरु | अनुगमनको समय | अनुगमन गर्ने जिम्मेवारी | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | ईकाई | आधार तथ्याङ्क | लक्ष्य | | | | | |
| **विषयगत उद्देश्य** सार्वजनिक पूर्वाधार क्षेत्रको विकास तथा विस्तार भई सार्वजनिक सेवा, वस्तु, सुविधा र बजारमा जिल्लाबासीको पहुँच बृद्धि, जीवनयापन सहज र आर्थिक अवसरमा अभिबृद्धि भएको हुनेछ । | ग्राभेल सडक | कि.मि. | ५९२.४५ | ६९६.४५ | •कालोपत्रे तथा सवै मौसममा चल्ने सडकले सेवा पुऱ्याउने क्षेत्र<br>•कालोपत्रे तथा सवै मौसममा चल्ने सडकको लम्बाई<br>•नियमित रुपमा सार्वजनिक यातायात संचालन हुने थप सडक लम्बाई<br>•थप पक्की सडक लम्बाई<br>•वैकल्पिक उर्जा प्रयोग गर्ने नयाँ घर परिवार संख्या<br>•विद्युत उपयोग गर्ने घर परिवार<br>•थप विद्युतिकरण भएका घर परिवार संख्या<br>•टेलिफोन सेवा प्राप्त गर्ने थप जनसंख्या | • प्रतिवेदन अध्ययन<br>• अन्तवार्ता<br>• नमूना सर्वेक्षण<br>• सामाजिक परिक्षण<br>• समूहगत छलफल | • बार्षिक<br>• मध्यावधि<br>• अन्तिम | • विषयगत समिति,<br>• सर्वपक्षीय अनुगमन समिति,<br>• तेश्रो पक्षीय अनुगमन | • DTMP मूल्याङ्कन प्रगति प्रतिवेदन<br>• जिविस प्रगति प्रतिवेदन<br>• अद्यावधिक जिल्ला पार्श्वचित्र<br>• बार्षिक समीक्षा प्रतिवेदन<br>• जिविसको सामाजिक परिक्षण प्रतिवेदन<br>• आजिवियोको मद्यावधि तथा अन्तिम मूल्याङ्कन<br>• नेपाल विद्युत प्राधिकरणको प्रतिवेदन<br>• नेपाल टेलिकमको प्रतिवेदन<br>• राष्ट्रिय जनगणना प्रतिवेदन<br>• जिल्ला प्राविधिक कार्यालयको प्रतिवेदन<br>• विभिन्न सरोकार संस्थाको अध्ययन प्रतिवेदन । |
| | पक्की पिच सडक | कि.मि. | १७ | १३१ | | | | | |
| | सवै मौसममा सवारी साधन चल्न सक्ने सडक | कि.मि | ३०० | ५१० | | | | | |
| | कच्ची धुले सडक | कि.मि. | २८४.६४ | १८०.४ | | | | | |
| | सार्वजनिक यातयात संचालन भएको सडक | कि.मि. | १७५ | २७० | | | | | |
| | पक्की पुल संख्या | गोटा | ३९ | ५२ | | | | | |
| | राष्ट्रिय विद्युत्त प्रसारण लाइनबाट उपभोग गर्ने घरधुरी | संख्या | २६९२४ | ४०००० | | | | | |
| | सौर्य उर्जा उपभोग गर्ने घरधुरी | संख्या | ५९९ | १८४९ | | | | | |
| | सुधारीएको चुलो प्रयोग गर्ने घरधुरी | संख्या | २६५३ | ४४०३ | | | | | |

माथि उल्लखित अनुगमनका सूचक बहायक यो आवधिक योजनाका बिषयगत क्षेत्रहरुको नतिजामा उल्लेख भएका सूचकहरुलाई समेत यो अनुगमन तथा मूल्याङ्कन प्रणालीमा समाबेस गरी अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनहरु तयार गरिनेछ ।

**७.२.४ वन, भू-संरक्षण, वातावरण तथा विपद व्यवस्थापन विषयगत क्षेत्रको नतिजामुलक अनुगमन योजना**

| योजना साराँस | मापनका सूचक | | | | अनुगमनका विषयहरु (के मापन गर्ने?) | अनुगमनका साधनहरु | अनुगमनको समय | अनुगमन गर्ने जिम्मेवारी | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आधार तथ्यांक | लक्ष्य | | | | | |

| योजना सारॉंस | मापनका सूचक | | | | अनुगमनका विषयहरु (के मापन गर्ने?) | अनुगमनका साधनहरु | अनुगमनको समय | अनुगमन गर्ने जिम्मेवारी | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | आधार तथ्यांक | लक्ष्य | | | | | |
| **बिषयगत उद्देश्य**<br>वन तथा दिगो वातावरणीय व्यवस्थापनबाट भू तथा जलाधारको उचित व्यवस्थापन भई प्रकोप न्यूनिकरण हुनुका साथै व्यवस्थापन भएको हुनेछ । | कुल वन क्षेत्रफल | हे. | ७७१२३ | ७७१७८ | • वनले ढाकेको क्षेत्र<br>• सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वन पैदावार निकासीबाट प्राप्त छुट्टाछुट्टै राजस्व<br>• वैज्ञानिक वन व्यवस्थापन लागू भएका सामुदायिक वन संख्या<br>• वृक्षारोपण गरी स्थापना भएको नयाँ वनक्षेत्र<br>• थप घोषित नीजिवन संख्या<br>• योजना अवधिको बार्षिक वन पैदावार उत्पादन परिमाण<br>• योजना अवधिमा संकलित गैह्रकाष्ठजन्य वन पैदावार परिमाण | • प्रतिवेदन अध्ययन<br>• अन्तवार्ता<br>• वनश्रोत सर्वेक्षण<br>• नमूना सर्वेक्षण | • बार्षिक<br>• मध्यावधि<br>• अन्तिम | • विषयगत समिति,<br>• सर्वपक्षीय अनुगमन समिति,<br>• तेश्रो पक्षीय अनुगमन<br>• | • आजिवियोको मद्यावधि तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन<br>• वार्षिक प्रगति प्रतिवेदन<br>• वनश्रोत सर्वेक्षण प्रतिवेदन |
| | वनबाट हुने राजश्व | रु हजारमा | २६०० | ५६००.२४५ | | | | | |
| | वनमा आधारीत उद्योग | संख्या | १६५ | २०४ | | | | | |
| | वनजन्य पदार्थमा आधारीत उद्यमी | संख्या | ५ | २३ | | | | | |
| | वन जन्य उद्योगबाट हुने रोजगारी | जना | १५०० | २४७५ | | | | | |
| | जलाधार संरक्षण | कि.मि | | ० | | | | | |
| | प्रकोपबाट हुने मानविय मृत्यु | जना | २० | ६९ | | | | | |
| | प्रकोपबाट हुने घाइते | जना | १०० | ३१० | | | | | |
| | प्रकोपबाट हुने क्षति | रु हजारमा | ५००० | १६५०० | | | | | |
| | संरचना क्षति | गोटा | ३०० | १०५० | | | | | |
| | प्रभावित घरधुरी | संख्या | ६००० | २१००० | | | | | |
| | | | | | | | | | |

### ७.२.५ संस्थागत विकास तथा सुशासन विषयगत क्षेत्रको अनुगमन योजना

| नतिजा श्रृङ्खला | कार्यसम्पादनका सूचकहरु | | | | अनुगमनका विषयहरु (के मापन गर्ने?) | अनुगमनका साधनहरु | अनुगमनको समय | अनुगमन गर्ने जिम्मेवारी | सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | आधार तथ्याङ्क | लक्ष्य | | | | | |
| जिल्लाका विभिन्न संघ/संस्था र संगठनहरूको संस्थात्मक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी सुशासन प्रवर्द्धनका साथ जनतामा छिटोछरितो, प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह भएको हुनेछ । | पूर्ण संरचना सहितका गाविस | संख्या | ४० | ६६ | • सेवा लिन आउनेको संख्या<br>• सेवा प्राप्त गर्नेको संख्या<br>• आन्तरिक आय प्रवृत्ती<br>• वाह्य श्रोतको प्रवृत्ति<br>• सेवामा सहज पहुँच जनसंख्या<br>• सेवा पहुँच नभएका जनसंख्या<br>• सेवा लिने मध्ये सन्तुष्ट सेवाग्राही<br>• सेवा नलिई फिर्ता हुनेको संख्या | • नागरिक सन्तुष्टी सर्वेक्षण<br>• अध्ययन तथा सर्वेक्षण<br>• प्रगति समीक्षा<br>• समुदाय अनुगमन<br>• संचार माध्यम सर्वेक्षण | • बर्षिक<br>• मध्यावधी<br>• अन्तिम | • सर्वपक्षीय अनुगमन संयन्त्र<br>• तेश्रो पक्ष<br>• नागरिक/ समुदाय अनुगमन<br>• विषयगत समिति<br>• जिल्ला क्षमता विकास समन्वय समिति | • आजिवियो<br>• वार्षिक, मद्यावधि तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन<br>• अध्ययन, अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>• जिल्ला वस्तुगत विवरण<br>• DPMAS प्रतिवेदन |
| | एमसिपिम मा जिविस | अंक | ५८ | ८० | | | | | |
| | एमसिपिएममा सफल गाविस | संख्या | ४२ | ६६ | | | | | |
| | एमसिपिएममा उनपा र नपा | अंक | ६० | ७० | | | | | |

# खण्ड ८ विषयगत विकासका प्राथमिकता

## ८.१ आर्थिक विकासका प्राथमिकता

पर्सा जिल्लाको आर्थिक विकासका सन्दर्भमा कृषि क्षेत्र सबैभन्दा महत्वपूर्ण पहिलो प्राथमिकतामा राखिएको क्षेत्र हो । कृषिलाई निर्वाहमुखी पेशामा मात्र सीमित नगरी यसको व्यावसायीकरणका लागि उपयुक्त कार्यक्रमहरू लागू गरिने छन् । कृषि क्षेत्रको विकासका लागि सिंचाई क्षेत्रको पनि विकास गरिनु आवश्यक छ ।

नेपालको औद्योगिक उत्पादनमा पर्सा जिल्लाको महत्वपूर्ण योगदान रहँदै आएको सन्दर्भमा जिल्लाका ठूला र मझौला स्तरका उद्योगहरूलाई स्थानीय सेवा एवं प्राविधिक सहयोग उपलब्ध गराउनका लागि उद्योग विभाग अन्तरगतको जिल्लास्तरीय शाखा कार्यालय छुट्टै जिल्लास्तरीय कार्यालय हुनु आवश्यक देखिएको छ । नेपालको राष्ट्रिय र अन्तरराष्ट्रिय व्यापारमा पर्सा जिल्लाको महत्वपूर्ण योगदान रहेको सन्दर्भमा जिल्ला स्तरमा रहेको वाणिज्य कार्यालयलाई जिल्लाका व्यापार सम्बन्धी महत्वपूर्ण तथ्याङ्कहरू व्यवस्थापन गर्ने र स्थानीय तहमा निजी क्षेत्रसंगको सम्पर्कमा सहजकर्ताको भूमिका र जिम्मेवारी दिई सक्रिय गराउनुपर्ने छ ।

विशेष गरी ग्रामीण क्षेत्रका विपन्न वर्गको आर्थिक विकासमा टेवा दिन सहकारितालाई प्राथमिकताका साथ विकमास गरिनुपर्ने छ ।

यस जिल्लाको आर्थिक विकासको परिप्रेक्षमा पर्यटन क्षेत्रको महत्वपूर्ण भूमिका हुनसक्ने स्थिति देखिंदा देखिंदै पनि सो क्षेत्रको यथोचित विकास हुन नसकेकाले निजी क्षेत्र समेतलाई संलग्न गराई यस क्षेत्रको विकास गर्नुपर्ने छ ।

## ८.२ सामाजिक विकासका प्राथमिकता

पर्सा जिल्लाको सामाजिक विकासका निम्ति शिक्षा सर्वोपरि महत्वको क्षेत्र हो । यस क्षेत्रको विकासका निम्ति विद्यार्थीहरूको भर्ना दर बढाउने, विद्यालय छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने, कक्षा कोठाभित्र गुणस्तरीय र जीवनोपयोगी शिक्षा प्रदान गर्न सक्षम र योग्य शिक्षकहरूको व्यवस्था गर्ने र विद्यार्थीहरूको सिकाई उपलब्धिमा वृद्धि गरी उत्तीर्ण प्रतिशत बढाउनेतर्फ योजनाअवधिमा ध्यान दिइने छ । प्रौढ शिक्षा, अनौपचारिक शिक्षा र बालिकाहरूको शिक्षालाई पनि विशेष प्राथमिकतामा राखिने छ ।

यस जिल्लाको सामाजिक विकासको क्षेत्रमध्ये दोस्रो प्राथमिकतामा पर्नुपर्ने क्षेत्र स्वास्थ्य हो । यस क्षेबको विकासका निम्ति शिशु र बाल स्वास्थ्य, सुरक्षित मातृत्व र महिला स्वास्थ, जेष्ठ नागरिकहरूको स्वास्थ्य र सबैलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन यस योजनाले निर्दिष्ट गरेको छ ।

यसरी नै जिल्लावासीका निम्ति स्वस्थ खानेपानी र आधारभूत सरसफाई महत्वपूर्ण विषय भएकाले यसमा समेत योजना अवधिमा प्राथमिकता दिइने छ ।

## ८.३ वातावरणीय विकासका प्राथमिकता

वातावरणीय विकासको प्राथमिकताका क्रममा नगर क्षेत्रको ढल र फोहर मैला व्यवस्थापनलाई प्राथमिकता दिइएको छ । साथै वायु, जल, माटोमा हुने प्रदूषणलाई न्यूनीकरण गर्दै ध्वनिबाट हुने प्रदुषण नियन्त्रण र वातावरणीय स्वच्छताका लागि पार्क, हरियाली आदिको विकासमा समेत ध्यान दिइएको छ ।

## ८.४ पूर्वाधार विकासका प्राथमिकता

पूर्वाधार विकासका सन्दर्भमा सडक यातायातको विकासलाई पहिलो प्राथमिकतामा राखिएको छ । जिल्ला सडक गुरुयोजना (DTMP) अनुसार विस्तार र स्तनोन्नति गरी व्यवस्थित गरिंदै लगिने छ ।

विद्युत तथा वैकल्पिक उर्जाको विकासलाई पनि प्राथमिकतामा राखिएको छ ।

सुरक्षित र भूकम्पीय जोखिममुक्त वस्ती तथा भवनहरूको निर्माणलाई प्राथमिकता दिइने छ ।

## ८.५ संस्थागत विकासका प्राथमिकता

जिल्लाको समग्र विकासमा संस्थागत विकासको महत्वपूर्ण स्थान हुने सन्दर्भमा यस क्षेत्रको यथोचित विकास हुनुपर्छ । यसमा पनि विशेष गरी समन्वको खाँचो हुन्छ । यस कुरालाई दृष्टिगत गरी जिल्लाको समग्र समन्वयमा जिल्ला प्रशासन कार्यालयले र विकास निर्माणका सन्दर्भमा जिल्ला विकास समितिले अहं भूमिका खेल्नुपर्ने छ ।

# खण्ड ९ प्रमुख कार्यक्रम र प्राथमिकता प्राप्त आयोजनाहरू

## ९.१ आयोजना तथा कार्यक्रमको प्राथमिकता

इलाकास्तरीय गोष्ठीबाट माग भइआएका जिल्ला स्तरीय योजनाहरूमध्येबाट प्राथमिकताका आधारमा आयोजनाहरू कार्यान्वयन गरिने छन् । इलाका स्तरीय गोष्ठीबाट छनोट भइआएका केन्द्रीय स्तरका योजनाका हकमा केन्द्रबाट रकम विनियोजन भइआएबमोजिम प्राथमिकताका आधारमा कार्यान्वयन गरिने छ ।

## ९.२ आयोजना तथा कार्यक्रम विवरण

### क. कृषि विकास अन्तरगतका आयोजनाहरू

(१) जिल्लास्तर बीजवृद्धि आत्म निर्भर आयोजना

(२) च्याउ उत्पादन आयोजना

(३) मौरी विकास आयोजना

(४) बाली संरक्षण तथा विषादी व्यवस्थापन आयोजना

(५) व्यवसायिक तरकारी उत्पादन आयोजना

(६) व्यवसाय उत्मुख तरकारी विकास अयोजना

(७) आलु उत्पादन आयोजना

(८) कृषि बजार विकास तथा तथ्याङ्क आयोजना

(९) व्यावसायिक मत्स्य उत्पादन आयोजना

(१०) महिला, दलित, जनजाति तथा विपन्न समुदाय उत्थान आयोजना

(११) जैविक विविधताको संरक्षण आयोजना

(१२) कृषि प्रविधि प्रसार आयोजना

(१३) वागवानी विकास कार्यक्रम

**ख. सिंचाई क्षेत्र अन्तरगतका आयोजनाहरू**

(१) नारायणी सिंचाई आयोजना

(२) सिंचाई क्षेत्र कार्यक्रम अन्तरगतका आयोजनाहरू

(३) मझ्यौला सिंचाई आयोजनारू

(४) कृषकहरूबाट निर्माण भएका आयोजनाहरू

(५) अन्य निकायबाट निर्माण भएका आयोजनाहरू

**ग. पशु विकास कार्यक्रम अन्तरगतका आयोजनाहरू**

(१) पशु उत्पादन कार्यक्रम

(२) पशु स्वास्थ्य कार्यक्रम

(३) जनचेतना अभिवृद्धि कार्यक्रम

(४) पशुपंछी बजार प्रवद्धन कार्यक्रम

(५) प्रोफाइल तथा पुस्तिका प्रकाशन

(६) सुशासन कार्यक्रंम

(७) एनटिभीबाट भिजुअल प्रसारण

७. कार्यक्रम र आयोजनाहरू

**घ. स्वास्थ्य सेवा कार्यक्रम अन्तरगतका आयोजनाहरू**

(१) बाल स्वास्थ्य कार्यक्रम

(२) परिवार स्वास्थ्य कार्यक्रम

(३) रोग नियन्त्रण कार्यक्रम

(४) विविध कार्यक्रम

**ङ. खानेपानी तथा सरसफाई क्षेत्र अन्तरगतका आयोजनाहरू**

(१) खानेपानी तथा सरसफाई आयोजनाहरू

(२) वातावरणीय सरसफाई आयोजना

(३) खानेपानी सुरक्षा योजना

**च. वन विकास कार्यक्रम अन्तरगतका आयोजनाहरू**

(१) राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम

**छ. भूसंरक्षण कार्यक्रम अन्तरगतका आयोजनाहरू**

(१) राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

**ज जिल्ला विकास समितिबाट संचालन हुने आयोजना र कार्यक्रमहरू**

| सि.नं. | कार्यक्रमको नाम |
|---|---|
| १ | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रम |

| | |
|---|---|
| २ | ग्रमिण पहूच सूधार तथा विकेन्द्रीकरण परियोजना |
| ३ | सडक बोर्डतर्फका कार्यक्रम |
| ४ | पिछडीएको उत्थान विकास समितिका कार्यक्रम |
| ५ | गा.वि.स.अनूदान कार्यक्रम |
| ६ | जि.वि.स.अनूदान कार्यक्रम |
| ७ | स्थानीय स्वायत्त शासन तथा सामूदायिक विकास कार्यक्रम |
| ८ | उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितितर्फका कार्यक्रम |
| ९ | स्थानीय स्तर सडक पूल तथा सामूदायिक पहूच सूधार परियोजना |
| १० | झोलूङ्गेपूल क्षेत्रगत कार्यक्रम |
| ११ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम |
| १२ | सानासिचाई तथा नदी नियन्त्रण तथा अन्य पुर्वाधार सम्बन्धी कार्यक्रम |
| १३ | आदिवासी /जनजाती उत्थान का.र्यक्रम |
| १४ | बौद्व दर्शन प्रवर्धन तथा गूम्वा विकास समितितर्फका कार्यक्रम |
| १५ | वालवालिका तथा महिलाको लागि विकेन्द्रीत कार्यक्रम |
| १६ | सूनौला हजार दिन कार्यक्रम |
| १७ | जि.वि.स.कोषतर्फका कार्यक्रम |

## ९.३ आयोजना शुरु र सम्पन्न हुने अवधि र कार्यान्वयन तालिका

यस आवधिक योजना अन्तरगत संचालन हुने आयोजनाहरू योजनाको पहिलो वर्ष आव २०७०।७१ वा सोभन्दा पछि शुरु भई योजनाको अन्तिम वर्ष आव २०७४।७५ मा संपन्न हुने छन् । लामो अवधिसम्म कार्यान्वयनमा रहने योजनाहरू भने यस आवधिक योजनाको समाप्तिपछि पनि कार्यान्वयन भैरहेने छन् ।

प्रमुख कार्यक्रमहरूको कार्यान्वयन योजना (Project Implemenation and Phasing Matrix) अनुसूचीमा प्रस्तुत गरिएको छ ।

# १०. संगठनात्मक संरचना र विकास व्यवस्थापन

## १०.१ जिम्मेवारी र दायित्व

आवधिक योजनालाई सही र व्यवस्थित ढङ्गले तर्जुमा र संचालन गर्न कामको जिम्मेवारी तय गरिनु आवश्यक हुन्छ। जिम्मेवारी तय नहुँदा अन्यौलको स्थिति सृजना हुन्छ। यस आवधिक योजनामा कुन कार्यक्रम कसले सञ्चालन गर्ने र कसले अनुगमन गर्ने भन्ने कुरा तय गरिएको छ। यसले गर्दा पछि अनुगमन तथा मूल्यांकन कार्य सहज हुनेछ । आवधिक योजनाले निर्धारण गरेका उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूको कार्यान्वयन मूलत जिविस लगायतका स्थानीय निकाय, विषयगत कार्यालयहरू, गैरसरकारी संस्था/सामुदायिक सङ्घसंस्थामार्फत् एवम् निजी क्षेत्रको परिचालनद्वारा गरिने छ। यसमा जिल्ला विकास समितिले संयोजक, उत्प्रेरक, सहयोगी र समन्वयकर्ताको भूमिका निर्वाह गर्ने छ।

प्रस्तुत आवधिक योजनाको दायरा (framework) भित्र रहेर यसले निर्धारण गरेका लक्ष्य र उद्देश्य प्राप्तिका लागि सहभागितामूलक पद्धतिद्वारा वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरिने छ। स्थानीय स्वायत्त शासन ऐन र नियमावलीले निर्धारण गरेअनुसार जिम्मेवारी तालिका तयार गर्दा जिल्ला विकास समितिको भूमिका मूलतः देहायका कुराहरूमा केन्द्रित रहने छ।

- जिल्लाको योजना तर्जूमाको केन्द्रविन्दु (district planning agency)।
- जिल्लाका लागि विभिन्न साझेदारहरू परिचालन गरी विकास कार्य अघि बढाउने उत्प्रेरक एवम् समन्वयकर्ता संस्था।
- योजना कार्यान्वयनको सुपर्यवेक्षण, अनुगमन र मूल्यांकन गर्ने जिल्लास्तरीय मुख्य निकाय।
- जिल्ला विकासको नीति निर्माता।
- जिल्लावासीहरूलाई विभिन्न एजेन्सी र सङ्घसंस्थामार्फत सेवा र सुविधा पुऱ्याउने जिम्मेवारी लिएको मुख्य निकाय (service ensuring agency)।
- लक्ष्यित कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन गर्दा लक्ष्यित वर्गमा सकेसम्म बढी लाभ पुग्ने, न्यायोचित हुने एवम् आर्थिक प्रभावकारिता (cost-efficiency) समेतका आधारमा देहायबमोजिम वैकल्पिक व्यवस्थापन पद्धतिसमेत आवश्यकतानुसार अवलम्वन गरिने छ।
- वस्तु वा सेवा प्रभावकारी रूपमा लक्ष्यित वर्गसम्म पुऱ्याउन करार र सम्झौता (contracting out) विधिसमेत अपनाउने।
- उपभोक्ता, समिति, गैरसरकारी संस्था र सामुदायिक सङ्गठन एवम् स्थानीयस्तरका अन्य सङ्घसङ्गठनमार्फत् कार्यक्रम सञ्चालन गर्ने।
- साझेदारिका आधारमा समेत कार्यक्रम सञ्चालन गर्ने।
- विकास कार्यमा नागरिक समाजलाई अधिकतम परिचालन गर्ने।

- निजी र व्यावसायिक सङ्गठनहरूको स्रोतसाधन र सीपको उपयोग गर्न साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने ।

## १०.२ अनुगमन तथा मूल्याकंन पद्धति

दरिलो अनुगमन र मूल्यांकन पद्धतिले नै कार्यान्वयनलाई बढी प्रभावकारी, मितव्ययी र नतिजामुखी बनाउछ । त्यसैले योजना कार्यान्वयन गर्दा व्यक्ति, तरिका,प्रक्रिया ,अनुगमनबाट देखिएका कुराहरूका आधारमा कार्यान्वयन पक्षमा सुधार गरिनुपर्ने कुरा महत्वपूर्ण हुन्छन् । कुनै पनि योजना वा कार्यक्रम तर्जुमा गर्दादेखि नै अनुगमनका पक्षमा ध्यान दिइयो र कार्यान्वयनको तहमा प्रभावकारी अनुगमन हुन सक्यो भने निर्धारित सममयमा पूरा गर्न सहज हुन्छ । त्यसैले आगामी आवधिक योजना अवधिमा अनुगमन पक्षमा विशेष ध्यान दिइएको हुने छ । नियमित, मध्यावधि र अन्तिम मूल्यांकनका निम्ति कार्य योजना, आयोजनाको विवरण तालिका र जिम्मेवारी तालिका समेत तयार गरी अनुगमनलाई प्रभावकारी बनाइने छ ।

**प्रस्तुत आवधिक योजनामा अनुगमनको रणनीति निम्न बमोजिम अवलम्बन गरिने छ**

- प्रत्येक वर्ष इलाकास्तरमा योजना तर्जुमा गोष्ठी गर्दा सहभागितात्मक योजना अनुगमन तथासमीक्षा गोष्ठी पनि संचालन गरिने छ । साथै सबै गा.वि.स.हरूलाई पनि यसप्रकारको गोष्ठी गा.वि.स.मा संचालन गर्न प्रोत्साहित गरिने छ ।
- प्रत्येक चार महिनामा जिल्लामा संचालित योजना तथा कार्यक्रमको जिल्लास्तरीय समीक्षा गोष्ठी हुनेछ । त्यसपछि हरेक आ.व.को अन्त्यमा वार्षिक मूल्याङ्कन समीक्षा गोष्ठी संचालन गरिनेछ ।
- गाउँ गाउँमा संचालन भएका विकास आयोजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक प्रतिवेदन पेश गर्न सबै विषयगत कार्यालयहरूलाई अनुरोध गरिने छ ।
- अनुगमनलाई प्रभावकारी बनाउने सिलसिलामा आवश्यकता अनुसार जिल्लाँ विकास समिति तथा सम्बन्धित कार्यालयहरू बीच समय समयमा वैठकको आयोजना गरिने छ ।
- जिल्लास्तरमा भएका निर्णयहरू कार्यान्वयन भएनभएका तथा जिल्लामा रहेका विभिन्न समितिहरूले तोकिएबमोजिमको कार्य सम्पादन समयमै गरेनगरेका तथा देखिएका समस्याहरू समाधानमा पहल भएनभएको अध्ययन गरी समस्या समाधान नभएकोमा समाधानको उपाय पत्ता लगाउने उद्देश्य अनुरूप जिविसले अनुगमन गर्ने व्यवस्था गर्ने छ ।
- अनुगमन तथा मूल्याङ्कनका क्षेत्रमा जिविसको भूमिकालाई अझ बढी प्रभावकारी बनाइने छ । यसका निम्ति जिविसमा अनुगमन तथा मूल्याङ्कन शाखाको स्थापना गरिने छ ।

- ❖ जिल्लामा संचालित प्रत्येक योजना र कार्यक्रमको अनुगमनको व्यवस्था गरिने छ । अनुगमनका निम्ति खटिएको टोलीले अनिवार्य रूपमा प्रतिवेदन पेश गर्नुपर्ने र त्यसरी पेश भएको प्रतिवेन जि.वि.स.को वैठकमा पेश गरी कार्यान्वयन गर्नुपर्ने कुरा कार्यान्वयन गरिने छ ।
- ❖ अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनका आधारमा प्रत्येक वर्ष उत्कृष्ट योजना/कार्यक्रम संचालन गर्ने गा.वि.स.तथा कार्यालयहरूलाई पुरस्कृत गर्ने तथा तोकिएको जिम्मेवारी पूरा नगर्ने र दुरुपयोग गर्नेलाई आवश्यक दण्ड सजायको व्यवस्था गरिने छ ।
- ❖ भौतिक पूर्वाधार तथा सामाजिक विकासका योजना संचालन गर्नुपूर्व प्राप्त हुने लक्ष्यको सूचकाङ्कको विकास गरी सोका आधारमा अनुगमन गरिने छ ।
- ❖ **स्थानीय स्वायत्त शासन ऐनको दफा २११ मा भएको** निम्न बमोजिमका कुराहरूलाई पनि तदारुकताका साथ कार्यान्वयन गरिने छ ।
- ❖ सम्पन्न भएका प्रत्येक आयोजनाको एक वर्षपछि प्रभाव मूल्यांकन गरिने छ ।
- ❖ सञ्चालन भइरहेका आयोजनाहरूको विषयगत विवरण तथा प्रगति मूल्यांङ्कन प्रत्येक ६ महिनामा गरिने छ।
- ❖ सम्पन्न भएका आयोजनाको मर्मत संभारसम्बन्धी व्यवस्थाको मूल्यांकन प्रत्येक वर्ष गरिने छ ।
- ❖ आयोजनाबाट लाभान्वित समुदायको किसिम र परिमाण पहिचान गरिने छ ।
- ❖ आयोजनाबाट भएको उत्पादन वृद्धि एवं रोजगारीको अवसरहरू पहिचान गरिने छन् ।

- ❖ संचालित कार्यक्रमहरूको नियमित र ब्यवस्थित अनुगमनका लागि स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ लाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।
- ❖ विषयगत कार्यालयहरूबाट संचालित कार्यक्रमहरूको अनुगमन जिल्ला विकास समितिका अतिरिक्त तत्सम्बन्धी तालुकवाला निकायहरुबाट समेत हुने छ ।

जिल्लका अन्य निकायहरुबाट पर्यावरणमा परेको प्रभाव पहिचान गरिने छ ।

**प्रभाव मूल्याङ्कन**

स्थानीय स्वायत्त शासन नियमावलीको नियम २०६ मा उल्लिखित देहायबमोजिमका कुराहरूमा विशेष ध्यान दिई आयोजनाको प्रभाव मूल्यांकन गरिने छ ।

- सामाजिक प्रभाव
- आर्थिक प्रभाव

- सेवा सुविधा
- वातावरणीय प्रभाव

**जिल्ला गरिवी अनुगमन**

योजनावद्ध विकासका क्रममा विगतका राष्ट्रिय आवधिक योजनाहरूले गरिबी निवारणलाई प्रमुख प्राथमिकताका आधारमा सम्बोधन गर्ने गरेका छन्। यस कुरालाई ध्यानमा राखी राष्ट्रिय योजना आयोगबाट जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणालीको निर्देशिका तयार भई केही जिल्लामा अभ्यास समेत भइसकेको अवस्था छ। उक्त निर्देशिकामा उल्लिखित समष्टिगत तथा विषयगत अनुगमनका सूचकहरूलाई समेत ध्यान दिई अनुगमनको व्यवस्था मिलाइने छ। यसरी नै सहस्राब्दी विकास लक्ष्यले निर्धारण गरेका सूचकहरू अनुरूपको उपलब्धि प्राप्तिका लागि पनि ध्यान दिइने छ।

**उद्देश्य, रणनीति, कार्यनीति र सूचकहरूका बीचको तालमेलको अनुगमन** यस आवधिक योजना अवधिमा प्रत्येक विषयको विकास वा सुधारका निम्ति तय गरिएका उद्देश्य, रणनीति, कार्यनीति र तिनको कार्यान्वनपछि प्राप्त हुने उपलब्धि मापनका सूचकहरूमा तालमेल मिलेको छ छैन ? र सोअनुरूप योजना र कार्यक्रम संचालन भएका छन् छैनन् भन्ने कुरामा ध्यान दिई अनुगमन गर्ने गराउने व्यवस्था मिलाइने छ। )

**सूचकहरूको निर्माण र प्रयोग**

आवधिक योजनालाई प्रभावकारी रूपमा संचालन गरी सफलीभूत तुल्याउन लगानी तहका आधारभूत सूचक वा गतिविधि सूचक (Input Indicator): प्रतिफल सूचक (PERFORMANCE/OUTPUT INDICATORS), असर सूचक र प्रभाव सूचकको निर्माण र प्रयोगमा विशेष ध्यान दिइने छ।

**जिल्ला प्राविधिक कार्यालयबाट नियमित अनुगमन र मूल्याङ्कन**

उपर्युक्त कुराहरूका साथै नियमित रूपमा जिल्ला प्राविधिक कार्यालयबाट हुनुपर्ने योजना र कार्यक्रमको ल.ई., किस्ता किस्ताका निम्ति गरिनुपर्ने मूल्याङ्कन र कार्य सम्पादन मूल्याङ्कन कार्य अझ प्रभाकारी र छिटोछरितो ढङ्गले गरिने छ। प्राविधिक कार्य सम्पादन मूल्याङ्कन पेश भएका योजनाको जाँचपास र फरफारक एक महिनाभित्र अनिवार्य रूपमा गर्ने व्यवस्था कडाईका साथ लागू गरिने छ।

### १०.३ मध्यावधि समीक्षा तथा मूल्याङ्कन

नियमित रूपमा अनुगमन, मूल्यांकन र समीक्षाका अतिरिक्त आवधिक योजना कार्यान्वयनको तेस्रो वर्षमा स्वतन्त्र पेशाविद् मूल्यांकनकर्ता समेत रहेको टोलीले गहन अध्ययन गरी आवधिक योजनाको मध्यावधि मूल्यांकन गर्ने छ। मध्यावधि मूल्यांकन गर्ने टोलीको संयोजकमा जिल्ला विकास समितिको वैठकले तोकेको जिल्ला विकास समितिका पदाधिकारी वा अन्य पदाधिकारी रहने छन्। टोलीमा रहने अन्य सदस्यहरूको छनोट समेत जिल्ला विकास समितिले गर्ने छ। यसको कार्यक्षेत्र र कार्यविधि जिल्ला विकास समितिको सिफारिशमा जिल्ला परिषद्ले निर्णय गरी निर्धारण गर्ने छ । मध्यावधि मूल्यांकन टोलीले गरेका सिफारिशका आधारमा आवधिक योजनाको कार्यान्वयन अझ प्रभावकारी रूपमा अघि बढाइने छ।

मध्यावधि मूल्यांकन गर्दा अन्य कुराहरूका अतिरिक्त सूचकहरूको संख्यात्मक र गुणात्मक स्थिति, सहभागितामूलक पद्धतिको विकास, आवधिक योजना तर्जुमा गर्दाका बखत संङ्कलन हुन नसकेका तर निश्चित समय भित्र संकलन गर्ने भनिएका तथ्यांङ्कहरूको अद्यावधिक स्थिति आदिको समेत वस्तुगत रूपमा मूल्यांङ्कन गरिने छ। साथै यसरी थप रूपमा संकलित र अद्यावधिक तथ्याङ्क र सूचनालाई उपयोग गर्दै जाने परिपाटी बसालिने छ।

### १०.४ अन्तिम मूल्याकंन

आजिवियोको अन्तिम वर्षमा योजनाले निर्धारण गरेका सूचकहरूको आधारमा संख्यात्मक, गुणात्मक र प्रक्रियागत सम्पूर्ण पक्षहरू समेटी अन्तिम मूल्यांकन गरिने छ । यसको निचोडको विश्लेषणका आधारमा आगामी अवधिको आजिवियो तर्जुमा गरिने छ

## ११. आजिवियो कार्यान्वयनका लागि पूर्वतयारी तथा वार्षिक लगानी कार्यक्रम

### ११.१ आजिवियोको स्वीकृति तथा प्रकाशन

यस आवधिक योजनाको स्वीकृति पर्सा जिल्ला विकास समितिको परिषद्ले गर्ने छ। जिल्ला परिषद्बाट स्वीकृत भएपछि जिल्ला विकास समितिले प्रस्तुत आवधिक योजनालाई दस्तावेजका रूपमा प्रकाशन गरी सार्वजनिक गर्ने छ।

### ११.२ आजिवियो कार्यान्वनको लागि पूर्व तयारी

प्रस्तुत आवधिक जिल्ला विकास योजना जिल्ला परिषद्बाट स्वीकृत भैसकेपछि यो कार्यान्वयनको चरणमा जाने छ। यसलाई कार्यान्वयनमा लैजानुभन्दापूर्व यसका विविध पक्षबारे सरोकारवालाहरूलाई विस्तृत रूपमा जानकारी गराइने छ। जिल्ला विकास समिति र विषयगत कार्यालयका सम्बन्धित अधिकृत एवं कर्मचारीहरूलाई अभिमुखीकरण गरिने छ। यस्ता जानकारी र अभिमुखीकरणमा मुख्यतया निम्नलिखित विषयवस्तुहरूमा सबै सरोकारवालाहरूको बुझाईलाई एक नाशको बनाउन प्रयत्न गरिने छ।

- जिल्ला विकासको दीर्घकालीन सोच तथा सिद्धान्तहरू ।
- जिल्ला विकास समितिको समष्टिगत लक्ष्य,उद्देश्य तथा रणनीतिहरू ।
- जिल्ला विकासका विषयगत उद्देश्य तथा प्राथमिकताहरू ।
- विभिन्न विषय एवं क्षेत्रगत सूचकहरू ।
- सूचकहरूका पुष्ट्याइँका आधारहरू ।
- जोखिम पक्षहरू ।
- आयोजना तथा कार्यक्रमहरूको प्राथमिकता
- प्रमुख कार्यक्रम र आयोजनाहरू छनोट तथा बजेट व्यवस्था ।
- अनुगमन तथा मूल्याङ्कन पद्धति ।
- आवधिक जिल्ला विकास योजनाको नियमित, मध्यावधि र अन्तिम मूल्याङ्कन ।

**११.३ वार्षिक लगानी कार्यक्रम**

प्रस्तुत आवधिक योजना कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कूल लगानी रकम र सोको वार्षिक बाँडफाँड अनुसूची २ मा प्रस्तुत गरिएको छ ।